C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

३६४

सूत्र प्रस्थान

श्रोत्रिय ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती
अद्वैत संस्था, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

3608

सूत्र प्रस्थान

वेदान्त
२०५

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY LIBRARY
KATHMANDU NEPAL
वाल्मीकि क्याम्पस
पुस्तकालय

लेखक
श्रोत्रिय ब्रह्मनिष्ठ
डा० क्षितीशचन्द्र चक्रवर्ती
अद्वैत संस्था, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

प्रकाशक :-
अद्वैत महाविद्यालय क्षेत्रपुर, नारायणगढ़ ।
नारायणी अञ्चल (नेपाल) ।

सर्वाधिकार :-
अद्वैत महाविद्यालय, क्षेत्रपुर, नारायणगढ़
नारायणी अञ्चल (नेपाल) ।

प्रथम प्रकाशन :-
२०३०
१००० प्रति ।

मूल्य :-
दश रूपियाँ (१०/-)

मुद्रक :-
साक्षात्कार छापाखाना,
१/३ मेन रोड, नारायणगढ़,
चितवन, नेपाल ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

विषय सूची

१. भूमिका १– १७

वेदान्तको अधिकारी

अमुख्य अधिकारीको ज्ञान साधन

चार साधन, शमादि षट् सम्पत्ति

ज्ञानको मुख्य अन्तरंग साधन

बुद्धिको दुइ प्रकारको दोष

साधन निरूपण

मुक्तिफल निरूपण

२. प्रथम अध्याय १–१०७

प्रथम पाद ४– ४८

अध्यास १०

अध्यासको वारेमा विवरणकारको मत १३

अविद्या हो भावरूप १८

द्वितीय पाद ४९–६१

तृतीय पाद ६२–७९

चतुर्थ पाद ८०–१०७

जगतको स्वरूप विचार ९०

आचार्य पद्मपाद र विवरणकारको मत ९२

जगत सृष्टि रहस्य वाचस्पति मिश्रको

दृष्टि—सृष्टिवाद ९५

मण्डन मिश्रको दृष्टि—सृष्टिवाद ९६

उभय दृष्टि—सृष्टिवादको पार्थक्य ९८

जगत् मिथ्याको लक्षण ९९

निर्दोष मिथ्यात्व लक्षण पञ्चक १०१

मिथ्यात्व निरूक्ति १०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

३. द्वितीय अविरोध अध्याय १०८–२३८
प्रथम पाद (स्मृति पाद) १०८–१४४
ईश्वर र जगतको सृष्टि १२३
(अभाव कारणवाद र वेदान्त मत)
सत् कार्यवाद र सत् कारणवाद १३३
सृष्टिमा ईश्वरको स्थान १३५
जीवको कर्म सापेक्ष, ईश्वर हो जगतको कारण १४०
द्वितीय पाद (तर्क पाद) १४५–१६७
तृतीयपाद (विपत् अध्याय) १६८–२२६
आभासवाद, अवच्छेदवाद र प्रतिविम्बवाद
अनुसार जीव र ईश्वरको स्वरूप १८६
आभास र प्रतिविम्बमा भेद १८६
पारमार्थिक जीव, व्यावहारिक जीव र
प्रातिभासिक जीव १९०
विवरण प्रस्थान अनुसार शब्द प्रमाणबाट
ज्ञानको नै उदय हुन्छ १९४
जीवको कर्तव्य बारे विवेचन २००
ब्रह्म साक्षात्कारको करणको बारेमा दुइ मत २०४
जीव र जीव साक्षी २१५
साक्षी स्वरूपको विवेचन २१६
चतुर्थ पाद (प्राणपाद) २२७–२३८
४. प्रस्थान त्रयको दृष्टि भंगीको
सन्तुलन २३९–२४२

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

प्रकाशकीय

परम पूज्यपाद गुरुचरण ब्रह्मनिष्ठ पुरुषोत्तमानन्द (डा० क्षितीशचन्द्र चक्रवर्ती) ज्यूले मुमुक्षु पुरुषको उपकारार्थ पुण्य भूमि नेपालमा अद्वैत संस्था नामक एक दार्शनिक संस्था खडा गर्नु भयो। संस्थाद्वारा नेपालका कतिपय भूभागमा विभिन्न शाखा उपशाखाहरू पनि स्थापित भए। प्रत्येक शाखामा जगत मिथ्या हो, ब्रह्म सत्य हो एवं जीव नै ब्रह्म हो आदि बिषयको चर्चा अविरल रूपले चल्दै रह्यो। संस्थाद्वारा संचालित सत्सङ्गको मुख्य उद्देश्य हो भ्रमले प्राप्त जीव भावलाई निराकरण गरेर शिव स्वरूप आत्मालाई सुस्पष्ट तुल्याउनु।

सत्सङ्गबाट बोध हुने आत्मज्ञानलाई दृढ राख्नको लागि अद्वैत महाबिद्यालय र विश्वविद्यालयको स्थापना पनि भयो। उक्त विद्यालयहरूबाट अध्ययन एवं अनुसन्धान सजिलोसित गराउन ज्ञानवान गुरुचरणले विद्यालयको कक्षा अनुरूप ग्रन्थ निर्माण गरिदिनु भयो। प्रत्येक ग्रन्थमा अद्वैत आत्म तत्वको विशद विवेचना गरिएको छ।

श्रुति, स्मृति एवं न्याय प्रस्थान त्रयको विभिन्न ग्रन्थहरूमा उल्लेख गरिएको छ तापनि प्रत्येक प्रस्थानको विषय सुस्पष्ट होस भन्ने हेतुले न्याय प्रस्थानरुप यो **सूत्र प्रस्थान** नामक अत्युत्तम ग्रन्थ जो भगवानले श्रुतिको ज्ञान काण्डरूप वेदान्त अर्थात उपनिषदहरूमा निहित विषयलाई स्पष्ट देखाउनको लागि ५५५ सूत्ररूप वेदान्त दर्शन अथवा उत्तर मिमांसा रचना गर्नु भएको हो। यस मध्ये उपयोगी दुइ अध्याय एवं २८० सूत्रको विवेचना नेपाली भाषामा निर्माण गरी यो सूत्र प्रस्थान नामक ग्रन्थ रत्न अद्वैत संस्थालाई प्रकाशनार्थ दिनु भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रस्तुत ग्रन्थको बिशेषता ग्रन्थको अबलोकनबाट नै थाहा हुन्छ। प्रस्तुत ग्रन्थको महत्व बारे प्रकाश पार्नु बत्तीले सूर्यलाई देखाउनु जस्तो हुन्छ। हिन्दू संस्कृतिको मुकुट मणि-वेदान्त दर्शनलाई अनुभवपूर्ण, सजिलो, सरल र सरस ढंगमा बताइएको हुनाले साधारण मुमुक्षु र हिन्दू संस्कृतिका महिमा एवं त्यसमा निहित तत्वलाई बुझ्न इच्छा भएका सज्जनहरूको प्रस्तुत ग्रन्थको उपयोगिता अवर्णनीय छ।

ग्रन्थमा भूमिकाले अधिकारी र साधनको बारेमा विवेचना गरेर देखाएको छ। भूमिकामा दृष्टिपात हुने बित्तिकै साधक-लाई प्रसङ्गको आलोक मिलिहाल्छ। ग्रन्थको प्रकरण र विषयहरू ग्रन्थारम्भमा दर्शाइएको हुनाले विषयमा प्रवेश गर्न ज्यादै सहज हुन गएको छ। चार अध्याय (समन्वयाऽविरोधश्च साधनं फलभेदत:) र सोह्र पाउले ग्रन्थको विषयलाई सुस्पष्ट तुल्याएको छ भन्ने कुरा प्रत्येक अध्यायको आरम्भमा सूक्ष्मरुपले प्रदर्शन गरिएको छ जसबाट यो अध्याय विषयमा प्रवेश गर्नलाई पूरा मद्दत मिलेको छ।

पूज्य गुरुचरणबाट निर्मित सयकडौं ग्रन्थ—रत्न मध्ये यो एउटा अत्युत्तम नेपाली ग्रन्थ हो। यस्तो महान ग्रन्थ नेपाली भाषामा प्रकाशित हुन आएकोमा नेपालीको ठूलो सौभाग्य संझनु पर्छ। यो ग्रन्थको श्रद्धा पूर्बक अवलोकन गरेमा भगवान वादरायणको उदार चरित, वर्तमान गुरुचरणको अलौकिक कृपा र अद्वैत संस्थाबाट हिन्दू संस्कृतिको सुरक्षा स्पष्ट देख्नमा आउने छ; यसमा म विश्वस्त छु। यस्ता क्रिया कलापले अद्वैत संस्थाको सुकीर्ति विश्वविख्यात हुने छ। यसमा कुनै शंका छैन किनकि संस्थाको सेवा नि:स्वार्थरूपले वनिरहेको छ एवं अकाटय सिद्धान्त माथि जस्को सिद्धान्त आधारित छ र जुन सिद्धान्तलाई भगवान शंकराचार्यले भारत बर्षमा फैलाएर आफ्नो विजय पताका फर फराउनु भएको थियो।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

जुन सुकै विरोधीको पनि निजरूप भएको र मैले यो कुरा बुझेको छैन भन्दा पनि नबुझ्नुको प्रकाशक भएको आत्म चैतन्यलाई कसले अपलाप गर्न सक्छ ? जुन चैतन्य जन्म मरण रहित त्रिकालमा अवाध रूपले भासमान भैरहेको छ। उस्को विषयमा छ छैनको प्रसङ्ग कहाँ कसरी उठन सक्छ ? यसरी लौकिक विरोधलाई परिहार गरेर शास्त्रीय विरोधको परिहार पनि प्रस्तुत ग्रन्थले देखाएको छ। यसले हिन्दू संस्कृतिको मुकुट मणि अद्वैत सिद्धान्त चन्द्र सूर्य रहे सम्म चम्की रहने छ र मुमुक्षुहरूलाई आत्म स्वरुपको पहिचान गराएर कृत–कृत्यता सम्पादन गर्न सफल वनिरहने छ। यसमा कुनै तर्क वितर्कको गुञ्जायस छैन।

यता भौतिक विकासको उन्नतिमा होड बाजी चल्रिहेको छ तर सुख शान्तिको अनुभव भने विस्तार विस्तार हराउँदै अशान्ति र दुःखको नै दास वनेर समय विताई रहेका ऐश्वर्यवान हरूको चरित्र देखनमा आईरहेको छ। त्यसैले भगवान शंकरा-चार्यले अनात्मश्रीलाई बेसरी निन्दा गर्नु भएको छ। उता भगवान राम वैराग्य प्रकरण योग वाशिष्ठ ग्रन्थमा अनात्म वस्तुको दुःख रूपता, विनाशिता दर्शाउँदै आफूले आत्मज्ञान गर्न सकेकोमा पश्चात्ताप गर्दै बताउनु हुन्छ "नित मायुरनायास पद संप्राप्ति वर्जितैः" भनेर आत्मज्ञान विनाको जीवन व्यर्थं जीवन हो भन्ने कुरा "भूयो भूयो प्रगाद्यति" वारम्वार सुस्केरा पूर्वक भनिराख्नु हुन्छ, बोली राख्नु हुन्छ। तव अनात्म वस्तुको महत्ता र आत्म वस्तुको नीचता यो उदात्त चरित्र मनुष्यको अशोभनीय कुरा हो त्यसैले हाम्रा नेपाली दाज्यू भाइहरूले यो उदात्त सिद्धान्त विना आनाकानी ग्रहण गर्नु पर्दछ। यसैमा हामीहरुको कल्याण छ। मनो नियोग पूर्वक प्रस्तुत ग्रन्थलाई आद्योपान्त अवलोकन गर्नुपर्छ। जसबाट सारा शास्त्रहरूको भनाईले कुन वस्तुलाई लक्ष्य गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

रहेछ भन्ने कुरा छर्लङ्ग देखिन्छ। साथै आफ्नो मनका कुतर्क र संशयहरूको समाधान पनि प्रस्तुत ग्रन्थको अवलोकनबाट भइहाल्छ र हिन्दू संस्कृति पट्टि अभिरूची र आत्म जिज्ञासाको इच्छा अनायास उदित हुन्छ। अतः सज्जन श्रेयार्थी सज्जन-हरूलाई यो गुरू चरणको अनुपम प्रसाद वितरण गर्न पाउँदा अद्वैत संस्था एवं अद्वैत विश्व विद्यालय मौन रूपमा प्रसन्नताको अनुभव गरिरहेको छ।

पृथक पृथक रूपका सूत्र र सूत्रार्थ व्याख्या सुस्पष्ट रूपमा भएकोले अद्वैत विश्वविद्यालयका अनुसन्धाताहरूलाई सरल सुबोध हवस् भन्ने पनि गुरूको आन्तरिक कामनालाई विश्व विद्यालयका अनुसन्धाताले बुझेर विशेष ध्यान दिनु जरूरी संझन्छु।

अन्त्यमा यस्तो महान र अनुपम ग्रन्थ–रत्न लेखि दिनु भै मुख्य शिष्यहरूलाई बोध समेत गराई दिनु भएकोमा पूज्य गुरू चरणमा शतशः दण्डवत चढाउनुको साथै मंगलोदयको कामना गर्दछु।

प्रस्तुत ग्रन्थ मनोयोग पूर्वक लेखनमा सरिक हुने संस्थाका सभापति श्री गोविन्दराम "सरस्वती" सह सभापति श्री ज्ञान हरि "सरस्वती" वि० वि० सभापति बसन्तलाल "सरस्वती" श्री ज्ञानेश्वर "सरस्वती" श्री अनन्तलाल "सरस्वती" आदिमा सौहार्दता जनाउँछु। साथै आफूले नै पूरा देख भाल गरेर प्रकाशनमा तत्परता लिई दिनु हुने अद्वैत विश्व विद्या-लयका श्रद्धेय सभापति श्री बसन्तलाल सरस्वतीजीलाई धन्य-वाद दिन पाउँदा अपार हर्षको अनुभव गर्दछु। अनि छापाखाना परिवारलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

सभापति
गोविन्दराम "सरस्वती"
२०३० अद्वैत संस्था, नेपाल

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

न्याय प्रसंग

(सूत्र-प्रस्थान)

पहिला भाग

भूमिका

वेदान्तको अधिकारी

अज्ञानी मानिसले पाँच भेदलाई सत्य भनि मान्दछ।

१. जीव र ईश्वरको भिन्न भेद

२. एक जीवको अरू जीव देखि भेद

३. जीव र जडको भिन्न भेद

४. एक जड् पदार्थको अरू जड् पदार्थ देखि भेद र

५. जड् पदार्थको ईश्वर देखि भेद।

यो भेद प्रतीति स्वरूपको अज्ञानबाट उत्पन्न हुन्छ, किनकि सम्पूर्ण प्रपञ्च (दृश्य पदार्थ) र तत् विषयक ज्ञान स्वरूपको अज्ञान कालमा संभव हुन्छ। यो हो वेदान्त शास्त्रको सिद्धान्त। मनुष्यको सबै प्रकारको दु:खको हेतु हो आफ्नू वास्तव स्वरूपको अज्ञान (अपरिचय)। यो स्वरूपको अज्ञान स्वरूपको ज्ञान नभए सम्म हटन सक्दैन, किनकि कुनै वस्तुको अज्ञान त्यो वस्तुको ज्ञान भए मात्र नष्ट हुन्छ। अरू उपायबाट त्यो अज्ञान नष्ट हुंदैन। यसकारण आफ्नो वास्तव स्वरूपको ज्ञान नै हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

अज्ञानको निवृत्ति द्वारा सम्पूर्ण दुःख निवृत्तिको हेतु ।

आफ्नो वास्तव स्वरूपको ज्ञान भए ब्रह्म प्राप्ति हुन्छ । यो आफ्नो वास्तव अखण्ड चित् स्वरूप हो नित्य र आनन्द स्वरूप (दुःख सम्बन्ध रहित)। त्यसकारण स्वरूप ज्ञान भएमा नै नित्य र सब दुःख विवर्जित आफ्नो चित् सुख स्वरूपको प्राप्ति हुन्छ । यसरी सिद्ध हुन्छ कि सब दुःख निवृत्ति र परमानन्द प्राप्तिको बाटो हो आफ्नू वास्तव स्वरूपको ज्ञान । यसकारण आफ्नो यथार्थ स्वरूप हो जान्नुको योग्य वस्तु ।

शुद्ध अखण्ड चैतन्य (ब्रह्म) हो सबैको आफ्नो वास्तव स्वरूप (आत्मा) र त्यसकारण अत्यन्त अव्यवहित । "तिमी हौ शुद्ध चैतन्य मात्र" यस्तो शास्त्र प्रमाणको बलले श्रद्धावान मुमुक्षु पुरुषलाई स्वरूपको साक्षात्कार अनायास नै भैहाल्छ (ज्ञानालोक ग्रन्थ हेर्नुस्) । यसरी श्रद्धालु र व्यसनी तिब्र बुद्धिमान पुरुष हो ज्ञानको उत्तमाधिकारी । तर जसको बुद्धि असंभावना र विपरित भावनारूप दोष युक्त हुन्छ त्यसको बुद्धि–दोष निवारणका लागि श्रवण मनन र निदिध्यासन प्रयोजन हुन्छ । श्रवणादि हो ज्ञानको प्रतिबन्धक दोषको निवारक (आत्मानुसन्धान, पृष्ठ १–४ हेर्नुस) । यसकारण श्रवणादिलाई ज्ञानको हेतु भनेको छ । श्रवणादिको हेतु हो विवेक आदि–अर्थात् विवेक, वैराग्य समादि षट् सम्पत्ति र मुमुक्षुता । यसकारण विवेक

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

अ दिलाई ज्ञानको साधन भनेको छ । विवेक आदि चार साधन युक्त पुरुष हो मध्यम अधिकारी ।

अखण्ड ब्रह्म चैतन्य सबैको अत्यन्त अव्यवहित स्वरूप भए तापनि त्यसको वारेमा असंभावना र विपरित भावना मनुष्यको बुद्धि दोषले भैहाल्छ । यस्तो मध्य-माधिकारीको निमित्त श्रवणादि साधन निष्फल होइन । रहश्य यो हो कि मध्यम अधिकारीले बुद्धिलाई सत्य भनि मनेको हुनाले त्यो सत्यता बुद्धिको निवृत्ति ब्रह्म भावना द्वारा कम क्रमले बुद्धिलाई अत्यन्त अचल तुल्याउनु वाट संभव हुन्छ । उत्तम अधिकारी बुद्धिलाई रज्जु सर्प झैं आफ्नो वास्तव स्वरूपमा कल्पित (मिथ्या) भनि मान्दछ, त्यसकारण त्यसको लागि श्रवणादि साधनको प्रयोजन छैन ।

मुख्य अधिकारी देखि भिन्न जो अमुख्य (अर्थात् मध्यम) अधिकारी हो त्यसको स्वरूप ज्ञानको लागि शारीरिक मीमांशा (सूत्र प्रस्थान) आदि शास्त्र प्रवृत्त भएको छ । मध्यम अधिकारी पुरुषको बुद्धि सत्य भनि प्रतित भएको हुनाले संशय र विपर्यय निवृत्तिको लागि उत्तर मीमांशा आदि शास्त्रको पठन आवश्यक हुन्छ । शारीरिक मिमांशा आदि शास्त्रको प्रथम अध्यायको पठन बाट श्रवण सिद्ध हुन्छ द्वितीय अध्यायको पठनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

मनन सिद्ध, हुन्छ, तृतीय अध्याएको पठनबाट निदिध्यासनको सिद्धि र चतुर्थ अध्यायको पठनबाट आत्म साक्षात्कार रूप फलको सिद्धि हुन्छ ।

मुख्य (उत्तम) अधिकारी पुरूषलाई "तिमी हौ शुद्ध चैतन्य मात्र" यस्ता सद् गुरुको वचन सुन्ने बित्तिकै आफ्नू ब्रह्मस्वरूपको साक्षात्कार उत्पन्न हुन्छ । (यसरो-सुन्नु श्रवणादि साधनको-अन्तपाती होइन) । साक्षात्कार अनन्तर त्यसको ध्याननिष्ठाको प्रयोजन छैन, किनकियस्तो पुरूषको-बुद्धिलाई मिथ्या भनि निश्चयको फलले-संशय र विपरित भावनारूप प्रतिवन्ध उत्पन्न हुन सक्दैन । (त्यसकारण ध्याननिष्ठद्वारा त्यसको निवृत्तिको प्रसंग पनि उठ्दैन) ।

अमुख्य अधिकारीको ज्ञान साधन

यज्ञादि कर्म हो ज्ञानको वहिरंग साधन । यज्ञ र सगुण उपासना आदि कर्म-ज्ञान (साक्षात्कार) देखि टाढा भएको हुनाले र पाप र विक्षेप रूप मलको यथा-योग्य निवृत्तिरूप चित्तशुद्धि पूर्वक जिज्ञासाद्वारा साधन भएको हुनाले त्यसलाई बहिरंग साधन भनेको छ । सत्संग आदि निमित्त वशात् प्राप्त शुभ वासनाको बलले मनुष्य, कर्म उपासना (भक्ति) मा प्रवृत्त हुन्छ र परिणामले ईश्वरको अनुग्रहबाट चित्तशुद्धि पूर्वक जिज्ञासा आदि साधनलाई प्राप्त गर्दछ । जिज्ञासु

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

भएर त्यो कर्मरूप बहिरंग साधनलाई परित्याग गरेर विवेकादि अन्तरंग साधनलाई ग्रहण गर्दछ । ज्ञानको नजिक भएको हुनाले विवेक आदि र श्रवणादिलाई ज्ञानको अन्तरंग साधन भनेको छ । विवेक, वैराग्य, शमादि षटक र मुमुक्षा यी साधन चतुष्टयको उपयोग श्रवणमा हुन्छ–किनकि विवेक आदि विना बहिर्मुख मानिसको श्रवण संभव हुँदैन । त्यसकारण श्रवण, मनन, निदिध्यासन, र त्वंपद तत्पदको साधन यी साधन चतुष्टयको उपयोग हो ज्ञानमा (स्वरूप साक्षात्कारमा)– किनकि श्रवणादि विना स्वरूपको ज्ञान संभव छैन ।

तत्पदको अर्थ र त्वंपदको अर्थलाई विचार गर्नुको नाम हो पदार्थ शोधन । क्षीर–नीरको विभाग झैं चेतन र जड्को-कार्य र कारणको, अधिष्ठान र अध्यस्तको, द्रष्टा र दृश्यको किम्वा साक्षी र साक्ष्यको जो विभाग गरिन्छ त्यसलाई पदार्थ शोधन भनेको छ । यो नै हो वेदान्त शास्त्रको सारा प्रक्रियाको तात्पर्य । परिणामले दृश्य वर्गबाट विविक्त (पृथक्कृत) निज अद्वितीय ब्रह्म स्वरूपमा सारा दृश्य प्रविलापन भए अद्वैत ब्रह्म बस्तुनै स्वयं प्रकाशरूपले परिशिष्ट रहन्छ ।

यसरी विवेक आदि चार साधन श्रवणादि चार साधन हो ज्ञानको आठ अन्तरंग साधन ।

विवेक आदि चार साधन (अर्थात् मुख्यरूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

शमादि षट्सम्पत्ति) विना बहिर्मुख मानिसलाई वेदान्त शास्त्रको दीर्घकाल निरन्तर आदर पूर्वक श्रवण संभव हुँदैन र श्रवण मनन र निदिध्यासन संभव छैन । यसकारण मनन र निदिध्यासनको हेतु हो जो श्रवण उसमा विवेकादि साधनको उपयोग हुन्छ । यसकारण शमादि (अर्थात विवेकादि) देखि श्रवणादि अन्तरंग अर्थात श्रवणादि देखि शमादि हो वहीरंग । तथापि यज्ञादि कर्म देखि शमादि हो अन्तरंग । यसकारण विवेकादि (किम्वा शमादि) लाई अन्तरंग साधन भनिन्छ ।

चार साधन र शमादि षट सम्पत्ति

(शम, दम, श्रद्धा, समाधान, उपराम र तीतिक्षा)

"म" शब्दको वास्तव अर्थ जो आत्मा हो त्यो हो सम्पूर्ण कृया रहित र अविनासी, जगत (देहादि सारा पदार्थ) हो आत्मस्वरूपको विपरित अर्थात कृयायुक्त (किम्वा निरन्तर परिवर्तन शील) र विनश्वर । यस प्रकार आफ्नो स्वरूप र दृश्य पदार्थको जो पार्थक्य हो त्यसलाई जान्नुको नाम हो विवेक । यो विवेक हो सारा साधनको रहश्य । मूल विवेकको उदय नभए बैराग्य आदि परवर्ती साधन प्राप्त हुन सक्दैन । विवेक हो वैराग्यको असाधारण कारण । जब आत्मा देखि भिन्न देहादि ब्रह्मलोक सम्म सारा प्रपञ्च हो अनित्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

यस्तो भेदज्ञान (विवेक) शुद्धचित्त मानिसको हृदयमा उदाउँदा हुन्छ तब त्यस ईहलोक र परलोकको सारा भोग्य पदार्थमा अनिच्छा (वैराग्य) सजिलोसित उत्पन्न हुन्छ ।

षट्सम्पत्ति हो यउटामात्र साधन । यसलाई शम मात्र भने हुन्छ, किनकि मनको निरोध (शम) विना इन्द्रियको निरोध (दम) सिद्ध हुँदैन । फेरा मनको निरोध नभए बर्हिर्मुख (स्त्री, पुत्र आदि विषयमा आसक्त) मन वेदान्त शास्त्र र सद् गुरुको वचनमा पूर्ण श्रद्धा हुन सक्दैन । सारा साधन सम्पत्तिको फल हो श्रद्धा–हृदयमा श्रद्धा उत्पन्न नभए सारा साधन व्यर्थ भएर जान्छ । शुद्धचित्तमा श्रद्धा उत्पन्न भए अरु सारा साधन सफल हुन्छ । सारा ज्ञान साधनको भित्र श्रद्धा हो मुख्य साधन कुसंग आदिबाट श्रद्धारूप मुख्य साधनलाई सधैं रक्षागरी रहनु पर्छ (शास्त्र र गुरु वाक्य हो सत्य यस्तो दृढ विश्वासलाई श्रद्धा भनेको छ । आफ्नू वास्तव ब्रह्मस्वरूपमा मनको निरोध निर्विघ्न स्थितिलाई समाधान भनेको छ । मनको निरोध (शम) विना चित्तको यस्तो एकाग्रता संभव छैन । यसकारण समाधानको लागि पनि शमको अपेक्षा छ । साधन सहित सारा कर्मलाई परित्याग गर्नुको नाम हो उपरति (उपराम)–त्याग अनन्तर विषय प्राप्त भए तापनि उसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

इच्छाको अभाव हुन्छ। अरू प्रकार फेरी योगमा अदिनता (दुःखी किम्वा कातर नबन्नु) हो वैराग्यको फल । विषयबाट उपरत भएको मन शम विना प्राप्त विषयमा फेरी विषयाकार भै हाल्छ । यसकारण उपरामको लागि मनोनिरोधको (शमको) अपेक्षा छ । अन्तरङ्ग मन द्वारा शीत-उष्ण आदि द्वन्दको सहन (तितिक्षा) संभव हुन्छ मन बहिर्मुख, भए यस्तो सहन संभव हुँदैन । त्यसकारण तितिक्षाको लागि पनि शमको आवश्यक छ ।

यसरी शम हो दम आदि अरू पाँच सम्पत्ति को सहायक ।

फेरी यो षट् सम्पत्तिलाई दम भन्ने एउटा मात्र साधन भने पनि हुन्छ, किनकि—

(१) इन्द्रियरूप ढोकालाई निरोध (दम) नगरे मनको निरोध (शम) संभव छैन । यसकारण शमको लागि दमको अपेक्षा छ ।

२) रूप आदि विषयमा तत्पर भएको मानिसको अर्थात् जसको दम गुण छैन त्यस्को) सत् शास्त्र र गुरुको वचनमा श्रद्धा हुन सक्दैन । त्यसकारण श्रद्धाको लागि दम आवश्यक छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

(३) इन्द्रियको निरोध विना चञ्चल मनमा एकाग्रता (समाधान) संभव छैन–यसकारण समाधानको लागि दमको प्रयोजन छ ।

(४) इन्द्रिय निरोध (दम) विना प्रत्यक्ष अनुभूयमान अनुकूल पदार्थबाट उद्बुद्ध भएको रागले गर्दा इच्छा उत्पन्न भै हाल्छ–यसकारण उपरामको लागि दमको अपेक्षा छ ।

(५) इन्द्रिय निरोध नभए विषय दर्शनबाट विक्षिप्त भएको मनको उष्ण आदि द्वन्दको सहन हुँदैन, त्यस कारण तितिक्षाको लागि दमको आवश्यक छ ।

यो षट् सम्पत्तिलाई श्रद्धारूप भने पनि हुन्छ, किनकि सद् गुरु सत् शास्त्रको वचनमा विस्वास श्रद्धा विना श्रवणमा प्रवृत्त हुन सक्दैन । त्यसकारण श्रवणको निमित्त उपयोगी शम आदि कुनै धारणा गर्नु संभव हुंदैन--त्यसैले शम आदि सारा साधनको लागि श्रद्धाको अपेक्षा छ–अर्थात्–श्रद्धा हो शमादि सारा साधनको सहायक ।

यसरी षट् सम्पत्तिलाई समाधानरूप भने पनि हुन्छ किनकि चित्तको एकाग्रता विना शमादि साधनको लागि समाधानको अपेक्षा छ ।

फेरी षट् सम्पत्तिलाई उपरामरूप भने पनि हुन्छ, किनकि विषयबाट चित्तको उपराम नभए शमादि कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

साधन सिद्ध हुन सक्दैन। यसकारण शमादि पाँच साधनको लागि उपरामको अपेक्षा छ। यसरी उपराम हो शमादिको सहायक ।

षट् सम्पत्तिलाई **तितिक्षारूप** भने पनि हुन्छ। क्षुधा, तृष्णा, हानी, लाभ आदि धेरै व्यावहारिक उपद्रवको सहन विना मनोनिरोध, इन्द्रिय निरोध, गुरु शास्त्र वचनमा आस्तिकता, चित्तको एकाग्रता र प्राप्त धन आदि विषयमा चित्तको उपरामता सिद्ध हुन सक्दैन। त्यस कारण शम आदि पाँच साधनको लागि **तितिक्षा रूप तपस्याको अपेक्षा** छ। अर्थात् तितिक्षा हो शमादि साधन पञ्चकको सहायक ।

यसरी सिद्ध हुन्छ कि षट् सम्पत्ति हो एउटा साधन रूप मात्र (शमादि साधन हो परस्परको सहकारी मात्र)।

आफ्नो वास्तव ब्रह्मस्वरूपको प्राप्ति र सम्पूर्ण अनर्थको निवृत्तिलाई मोक्ष भनेको छ। मोक्षको इच्छाको नाम मुमुक्षुता किम्वा मुमुक्षा हो। विवेक, वैराग्य, षट् सम्पत्ति र मुमुक्षा हो साधन चतुष्टय ।

ज्ञानको मुख्य अन्तरंग साधन

(श्रवण, मनन, निदिध्यासन, र समाधि)

पहिले वताई सकिएको छ कि मध्यम अधिकारीको निमित्त श्रवणादि विना दृढ़ ज्ञान हुनु संभव छैन। यस

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

कारण श्रवण मनन निदिध्यासन र समाधि यी साधन हरू स्वरूप ज्ञानमा उपयोगी छन् (अर्थात् स्वरूप ज्ञान हो यी साधनहरूको फल)।

उपनिषद्रूप वेदान्त शास्त्रको तात्पर्य अर्थ हो अद्वैत-तत्व। यसको निर्णय किम्वा निश्चयको उपाय हो:—

(१) उपक्रम:-(प्रकरणको आरंभ) र उपसंहार (प्रकरणको समाप्ति) -अर्थात् आरंभ र समाप्तिको एकरूपता हो प्रथम उपाय।

(२) अभ्यास- अर्थात् अद्वैतरूप अर्थको वारंवार कथन।

(३) अपूर्वता- अर्थात् यो अद्वैतरूप अर्थ हो श्रुति भित्र अरू प्रमाणको अविषय (किम्बा स्वप्रकाशरूप),

(४) फल- अर्थात् अद्वैत तत्वको फल प्रतिपादन

(५) अर्थवाद- अर्थात् भेद ज्ञानको निन्दा र अभेद ज्ञानको स्तुति, र

(६) उपपत्ति- अर्थात् कार्य कारण देखि भिन्न होइन-अद्वैत ज्ञानको यस्तो अनकूल दृष्टान्त।

यसरी षट्लिङ्ग (युक्ति) द्वारा वेदान्त वाक्यको (तिमी हौ शुद्ध चैतन्यरूप यसको) तात्पर्य निश्चयलाई श्रवण भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

जीवर ब्रह्मको अभेद साधक युक्तिको सहाराले अद्वितीय ब्रह्मको (एक शुद्ध चैतन्य आफ्नू स्वरूपको) चिन्तनलाई मनन भनेको छ । (गीतामृत ग्रन्थ पृष्ठ ४४२–४३) ।

अनात्माकार वृत्ति व्यवधान विना ब्रह्माकार वृत्तिको स्थितिलाई निदिध्यासन भनेको छ ।

निदिध्यासनको परिपाक अवस्थानलाई समाधि भनेको छ। (समाधि निदिध्यासन देखि पृथक साधन होइन) ।

पहिले नै भनिएको छ कि श्रवण मनन र निदिध्यासन–बुद्धिको असंभावना र विपरित भावनारूप दोषको नाशक हुन्छ । त्यसकारण श्रवणादि ज्ञानको साक्षात् साधन होइन । त्यो साधन त्रय हो अमुख्य अधिकारीको लागि ।

मुख्य अधिकारी बुद्धि या चित्तलाई आफ्नू चैंतन्य स्वरूपमा कल्पित (मिथ्या) भनि जान्दछ । त्यसकारण त्यो दृश्य त्रिपुटीलाई (बुद्धिको विविध वृत्तिलाई) निरसन गरेर सजिलो सित अद्वितीय चैतन्य आफ्नो स्वरूपको साक्षात्कार प्राप्त गरिहाल्छ। अमुख्य (मध्यय) अधिकारी चित्तलाई साँचो भनि जान्दछ, त्यसकारण त्यो भावनाको अभ्यास किम्वा योग द्वारा ध्याता आदि त्रिपुटीलाई क्रम क्रमले शान्त तुल्याउँछ–

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

बुद्धिको यस्तो अचल स्थितिलाई समाधि भनेको छ।

प्रश्न:– समाधि र साक्षात्कारको भित्र के भेद छ?

उत्तर:– चित्तको सत्यता पक्ष स्विकार गरेपछि विक्षेप दोषको (चञ्चलताको) निवृत्ति अनन्तर आवरण (अज्ञान) दोषको पनि निवारण गर्नु आवश्यक हुन्छ। अर्थात् अमुख्य अधिकारी।

(१) त्रिपुटीको भान सहित सविकल्प समाधि (अर्थात् निदिध्यासन) अभ्यास अनन्तर

(२) निर्विकल्प समाधि गर्छ (अर्थात् त्रिपुटीको भान रहित भएर स्थित हुन्छ।

सविकल्प समाधिमा त्रिपुटी द्वैत ब्रह्मरूपले प्रतित हुन्छ, किन्तु निर्विकल्प समाधिमा त्रिपुटीरूप द्वैतको अप्रतीति हुन्छ (अर्थातू त्रिपुटीको अभावरूप दृश्य साक्षीको प्रत्यक्ष हुन्छ)।

यहाँसम्म अद्वैत ब्रह्माकार अज्ञान वृत्ति रहन्छ।

साक्षी सम्पूर्ण दृश्य रहित भएर अवस्थित हुँदैन। किन्तु साक्षात्कार प्राप्त भए दृश्य रहित शुद्ध चैतन्य स्वयं प्रकाशित भैहाल्छ–शुद्ध अद्वितीय चैतन्य प्रकाशमा त्रिपुटीको भान पनि लय भैहाल्छ।

निर्विकल्प समाधिमा अद्वैत आफ्नो स्वरूपको अज्ञातरूपले (साक्षी प्रत्यक्षरूपले) भावना भैरहन्छ, किन्तु सम्यकज्ञान किम्बा साक्षात्कारको उदय भए निर्दृश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

अद्वैत चैतन्य ाकाशमा दृश्यरूप सारा वृत्तिको लय भै हाल्छ–र आफ्नू निरावरण आनन्द स्वरूपको स्वत भान भैहाल्छ । यो हो परिज्ञात आफ्नो स्वरूपमा स्वाभाविक अवस्थान ।

निर्विकल्प समाधिलाई (१) साक्षात्काररूप र (२) असाक्षात्काररूप दुई प्रकारको भनिएको छ । यसको भित्र आफ्नो शुद्ध चैतन्य स्वरूपको अपरोक्ष भानलाई साक्षात्काररूप भन्दछ । तर विचार पूर्वक अद्वैत चैतन्य स्वरूप चिन्तन भैरहे तापनि यदि त्यसको भिन्नरूपले भान भैरहन्छ तब त्यसलाई असाक्षात्काररूप भनेको छ । जो भावि साक्षात्कार रूप हो त्यसलाई निदिध्यासन भन्दछ ।

यो नै हो योग र ज्ञानको भित्र भेद ।

प्रश्न– दृष्टान्तबाट यो भेदलाई स्पष्ट गरेर वताउनु होस् ।

उत्तर– समाधिवान पुरूष जब व्यवहार गर्दछ तब विषयाकार (अनात्माकार) वृत्तिको उदय (र ब्रह्माकार वृत्तिको अभाव) भए त्यो कर्तव्यबाट च्यूत भएको भनेर पश्चाताप गर्छ (खेद अनुभव गर्छ)–किनकि त्यो आफूलाई कर्ता किम्वा योगी भनि जान्दछ । तर साक्षात्कार वृत्तिको अभाव भए तापनि चित्तको खेद प्राप्त हुँदैन–किनकि त्यो आफूलाई शुद्ध चैतन्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

स्वरूप भनि र चित्त आदिलाई आफ्नू स्वरूपमा कल्पित भनि जान्दछ।

बुद्धिको दुई प्रकारको दोष

संशयको नाम हो असंभावना र विपर्ययको नाम हो विपरित भावना।

म शुद्ध चैतन्य (ब्रह्म) हुँ ? या अन्तःकरण विशिष्ट कर्ता भोक्ता जीव हूँ ?—यस्तो दुई पक्षलाई लिएर जो ज्ञान उत्पन्न हुन्छ त्यसलाई **संशय** भनेको छ।

भ्रान्ति ज्ञानलाई विपर्यय या विपरित भावना भनेको छ। यसैलाई ज्ञानाध्यास अथवा विपरित ज्ञान पनि भनेको छ। अनात्मा देहादिलाई सत्य भनि र निजरूप भनि जान्नु हो विपर्यय किम्वा विपरित ज्ञान।

वेदान्त वाक्यको विचाररूप जो श्रवण हो त्यो प्रमाण—वेदान्त वाक्य ब्रह्मको प्रतिपादक हो कि अरू कुनै विषयको प्रतिपादक हो ? यस्तो सन्देह—निवृत्त हुन्छ। उपनिषदलाई **प्रमाण** भनेको छ।

मनन द्वारा प्रमेय संशय—जीव शुद्ध चैतन्य हो कि चैतन्य देखि भिन्न हो ? यस्तो संदेह हटी हाल्छ। प्रमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

द्वारा जान्नुको योग्य जो आत्मा, मोक्ष आदि पदार्थ हो त्यसलाई प्रमेय भनेको छ। देहादि हो सत्य र जीव हो शुद्ध चैतन्य देखि भिन्न–यस्ता ज्ञानलाई **विपर्यय** भनेको छ। त्यो निदिध्यासनबाट नष्ट भैहाल्छ।

यसरी श्रवणादि त्रयले असंभावना र विपरित भावनालाई नष्ट गरिदिन्छ। असंभावना र विपरित भावना हो ज्ञानको प्रतिबन्धक। श्रवणादि ज्ञानको प्रतिबन्धकलाई हटाएर ज्ञानको हेतु हुन्छ। मुख्य अधिकारीको कुनै प्रकार संशय विपर्यय (बुद्धिको दोष) हुँदैन– किनकि त्यो बुद्धिलाई मिथ्या भनि जान्दछ। त्यस कारण त्यसको लागि विचाररूप श्रवण आदि साधनको कुनै प्रयोजन छैन।

किन्तु अमुख्य अधिकारीको निमित्त उक्त विचार रूपमा श्रवण शारीरीक मीमांशाको प्रथम् अध्याय पठनबाट सिद्ध हुन्छ। मनन शारीरीक मीमांशाको दोश्रा अध्यायको पठनबाट सिद्ध हुन्छ। निदिध्यासन शारीरीक मीमांशाको तेश्रो अध्यासको पठनबाट सिद्ध हुन्छ। यसरी श्रवण द्वारा प्रमाणगत असंभावनाको निवृत्ति, मनन द्वारा प्रमेयगत असंभावनाको निवृत्ति र निदिध्यासन द्वारा विपरित भावनाको निवृत्ति भै यो अमुख्य अधिकारीलाई "म हुँ शुद्ध चैतन्य (ब्रह्म)" यस्तो अपरोक्षज्ञान उत्पन्न भैहाल्छ र त्यसको फलले अज्ञान

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

निवृत्ति पूर्वक परमानन्दको प्राप्ति हुन्छ। यो आत्म-ज्ञानको फल शारीरीक–मीमांशा शास्त्रको चतुर्थ अध्यायको पठनबाट सिद्ध हुन्छ। यसरी देखिन्छ कि शारीरीक मीमांशा शास्त्रको प्रथम अध्यायको पठनबाट श्रवण, द्वितीय अध्यायको पठनबाट मनन, तृतीय अध्यायको पठनबाट निदिध्यासनको र चतुर्थ अध्यायको पठनबाट आत्म–साक्षात्काररूप फलको सिद्धि हुन्छ।

यद्यपि मुख्य अधिकारीको निमित्त शारीरीक मीमांशा शास्त्रको पठन आवश्यक छैन, तथापि अमुख्य अधिकारीको लागि शारीरीक मीमांसा शास्त्रको पठन आवश्यक हुन्छ। विषय प्राप्तिको इच्छावान तथा राजस्, तामस् वृत्तिरूप स्थूल चित्त पुरूष (पण्डितजन पनि) अमुख्य अधिकारी भनि भनिन्छ। यिनीहरूको लागि यो "सूत्र प्रस्थान" आरंभ गरिन्छ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

प० ६२८०
वा० वि० पीठ.
पु० मू० १०/—

ग्रन्थारम्भ

("ईश्वर विज्ञान" पृष्ठ १२६ हेर्नुस्)

वेदान्त शास्त्रको तीन प्रस्थान छन्– सूत्र भाष्य प्रस्थान, उपनिषद् भाष्य प्रस्थान र गीता भाष्य प्रस्थान। यहाँ हामीहरू सूत्र प्रस्थानलाई आरम्भ गर्छौं।

यो सूत्र प्रस्थानमा चार अध्याय छन् र यस शास्त्रको विषय हो ब्रह्म विचार। प्रथम अध्यायमा प्रतिपादन गरिएको छ कि सारा वेदान्त वाक्यको तात्पर्य अर्थ हो शुद्ध निर्विभाग चैतन्य (ब्रह्म)। द्वितीय अध्यायमा संभावित विरोध परिहार गरिएको छ। तृतीय अध्यायमा सगुण उपासना र निर्गुण ज्ञानको साधनहरूको निर्णय गरिएको छ। चतुर्थ अध्यायमा सगुण र निर्गुण ब्रह्मको साक्षात्कार र त्यसको फल ब्रह्मलोकमा स्थिति र विदेह कैवल्य प्राप्ति निरूपित भएको छ।

प्रति अध्यायको चार चार पाद छन् र संपूर्ण सूत्र प्रस्थानमा सोह्र पाद छन्।

प्रथम अध्याय–वेदान्त समन्वय

प्रथम अध्यायको **प्रथम पादमा** स्पष्ट ब्रह्मलिङ्ग युक्त वाक्यको विचार गरिएको छ। **द्वितीय पादमा**

epal Sanskrit University, Balmeeki Campus, Kathmand

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

अस्पष्ट ब्रह्म लिङ्गयुक्त (उपास्य विषयक) वाक्यहरूको विचार गरिएको छ। **तृतीय पादमा** ज्ञेय ब्रह्म विषयक वाक्यहरूको विचार गरिएको छ र **चतुर्थ पादमा** अव्यक्तपद, **अजापद** आदि संदिग्ध पदहरूको विवेचना गरिएको छ।

(प्रथम अध्यायमा सूत्र संख्या १३३ छन्, अधिकरण किम्वा विवेचित विषयहरूको संख्या ३९ छन्।)

द्वितीय अध्याय–विरोध परिहार

द्वितीय अध्यायको **प्रथम पादमा** सांख्य, योग, काण्ड र स्मृति सित वेदान्त समन्वयको विरोधको परिहार गरिएको छ।

द्वितीय पादमा सांख्य आदि मतवादको दुष्टता प्रदर्शित भएको छ। तृतीय पादको पूर्वभागमा पञ्चमहाभूत विषयक श्रुतिहरू सित वेदान्त समन्वयको विरोध परिहृत भएको छ र उत्तर भागमा जीव विषय श्रुतिहरू सित विरोधको परिहार देखाइएको छ। **चतुर्थ पादमा** लिङ्ग शरीर विषयक श्रुतिहरू सित वेदान्त समन्वयको विरोध परिहृत भएको छ।

(द्वितीय अध्यायमा सूत्र संख्या १५७ र अधिकरण संख्या ४७ छन्।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

तृतीय अध्याय—साधन निरूपण

तृतीय अध्यायको **प्रथम पाद्मा** जीवको परलोक गमन र आगमनको विचार द्वारा बैराग्य निरूपित भएको छ। द्वितीय पादको पहिलो भागमा "त्वं" पदार्थको सोधन देखाइएको छ दोश्रा भागमा तत्पदार्थ शोधित भएको छ। **तृतीय पाद्मा** सगुण उपासनाको निम्ति गुणोपसंहार (सारा गुणको मिलन) निरूपित भएको छ।

चतुर्थ पाद्मा निर्गुण ज्ञानको अन्तरंगभूत शम, दम, आदि साधनहरूको निरूपण गरिएको छ।

(तृतीय अध्यायमा सूत्र संख्या १८६ र अधिकरण संख्या ६७ छन्।)

चतुर्थ अध्याय–मुक्ति फल निरूपण

चतुर्थ अध्यायको **प्रथम पाद्मा** श्रवणादि आवृत्ति द्वारा निर्गुण ब्रह्मको साक्षात्कार र उपासना द्वारा सगुण ब्रह्मको साक्षात्कार पूर्वक जीउँदै अवस्थानमा पूण्य पाप सित असम्बन्धरूप मुक्ति निरूपित भएको छ। **द्वितीय पाद्मा** मृयमाण पुरूष (मर्न आंटेको मानिस) को उत्क्रान्ति प्रकार (कसरी प्राण निस्कन्छ त्यो कुरा) प्रदर्शित भएको छ। **तृतीय पाद्मा** मृत सगुण ब्रह्मोपा-

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

सकको उत्तर मार्ग कहिएको छ। **चतुर्थ पादको** पूर्व भागमा निर्गुण ब्रह्म वेत्ता पुरूषको विदेह कैवल्य प्राप्ति अविहीत भएको छ र उत्तर भागमा सगुण ब्रह्मोपासकको ब्रह्मलोक स्थिति निरूपित भएको छ।

(चतुर्थ अध्यायमा सूत्र संख्या ७८ र अधिकरण संख्या ३८ छन्।)

(चारै अध्यायमा जम्मा सूत्र संख्या ५५४ र अधिकरण संख्या १९१ छन्।)

प्रथम समन्वय अध्याय

प्रथम पाद स्पष्ट ब्रह्मलिङ्ग युक्त वाक्यको विचार

यो पादमा एघार विषय विवेचित भएका छन् :—

१. सत्, चित् र आनन्द स्वरूप ब्रह्म नै हो जान्नुको योग्य वस्तु (सूत्र १)

२. ... .. ब्रह्म को लक्षणको निरूपण (सूत्र २)

३. ... ...ब्रह्म हो वेद शास्त्रको कर्ता ब्रह्मलाई वेद शास्त्र द्वारा मात्र जानिन्छ (सूत्र ३)

४. संपूर्ण वेदान्तको तात्पर्य हो एक मात्र ब्रह्म सारा वेदान्त ब्रह्ममा परिसमाप्त भएको छ। (सूत्र ४)

५. "सत्" शब्दबाट जो वस्तु बुझिन्छ त्यो हो ब्रह्म मात्र (सूत्र ५–११)

६. ब्रह्म हो आनन्दमय (पूर्णानन्द)। (सूत्र १२-१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

७. "हिरण्मय" शब्द द्वारा परमेश्वरलाई मात्र बुझाउँछ (सूत्र २०-२१)

८. "आकाश" शब्द द्वारा जो बुझाऊछ त्यो हो एकमात्र ब्रह्म । (सूत्र २२)

९. "प्राण" शब्दको वाच्य हो एकमात्र ब्रह्म । (सूत्र २३)

१०. "ज्योति" शब्द द्वारा ब्रह्मलाई मात्र बुझाऊँछ । (सूत्र २४-२७)

११. "प्राण" द्वारा एकमात्र ब्रह्मलाई बुझाऊँछ । (सूत्र २८ ३१)

सूत्र १

श्रुतिबाट जानिन्छ कि विवेक बैराग्य शमादि र मुमुक्षुता यी चार साधन प्राप्त भएपछि सम्पूर्ण रूपले अधिकारी वनेको हुनाले ब्रह्म स्वरूपलाई जान्नुको इच्छा गर्नु पर्छ ।

भामतिकारको शंका–ब्रह्म कसरी जान्नु योग्य बस्तु होला ? त्यो त अज्ञात होइन । जीवको आत्मा नै हो ब्रह्म–जीव र ब्रह्म हो वास्तवमा अभिन्न यो वेदान्त

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

शास्त्रमा वताइन्छ। अहंभावले (म, म भनेर) जो आत्मदर्शन भै राखेको छ त्यो नै हो ब्रह्म दर्शन। जीवको यो आत्मदर्शन प्रत्यक्ष ज्ञान हो। यो ज्ञानमा संदेह किम्वा भ्रमको अवकाश छैन (आत्माको वारेमा कसैको 'म हो कि हैन'' यस्तो संशय किम्वा मिथ्या बुद्धि उदित हुँदैन। यद्यपि "म मोटो छु, म दुव्लो छु'' यस्तो आत्मप्रत्यक्ष हुन्छ तापनि देह आदि आत्मा होइन, आत्मा देहको भित्र अवस्थित छ, देहादि देखि अतीत हो, देहादिको चालक र भासक हो। बुद्धिमान विचार द्वारा यस्तो बुझदछ। त्यस कारण वेदान्त अनुशीलनको कुनै प्रयोजन छैन। देह आत्मा होइन यसको कारण यो हो कि देह हो परिवर्तनशील, आत्मा हो अपरिवर्तनीय। देह आत्मा भए वृद्ध उमेरमा शरीर परिर्वतित भए आत्मा पनि परिर्वतित भै हाल्ने थियो। त्यसकारण वृद्ध अवस्थाको "म'' बालक अवस्थाको "म" देखि भिन्न हुने थियो, तर यी दुई अवस्थाको "म'' अभिन्न हो यो साराको अनुभव सिद्ध छ–जो म बालक वेलामा आमा बाबुलाई देखेको थिएं त्यो म नै अहिले मेरो छोराहरूलाई देखि राखेको छु। यस्तो 'म' भाबको एकता वोध रहिरहेको हुनाले बुझिन्छ कि आत्मा देह देखि भिन्न र अपरिवर्तनीय हो। देह जसरी "म'' किम्वा "आत्मा'' होइन, इन्द्रिय आदि पनि त्यसरी नै आत्मा हुन सक्दैन। इन्द्रिय आत्मा भए इन्द्रिय भेदले म किम्वा आत्मा धेरै भै हाल्ने थियो, तर जो म आँखा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

बाट किताई देखेको थिएं, त्यो म नै त्यो किताबलाई स्पर्श गर्दछु यस्तो "म" भावको एकत्व बोध भिन्न भिन्न इन्द्रिय प्रत्यक्षको भित्र उदित हुन्छ । बुद्धि र मन प्रभृतिका सहाराले म विषय दर्शन गर्छु–त्यसकारण जो मेरो विषय दर्शनको साधन हो त्यो कर्ता किम्वा द्रष्टा "म" हुन सक्दैन । त्यसकारण देह इन्द्रिय मन बुद्धि आदिलाई आत्मा भन्नु वनेन । (स्वरूप प्रकाश पृष्ठ १०२ हेर्नुहोस् ।)

"म" रूपले प्रत्यक्षतः ज्ञात आत्माको वारेमा जस्तो कुनै प्रकार सन्देह हुन सक्दैन (त्यसकारण जिज्ञासाको उदय पनि हुन सक्दैन) त्यस्तै आत्म जिज्ञासाको पनि कुनै प्रयोजन देखिदैन । किनकि आत्मज्ञानको उदय भए ससारको निवृत्ति स्वाभाविक रूपले हुने थियो । त्यस कारण बुझिन्छ कि आत्मस्वरूपको ज्ञान र संसार यिनी-हरूको भित्र कुनै विरोध छैन । विरोध भए आत्मज्ञान संसारका निवर्तक हुने थियो । संसार यदि मिथ्या हुन्थ्यो तब ब्रह्मज्ञान संसारलाई निवृत्त गरिदिने थियो । संसार त सत्य र स्वाभाविक भनि प्रतीत भै रहन्छ । त्यसकारण ब्रह्मज्ञान सत्य संसारको निवृत्ति गर्न सक्दैन । त्यस कारण प्रयोजन नभएको हुनाले ब्रह्म स्वरूपको जिज्ञासा निरर्थक हो र ब्रह्म जिज्ञासाको विषय पनि हुन सक्दैन ।

समाधान (भामतिकारबाट)

"म" भनि सवैले आत्मालाई प्रत्यक्ष गरी राखेको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

छ यो कुरा साँचो होइन । म देह होइन, इन्द्रिय होइन, मन किम्वा बुद्धि पनि होइन, यो बुद्धिमान पुरुष विचारको सहाराले बुझ्न सक्दछ । तर यस्तो प्रत्यक्षको फलले स्वरूप ज्ञानको उदय हुन्छ कि ? जब मेरो आत्मालाई "अहं" रूपले प्रत्यक्ष अनुभव गर्छु तब मेरो देहबाट परिच्छिन्न आ नू स्वरूपलाई नै म प्रत्यक्ष गर्छु (अर्थात् आफ्नू स्वरूप भनी अनुभव गर्छु । देह नै हां आत्माको निवासस्थान-परिणामले आत्मा कहिले देहको धर्म-लाई, कहिले इन्द्रिय अन्तःकरण धर्मलाई आफ्नो धर्म मानेर–देहादिसित अभिन्न भएर प्रकाशित हुन्छ । यस लाई सम्यक आत्मदर्शन भनेको छैन । आत्माको जो यथार्थ स्वरूप हो त्यो उपनिषद् शास्त्रबाट जान्नमा आऊ छ । शास्त्रोक्त अद्वितीय सत् चित् सुखरूप अपरिच्छिन्न आत्मस्वरूप सित प्रत्यक्ष प्राप्त परिच्छिन्न आत्मदर्शनको विरोध भएको हुनाले स्व स्वरूपको वारेमा सन्देह हुनु अवश्यम्भावी हो । यो सन्देह हटाउनको लागि स्वरूप जिज्ञासा र आत्ममीमांशा प्रयोजन छ । त्यसकारण वेदान्त शास्त्रको अनुशीलनलाई एकान्त आवश्यक छ (स्वरूप प्रकाश १०२–३ पृष्ठ हेर्नुस्)

भामतिकार भन्नु हुन्छ कि जो मानिसहरू "म" भावको प्रत्यक्षलाई आत्माको यथार्थ स्वरूप भन्छन्, यिनीहरू शरीरमा अवस्थित ज्ञाता आत्मालाई देहसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

अभिन्न भनीकन नै व्यवहार गर्दछन् । तर अपरिच्छिन्न आत्मालाई परिच्छिन्न रूपले देख्नु यथ र्थ आत्मदर्शन होइन । जब "म जान्द छु" भनी भनिन्छ तब बुझ्नु पर्छ कि जड् देह जान्न सक्दैन, किन्तु आत्मा नै जान्दछ । त्यसकारण "म घरमा छु र जान्दछु" यस्ता व्यवहारमा अजड आत्मालाई नै "अहम्" शब्द द्वारा लक्ष गरिन्छ । अपरिच्छिन्न सर्वव्यापी आत्माको (ब्रह्मको) परिच्छिन्नता-बोध सत्य होइन । आत्माको स्वरूपको वारेमा हामीहरूलाई अनादिकाल देखि संचित जो थुप्रो अज्ञता (मिथ्या ज्ञान) छ त्यसलाई हटाएर यथार्थ आत्मतत्व जान्नका लागि वेदान्त शास्त्रको अनुशीलन आवश्यक छ । भिन्न-भिन्न दार्शनिकहरूको मतमा आत्मस्वरूपको वारेमा नाना भेद छ आत्मा सगुण हो, आत्मा निर्गुण छ, आत्मा अणुपरिमाण छ, आत्मा सवव्यापी र भूमा हो, आत्मा सावयव हो, आत्मा निरवयव हो, इत्यादि—देखिन्छ । यसकारण वेदान्त शास्त्रको सहाराले आत्मजिज्ञासा र आत्म मीमांसा अवश्य कर्तव्य छ । वेदान्तको प्रथम सूत्रमा ब्रह्म जिज्ञासा द्वारा यो मीमांसाको नै सूचना गरिएको छ । आत्माको बारेमा सन्देह भएको हुनाले जस्तो आत्म जिज्ञासा प्रयोजन छ, त्यस्तो आत्मज्ञान संसार दुःखको निवृत्ति गरेर परमानन्दको प्राप्त गराउने हुनाले पनि आत्म जिज्ञासा अवश्य कर्तव्य छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अध्यास केलाई भन्छ ?

आत्मा हो चैतन्यरूप र देह हो जड्। आत्मा हो जड् दह देखि भिन्न, यो बुद्धिमान मानिस सजिलो सित बुझ्न सक्दछ। तब दह इन्द्रिय आदिको धर्मलाई मनुष्यले आत्माको धर्म भनी मानेर "म दुब्लो छु", 'म अन्धो हुँ" यस्तो भूल कसरी हुन्छ ? भाष्यकार भगवान् शङ्कर भन्नु हुन्छ कि अनादि मिथ्या अज्ञानले गर्दा चिदात्मा र जड् दहादिको भित्र जो मौलिक भेद रहेको छ यो अज्ञानी मनुष्यले बिर्सि हालेको छ र सत्य चिद् वस्तु र मिथ्या जड् देहादि--यी दुईलाई मिसाएको छ। किन ? चैतन्य र जड् वस्तुको प्रकृत रूप के हो त्यो नजानेको हुनाले साधारण मानिस चैतन्य र जड्लाई अभिन्न भनी मान्दछ–चैतन्यको धर्मलाई जड्को धम, र जडको धर्मलाई चैतन्यको धर्म भनी भूलले मान्दछ। सत्य र मिथ्यालाई मुछेर एक तुल्याऊँछ–यसैलाई नै चिद्–अचिद् ग्रन्थि किम्वा **अध्यास** भनेको छ।

—:०:—

अध्यास

वाचस्पति मिश्र भन्नु हुन्छ कि–जबसम्म सत्य र मिथ्याको मिलन (अध्यास) भै रहन्छ, सारा जागतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

व्यवहार र त्यो व्यवहारमा सत्यता बुद्धि तबसम्म रही रहन्छ। सारा व्यवहारको मूल हो अध्यास र अध्यासको मूल हो जड् र चैतन्य स्वरूपको अविवेक। जड् देह र चैतन्य स्वरूप आत्मा यी परस्पर विरूद्ध दुई वस्तुको भेद बोध हो विवेक। जड्को धर्मलाई चैतन्यको धर्म सित र चैतन्यको धर्मलाई जड्को धर्म सित नमिसाउनुलाई विवेक भन्दछ र मिसाई ह्राल्नुलाई अविवेक भनेको छ। यो अविवेक वशात अध्यास खडा हुन्छ। अध्यासबाट नै "म" "मेरो" यस्तो मिथ्या व्यवहारको उत्पत्ति भै हाल्छ। आत्मा र अनात्माको विवेक ज्ञान उदय भए अध्यास पनि रहँदैन। अध्यास मूलक व्यवहार पनि रहँदैन। सारा कुरा हो ब्रह्मरूप–यस्तो ब्रह्मज्ञान उदित भै हाल्छ।

भामतीकार मिथ्या भान प्राप्त हुनुलाई "अध्यास" –अर्थात् सम्पूर्ण ज्ञेय (दृश्य) पदार्थ र त्यसको ज्ञान (दर्शन) हो मिथ्या (मिथ्यारूप नै प्रकाशित हुन्छ)। जस्तो शुक्तिमा प्रतिभात भएको रजत र त्यो रजतको ज्ञान मिथ्या नै प्रकाशित हुन्छ। शुक्ति–रजत जस्ता अध्यस्त र मिथ्या हो त्यस्तो सम्पूर्ण व्यवहारिक पनि हो अध्यस्त मिथ्या। केवल ज्ञान (शुद्ध चैतन्य) हो एकमात्र स्वप्रकाश (परमार्थ सत्य) वस्तु। शुक्ति रजत जस्तो शुक्तिज्ञान उदित भए बाधित भै हाल्छ, सत्य जगत पनि एक अद्वैत ब्रह्मज्ञान उदित भए बाधित हुन्छ। यसरी

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सम्पूर्ण विश्व प्रपञ्चलाई अध्यासको लक्ष भने हुन्छ। यो द्विविध अध्यास बुझाउँनको लागि भामतीकार संक्षिप्त विस्तृत (विशेष र सामान्य) यी दुई प्रकार अध्यास लक्षणको अवतरण गर्नु भयो। सामान्य लक्षणको लक्ष व्यवहारिक सत्य जगत र विस्तृत लक्षणको लक्ष्य प्रातिभासिक शुक्ति-रजत।

अध्यस्त बस्तु हो अनिर्वाच्य। जो प्रकाशित हुन्छ त्यो नै सत्य हो यस्तो होइन। जो कुनै कालमा बाधित हुँदैन-र जो हो स्वप्रकाश स्वतः प्रमाण-त्यो नै हो सत्य। ब्रह्म बस्तु नै एकमात्र सत्य र तद् भिन्न सारा हो मिथ्या। जो प्रकाशित हुन्छ त्यो नै यदि सत्य हुने थियो तब मरू-मरीचिकामा जो पानी प्रकाशित हुन्छ (देखिन्छ) त्यो पनि सत्य नै हुने थियो। आरोपित पदार्थ प्रकाशित भए तापनि वास्तवमा सत्य होइन। मरीचिका-पानी जस्तो मरीचिमा अध्यस्त र अनिर्वचनीय हो, त्यस्तो देह इन्द्रिय, मन बुद्धि अहंकार पनि सच्चिदानन्द परमात्मामा अध्यस्त हो त्यसकारण देहादि सारा प्रपञ्च हो अनिर्वाच्य र मिथ्या।

प्रश्न :-सामुन्नेमा स्थित कुनै वस्तुमा अनुपस्थित पहिले देखिएको कुनै वस्तुको भान (अवभास) हो अध्यास। आत्मा अज्ञेय (ज्ञानको अविषय प्रत्यक्ष रूपले नदेखिएको) भएको हुनाले आत्मामा कसरी अध्यास संभव होला ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

उत्तर :–आत्मालाई अहम् रूपले सबैले प्रत्यक्ष अनुभव गर्दछ, त्यसकारण अहम् ज्ञानको गोचर (विषय) भएको हुनाले आत्मा बिल्कुलै ज्ञानको अविषय होइन। आत्मा हो सर्वान्तर–सबैको भित्र अवस्थित र सबैको प्रत्यक्ष सिद्ध। त्यसकारण आत्मामा देह इन्द्रिय आदि धर्मको अध्यास किन नहुने ? द्रष्टाको सामुन्नेमा अव-स्थित (प्रत्यक्ष दृष्ट) वस्तुलाई लिईकन मात्र अध्यास (मिथ्या बुद्धि) उत्पन्न हुन्छ। यस्तो कुनै नियम छैन। प्रत्यक्ष दृष्ट नभए तापनि आकाशलाई आसरा गरीकन नील आकाशको तल आदि धेरै प्रकारको अध्यास (मिथ्या बुद्धि) उदित भएको देखिन्छ। त्यसकारण चिद् आत्मामा देहादि प्रपञ्चको अध्यास किन हुन न सक्ने ?

अध्यास हो अविद्यारूप। अध्यास हो अविद्याको कार्य र स्वरूपतः हो मिथ्या, नभए ब्रह्म ज्ञान द्वारा अध्यासको विनाश असंभव हुन्छ। किनकि विद्या अवि-द्यालाई निवृत्त गर्न सक्छ–अविद्या बाहेक अरू कुरालाई निवृत्त गर्न सक्दैन।

अध्यासको बारेमा विवरणकारको मत

भगवान शंकर भन्नु भयो कि अनादि अध्यास (मिथ्या ज्ञान) वशात सत्य चिद्‌रूप आत्मा र मिथ्या देहादि जगत पदार्थको परस्पर मिलनबाट "म यो हुँ"

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

'मेरो यो हो" यस प्रकार मिथ्या आत्माभिमानको उदय हुन्छ। तर आश्चर्य यो हो कि मानिस म भाव रूप यो मिथ्या अभिमानलाई सत्य र स्वाभाविक भनी मान्दछ—अज्ञानमूलक हो भनी बुझ्दैन। वेदान्त शास्त्र सारा अनर्थको मूल यो अज्ञानलाई हटाएर अद्वितीय आत्मतत्व प्रतिपादन गर्दछ, त्यसकारण आफ्नू वास्तव ब्रह्मस्वरूपको प्राप्तिको लागि (ब्रह्म स्वरूप हुँ भनी जान्नको लागि) वेदान्त शास्त्र अनुशीलनलाई एकान्त आवश्यक छ। भगवान शङ्करको यो उक्तिको तात्पर्य व्याख्या गर्दै **पद्मपाद्** भन्नु हुन्छ कि एक अद्वितीय सच्चिदानन्द ब्रह्मस्वरूपको विज्ञान हो वेदान्त शास्त्रको विषय र अनादि अज्ञान र अज्ञान मूलक जो व्यर्थ आत्माभिमान (कर्ता, भोक्ता, ज्ञाता, द्रष्टाभाव) हो त्यसको निवृत्ति नै हो वेदान्त शास्त्रको मुख्य प्रयोजन। किनकि ज्ञान अज्ञानलाई मात्र निवृत्त गर्न सक्तछ। त्यसकारण आत्माको कर्तृत्व भोक्तृत्व रूप प्रत्यक्ष ज्ञान यथार्थ ज्ञान होइन, किन्तु मिथ्या ज्ञान हो। यसैलाई देखाउनको लागि ब्रह्मसूत्र भाष्यको प्रारंभमा अध्यास किम्वा अविद्याको निरूपण, गुणातीत आत्माको कर्तृत्व भोक्तृत्व जो अनादि अज्ञानको खेल हो त्यसलाई प्रतिपादन गर्नु भयो। सत्य चैतन्य र मिथ्या देहादि पदार्थको मिलन वास्तवमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

असंभव भए तापनि मानिसले मिथ्या अज्ञानले यो असंभवलाई संभव तुल्याएको छ। जड् र चैतन्यलाई मिलाएर (मुछेर) चैतन्यको धर्मलाई जड्को हो भनी र जड्को धर्मलाई चैतन्यको हो भनी मान्दै (प्रत्यक्ष अनुभव गर्दै) आई रहेको छ। यसैको नाम हो अध्यास। यो अध्यास हो मिथ्या अज्ञान मूलक। पद्मपाद भन्नु हुन्छ कि यहाँ "मिथ्या" शब्दको अर्थ हो अनिर्वचनीय र अज्ञान शब्दको अर्थ हो जड् अविद्या शक्ति। परिणामले अनिर्वचनीय अविद्या शक्ति नै हो अध्यासको उत्पादक। चैतन्य स्वरूप आत्मा स्वप्रकाश र स्वतः प्रमाण भएतापनि अज्ञानको आवरणले आवृत हुन्छ। यसकारण नै आत्माको स्वाभाविक स्वप्रकाश सच्चिदानन्द स्वरूप साधारण मान्छेको निम्ति प्रतिभात हुँदैन, किन्तु, मिथ्या, "म", "मेरो" यस्तो अभिमान युक्त भाव नै सत्य भनी मान्दछ।

अहम् ममत्व बोधलाई सत्य भनी हामीहरूले मानेको हुनाले देह क्षेत्र आदि जो ममत्व बोधको विषय हो त्यो पनि साँचो प्रतीत भै रहेको छ। तर त्यो ममत्व बोध मिथ्या जाने पछि त्यसको विषय पनि (देह क्षेत्र आदि पदार्थ पनि) मिथ्या भैहाल्छ। स्वप्न नष्ट भए जस्तो राजा पनि रहँदैन, राजोपकरण पनि रहँदैन, त्यस्तै जीवको अनादि मोह निद्रा नष्ट

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएपछि त्यसको कर्ता भोक्ता ज्ञाता भाव पनि रहँदैन। त्यसको भोग्य जगत पनि रहँदैन। जबसम्म आफ्नू वास्तव स्वरूपको ज्ञान हुँदैन तबसम्म यो अध्यास, कर्ता भोक्ता जगतमा चली नै रहन्छ।

पद्मपाद आचार्यको मतमा पहिले देखिएको कुनै वस्तुको जा अरू कुनै वस्तुमा प्रकाश (अर्थात् अध्यास हो) त्यो अध्यास स्मृति होइन। किन्तु स्मृति झैं हो। अर्थात् स्मृति जस्तो अहंकार जनित हुन्छ, मिथ्या ज्ञान (अध्यास) पनि त्यस्तो पहिलेको संस्कारबाट खड़ा हुन्छ। किन्तु विशेष यो हो कि स्मृतिको जो विषय अर्थात् जुन विषयमा स्मृति उत्पन्न हुन्छ–त्यो स्मरण कर्ताको सामुन्नेमा खड़ा हुँदैन, तर भ्रमको विषय (अध्यस्त) रजतादि पदार्थ भ्रान्त मान्छेको सामुन्ने उपस्थित हुन्छ। त्यसकारण नै भ्रम ज्ञान हो प्रत्यक्ष ज्ञान, स्मृति होइन। कुनै अधिष्ठान किम्वा आश्रय विना भ्रम हुन सक्दैन। सच्चिदानन्द ब्रह्म नै हो अनादि अनिर्वचनीय अविद्या विभ्रमको अधिष्ठान किम्वा आसरा। अनादि भ्रम वशात एक ब्रह्म नाना रूपमा–जीव र जगत रूपमा–प्रतिभात हुन्छ। प्रत्यक्ष दृष्ट र स्थूल नभए तापनि ब्रह्म आविद्यक भ्रमको अधिष्ठान हुन्छ। जस्तो आकाश प्रत्यक्ष दृष्ट किम्वा स्थूल नभए तापनि त्यसको वारेमा नीलता र मलिनता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

रूप भ्रमको उदय हुन्छ। ब्रह्म सच्चिदानन्द भए तापनि (अर्थात् इन्द्रिय ग्राह्य किम्वा सावयत्र, नभई-कन निरवयव, निर्लेप, स्वप्रकाश, र स्वत: प्रमाण भए तापनि) अज्ञानी मानिसहरू अनादि अविद्या वशात ब्रह्मलाई सच्चित् सुख स्वरूप अद्वितीय वस्तु भनी उपलब्ध गर्न सक्दैन। अविद्या नै ब्रह्मको यथार्थ स्वरूपलाई अज्ञानी मानिसको निम्ति ढाकी दिन्छ। जड् स्वभाव भए तापनि यो अविद्या सर्वभाशक ब्रह्म-लाई आसरा गरीकन वसेको हुनाले अविद्यामा ज्ञान शक्ति र क्रियाशक्तिरूप शक्तिहरूको विकाश संभव हुन्छ। ज्ञानशक्ति र क्रियाशक्ति यो दुई शक्तिविशिष्ठ आत्मा नै जीव, कर्ता, भोक्ता भनी परिचित छ। प्राण शक्ति हो क्रिया शक्तिको एक विशेष अभिव्यक्ति। ज्ञानश-क्तिको विकाशबाट अन्त:करण–मन बुद्धि अहंकार–आदिको विकाश संभव हुन्छ र अभिमान अहंकारादि आत्मगत भएर (आफूमा भईकन) प्रकाशित हुन्छ–परिमाणले आत्मामा मिथ्या कर्तृत्वको उदय हुन्छ। अविद्यामा चैतन्यको जो प्रतिबिम्ब पर्छ त्यो नै हो जीव। स्वयं ज्योति परमात्मा (ब्रह्म) हो बिम्ब, जीव हो उसैको प्रतिबिम्ब। बिम्ब र प्रतिबिम्ब हो अभिन्न, त्यसकारण जीव र ब्रह्म हो वास्तवमा अभिन्न। जीव र ईश्वरको भित्र एकमात्र भेद देखाउने उपाधि हो

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अज्ञान । त्यसकारण अज्ञान विनष्ट भए नै जीव ब्रह्म स्वरूप भै हाल्छ। अज्ञान नै हो ब्रह्मको प्रतिबिम्ब ग्रहण गर्नेको एकमात्र योग्य दर्पण (ऐनारूप उपाधि)। ईश्वर र जीव यी दुवै प्रतिबिम्ब होइन। ईश्वर हो बिम्ब जीव हो त्यसको प्रतिबिम्ब–यस्तो स्वीकार गर्नु नै हो संगत। जीव हो चैतन्यको प्रतिबिम्ब त्यसकारण चेतन हो। चेतन जीवलाई तत्व ज्ञान हुनुमा कुनै बाधा छैन। अनादि अज्ञान बशात जीवलाई मिथ्या कर्तृत्व अभिमान र भोगको इच्छा उदित हुन्छ। मिथ्या अभिमान निवृत्त भएमा नै जीव आफूलाई अकर्ता र चिदानन्द स्वरूप भनी अनुभब गर्न सक्दछ।

अविद्या हो भावरूप

("आत्मानुसंधान" पृष्ठ ६५–६८, सुखको वाटो पृष्ठ १८२–२०१ हेर्नुस)

पद्मपाद भन्नु हुन्छ कि ब्रह्म नै जड्, अविद्याको प्रकाशक हो। चैतन्य स्वरूप ब्रह्ममा अवस्थित भएर–ब्रह्मको आलोकबाट आलोकित भएर नै अज्ञान आत्मप्रकाश लाभ गर्छ (सत्य भनी प्रतित हुन्छ)। अविद्या ब्रह्मको विरोधी भए अविद्या कुनै प्रकारले पनि ब्रह्मको आच्छादक हुन सक्ने थिएन। त्यसकारण भन्नु पर्छ कि अविद्याको प्रकाशक साक्षी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

चैतन्य सित—स्वरूपको आच्छादक अविद्याको-स्वत: कुनै विरोध छैन । 'ब्रह्म हो ज्ञानस्वरूप' यस्तो वृत्तिज्ञान उदय भए अज्ञान हटिहाल्छ । त्यसकारण त्यस्तो वृत्तिज्ञान नै हो अज्ञानको वि ोधि । (ईश्वर विज्ञान पृष्ठ ३६ हेर्नुहोस्) ।

अविद्या हो तम स्वभाव । तम आलोकको अभाव होइन । ट ो हो भाव पदार्थ । पद्मपाद भन्नु हुन्छ कि अस्पष्ट उज्यालोबाट आलोकित कोठामा कुनै वस्तु स्पष्ट देखिदैन, उज्यालो आलोकमा, सुस्पष्ट देखिन्छ । यसबाट बुझिन्छ अस्पष्ट आलोकले आलोकित कोठामा **केही अन्धकार पनि रहन्छ ।** अन्धकार यदि आलोकको अभाव भए तब आलोक विद्यमान भएमा आलोकको अभाव हुन सक्ने थिएन । अन्धकार भाव पदार्थ भएको हुनाले नै आलोक विद्यमान भए तापनि **अन्धकार अलि अलि अनुभूत हुन्छ ।** अविद्या-लाई तम स्वभाव भनेको हुनाले त्यो भाव वस्तु नै भै हाल्छ । अज्ञान ज्ञानको अभाव होइन किन्तु ज्ञानको आवरक एक प्रकार भाव वस्तु हो । ब्रह्म हो अविद्याको आश्रय र जीवको ब्रह्म विषयमा अनादि अज्ञान चलि राखेको हुनाले **ब्रह्म नै हो अज्ञानको विषय ।** अविद्या भावरूप हो यसको प्रमाण रूपमा **विवरण-कार भन्नु हुन्छ** कि "म हुँ अज्ञानी–म आफूलाई

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

जान्दिन"—यसरी मानिसको भावरूप अज्ञान प्रत्ययको विषय हुन्छ। अनुमान, श्रुति, अर्थापत्ति आदि प्रमाणको सहाराले पनि भावरूप अज्ञानको अस्तित्व प्रमाणित हुन्छ। मेरो अज्ञता मेरो ज्ञानको अभाव होइन, किनकि अभावको कहिले पनि प्रत्यक्ष हुँदैन। सुखादिको झैं अज्ञता मान्छेलाई स्पष्ट रूपले प्रत्यक्ष हुन्छ, त्यसकारण त्यसलाई अभावरूप भन्नु बन्दैन। अज्ञानको प्रत्यक्ष कालमा पनि ज्ञान विद्यमान रहन्छ, नभए अज्ञानको प्रत्यक्ष कसरी हुने थियो? अज्ञान यदि ज्ञानको अभाव हो तब ज्ञान रहनु सम्म ज्ञानाभावको उदय हुन नसक्नु पर्ने हो। त्यसको प्रत्यक्ष पनि नहुन सक्नु पर्ने।

जीवभावको मूल जुन अनादि अविद्या हो त्यो जब तिरोहीत हुन्छ (हराऊँछ) तब जीव—विन्दु ब्रह्म सिन्धुमा मिसीहाल्छ। जीव र ब्रह्मको भित्र भेद बुद्धि नै हो मिथ्या बुद्धि। अनादि पदार्थको निवृत्ति देख्नमा आऊँछ। अद्वैत वेदान्तको मतमा अविद्या वास्तवमा भाव पदार्थ होइन—त्यो हो अनिर्वचनीय तत्व—भाव-रूप पनि होइन, अभावरूप पनि होइन। ज्ञानले अज्ञान-लाई निवृत्त गर्छ। जीव र बह्मको ऐक्य वोधबाट अज्ञानको नि वृत्ति हुन्छ र जीव सर्व प्रकारले ब्रह्म नै भै हाल्छ। वेदान्त शास्त्र नै हो यो ब्रह्म विज्ञानमा एक मात्र प्रमाण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

वाचस्पतिको मतमा अविद्या विद्याको अभाव होइन। यो हो अनादि अनिर्वचनीय भाव पदार्थ। यो भावरूप अविद्या नै विश्व सृष्टिको बीज हो यो हो परमेश्वरको शक्ति विशेष। परब्रह्म हो प्रकाश स्वरूप—यो प्रकाशस्वरूप ब्रह्ममा जगत विभ्रमको प्रश्न उठन सक्ने थिएन यदि ब्रह्मक स्वरूप अविद्या द्वारा आवृत न हुन्थ्यो।

अविद्या विद्याको अभाव भए (अभाव कर्मकारी नभएको हुनाले) अविद्याले कसरी चित्‌रूप ब्रह्मलाई ढाक्न सक्ने थियो ? ब्रह्मको आवरक भएको हुनाले अविद्या भावरूप भनी प्रमाणित हुन्छ।

यो अनादि भावरूप अविद्या कसको आसरामा वस्दछ ? अविद्याका विषय पनि के हो ? **भामती-कारको** मतमा जीवको ब्रह्म विषयमा अनादि अज्ञान देखिन्छ त्यसकारण **जीव नै हो अज्ञानको आश्रय। र ब्रह्म हो अज्ञानको विषय।** जीवको जीवत्व हो अज्ञानको कल्पना, त्यसकारण अज्ञान कल्पित जीव अज्ञानको आसरा कसरी हुन सक्छ ? यसको उत्तर यो हो कि बीज र अंकुरको झैं जीव र अविद्या हो परस्पर आश्रित।

प्रश्न :—वाचस्पति जुन अविद्यालाई जीव रचित भन्नु भयो यो कुरा त शङ्कराचार्यको मत सित विरोध भैं

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हाल्छ। आचार्य शंकरले जगतको बीज अविद्या आसरा हो परमात्मा यस्तो भन्नु भएको छ (१।४।३ सूत्र भाष्य हेर्नुहोस्)?

उत्तर :—त्यो सूत्रको व्याख्यामा **वाचस्पति** भन्नु हुन्छ कि आसरा शब्दको अर्थ विषय, अर्थात् अविद्या हो परमेश्वर विषयक। चैतन्य स्वरूप ब्रह्म कुनै प्रकारले पनि अविद्याको आसरा किम्वा अधिकरण (बस्ने ठाऊँ) हुन सक्दैन—उज्यालो के कहिल्यै पनि अन्धकारको आश्रय होला? ब्रह्मको स्वरूपको बारेमा जीवलाई अनादि अज्ञान छ, त्यसकारण ब्रह्मलाई अविद्या किम्वा अज्ञानको विषय भन्नु संगत छ।

सूत्र १।१।२

यो सूत्रमा जिज्ञास्य ब्रह्मको लक्षण बताइएको छ।

दृश्यमान जगत प्रपञ्चको जहाँबाट उत्पत्ति आदि भएको छ त्यो हो ब्रह्म। जगतको जन्म स्थिति र लयको कारण भाव हो ब्रह्मको लक्षण।

जो जगतको कारण हो त्यो हो ब्रह्म। यसरी कल्पित (जगत) वस्तुबाट सत्य वस्तु लक्षित हुनसक्छ। जगतको कारणता हो ब्रह्मको तटस्थ लक्षण; सत्य, ज्ञान आनन्द हो ब्रह्मको स्वरूप लक्षण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

दृश्यमान जगतको सृष्टि स्थिति र लयको निदान रूपले ब्रह्मको जो लक्षण निर्दिष्ट हुन्छ त्यो हो ब्रह्मको **तटस्थ लक्षण।** लक्ष सित जो लक्षणको संबन्ध सर्वकालिन होइन–जो आगन्तुक रूपले मात्र लक्ष वस्तुलाई चिनाई दिन्छ–त्यस्तो तटस्थ लक्षण भनेको छ। सृष्टि स्थिति प्रलय–जगतको धर्म भएको हुनाले–जगतको अधिष्ठान ब्रह्मको त्यो हो तटस्थ लक्षण।

तुरीय ब्रह्म जब माया वशात ईश्वर रूप परिग्रह गर्छ—जगतको सृष्टि स्थिति र लय साधन गर्छ-निर्गुण सगुण हुन्छ—त्यो ईश्वर रूप सगुण ब्रह्मको लक्षण नै यो सूत्रमा कहिएको छ।

"ब्रह्म हो सत्य, ज्ञान र अनन्त यसरी उपनिषद्मा ब्रह्मको जो स्वरूप ब्याख्यान् भएको छ त्यो हो ब्रह्मको स्वरूप लक्षण। निर्गुण निर्विशेष ब्रह्मको स्वरूप लक्षण द्वारा परिचय असंभव हुंदैन। लक्षणको सहाराबाट ब्रह्मको परिचय दिनको निमित्त अपरापर पदार्थहरू देखि ब्रह्मको पृथक स्वरूपलाई देखाउनु आवश्यक छ। सत्य, ज्ञान र अनन्त यी तीन द्वारा जड पदार्थ देखि ब्रह्मको पार्थक्य स्पष्टरूपले बुझिन्छ। दृश्य जगत पदार्थ सबै नै हो असत्य, जड् र परिच्छिन्न। यसरी निर्विशेष ब्रह्मको स्वरूप विचार गर्नु पर्छ (१।१।४ सूत्र हेर्नुहोस्)।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ब्रह्ममा धर्म—धर्मि भाव वास्तवमा नभए तापनि अविद्या वशात परब्रह्ममा कल्पित धर्म—धर्मिभावको सृष्टि हुन्छ। त्यो कल्पित धर्मको बलले नै सत्यता आदिलाई ब्रह्मको लक्षण भनेको छ। **आचार्य पद्मपाद पञ्चपादिकामा** भन्नु हुन्छ कि "आनन्द" विषयानुभव र नित्यत्व—चैतन्यको यी धर्म हो। यिनीहरू वास्तव चैतन्य देखि पृथक नभए तापनि पृथक झैं प्रतीत हुन्छन्। ब्रह्मको यो कल्पित धर्महरू वास्तवमा ब्रह्मको नै स्वरूप हो र ब्रह्म देखि अभिन्न हो। सत्थ, ज्ञान र आनन्द आदि हो अभिन्न–सत्यमा ज्ञान छ, ज्ञानमा सत्यता छ र आनन्दमा ज्ञान र ज्ञानमा आनन्द, आनन्दमा सत्यता र सत्यतामा आनन्द रहेको छ। सत्य, ज्ञान र आनन्द यिनीहरू वास्तवमा हो अभिन्न तत्व ("अद्वैत सुधा" हेर्नुहोस्)।

सत्य, ज्ञान र आनन्द हो ब्रह्मको स्वरूप र लक्षण (१।१।४ सूत्र हेर्नुहोस्)। ब्रह्मको सगुण र निर्गुण यी दुई भावको भित्र यउटा मात्रै सत्य हो। निर्गुण निर्विशेष ब्रह्म नै हो सत्य—ब्रह्मको सगुण भाव हो मायिक र मिथ्या स्थूल साधकको उपासनाको सुविधाका लागि ब्रह्मको सगुण भावको कल्पना गरिन्छ। निर्विशेष ब्रह्म जो प्रमाण सिद्ध हो त्यो परवर्ति सूत्रमा देखाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।१।३

ब्रह्म हो वेद प्रमाणबाट सिद्ध। उपनिषद्बाट ब्रह्म स्वरूप जानिन्छ। ब्रह्म अरू कुनै प्रमाणको विषय होइन (ब्रह्म अनुमान प्रमाण द्वारा सिद्ध होइन अनुमान हो अनकूल तर्क मात्र)। ब्रह्म अप्रमाणिक हुन सक्दैन।

वेद उपनिषद् आदि अध्यात्मशास्त्रलाई नै ब्रह्मको बारेमा अभ्रान्त प्रमाण भनी जान्नु पर्छ। श्रुति स्पष्ट रूपले ब्रह्मलाई एकमात्र साक्षात् अपरोक्ष आफ्नू स्वरूप भनी निर्देश गर्नु हुन्छ। प्रत्यक्ष, अनुमान, शब्द आदि लौकिक कुनै प्रमाणले निर्विशेषलाई प्रतिपादन गर्दैन गर्न सक्दैन सगुण सविशेष वस्तुलाई नै प्रतिपादन गर्छ।

वेद शास्त्रलाई जो ब्रह्म विषयमा अभ्रान्त प्रमाण भनिएको छ। त्यो ब्रह्म निर्विशेष ब्रह्म होइन—त्यो हो सविशेष माया युक्त ब्रह्म। अद्वैत वेदान्त सिद्धान्तमा जगतको कारणता हो जस्तो ब्रह्मको तटस्थ लक्षण त्यस्तो शास्त्र नै हो ब्रह्मको एकमात्र प्रमाण। यो पनि हो ब्रह्मको तटस्थ लक्षण। यसरी १।१।२ र १।१।३ दुबै सूत्रमा **ब्रह्मको तटस्थ लक्षण** भनीकन परवर्ति चतुर्थ (१।१।४) सूत्रमा उपनिषद् उक्तिहरूको अद्वितीय अखण्ड निर्विशेष ब्रह्ममा समन्वय प्रदर्शन पूर्वक

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

परव्रह्यको स्वरूप लक्षण ब्याख्यात् छ भनी बुझ्नु पर्दछ ।

सूत्र १।१।४

ब्रह्म जो शास्त्र प्रमाण सिद्ध हो त्यसको हेतु देखाएर व्रह्म अनुमान आदि प्रमाणबाट सिद्ध होइन यो प्रदर्शित हुँदैछ ।

ब्रह्म सारा वेदान्त शास्त्र द्वारा प्रतिपादित भएको छ। सम्पूर्ण वेदान्तको तात्पर्य हो ब्रह्ममा। ब्रह्म वेदान्त विना अरू प्रमाणको विषय होइन। उपक्रम, उपसंहार आदि ६ लिङ्ग द्वारा सारा वेदान्त शास्त्रको तात्पर्य हो केवल ब्रह्ममा ।

वेदान्त कर्म बोधक होइन, उपासना बोधक पनि होइन। मोक्ष उपासना द्वारा साध्य होइन। जो साध्य हुन्छ त्यो अनित्य हुन्छ। स्वरूप ज्ञान भए सारा अनर्थको निवृत्ति अनुभव सिद्ध हुन्छ। ब्रह्म प्रयत्न साध्य होइन। "ब्रह्म स्वरूपलाई जान्नु पर्छ" यस्तो भनेमा ब्रह्म कर्म रूपले (यज्ञ वस्तु रूपले) प्रतीत भए तापनि ब्रह्म कर्म हैन। ब्रह्म ज्ञानरूप क्रिया कर्म हुन सक्दैन। ब्रह्म उपासना क्रियाको पनि कर्म होइन। ब्रह्म हो ज्ञानको अविषय। जसले यो चराचर प्रपञ्चलाई प्रकाश गर्छ त्यसलाई कसले जान्नु ? मोक्ष हो नित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सिद्ध–क्रिया द्वारा उत्पाद्य होइन। मोक्ष हो नित्य प्राप्त यसरी आफ्नू स्वरूपको स्वीकार (ज्ञान) भएमा नै सारा अनर्थको निवृत्ति हुन्छ। अनुमान तर्क, प्रत्यक्ष प्रमाण आदि द्वारा ब्रह्म स्वरूप सिद्ध हुनसक्दै (ज्ञानालोक, साक्षात्कार विवेचन प्रकरण हेर्नुहोस्)।

प्रश्न :–ब्रह्म यदि ज्ञानको विषय होइन तब वेदान्त शास्त्रलाई ब्रह्म विषयमा अभ्रान्त प्रमाण भनी किन भनिएको छ ?

उत्तर :–शास्त्र ब्रह्मलाई "यो हो" भनीकन ज्ञानको विषयरूपले प्रतिपादन गरेको छैन। तर ब्रह्म सबैको वास्तवस्वरूप (प्रत्यगात्मा) भएको हुनाले त्यो हो अविषय यसरी देखाएर वेद्य, वेदिता र वेदना इत्यादि अविद्या द्वारा कल्पित त्रिपुटीरूप भेदलाई निराकरण गरिदिन्छ। ज्ञानको विषय रूपले कसैले पनि ब्रह्मलाई जान्न सक्दैन, किनकि ब्रह्म ज्ञानको विषय होइन। जो बुद्धि वृत्तिको साक्षी हो त्यसलाई कस्को बुद्धि वृत्तिको सहायबाट जान्न सक्छ ? ब्रह्म हो ज्ञाता ज्ञान र ज्ञेय (त्रिपुटी भेद) रहित, त्यो हो ज्ञाताको वास्तव (आफ्नू यथार्थ) स्वरूप र अखण्ड ज्ञान (अर्थात् वृत्ति ज्ञानको प्रकाशक, ज्ञानस्वरूप किम्बा नित्य ज्ञान)। त्यसकारण अविद्या द्वारा कल्पित ज्ञाता, ज्ञान र ज्ञेय निवृत्त (बाधित) भए आफ्नू

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अद्वितीय सनातन ब्रह्म स्वरूप स्वयं प्रकाश रूपले परिशिष्ठ रहन्छ। अविद्या कल्पित भेदको (त्रिपुटी भावको) निवृत्ति गर्नु नै हो शास्त्रको प्रयोजन (शास्त्र प्रमाण)। यसैलाई तत्व ज्ञान भनेको छ। तत्व ज्ञान द्वारा संसारी भावको निवृत्ति भए नित्य मुक्त आत्माको यथार्थ स्वरूपको ज्ञान हुन्छ।

ज्ञाताको वास्तव स्वरुप भएको हुनाले त्यो प्राप्य वस्तु होइन। आकाश झैं ब्रह्म सर्वत्र व्यापक भएको हुनाले ब्रह्मस्वरूप हो सबैको नित्य प्राप्त। त्यो संस्कारको योग्य पदार्थ पनि होइन। मुक्ति हो नित्य शुद्ध ब्रह्मस्वरूप–जसमा कुनै अतिशय (गुण को संयोग) हुनु संभव छैन। आत्मा कुनै क्रियाको आसरा पनि होइन। जस्को आश्रयमा क्रिया रहन्छ त्यो अवश्य विकारी भइहाल्छ। आत्मा क्रियाबाट विकारी भए आत्मा अनित्य भै हाल्छ। किन्तु श्रुति आत्मालाई अविकारी भन्नु हुन्छ। त्यसकारण क्रिया द्वारा आत्माको संस्कार हुनसक्दैन। यसरी ब्रह्मको स्वरूपभूत मुक्तिमा उत्पत्ति, विकार, प्राप्ति र संस्कार आदि कुनै क्रिया हुन सक्दैन।

प्रश्न :–ब्रह्मज्ञान त मनको क्रिया हो त्यसकारण मुक्तिको लागि क्रयाको अपेक्षा हुन्छ ?

उत्तर :–मनको क्रिया होइन। ध्यान किम्वा चिन्तन हो मानसिक क्रया त्यो पुरूषतन्त्र भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

हुनाले ध्यान गर्नु, नगर्नु, किम्वा अरूप्रकारले गर्नु हुन्छ । किन्तु ज्ञान हो प्रमाण जन्य (वस्तु तन्त्र)– केवल वस्तुको अधिन, पुरूषको अधिन होइन। त्यसकारण ज्ञान मानसिक भए तापनि ध्यान देखि अत्यन्त भिन्न हो । अग्निमा जस्तो अग्नि बुद्धि पुरुष को अधिन होइन किन्तु वस्तुको अधिन हो त्यस्तै ज्ञान पनि वस्तु तन्त्र (अवाधित ब्रह्म स्वरूप किम्वा मनको अखण्डाकारता हो) क्रिया (वृत्तिरूप किम्वा त्रिपुटीरूप) होइन ।

प्रश्न :–ज्ञान विधिको अधिन भए–आत्मालाई दर्शन गर्नु कर्तव्य हो, श्रवण गर्नु कर्तव्य हो–यस्तो विधि तुल्य वाक्य किन उपनिषद्मा भनिएको छ ?

उत्तर :—अनात्मा विषय पदार्थमा मानिसको जो स्वाभाविक प्रवृत्ति हुन्छ, त्यो देखि मुमुक्षुलाई निवृत्त गर्नु हो त्यस्तो वाक्यको प्रयोजन । जो मानिस इष्ट प्राप्ति र अनिष्ट परिहारको निमित्त विषयमा वहिर्मुख भएर प्रवृत्ति भै रहन्छ त्यो विषयबाट परम पुरूषार्थ प्राप्त गर्न सक्दैन, त्यसकारण परम कल्याण प्राप्तिको निमित्त आत्मालाई दर्शन गर्नु कर्तव्य हो । आदि वाक्य शरीर इन्द्रियहरूलाई स्वाभाविक प्रवृत्ति-विषय–शब्दादिबाट निवृत्त गरीकन त्यो पुरूषको चित्त वृत्तिको प्रवाहप्रत्यय आत्मा पट्टी प्रवृत्त गराई दिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रश्न :–"यो हैन यो हैन" यसरी सारा दृश्य पदार्थको निषेध भएत केहि पनि परिशिष्ठ रहँदैन ।

उत्तर :—आत्मा स्वरूप त निषेधको अवधि रूपले परिशिष्ठ रहन्छ, किनकि जो विषेध गर्छ त्यो त बाँकी रहन्छ–त्यो हो साक्षी आत्मा । 'म, भन्ने जो कर्ता (म, प्रतीतिको विषय) बुझिन्छ (त्यो देखि भिन्न–त्यसको साक्षी–हो आत्मा त्यसको निराकरण कसैले गर्न सक्दैन । त्यो हो सवैको आत्मा त्यसकारण कसैको पनि त्यो हेय होइन । उपादेय पनि होइन । यो आत्मा बाहेक अरू सारा पदार्थ (ज्ञाता, ज्ञान, ज्ञेय रूप त्रिपुटी) हो विनश्वर । केवल आत्मा (त्रिपुटीको साक्षी) हो अविनाशी, कुटस्थ, नित्य, शुद्ध, बुद्ध, र मुक्त स्वभाव (हस्तामलक र "वेदान्त-विज्ञान" ग्रन्थहरू हेर्नुहोस्) ।

जाग्रदादि तीन अवस्थाको अतीत (तुरीय) ब्रह्म स्वरूपको साक्षात् परिचय (साक्षात्कार) लाई अखण्डार्थ बोध (अखण्ड ब्रह्म बोध) भनेको छ । "तिमी हौ शुद्ध चैतन्य" यसप्रकार वाक्यबाट समष्टिगत रूपले—वाक्यको रहस्य हिसावले–जो यथार्थ ज्ञान उत्पन्न हुन्छ त्यसलाई अखण्डार्थ बोध भनेको छ। यो ब्रह्म ज्ञान हो नित्य (अखण्ड-उस्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

ज्ञान, ज्ञाता र ज्ञेय यी अविद्या कल्पित विभाग (त्रिपुटी) रहन सक्दैन। **ज्ञानको रहस्य** यो त्रिपुटी धर्म मिथ्या भनी निश्चय गर्नु। त्यसकारण ज्ञाता जो ज्ञान द्वारा ज्ञय पदार्थलाई जान्नुको इच्छा किम्वा चेष्टा गर्छ त्यसको परित्याग भएमा नै निर्वि-शेष अखण्ड ब्रह्म स्वरूप स्वयं प्रकाशित भै हाल्छ। म ज्ञाता होइन, त्यसकारण वृत्तिरूप ज्ञान किम्वा ज्ञय पदार्थ पनि वास्तवमा छैन—म हुँ ज्ञानस्वरूप यसप्रकार श्रद्धा पूर्वक जस्तो निश्चय उदित हुन्छ त्यसको लागि ब्रह्म विज्ञान सजिलो सित प्राप्त भै हाल्छ।

"म जान्दछु" यस्तो प्रयत्न द्वारा जो आफू ज्ञाता भनी प्रतीत हुन्छ त्यो स्वाभाविक होइन, किन्तु आध्यासिक (भ्रान्ति कल्पित) हो। अन्तः-करण सित चैतन्यको अध्यासले मनोगत कर्तृत्व चैतन्यमा आरोपित हुन्छ र अज्ञानी भै मानिस अकर्ता आफूलाई कर्ता भनी मान्द छ। "म हुँ कर्ता" यो अहंकार चित् र अचित् ग्रन्थिबाट उत्पन्न हुन्छ। अहंकारको दुईवटा अंश (हिस्सा) छन्। (१) अधि-ष्ठान चित् अंश र (२) अचित् अन्तःकरणको अंश। जड् बुद्धिको कर्तृत्व भएतापनि चैतन्य स्वरूपमा बुद्धिको अध्यास विना "म कर्ता हुँ" यस्तो कर्तृत्व

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

बोधको उदय हुन सक्दैन। त्यसकारण आत्माको कर्तृत्व हो आध्यासिक, स्वाभाविक होइन। आत्माको कर्तृत्व वास्तव भए त्यसको विलोप हुन सक्दैन र मोक्ष पनि संभव छैन। आत्माको कर्तृत्व नै हो दुःख त्यसकारण त्यो दुःखबाट आत्मा कसरी मुक्त हुन सक्ला ? आत्माको कर्तृत्व जो स्वाभाविक होइन, त्यो गीताजीमा पनि (३।२७, १८।१६) श्लोकमा बताइएको छ। आत्माको कर्तृत्वको झैं आत्माको ज्ञातृत्व पनि हो भ्रान्ति कल्पित। सुषुप्ति अवस्थामा अहम् अर्थको (इच्छा प्रभृतिको) कुनै विकाश देखिंदैन, तापनि आत्माको प्रकाश मौजुद रहन्छ। यसबाट आत्मा र अहम् अर्थको भेद स्पष्ट प्रमाणित हुन्छ। जो म सुतेको थिएँ त्यो म अहिले जागेको छु। यस्तो जो प्रत्यभिज्ञा देखिन्छ, त्यसमा सुषुप्ति कालीन अविद्यावच्छिन्न चैतन्य अनुभविता (अहं अर्थ होइन) र जागरित अवस्थामा अन्त:करण अवच्छिन्न चैतन्य हो स्मरण कर्ता।

अहम् अर्थ (अहंभाव) हो भ्रान्ति कल्पित आध्यासिक आफ्नू वास्तव स्वरूप होइन। अनादि अविद्याको प्रभावले जीवको दृष्टिमा त्यसको ब्रह्म स्वरूप आवृत रहन्छ। ज्ञानको उदय भए त्रिपुटी भावको बाध भए जीव र शिवको भित्र कुनै भेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

रहँदैन। अनात्मा "अहम्" आत्मा हुन सक्दैन–आत्मा हो अवाङ्मनसगोचर (मन वाणीको अगोचर अर्थात् मन वाणी जहाँ पुग्न सक्दैन अर्थात् मनले वाणीले जानिने चिज होइन)। जो अहं प्रत्यय गम्य हो (म भन्ने जो कर्ता बुझिन्छ) त्यो आफ्नू वास्तव स्वरूप होइन। कर्तृत्व ज्ञातृत्व आदि हो अन्त:करणको धर्म। ज्ञातृत्व कर्तृत्व आदि अनात्मा धर्म अहम् अर्थमा आरोपित हुन्छ—त्यसकारण अहम् अर्थ हो अनात्मा।

सूत्र १।१।५

पहिलेको चार सूत्र द्वारा ब्रह्मलाई सर्वज्ञ सर्व शक्तिमान जगत कारण र वेदान्त प्रतिपाद्य भनी भनिएको छ।

५—११ सूत्रहरू द्वारा स्वतन्त्र–प्रधान जगत कारणताको निराकृत हुन्छ —

सांख्य परिकल्पित प्रधान जगतको कारण हुन सक्दैन किनकि त्यसको बारे वेद प्रमाण छैन। सांख्य द्वारा कल्पित भएको हुनाले त्यो हो वेद प्रमाण विरुद्ध। जड् प्रधान आदिको इक्षण (अवलोकन) श्रुतिमा प्रतिपादित भएको छैन। उपनिषदमा ब्रह्मको इक्षण

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रुत हुन्छ (सुनिन्छ)। यसकारण ब्रह्म नै हो जगतको कारण।

"ऐतरेय श्रुतिमा" भनेको छ—"ब्रह्म देख्नु भयो मेरो (चैतन्यको) अभावले जड जगत सचैतन्य र सक्रिय हुन सक्दैन, त्यसपछि तिनी (चैतन्य) ब्रह्म रन्ध द्वारा शरीरमा प्रविष्ट भएर जीवरूपले अभिहित हुनु भयो। आत्माको यसप्रकार अवलोकनलाई इक्षण भनेको छ र प्रवेश गर्नुलाई अनु प्रवेश भनेका छ।

सांख्य कणाद आदिको मतमा प्रधानादि जड्लाई जो जगत कारण भनी निर्देश गरिएको छ त्यो हो असंगत। किनकि श्रुतिमा जगत कारणलाई इक्षिता (निरीक्षण गर्नेवाला, हेर्नेवाला) भनिएको छ। तिनी हो चेतन। लक्षण (आलोचना) पूर्वक जगतलाई सृष्टि गर्नु भयो। उपनिषद्मा कथित भएको छ कि ब्रह्म नै सम्पकरूपले पर्यायेयलोचना गरीकन यो विश्वको सृष्टि विधान गर्नु भयो। प्रधानादि हो अचेतन (जड्), त्यसकारण आलोचना पूर्वक सृष्टि विधान गर्नु (सृष्टिलाई रच्नु) जड्को लागि कसरी संभव होला ? जडको आलोचना गर्नु संभव छैन। ब्रह्म हो सर्वज्ञ, अचेतन **प्रधानको** सर्वज्ञता हुन सक्दैन। त्यसकारण त्यसको साक्षित्व अथवा द्रष्टित्व हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।१।६

श्रुतिमा धेरै ठाउँमा अचेतन पदार्थमा चेतन पदार्थको झैं उपचार दृष्ट हुन्छ। "इक्षण" किम्वा पर्यायलोचना सद्‌बस्तु (ब्रह्मको) मुख्य औपचारिक (गौण) हो। यो संगत होइन। किनकि श्रुतिमा जगत कारणमा आत्मा शब्दको प्रयोग भएको हुनाले इक्षण हो मुख्य—गौण होइन। त्यसकारण अचेतन प्रधानलाई उपचार क्रमले इक्षिता भन्नु संगत होइन।

सूत्र १।१।७

ब्रह्म नै हो जगतको कारण यस विषयमा अरू पनि हेतु छ। जगत कारणमा ध्यान परायण मान्छेको "मोक्ष्य,, शास्त्रमा उपदिष्ट भएको छ। तर जड् प्रधानको ध्यान द्वारा मुक्ति कदापि सिद्ध हुन सक्दैन।

सूत्र १।१।८

यदि भनिन्छ कि स्थूल अरून्धती न्याय अनुसार (पहिले कुनै यउटा नक्षत्र देखाएर मानिसलाई अरू-न्धती भनीकन पछि वास्तव अरून्धती नक्षेत्रलाई देखा-उनु सजिलो हुन्छ–यो रिती अनुसार) पहिले प्रधानको गरीकन पछि ब्रह्म ध्यान द्वारा मुक्ति संभव हुन्छ तब भन्छु कि यो ठीक होइन। किनकि प्रधानको ध्यानबाट

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

मोक्ष सिद्ध हुँदैन । यस्तो निषेध बताएको छैन । त्यस-कारण स्थूल अरून्धती न्यायको सहाराले पनि प्रधान-लाई सद्‌वस्तु (जगतको कारण) भन्नु बन्दैन ।

सूत्र १।१।९

ब्रह्म हो जगतको कारण यसमा अरू हेतु पनि छ । श्रुतिमा उक्त भएको छ कि सुषुप्तिकालमा अन्तःकरण विशिष्ठ सारा जीवको आफ्नू स्वरूप चैतन्यमा लय हुन्छ । (आफ्नू वास्तव चैतन्य स्वरूप प्राप्त भै हाल्छ) । जड् प्रधानमा चेतन जीवको लय संभव नभएको हुनाले ब्रह्म चैतन्य नै हो जगतको कारण ।

सूत्र १।१।१०

ब्रह्म हो जगतको कारण यसमा अरू पनि हेतु देखाइन्छ । सम्पूर्ण वेदान्त शास्त्रको समान रूपले सद्‌वस्तु ब्रह्ममा तात्पर्य भएको हुनाले ब्रह्म नै हो जगतको कारण ।

सूत्र १।१।११

किनकि श्रुतिमा "जगत कारण हो सर्वज्ञ" यस्तो उक्त भएको छ त्यसकारण ब्रह्म नै हो जगतको कारण ।

सूत्र १।१।१२

श्रुतिमा उपदिष्ट भएको छ कि अन्नमयकोषको भित्र प्राणमयकोष छ । प्राणमयको भित्र मनोमय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

कोष र मनोमयको भित्र विज्ञानमयकोष छ। त्यसको अव्यहित पछि नै भनिएको छ कि यो विज्ञानमय देखि स्वतन्त्र सुक्ष्म आत्मा छ–जो चाहिं आनन्दमय हो। अहिले संसय हुन्छ कि यो आनन्दमय शब्द द्वारा पर-ब्रह्मलाई उपदेश गरिएको छ कि? अथवा अन्नमय आदि कोष जस्तो ब्रह्म देखि भिन्न हो त्यस्तो आनन्दमय पनि ब्रह्म देखि भिन्न हो? यसकारण निश्चित अर्थ निर्धारणको लागि वर्तमान सूत्र अवतारित भएको छ।

यो आनन्दमयको अर्थ हो परमात्मा नै। यसको हेतु यो हो कि श्रुतिमा परमात्मा नै आनन्द शब्दको अभ्यास (पुनः पुनः वताउनु) प्रयोग गरिएको छ अरूमा होइन। आनन्दमयको उपदेश गरीकन पछि त्यसको आनन्द रूपता निर्देश गरेर अन्तमा भनेको छ कि यो जीवहरू त्यो आनन्दमय प्राप्त गरीकन नै आनन्दित हुन्छ। यदि त्यो पूर्णानन्द नहुने थियो तब कोही पनि प्राणकार्य गर्ने थिएन अथवा कोई पनि जिवित रहने थिएन। त्यो आनन्द नै जीवलाई आनन्दित राख्छ। त्यो आनन्द (ब्रह्मानन्द) साक्षात्कृत भए पछि कुनै प्रकारको भय हुँदैन। अरू श्रुतिमा पनि ब्रह्मलाई बुझाउनको लागि आनन्द शब्दको प्रयोग देखिन्छ–ब्रह्म हो विज्ञान र आनन्द स्वरूप–त्यसकारण यो नै प्रतिपन्न भएको छ कि आनन्दमय शब्द ब्रह्म अर्थमा नै प्रयुक्त भएको छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आनन्दयय मुख्य आत्मा नै हो सर्वान्तर–अरू सारा हो आपेक्षिक। अज्ञानी मानिसको लागि जो अन्नमयादि आत्मा भनी प्रसिद्ध छ त्यसको अनुवाद पूर्वक—त्यो सारा आत्माको आपेक्षिक अन्तरत्त्व बुझाईकन श्रुति अन्तमा मुख्य आनन्दमय आत्माको उपदेश गर्नु भयो। अर्थात् अन्नमय आदि अनात्मा चतुष्टय (चारवटा) लाई अन्त-रात्मा भनी अन्तमा जसलाई नर्वान्तर भनी उपदेश दिनु भयो त्यसलाई नै यथार्थ (मुख्य) आत्मा पनि—पूर्वोक्त आत्माहरूलाई अनात्म (अमुख्य आत्मा) भनी ग्रहण गर्नु संगत छ।

आनन्दमयलाई मुख्य आत्मा भने प्रिय आदि अवयव र शरीरित्व कल्पना संगत हुँदैन। यसको जवाफ यो हो कि आत्मालाई जो शरीर भनिएको छ त्यो अन्नमय आदि शरीर परम्परा द्वारा ज्ञेय भएको हुनाले भनिएको छ। संसारी जीव जस्तो शरीर, आत्मा त्यस्तो शरीर होइन। अन्नमयादि परम्पराबाट आत्मालाई जानिने भएको हुनाले आत्मा हो शरीर (विज्ञान शरीरको आत्मा) त्यसकारण आनन्दमय हो परमात्मा।

सूत्र १।१।१३

आनन्दमय शब्द अरू ठाऊमा विकार वाचि मयट् प्रत्ययले निष्पन्न भए पनि प्राचुर्य अर्थमा पनि मयट्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रत्यय वन्द छ। जस्तो लोकमा अन्न प्रचुर यज्ञलाई अन्नमय भन्छ त्यस्तो श्रुतिले पनि ब्रह्मलाई आनन्द-मय भनेको छ।

सूत्र १।१।१४

किनकि श्रुतिले ब्रह्मलाई नै आनन्दको कारण भनी निर्देश गर्नु भयो त्यसकारण आनन्दमयको मयट् हो प्राचुर्य अर्थमा, विकार अर्थमा होइन। जो अरू-लाई आनन्द दान गर्नु हुन्छ तिनी प्रचुर आनन्द हुनु हुन्छ। त्यसमा संखा नै के छ ?

श्रुतिमा उक्त भएको छ कि अन्नमय देखि प्राणमय हो भिन्न, प्राणमय देखि मनोमय भिन्न हो, मनोमय देखि विज्ञानमय हो भिन्न र विज्ञानमय देखि आनन्द-मय भिन्न हो, तर आनन्दमयको भित्र अरू कुनै आत्मा छ भनी श्रुतिमा पाइएको छैन। प्रत्युत यो आनन्द-मय आत्मामा नै आत्मजिज्ञासाको समाप्ति गरिएको छ। यी नै कारणले परमात्मा नै हो आनन्दमय जीव होइन।

सूत्र १।१।१५

आनन्दमय परमात्मा हो यसको बारेमा अरू पनि कारण छ। ब्रह्म बेत्ता पुरुष ब्रह्मलाई प्राप्त गर्छ श्रुति यस्तो भनेर भन्नु हुन्छ कि "ब्रह्म हो सत्य स्वरूप ज्ञान स्वरूप र अनन्त"। अर्थात् ब्रह्म नै "सत्य" आदि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विशेषण द्वारा निरूपित भएको छ। जुन ब्रह्मबाट स्थावर अर्थात् ज़ंगम (चल) रूप जगत जन्मेको छ, जो ब्रह्म जीव सृष्टि गरीकन त्यसको भित्र प्रविष्ट र बुद्धि रूप गुफाको भित्र अवस्थित हुनुहुन्छ त्यो ब्रह्म नै आनन्दमय घटित वाक्यमा अभिहित भएको छ। त्यसकारणले परमात्मा नै हो आनन्दमय, जीव होइन।

सूत्र १।१।१६

श्रुति ईश्वर भिन्न संसारी जीवलाई आमन्दमय शब्द द्वारा कहीं पनि निर्देश गर्नु भएको छैन। किनकि जीवमा आनन्द प्रचूरता आदि धर्म उत्पन्न (संभव) हुँदैन।

सूत्र १।१।१७

त्यो आनन्दमय संसारी (जीव) होइन त्यसको हेतु यो हो कि श्रुति आनन्दमयलाई उपदेश गरीकन जीव हो लब्धा (लाभकर्ता) र आनन्दमय हो लब्धव्य (लाभ गर्ने लायक वस्तु) यसप्रकार जीव र आनन्दमयको भित्र भिन्नता देखाइएको छ। जो लब्धा हो त्यो लब्धव्य हुन सक्दैन, जो लब्धव्य हो त्यो लब्धा देखि भिन्न हो—यो बुझ्नु कठीन होइन। यद्यपि लब्धा (जीवात्मा) र लब्धव्य (परमात्मा) वास्तवमा एक (अभिन्न) हो तापनि अज्ञानी मानिस आत्माको (आफूको) यथार्थ अप्रच्यूत स्वरूपलाई जान्दैन। त्यसको परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

णामले अनात्मा देहादिमा आत्मा बुद्धि गरीकन देह आदिलाई नै म (आत्मा) भनी जान्द छ।

यसप्रकार अज्ञान कल्पित भेदलाई अनुवाद गरीकन जीवको अनारोपित परमात्मा हो लब्धब्य र अन्वष्टब्य (खोज्ने योग्य) भनी उपदेश दिनु हुन्छ। अविद्या भएको हुनाले नै जीव परब्रह्म देखि भिन्न भएको छ तर परब्रह्म जीव देखि भिन्न भएको होइन। यसकारण श्रुति भन्नु हुन्छ कि आनन्दमय हो लब्धब्य र जीव हो त्यसको लब्धा। यस्तो भेद अनुसरण गरीकन नै सूत्र १२-१३ अभिहित भएको छ।

सूत्र १।१।१८

श्रुतिमा तिमी (आनन्दमय) कामना गर्नु भयो, म धेरै भै हालुं र जन्मी हालुँ। यसप्रकार उल्लेख भएको हुनाले सांख्य कल्पित प्रधानको आनन्द मयत्व र जगत कारणत्व त्यो नै निराकृत भएको छ। किनकि, अचेतनको कामना र आनन्द दुईवटै असंभव छ। प्रधानको जगत कारणता सूत्र ५ बाट निराकृत भै सकेतापनि तात्वर्यको समानता देखाउनको लागि यहाँ प्रसंग क्रमले फेरी उल्लेख गरिएको छ।

सूत्र १।१।१९

आनन्दमय प्रधान हुन सक्दैन यसको बारेमा अरू पनि हेतु छ। "आनन्दमय" आत्मामा प्रतिबुद्ध भए

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अर्थात् आनन्दमय आत्मा आफ्नू स्वरूप भनी साक्षात्कृत भए जीव आनन्दमय हुन्छ। यस्तो श्रुतिमा भनिएको छ। चेतन जीवको जड् प्रधान सित अभेद संभव नभएको हुनाले आनन्दमय हो परमात्मा, प्रधान होइन।

सूत्र १।१।२०

छान्दोग्य श्रुति जो पुरूषलाई आदित्यमा र नेत्रमा उपासना गर्ने भन्नु भएको छ त्यो पुरुष विम्वमल नै हो परमेश्वर। त्यसको हेतु यो हो कि श्रुति त्यो ठाउँमा नै परमेश्वरको धर्म किम्वा लक्षण भन्नु भएको छ। एकमात्र परमात्मा नै हो सर्वपाप विमुक्त। अरू होइन, यस्तो श्रुति द्वारा जानिन्छ। सर्वात्मकता किम्वा सर्वात्मभाव परमेश्वरमा मात्र संभव हुन्छ (जीवमा होइन)। त्यसकारण परमेश्वर नै चक्षु र आदित्यको भित्र उपासनार्थ उपदिष्ट भएकोछ। यो सिद्ध भयो।

सूत्र १।१।२१

अरू श्रुतिमा आदित्य जीवको नियन्ता परमेश्वरलाई स्पष्ट आदित्यस्थ जीवात्मा देखि भिन्न भनिएको छ। आदित्य हो नियाय (चलाउने योग्य) परमात्मा हो नियामक। त्यसकारण नियामक परमात्मा नै आदित्य मण्डलमा अभिव्यक्त हुन्छ। त्यसकारणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

परमेश्वर नै उपास्य रूपले उपदिष्ट भएको छ, यो सिद्ध भयो।

सूत्र १।१।२२

यो पृथ्वि आदि सारा लोकको आश्रम के हो? यसको जवाफ़मा श्रुतिमा भनिएको छ कि आकासबाट नै यो सारा भूत जन्मीन्छ, आकाशमा नै ख़तम हुन्छ, आकाश नै यो साराको एक मात्र आश्रय हो। यो प्रश्न प्रतिवचन (उत्तर) रूप उपनिषद् वाक्यमा आकाश शब्द द्वारा ब्रह्म बुझिन्छ, भूताकाश होइन (यद्यपि ब्रह्म र भूताकाश यी दुई अर्थमा नै आकाश शब्दको प्रयोग देखिन्छ), किनकि सारा भूतको उत्पति र लयको हेतु हो ब्रह्म।

सूत्र २३

त्यो देवता चाहीं को हो? श्रुतिमा यो प्रश्न उठाएर उत्तर दिएको छ कि त्यो हो प्राण किनकि, यो सारा भूत प्राणमा नै लय हुन्छ। फेरी प्राणबाट नै जन्म लाभ गर्छ। बर्तमान सूत्रमा भनिएको छ कि ब्रह्म बोधक चिन्ह भएको हुनाले प्राण शब्द हो ब्रह्म परक। सर्वभूतको उत्पत्ति लयको हेतु हो ब्रह्म। त्यसकारण प्राण भन्ने परमात्मा नै बुझिन्छ, प्राण वायु होइन।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।१।२४

छान्दोग्य श्रुतिमा कहिएको छ–"जो जोति सर्वको माथी र सारा लोकमा प्रकाशमान छ त्यो उत्कृष्ट जोति नै हो त्यो जोति, जो जोति, यो देहको भित्र आत्मा नामले विराजमान छ। यो वाक्यमा जोति शब्द द्वारा परमात्मा नै बुझिन्छ। सूर्यादि जोति होइन। यसको कारण यो हो त्यो वाक्यमा ब्रह्म विचार पाद शब्दको कथन छ। पूर्व वाक्यमा 'यो विश्व हो उसैको एक पाद, उसैको अरू पनि पाद (अंश) स्वरूपमा प्रतिस्थित छ। ब्रह्म नै हो जगत् अवभासकको हेतु"। ब्रह्म हो भान स्वरूप। त्यसो भएको हुनाले यो सारा प्रपञ्च प्रतिभान भै रहेको छ। वहाँकै प्रकाशले यो सारा प्रकाशित भै रहेको छ।

सूत्र १।१।२५

पूर्व वाक्यमा छन्दो वाचक गायत्री शब्द भए तापनि तत्त्व वाक्यको प्रतिपाद्य हो ब्रह्म, किनकि त्याहाँ **गायत्रीलाई अवलम्बन गरेर ब्रह्ममा चिन्ता समर्पण गर्नुको उपदेश छ।** अरू श्रुतिमा पनि अरू अरू विकार अवलम्बन पूर्वक ब्रह्मोपासना गर्नुको विधान देखिन्छ। त्यसकारण पूर्व वाक्यमा छन्दको नाम भए तापनि त्यो हो ब्रह्म बोधक, छान्दोग्य वोधक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

होइन। त्यसकारण जोति शव्दको ब्रह्म नै अर्थात् प्रमाणित हो, अरू अर्थ बाधित हुन्छ।

सूत्र १।१।२६

किनकि श्रुतिलाई—पादरूपले वर्णना गरेको छ। त्यसकारण पूर्व वाक्यमा ब्रह्म बोधित हुन्छ। भूत, पृथिवी, शरीर, हृदय—यी चारवटाको उल्लेख गरेर श्रुति भन्नु हुन्छ कि' यी चारै हो गायत्रीको पाद (अंश)। ब्रह्म अर्थ विना केवल मात्र अक्षर भनी गायत्रीको उक्त पाद वर्णना उत्पन्न (संगत) होइन। स्मृतिमा पनि कहिएको छ "म यो जगतलाई एकांशमा ब्याप्त गरेर वसेको छु" त्यसकारण यही सिद्ध हुन्छ कि पूर्व वाक्य ब्रह्म नै अभिप्रेत हो र जोतिर्वाक्य तिनी नै बोधित हुनु भएको छ।

सूत्र १।१।२७

पूर्व वाक्यमा सप्तमी विभक्ति र पर वाक्यमा (पञ्चमी विभक्ति) यस्तो विभक्तिको भिन्नता भएको हुनाले पूर्व वाक्यको ब्रह्म पर वाक्य प्रत्यभिज्ञान हुंदैन—यस्तो भन्नु वन्दैन। किनकि दुईटै प्रयोगको भित्र कुनै पनि प्रयोग प्रत्यभिज्ञान (पूर्वज्ञान) को विरोधी हैन। त्यसकारण जोति शव्द हो ब्रह्म परक यो सिद्ध भयो।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।१।२८

कौषितकी उपनिषद्मा जो प्राणोपासना कथित भएको छ त्यो प्राण हो ब्रह्म। यसको हेतु यो हो कि त्यो ठाऊँको शब्दार्थ पर्यायलोचना गरे पछि ब्रह्म अर्थ नै निश्चित हुन्छ। इन्द्र प्रतर्दनलाई परम पुरूषार्थ दानको लागि प्राणोपदेश गर्नु भएको यो। त्यसकारण परम पुरूषार्थको उद्देश्यले उपदिष्ट भएको प्राण ब्रह्म देखि भिन्न अरू केही हुन सक्दैन। ब्रह्म विज्ञान बाहेक अरू कुनैबाट हिततम (कल्याण) प्राप्त हुँदैन–यो कुरा श्रुतिमा पनि पाइन्छ। त्यसकारण यहाँ प्राण भन्ने ब्रह्म नै बुझिन्छ अरू केही होइन।

सूत्र १।१।२९

इन्द्र पतर्दनलाई "मलाई नै जान" यस्तो भनीकन पछि "म नै हुँ प्राण, म नै हुँ प्रज्ञात्मा, यसरी आफ्नू आत्मालाई नै आफ्नू स्वरूपलाई नै" वताउनु भयो। त्यसकारण वक्ताको प्राण कसरी ब्रह्म हुन सक्ला? ब्रह्मको बक्तृत्व (वक्तावत्नु) संभव छैन। यसको जवाफ यो सूत्रमा भनिदै छ कि त्यो अध्यायमा प्रचुर परिमाणले परमात्म सम्बन्ध इष्ट हुन्छ। प्रज्ञात्माको किम्वा ब्रह्म चैतन्यको अधिष्ठान विनादेहमा प्राण रहन सक्दैन। परमात्मा भिन्न अरू कोही इन्द्रियको आवश्यक छैन। त्यसकारण जानिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

कि परमात्मा भिन्न अरू केही त्यो ठाऊँमा प्राण शब्द कथित भएको छैन ।

सूत्र १।१।३०

इन्द्र जो 'म नै हुँ प्राण, म नै हुँ प्रज्ञात्मा, मलाई जान, भन्नु भएको थियो, निश्चित रूपले वहाँले वामदेव ऋषिको झैं शास्त्र ज्ञान अनुसार नै भन्नु भएको थियो । वामदेव ऋषिले ब्रह्म तत्त्वको साक्षात्कार अनन्तर अनुभव गर्नु भएको र भन्नु भएको थियो, 'म नै मनु र म नै सूर्य भएको थिएँ । इन्द्र ब्रह्म विज्ञानको नै प्रसंसा गर्नु भयो । अरू केही भन्नु भएन । "मलाई जान" यसको अर्थ हो ब्रह्मलाई जान । जो यद्भावापन्न (म यो हुँ भन्ने भाव) हुन्छ त्यसको अहम् त्यसैको नै बोधक हुन्छ । त्यसकारण त्यो वाक्यको विज्ञेय हो ब्रह्म । (त्यो वाक्य हो ब्रह्म बोधक वाक्य) शुक र वामदेवको झैं इन्द्रको प्रति ब्रह्म साक्षात्कार प्राप्त भएको हुनाले प्रतर्दनलाई उपदेश दिनु वन्द छ ।

सूत्र १।१।३१

जीव बोधक र प्राण बोधक धर्म दृष्ट भएको हुनाले त्यो वाक्य केवल ब्रह्ममा जीवको र मुख्य प्राणको धर्म कहिएको छ यसप्रकार **पूर्वपक्षको** विरूद्धमा व्यासदेव भन्नु हुन्छ–होइन, त्यस्तो भन्नु ठीक होइन । उदाहृत (उदाहरण दिएको अर्थात्

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

कथित्) वाक्यलाई ब्रह्म परक भनी अंगिकार नगरे त्यो वाक्य द्वारा तीन प्रकारको उपासनाको विधान अंगिकार गर्नु पर्छ–जीवोपासना,–प्राणोपासना एकै वाक्यमा त्रिविध उपासनाको विधान युक्ति विरूद्ध हो (आनन्द, अजर, अमर, अमृत, मुक्त स्वभाव) र हीततम् यी शब्द हुन ब्रह्म बोधक। यी सारा ब्रह्म लिङ्ग भित्र अरू पदार्थमा संगत हुन सक्दैन। **२३ सूत्रमा** प्राण शब्दको ब्रह्म अर्थ निर्णित भएको छ; यहाँ पनि ब्रह्म ज्ञापक हीततमत्व आदि शब्द भएको हुनाले यो उपदेश पनि हो ब्रह्मोपदेश।

अथवा, यो वाक्यले केवल ब्रह्मोपासनाको मै प्रकार भेद कथन गरेको छ, उपाश्य भेद भनेको छैन। यो हो एकको नै उसासना। ब्रह्म हो तीन भावले (भूत मात्रा, प्रज्ञा मात्रा र प्राण यी तीनको अवलम्बनले) उपाएय। भूत मात्र हो प्रज्ञा मात्रमा कल्पित, प्रज्ञा मात्र हो प्राणमा कल्पित। प्राण हो सर्वात्मक र सर्वमय। यस्तो सर्वात्मकता ब्रह्म भित्र अरू पदार्थमा संभव छैन। त्यसकारण कौषितकी उपनिषद्को यो वाक्य हो ब्रह्म वाक्य, यो सिद्ध भयो।

(प्रथम अध्यायको प्रथमपाद समाप्त)

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

प्रथम अध्याय

द्वितीय पाद–अस्पष्ट ब्रह्म लिङ्गयुक्त उपाष्य विषयक वाक्यहरूको विचार

यो पादमा सातवटा विषयको बारेमा विवेचित भएको छ :—

१. साण्डिल्य विद्यामा मनोमयत्वादि गुण द्वारा ब्रह्म नै हो उपाष्य । सूत्र १ देखि ८

२. ब्रह्म हो जगतको उपसंहारक (माने भक्षक) सूत्र ९-१०

३. हृदयरूप गुफामा जीव र ईश्वरको अवस्थिति सूत्र ११-१२

४. उपकुशल विद्यामा छाँया जीव किम्बा देवता उपाष्य होइन किन्तु ईश्वर नै हो उपाष्य सूत्र १३-१७

५. ईश्वर नै हो अन्तर्यामी, देवता प्रधान किम्वा जीव होइन । सूत्र १८-२०

६. परमेश्वर नै हो भूत योनि प्रधान किम्वा जीव होइन । सूत्र २१-२३

७. वैश्वानर विद्यामा ईश्वर नै हो वैश्वानर शब्द वाच्य । सूत्र २४-३२

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।२।१

पहिलो अधिकरणमा ब्रह्म बोधक लिङ्ग प्रमाणको बलले जीवादि बोधक लिङ्ग प्रमाणलाई निराकरण गरेर कौसितकी वाक्यको ब्रह्मपरता निर्णित भएको छ। तर वर्तमान अधिकरणमा ब्रह्म बोधक लिङ्ग प्रमाण छैन, जसको बलले मनोमयत्वादि वाक्यमा ब्रह्म निर्णित हुन्छ।

प्रथम सूत्रमा सिद्धान्त गरिन्छ कि प्रसिद्धि वशात ब्रह्म नै हो मनोमयत्व आदि गुणहरू द्वारा उपास्य। मनोमय वाक्य हो ब्रह्म बोधक। मन र प्राण सित ब्रह्मको सम्बन्ध अनुत्पन्न होइन। निरूपाधिक ब्रह्ममा त्यो असंगत भए तापनि सोपाधिक जो उपास्य ब्रह्म हो त्यसमा प्राणादिको योग उपासनाको निमित्त हुन सक्दैन। उपनिषद्‌हरूमा ब्रह्मको नै उपादेयता प्रसिद्ध छ, जीवको होइन। त्यो प्रसिद्धि वशात ब्रह्म नै हो मनोमयत्वादि गुणहरू द्वारा उपास्य।

सूत्र १।२।२

सत्य संकल्पत्व आदि जो सारा गुण उपासनाको लागि ग्रहणीय रूपले उपदिष्ट भएको छ तिनीहरूको ब्रह्म रूपले नै संगति भएको हुनाले मनोमयत्वादि गुण युक्त ब्रह्म नै हो उपास्य (जीव होइन)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।२।३

मनोमयत्वादि गुणयुक्त ब्रह्म नै हो उपास्य (ब्रह्म त्यो धर्म युक्त रूपले उपास्य होइन, किनकि त्यस ठाउँमा पछि त सत्य संकल्पत्व आदि धर्मको जीवमा संभव हुदैन (किन्तु सर्वात्म ब्रह्ममा त्यो संगत हुन्छ)।

सूत्र १।२।४

यस्मा अरू पनि हेतु छ "यो शरीरलाई त्याग गरीकन त्यसलाई प्राप्त हुन्छ" यस ठाउँमा प्रस्थापित मनोमयत्वादि गुण युक्त ब्रह्मलाई प्राप्तव्य रूपले (कर्म रूपले) निर्देश गरिएको छ। "प्राप्त हुन्छ" यसरी उपास्य जीवलाई कर्ता रूपले (अर्थात् प्रापक रूपले) निर्देश गरिएको छ। एकै जना कर्ता र कर्म दुवै हुन सक्दैन। त्यसकारण मनोमयत्यादि गुण विशिष्ट होइन (त्यसकारण उपास्य होइन)।

सूत्र १।२।५

यसमा फेरी अरू हेतु देखाउँछु। अरू श्रुति वाक्यमा "अन्तरात्मामा (जीवमा) हिरण्मय पुरूष" यसरी पठित सप्तमी, विभक्ति युक्त अन्तरात्मा शब्द र प्रथमा विभक्ति युक्त पुरूष्यरूप—यो शब्द द्वयको विभिन्नता छ। त्यस कारण प्रथमा विभक्ति युक्त

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

रूपले श्रुत जो मनोमय आदि शब्द हो त्यो परमात्मा बोधक हो यो निश्चित हुन्छ ।

सूत्र १।२।६

फेरी–"हे अर्जुन, ईश्वर सर्व प्राणिको हृदयमा विराजमान हुनुहुन्छ" इत्यादि स्मृति वाक्यमा जीव र परमात्माको विभिन्नता वर्णित भएको हुनाले परमात्मा देखी भिन्न जो जब हो त्यो उपास्य हुँदैन यो सिद्ध हुन्छ । जीव र परमात्माको भेद हो काल्पनिक वास्तव होइन यो ख्याल राख्नु पर्छ ।

सूत्र १।२।७

अहिले परमात्माको उपास्यता विषयमा आक्षेप गरीकन उसको परिहार गरिन्छ । सुक्ष्मत्वादि विशिष्ट रूपले परमात्मा नै यहाँ उपास्य भएको हुनाले–सर्व गत जो परमात्मा त्यसको अल्प देशमा (परिच्छिन्न हृदय देशमा) अवस्थिति संभव हुन्छ । जस्तो सर्व गत भए तापनि आकाश, सियो आदि अल्पज्ञान व्यापी भनी कथित हुन्छ त्यस्तो ब्रह्म पनि उपाधिले गर्दा सुक्ष्म भनी कथित हुन्छ ।

सूत्र १।२।८

परमात्मा सारा प्राणिको हृदय सित सम्बन्ध भएको हुनाले जीवलाई झैं त्यस्तो सुख दुःखको अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

(भोग) संभव भै हाल्ला—त्यसको जवाफमा सिद्धि भिन्न हुन्छ कि ? यो कुरा भन्नु बन्दैन किनकि जीव र परमात्माको भोक्तृत्व र अभोक्तृत्वरूप भिन्नता छ। त्यसकारण जीवको भोगबाट परमात्माको भोग प्राप्ति हुँदैन। यसरी पूर्व पक्षको सारा शंका निराकृत भएको हुनाले मनोमयत्वादि गुण युक्त परमात्मा नै हो उपास्य (जीव होइन)—यो सुस्थित भो।

सूत्र ९–१० मा देखाइन्छ कि ब्रह्म हो जगतको लय स्थान। पूर्व अधिकरणमा जस्तो ब्रह्मको भोक्तृत्वभाव वर्णित भएको छ वर्तमान अधिकरणमा त्यस्तो परमात्माको अकृत्वाभाव (जगतको संहार कर्तृत्वको अभाव) वर्णित हुन्छ।

सूत्र १।२।९

कठोपनिषद्मा पठित भएको छ–"ब्राह्मण र क्षत्रीय दुवै नै जसको भक्ष वस्तु" यस्तो भक्षण कर्ता अग्नि हो कि, जीव हो कि, अथवा परमात्मा हो ? यस्तो सन्देह गरे सिद्ध हुन्छ यसको भक्षण कर्ता परमात्मा नै हो। किनकि यो वाक्यमा भोग्य वस्तुरूपले सम्पूर्ण जगतको ग्रहण गरिएको छ। सबैको संहार कर्ता परमात्मा बाहेक अरू हुन सक्दैन।

सूत्र १।२।१०

परमात्मा नै हो भक्षण कर्ता यसमा अरू पनि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हेतु छ "अविलुप्त चैतन्य स्वरूप ब्रह्म चैतन्यको जन्म र विनाश (विनष्ट पनि) हुँदैन" इत्यादि रूपले परमात्मा कथित भएको छ।

सूत्र १।२।११

सूत्र ११-१२ मा प्रतिपादन गरिन्छ कि हृदयरूप गुफामा जीव ईश्वर रहेको छ। बुद्धिमा (हृदयमा) २ जना छन् त्यसको तिनीहरू जीव र परमात्मा हुन् किनकि त्यो २ जना हो चेतन पदार्थ जस्तो "यो गाईको द्वितीयलाई खोज्नु पर्छ" यस्तो भने पछि द्वितीय एउटा गाईको नै अन्वेषण गरिन्छ (घोड़ा किम्वा मनुष्यको अन्वेषण गरिदैन) त्यस्तै यहाँ बुद्धि र जीव निर्दिस्ट भएको होइन।

सूत्र १।२।१२

"त्यो संसार मार्गको अतीत मार्ग देखि माथिको वस्तुलाई प्राप्त गर्छ" यसप्रकारले गमनकारीरूपले जीव र "त्यो नै हो विष्णुको परम पद" यसप्रकारले गन्तव्य रूपले परमात्मा विशेषित भएको हुनाले जीव र परमात्मा नै हृदय गुफामा प्रविष्ट भएका छन् यस्तो बुझ्नु पर्छ (गीतामृत पृष्ठ ४१८-४१९ हेर्नुस्)।

सूत्र १३-१७ मा आँखामा जो पुरूष देखिन्छ त्यो छाँया हो कि जीव हो ? किम्वा देवता हो कि अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

ईश्वर हो ? यसको जवाफमा निर्णय गरिन्छ कि यहाँ ईश्वर नै चक्षुरूप आधारमा उपास्य हो (छाँया जीव किम्वा देवता आँखामा देखिएको पुरूष हुन सक्दैन) ।

सूत्र १।२।१३

छान्दोग्य उपनिषद्मा जो चक्षुको भित्र छ भनी उपदिष्ट भएको छ त्यो प्रतिबिम्ब होइन किन्तु परमात्मा हो । यसको कारण यो हो कि आत्मात्व, अमृतत्व, अभयत्व आदि वर्णित भएका धर्महरू परमात्मामा नै संगत छन् ।

सूत्र १।२।१४

सर्वगत ईश्वरको अल्प स्थानादिको कथन अयुक्ति संगत होइन किन्तु उपासनाको निमित्त ईश्वरको चक्षुरूप स्थानको कथन असंगत होइन ।

सूत्र १।२।१५

परमात्मा नै आँखाको पुरूषरूपले उपदिष्ट भएको छ यसमा हेतु यो हो कि "सुख नै हो ब्रह्म, आकाश नै हो ब्रह्म" यसप्रकारले वाक्यको प्रारम्भमा सुख विशिष्ठ ब्रह्म वर्णित भएको छ त्यसको नै यहाँ कथन भएको हो ।

सूत्र १।२।१६

जसद्वारा सगुण ब्रह्मको उपासना अभ्यस्त भएको छ त्यस्तो देवयान गमनको मार्ग यहाँ वताइएको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

त्यसकारण आँखामा स्थित पुरूष हो ब्रह्म यो निश्चित हुन्छ ।

सूत्र १।२।१७

उपासकको आँखामा छाँया सम्पादक बिम्बभूत अरू पुरूष उपासना कालमा त्यहाँ उपस्थित नरहेको हुनाले अमृतत्व आदि गुणहरू छाँया पुरूषमा संभव नहुनाले आँखारूप ठाऊँमा छाँया उपदिष्ट भएको छैन किन्तु परमात्मा नै उपस्थित भएको छ यस्तै बुझ्नु पर्छ ।

सूत्र १८-२० मा प्रतिपादित भएको छ कि ईश्वर नै हो अन्तर्यामी, देवता प्रधान किम्वा जीव होइन । "अदृष्ट भैकन पनि द्रष्टा हो" यसप्रकारले द्रष्टृत्व आदि श्रुत भएको हुनाले प्रधान अन्तर्यामी होइन । "जो भित्र अवस्थान गरीकन जीवलाई नियमित गर्नु हुन्छ" यो श्रुतिमा वर्णित नियम्य जीव पनि अन्तर्यामी होइन ।

सूत्र १।२।१८

जो भित्र अवस्थान गरीकन पृथिवी देवतालाई नियमन गर्नु हुन्छ तिनी नै हो तिम्रो अन्तर्यामी अमृत स्वरूप आत्मा (यो वृहदारण्यक श्रुतिमा उक्त अन्तर्यामी हो परमात्मा नै, किनकि त्यो परमात्माको सर्वान्तिर्यामित्व, आत्मात्व र अमृतत्व रूप धर्महरू कथित भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।२।१९

सांख्य स्मृतिमा कथित कल्पित प्रधान अन्तर्यामी होइन किनकि "अदृष्ट भैकन पनि द्रष्टा हो" यो वाक्य-बाट कथित द्रस्तृत्व आदि हो चेतनको धर्म, अचेतन प्रधानको होइन ।

सूत्र १।२।२०

जीव अन्तर्यामी होइन "जो जीवमा अवस्थान गरीकन" यसप्रकारले अन्तर्यामी देखि भिन्न रूपले जीवलाई (पृथिवी आदिको झैं नियम्य आदि रूपले) कथन गरिएको छ । त्यसकारण अन्तर्यामी परमात्मा हो (जीव होइन) ।

सूत्र २१–२३ मा परमेश्वर नै हो भूतयोनि— प्रधान किम्वा जीव योनि होइन यो देखाइन्छ । "जो हो सर्वज्ञ र सर्ववित्" इत्यादि श्रुतिमा ब्रह्मको लिङ्ग सर्वज्ञत्व लिङ्ग वर्णन भएकोले ईश्वरको भूतयोनि (स्थावर जंगम् प्राणिहरूको कारण)–अर्थात् जगतको अभिन्न निमित्त उपादान कारण । ज्योतिर्मयत्व आदि कथित भएको हुनाले जीव भूतयोनि हुन सक्दैन । "अक्षर (अव्याकृत) देखि पनि श्रेष्ठ हो" इत्यादि शब्दमा अक्षर शब्दको वाच्य प्रधान देखि भूत योनिको भिन्नता कथित भएको हुनाले प्रधान पनि भूतयोनि होइन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।२।२१

अदृश्यत्व आदि गुणयुक्त जो भूतयोनि (भूतहरूको कारण) हो त्यो प्रधान किम्वा जीव होइन किन्तु परमात्मा नै हो। यसको कारण यो हो कि "जो सर्वज्ञ र सर्ववित् हो" यो श्रुतिमा कथित सर्वज्ञत्व आदि हो परमेश्वरको धर्म (त्यो भूतयोनिको बारेमा यहाँ कथित भएको छ)। त्यसकारण भूतयोनि हो परमात्मा नै।

सूत्र १।२।२२

भूत योनि जब परमात्मा हो त्यसको अरू कारण देखाइन्छ। ज्योतिर्मयत्व आदि विशेषणको कथन भएको हुनाले जीव भूत योनि होइन। अव्याकृतरूप अक्षरको पनि परमेश्वर देखि भिन्न रूपले वर्णन भएको हुनाले प्रधान पनि भूत योनि हुन सक्दैन। त्यसकारण परमात्मा नै हो भूत योनि (भूतहरूको अभिन्न निमित्त उपादान कारण) यो नै हो तात्पर्य।

सूत्र १।२।२३

"अग्नि (द्यूलोक हो) त्यसको सिर (मस्तक) चन्द्र र सूर्य हो दुई आँखा" यसप्रकारले सर्वकारी आत्मक रूपको उल्लेख भएको हुनाले परमात्मा नै हो भूत योनि। "पूरूष नै हो यो सारा कर्म प्रभृति" यसप्रकारले सर्वात्मरूपले उल्लेख भएको हुनाले परमात्मा हो भूत योनि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सूत्र २४ देखि ३२ मा ईश्वर हो वैस्वानर शब्द वाच्य यो प्रतिपादन भएको छ।

सूत्र १।२।२४

छान्दोग्य उपनिषद्मा "वैस्वानर आत्मालाई उपासना गर्दछ" यसप्रकार कथित हुन्छ। यो ठाऊँमा शंका हुन्छ कि वैस्वानर भन्ने जठराग्नि बुझ्इन्छ किम्वा भूताग्नि किम्वा आदित्य देवता अथवा जीव अथवा परमेश्वर। सिद्धान्त हो कि वैस्वानर हो परमात्मा, किनकि वैस्वानर र आत्मा यो साधारण शब्द द्वयको विशेष छ। जठराग्नि, भूताग्नि र आदित्य देवता यो सारा ठाऊँमा वैस्वानर शब्द साधारण रूपले प्रयुक्त हुन्छ र जीव र परमात्मामा आत्म शब्द साधारण रूपले प्रयुक्त हुन्छ। वैस्वानरा आत्म र शब्द विशेषरूपले परमात्मामा प्रयुक्त हुन्छ। "द्यूलोक हो त्यसको मस्तक" यो जो विशेषण हो त्यो परमात्मामा ज्यादा संगत हुन्छ।

सूत्र १।२।२५

"अग्नि हो जसको मुख, द्यूलोक हो जसको मस्तक" इत्यादि स्मृतिमा वर्णित भएको जो त्रैलोक्यात्मक रूप, त्यसबाट बुझिन्छ कि वैस्वानर शब्द परमेश्वरलाई नै प्रतिपादन गर्दछ। स्मृति वचन द्वारा मूलभूत श्रुतिको अर्थ निरूपित गर्न सकिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।२।२६

जठराग्नि रूपले परमेश्वरको उपासनाको उपदेश भएको छ "द्यूलोक नै हो मस्तक" यसप्रकार कथन जठराग्निमा संभव छैन। "यो अग्नि नै हो वैस्वानर जो हो यो पुरूष" यो श्रुतिमा पुरूष रूपले त्यसको कथन भएको छ, कारण परमेश्वर सर्वात्मक भएको हुनाले पुरूषको आकार विशिष्ट हुन्छ भन्ने कुरा संगत भएको हुनाले वैस्वानर हो परमात्मा।

सूत्र १।२।३२

"द्यूलोक जसको मस्तक" यस प्रकार अग्नि अभिमानी देवता र भूताग्नि यो दुबैमा संभव हुँदैन। भूताग्नि र तत् अभिमानी देवतामा ब्रह्म शब्दको प्रयोग र सारा पाप दाहकता योग्य हुन सक्दैन।

सूत्र १।२।२८

जठराग्नि रूप उपाधि कल्पना विना पनि साक्षात्-रूपले परमात्माको उपासना गृहीत भए (सर्वात्मा वैस्वानर भए तापनि ईश्वर उपासना अङ्गीकार गरे) विरोध हुँदैन। यो आचार्य जैमिनी मान्नु हुन्छ।

सूत्र १।२।२९

परिच्छेद रहित भए तापनि परमात्माको आदेश मात्रता संभव हुन्छ, किनकि उपासकहरूलाई अनुग्रह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

गर्नको लागि परमेश्वर हृदय आदि स्थानमा प्रकाशित हुनुहुन्छ। यसप्रकार आचार्य आश्मरथ मान्नु हुन्छ।

सूत्र १।२।३०

प्रादेश मात्र परिमाण युक्त जो हृदय कमल हो त्यसमा स्थित मनको द्वारा ध्यान गरिएको हुनाले परमात्मालाई गौण रूपले प्रादेश मात्र भनेको छ—यो आचार्य वादरी मान्नु हुन्छ।

सूत्र १।२।३१

मस्तक देखि चिउँडोसम्म प्रादेश मात्र ठाऊँमा वैस्वानरको उपास्यसम्म प्रतिपादित भएको हुनाले परमेश्वरको प्रादेश मात्रता सम्पादित हुन्छ–यो आचार्य जैमिनी मान्नु हुन्छ।

सूत्र १।२।३२

मस्तक र चिउँडोको विचमा प्रादेश परिमित ठाऊँमा परमेश्वर प्रतिष्ठित छ यसप्रकार जावाल श्रुतिमा भनिएको छ।

—:०:—

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रथम अध्याय

तृतीय पाद

प्रधान रूपले निर्विशेष ज्ञेय बह्म बोधक यौगिक पद वहुल अस्पष्ट ब्रह्म लिङ्ग श्रुति वाक्यहरूको समन्वय यो पादमा १३ वटा विषय विवेचित भएका छन् :-

१. निर्विशेष बह्म नै हो जगतको अधिष्ठान सूत्र १–७

२. भूमा विद्यामा निर्विशेष ब्रह्म नै हो भूमा शब्द वाच्य सूत्र ८–९

३. वृहदारण्यक अक्षर ब्राह्मण पठित अक्षर शब्दमा निर्गुण ब्रह्मलाई नै ग्रहण गर्नु पर्छ–सूत्र १०–१२

४. ॐकार उपासनामा (प्रश्न ५।५) प्रणव अवलम्वन द्वारा परब्रह्म नै हो ध्यय— सूत्र १३

५. दहर विद्यामा परमात्मा नै हो दहराकाश-शब्द वाच्य— सूत्र १४–२१

६. ब्रह्म चैतन्य नै हो जगतको प्रकाशक सूत्र २२–२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

७. कठोपनिषद् कथित अंगुष्ट मात्र पुरूष हो परमात्मा— सूत्र २४–२५

८. निर्गुण ब्रह्म विद्यामा देवताहरूको अधिकार निरूपण— सूत्र २६–३३

९. श्वर आदि सह वैद्य वेद पाठमा सुद्रको अनधिकार तर पुराणादि पाठ पूर्वक ब्रह्म विद्यामा अधिकार सूत्र ३४–३८

१०. कठोपनिषद् २।३।२ वाक्यमा परमेश्वर नै हो प्राण शब्द वाच्य— सूत्र ३९

११. प्रजापति विद्यामा परब्रह्म नै हो परमज्योति शब्द वाच्य— सूत्र ४०

१२. छान्दोग्य ८।१४।१ वाक्य पठित आकाश शब्द हो ब्रह्म वाचक— सूत्र ४१

१३. वृहदारण्यक ४।३।७ कण्डिकामा पठित विज्ञानमय आदि वाक्य हो जीव अभिन्न ब्रह्म बोधक सूत्र ४२–४३

सूत्र १।३।१

पूर्व अधिकरणमा जस्तो वेस्वानर आदि साधारण शब्द "द्यूलोक हो जसको मस्तक" यसप्रकार असाधारण लिङ्ग प्रमाणको वलले ब्रह्म बोधक भनी ब्याख्यात

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएको छ त्यस्तो वर्तमान अधिकरणमा पनि साधारण रूपले श्रुत द्यूलोक आदिको आश्रय रूपता "श्वेतु हुनु रूप" लिङ्ग प्रमाणको वलले परिच्छिन्न प्रधान आदि रूपले पूर्वपक्षी द्वारा व्याख्यात हुन्छ तर यसप्रकार पूर्वपक्ष खण्डित हुन्छ। तात्पर्य निर्णायक लिङ्गको सद्भावले यो ब्रह्म विषयक प्रकरण भएको हुनाले (सर्वज्ञत्व धर्म विद्यमान भएको हुनाले वैस्वानर हो द्यूलोक र भूर्लोकादिको आश्रय।

द्यूलोक पृथिवी र अन्तरिक्ष आदि रूप जगतको अधिष्ठान हो ब्रह्म नै, किनकि "अद्वितीय त्यो आत्मा-लाई नै अवगत गर्नु पर्छ" यसप्रकार परब्रह्मको वाचक जुन आत्म शब्द हो त्यो श्रुत भएको छ।

सूत्र १।३।२

अरू हेतु देखाइन्छ। "यसरी विद्वान नाम र रूपबाट विमुख भएर" यो श्रुतिमा उक्त पुरूष द्वारा प्राप्य जो ब्रह्म हो त्यसको उपदेश भएको हुनाले ब्रह्म नै हो द्यूलोक आदिको अधिष्ठान (सुभात्मा, प्रधान किम्वा जीव होइन) यो सिद्ध भयो।

सूत्र १।३।३

सिद्धान्तलाई वर्णन गरेर सांख्य सम्मत प्रधान रूप पक्षलाई निराकरण गर्नु हुन्छ। सांख्य मता-वलम्विहरू द्वारा परिकल्पित द्यूलोक आदिको आसरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

हुन सक्दैन, किनकि श्रुतिमा प्रधान प्रतिपादक शब्द उक्त भएको छैन।

सूत्र १।३।४

जीव पनि द्युलोक र भूर्लोकादिको आश्रय होइन किनकि तत् प्रतिपादक श्रुति वाक्य छन। जीवको सर्वज्ञता र भूर्लोकादिको आशय हुनु संभव होइन।

सूत्र १।३।५

"त्यो अद्वितीय आत्मालाई नै अवगत गर" यसप्रकारले ज्ञाता र ज्ञेय रूपले जीव र परमात्माको भिन्न भेदको कथन भएको हुनाले जीव द्युलोकादिको आश्रय होइन

सूत्र १।३।६

"कुन वस्तु विज्ञात भएपछि यो सारा नै विज्ञात हुन्छ" यसरी आख्य भएको हुनाले यो ब्रह्मको नै प्रकरण जीव विषयक ज्ञानबाट सर्व विज्ञान संभव छैन (सिद्धान्तको सर्व विज्ञान निवन्ध हेर्नुस्) त्यस-कारण जीव भूर्लोकादिको आशय होइन।

सूत्र १।३।७

"एक जना भक्षण नगरीकन दर्शन गरिरहन्छ" यसप्रकारले वर्णित भएको जो उपासिन रूपले अव-स्थिति, "आस्वाद युक्त पिपल भक्षण गर्छ" यो श्रुतिमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

वर्णित भएको जुन कर्म फल भोग हो त्यो हो भक्षण। यो दुईवटा हेतुवस ईश्वर हो जीव देखि भिन्न यो सिद्ध भयो। ईश्वर देखि भिन्न अरू कुनै कारण होइन। त्यसैले कर्म फल भोक्ता जीव भूर्लोकादिको आश्रय होइन, किन्तु उदासीन परब्रह्म नै हो त्यो आश्रय।

सूत्र १।३।८

छान्दोग्य उपनिषद्मा (७।२३।१ र ७।२४।१) पठित "म भूमालाई जान्न इच्छा गर्नु" र "जहाँ अरू क्यै दर्शन गर्दैन" यो ठाऊँमा भूमा भन्ने (जहाँ केही छैन) परमात्मा नै गृहीत हुन्छ (प्राण होइन) किनकि प्राण उपदेशको पछि भूमा कै उपदेश भएको छ र जुन अवस्थामा जीव सम्यक रूपले प्रसन्नता प्राप्त गर्छ त्यस-लाई (सम्प्रसाद किम्वा) सुषुप्ति भनेको छ। त्यो सुषुप्ति अवस्थामा प्राण जागा रहन्छ त्यसकारण सम्प्रसाद शब्द द्वारा प्राण लक्षित हुन्छ। त्य सम्प्रसाद पछि भूमाको उपदेश गरिएको छ। त्यसकारण भूमा भन्नाले प्राण गृहीत हुन सक्दैन।

सूत्र १।३।९

यो विषयमा अरू युक्ति देखाइन्छ।

"जहाँ कोही दर्शन गर्दैन" यो वाक्य द्वारा वर्णित सारा व्यवहारको अभाव उपलक्षित जो धर्महरू तिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

(धर्महरू) परमात्मा मै संगत हुन्छन् (प्राणमा संगत हुँदैनन्) त्यसकारण परमात्मा नै हो भूमा।

सूत्र १०-१२ मा अक्षर अव्याकृतको आधार भएको ब्रह्म नै अक्षर हुनाले ब्रह्म नै अक्षर शब्द द्वारा कथित भएको छ। (प्रणव होइन) यसको निरूपण हुन्छ।

सूत्र १।३।१०

जसको नाश क्षरण हुँदैन त्यो नै हो अक्षर। त्यो अक्षर हो ब्रह्म किनकि तिनी पृथिवी देखि आकाश (अव्याकृत) सम्म कार्य वस्तुहरूलाई धारण गर्नु हुन्छ।

सूत्र १।३।११

आकाशसम्म जगतको धारण हो परमेश्वरको नै धर्म अरू कुनै अचेतनको होइन। किन होइन ? श्रुतिमा अक्षरको प्रकृष्टरूपले शासन वर्णित भएको छ (शासन गर्नु अचेतन प्रधानको लागि संभव छैन) यहाँ आकाश शब्दको अर्थ भूताकाश होइन।

सूत्र १।३।१२

यस विषयमा अरू हेतु देखाइन्छ प्रधान आदिको विपरित धर्म द्रष्टृत्व आदि श्रुत भएको हुनाले प्रधान आदि अक्षर होइन—किन्तु ब्रह्म नै हो अक्षर यो सिद्ध भयो। उपाधि विशिष्ट जीव पनि अक्षर वाच्य होइन।

सूत्र १।३।१३

परब्रह्म नै हो ध्यय, किनकि तिनी जीवहरूको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

समष्टिभूत हिरण्य गर्भ देखि पनि श्रेष्ठ हो। जो सारा शरीरमा अनुप्रविष्ट परम पुरूष हुनुहुन्छ तिनी नै हो प्रणव द्वारा ध्यानको योग्य (हिरण्य गर्भ द्वारा होइन)। यहाँ ध्यानको (ॐकार प्रतीकले निर्गुण ब्रह्मको उपासनाको) फल हो क्रम मुक्ति (ब्रह्मलोक प्राप्ति मात्र होइन)। दर्शनक्रिया यथार्थ वस्तुलाई विषय गरेको हुनाले पारमार्थिक सद्वस्तु परमात्मा नै हो दर्शन क्रियाको विषय। त्यसकारण ॐकार उपासनामा परमात्मा नै हो ध्येय।

सूत्र १।३।१४

छान्दोग्य अष्टम् अध्यायमा उक्त भएको—'ब्रह्म नगर स्वरूप यो शरीरमा जो क्षुद्र हृदय पद्मरूप घर छ त्यसको भित्र क्षुद्र अन्तराकाश विद्यमान छ''। यो दहराकाश हो परमेश्वर नै (भूताकाश किम्वा जीव हैन)। भूताकाशको उपमानता (भूताकाशको उपमान हुँदैन) द्यूलोक आदिको अधिष्ठानता आत्मता र पाप राहीत्य आदि हो यसमा हेतु।

सूत्र १।३।१५

यस विषयमा अरू पनि हेतु छ "तब सत् सित एकिभूत हुन्छ'' अर्थात् सुषुप्ति अवस्थामा जीव ब्रह्ममा पुगी हाल्छ यो उक्त भएको छ। प्रतिदिन हिरण्य गर्भ लोकमा गमन गर्नु संभव नभएको हुनाले "ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

नै हो लोक" यसप्रकार बुझ्नुपर्छ । ब्रह्मरूप विषयमा प्रतिदिन गमन भो ब्रह्म वस्तुको ज्ञापक लिङ्ग प्रमाण ।

सूत्र १।३।१६

यस विषयमा अरू हेतु पनि छ "जिनी हो आत्मा तिनी यो लोकहरूको असंभेदको निम्ती विधारक श्वेतु स्वरूप हो" यसप्रकारको विधारण रूप हेतु-वशात पनि दहराकाश हो निश्चित रूपले परमात्मा । सर्वलोक विधारण रूप महिमाको उपलब्धि यो परमात्मामा सम्भव भएको हुनाले यो विधारण हो परमात्मा ज्ञापक लिङ्ग प्रमाण ।

सूत्र १।३।१७

दहराकाशको परब्रह्मता विषयक अन्य हेतु देखाइन्छ । श्रुतिमा आकाश शब्दको परमात्मामा प्रशिद्धि भएको हुनाले दहरात्मा हो परमात्मा (दहराकाश भूताकाश हुन सक्दैन) ।

सूत्र १।३।१८

जीव दहराकाश हुन सक्दैन किनकि भूताकाश सित उपमित भएको हुनाले पाप राहित्य आदि धर्महरू जीवमा संभव छैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।३।१९

परवर्ती प्रजापति वाक्यबाट पनि जीव विषयक शंका युक्ति युक्त होइन। किनकि जसको पारमार्थिक स्वरूप आविर्भूत भएको छ त्यो जीव त्यो ठाऊँमा कथित भएको छ। "परम ज्योतिलाई साक्षात् अनुभव गरीकन स्वरूपमा अभिव्यक्त हुन्छ" त्यसप्रकार उपसंहार परिदृष्ट हुन्छ। ब्रह्मरूपले जीवको पाप राहित्यादि संभव भए तापनि जीवरूपले त्यो संभव छैन त्यसकारण जीव दहराकाश हुन सक्दैन।

सूत्र १।३।२०

"यो जो सम्यक प्रसन्नता जीव हो" यसप्रकारले जो जीवको उल्लेख छ त्यसको गति कस्तो होला? यसको उत्तर यो हो कि जीव देखि भिन्न जो साक्षात् रूपले प्राप्तव्य (साक्षात् रूपले अनुभव योग्य) परमात्मा हो त्यसको प्रतिपादनको लागि (जीव प्रतिपादनको लागि होइन)। अर्थात् जीव कर्तृक् साक्षात्रूपले अनुभव योग्य परमात्मा नै यहाँ उपदिष्ट भएको छ। त्यो उपदेश जीवको उल्लेख विना संभव हुँदैन—त्यसकारण जीवको उल्लेख गरिएको छ (जीव प्रतिपादनको लागि होइन)।

सूत्र १।३।२१

उपासनाको लागि परमेश्वरमा औपाधिक अप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

लत्व विरुद्ध नभएको हुनाले दहराकाश भन्ने परमात्मा नै हो उपास्य यो सिद्ध भयो (१।२।७ सूत्र हेर्नुस्) ।

सूत्र १।३।२२

किनकि, प्रकाशमान त्यसलाई अनुशरण गरेर अरू सारा पदार्थ प्रकाशित भै रहन्छ। तिनी सबैको पहिले प्रकाशित हुनुहुन्छ। किनकि "ज्योतिरूप तिनीबाट यो सारा प्रकाशित हुन्छ" तिनको ज्योति द्वारा अरू सारा प्रकाशित हुन्छ। त्यसकारण मुण्डक उपनिषद्मा वर्णित तेज चैतन्य नै हो (सूर्यादि देखि बृहत् अरू कुनै जड् तेज होइन)। "त्यसको दिप्ती द्वारा यो सारा वस्तु विविध रूपले प्रकाशित हुन्छ" श्रुति वर्णित प्रकारले ब्रह्मको ज्योति द्वारा सारा वस्तु प्रकाशित भएको हुनाले ब्रह्म नै हो सारा जगतको अवभासक, यो सिद्ध भयो।

सूत्र १।३।२३

यस विषयया स्मृति वाक्य पनि छ। ब्रह्म सूर्यादिबाट प्रकाश्य होइन। ब्रह्म हो सबैको प्रकाशक यो भगवद्गीतामा बताइएको छ (गीता १५।६, १५।१२ श्लोक हेर्नुस्)।

सूत्र १।३।२४

सूत्र २४।२५ मा भनिएको छ कि अंगुष्ठ परिमित पुरूष—तीनै कालको नियन्ता भएको हुनाले—परमात्मा

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हो। हृदय ईश्वरको उपलब्धि स्थान भएको हुनाले तिन्को देहको भित्र स्थिति अंगुष्ठको झैं अल्प परिणाम असंगत होइन।

सूत्र १।३।२४

कठवल्लीमा पठित अंगुष्ठ मात्र परिमित पुरूष हो परमात्मा नै, किनकि तिनीलाई "अतीत भविष्यत कालको नियन्ता" भनी भनेको छ।

सूत्र १।३।२५

परमात्मा सर्व व्यापि भैकन पनि अंगुष्ठ परिमित हृदयमा तिन्को अवस्थितिलाई लिएर तिनीलाई अंगुष्ठ परिणाम भनिएको छ। शास्त्रमा मनुष्य मात्रको अधिकार भएको हुनाले सर्वव्यापी परमात्माको अंगुष्ठ परिमाण हुनु अविरूद्ध हो। त्यसकारण अंगुष्ठ वाक्यमा परमात्मा नै प्रदिपादित भएको छ, यो सिद्ध भयो।

सूत्र १।३।२६

शास्त्रमा मनुष्यहरूमा मात्र अधिकार छ यो पूर्व अधिकरणमा उपदिष्ट भएको छ (त्याहाँबाट प्रतित हुन्छ कि देवताहरूको शास्त्रहरूमा अधिकार छैन) तर यो संगत होइन—किनकि ऐश्वर्यको अनित्यताको दर्शन पूर्वक मोक्षलाभ विषयमा देवताहरूको अधिकार संभव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

देवताहरूको देहको सद्भाव शास्त्रबाट अवगत भएको हुनाले र ऐश्वर्यको नस्वरता र सातिशयता (उत्कर्ष अपकर्ष युक्तता) दृष्ट भएको हुनाले मोक्षको साधनभूत ब्रह्म विद्यारूप विषयमा अर्थित्व (चाहना) सुलभ भएको हुनाले र वेद शास्त्र तिनीहरूमा स्वयं प्रतिभात भएको हुनाले देवताहरू ब्रह्म विद्यामा अधिकारी छन् ।

सूत्र १।३।२७

किनकि एकै देवताको एकै समयमा अनेक शरीर धारणाको कुरा श्रुतिमा देखिन्छ–जस्तो नमस्कारकारी धेरै मानिसबाट एकै ब्राह्मण एकै कालमा नमस्कृत हुन्छ त्यस्तो शरीर धारी एक देवता उद्देश्य गरीकन सारा योग्यकारी एकै कालमा हवनीत द्रब्यहरू त्याग गर्छ, त्यसकारण यज्ञ कर्ममा देवता उपकारक हो यसमा कुनै बिरोध छैन ।

सूत्र १।३।२८

अनित्य शरीर धारी देवता नित्य वेदको प्रतिपाद्य अर्थ स्वीकार गरे पछि अर्थ सित शब्दको नित्य सम्बन्ध नरहेको हुनाले नित्य वस्तु सित अनित्य वस्तुको (शरीर धारी देवताको) संयोगको विरोध हुन्छ–त्यसकारण वेद वाक्यमा अवश्य नै विरोध भै हाल्छ । यस्तो भनेपछि यसको जवाफमा भनिन्छ कि यस-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रकार विरोध हुँदैन। किनकि यो वैदिक शब्दबाट नै देवता आदि जगतको उत्पत्ति हुन्छ। "वेदको शब्द उच्चारण गरेर प्रजापति देवताहरूलाई सृष्टि गर्नु भयो", "त्यो परमेश्वर वेदको शब्दबाट नै नयाँ कल्प आरम्भमा जगतलाई निर्माण गर्नु भयो यसप्रकार श्रुति स्मृतिबाट जानिन्छ।

सूत्र १।३।२९

वेदको नित्यतालाई दृढ गरीन्छ।

नित्य जाती विशिष्ट देव आदि जगत वैदिक शब्दबाट नै उत्पन्न भएको हुनाले यो अवगत हुन्छ।

सूत्र १।३।३०

सुषुप्ति र जागरणको झैं सृष्टि र प्रलयको आवृत्ति भैरहे तापनि (प्रलय कालमा जगत प्रपञ्च संस्कार रूपले अविद्यामा विद्यमान रहेको हुनाले परवर्ति कल्पको जुन जगत प्रपञ्च हो त्यो) पूर्व कल्पिय जगत प्रपञ्चको वरावर नाम रूप युक्त हुन्छ। त्यसकारण शब्द र जाती रूप अर्थको जो सम्बन्ध हो त्यसको विरोध (अनित्यता) हुँदैन। "विधाता पूर्ववर्ति कल्पको झैं सृष्टि गर्नु भयो" यो श्रुतिमा पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सूत्र १।३।३१

देवताहरूको ब्रह्मविद्यामा अधिकारको बारेमा आक्षेप गरिन्छ। आचार्य जैमिनी मान्नु हुन्छ कि ब्रह्म विद्यामा देवताहरूको अधिकार छैन किनकि "त्यो आदित्य नै हो देवताहरूको मधु, आदित्य नै हो ब्रह्म यो नै हो उपदेश"—इत्यादि ठाउँ मधु र ब्रह्मको आरोप द्वारा आदित्य देवताको उपासना कालमा (यो हो सगुण ब्रह्मविद्या) त्यो आदित्य आदिको नै अधिकार संभव हुँदैन किनकि एकैको उपास्यभाव संभव हूँदैन।

पूर्व पक्ष सूत्र

सूत्र १।३।३२

भ्रमणशील रूपले परिदृश्यमान जड् ज्योतिमण्डलमा सूर्य-चन्द्र आदि देवता वाचक शब्द आदिको प्रयोग भएको हुनाले (तत् अतिरिक्त चैतन्य विग्रह आदि युक्त देवताहरूको अस्तित्व नभएको हुनाले देवताहरूको ब्रह्मविद्यामा अधिकारको प्रश्न नै वन्दैन–आचार्य जैमिनी यस्तो मान्नु हुन्छ।

सिद्धान्त सूत्र

सूत्र १।३।३३

आचार्य बादरायण–देवता आदिको शरीर भएको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुनाले शुद्ध ब्रह्मविद्यामा तिनीहरूको अधिकार छ यस्तो मान्नु हुन्छ। किनकि यद्यपि देवता आदि मिश्रित उपासना कालमा देवता आदिको अधिकार हुँदैन तापनि निर्गुण ब्रह्मविद्यामा तिनीहरूको अधिकारको हेतुरूप जुन आकांक्षा हो त्यो वर्तमान रहन्छ। देवता-हरूको शरीर हुन्छ–तिनीहरू ज्योतिर्मण्डल आदिमा अभिमानी हो (ज्योतिर्मण्डल हो तिनीहरूको शरीर)।

सूत्र ३४–३८ मा भनिएको छ कि देवता र शुद्रको भित्र वैषम्य छ। उपनयन वेदाध्ययन नभए तापनि पहिले उपार्जन गरिएको स्वीकृतिको वलले देवताहरूको लागि वेद स्वयं प्रतिभात हुन्छ। त्यस्तो सुकृति रहित भएको हुनाले वेद प्रतिभात हुँदैन र व्रतवन्ध नभएको हुनाले वेद अध्ययन वर्जित भएको हुनाले शुद्र श्रुतिमा अधिकारी होइन। किन्तु स्मृति विहित ब्रह्मविद्यामा शुद्रको अधिकारको निवारण छैन।

सूत्र १।३।३४

हंसको वाक्य श्रवण अनन्तर विद्याहिनता जनित शोकले जानश्रुति त्यो रैक्कको नजिक पुग्नु भएको थियो, त्यसैले जान-श्रुति शुद्र रूपले कहिएको हो। शब्दको यौगिक वृत्ति द्वारा शुद्र शब्दको अर्थ क्षत्रिय पनि हुन्छ। त्यसकारण जाति शुद्रको वैदिक ब्रह्म विद्यामा अधिकार छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सूत्र १।३।३५

शुद्र शब्द यहाँ यौगिक शब्दमा प्रयोग भएको हो। यो विषयमा अरू हेतु पनि देखाइन्छ। जानश्रुति मुख्य शुद्र (जाति शुद्र) हैन। किनकि तिनको क्षत्रियत्व अवगत हुन्छ। चित्ररथ वंशीय अभि प्रेतारी नामक प्रसिद्ध क्षत्रियको साथ तिनको एकत्र वर्णना गरिएको छ। त्यसकारण जानश्रुतिको क्षत्रियत्व सिद्ध हुन्छ। समान जातिहरूको प्रायः एकत्र वर्णन गरिएको हुन्छ। त्यसकारण जानश्रुतिको क्षत्रियत्व सिद्ध हुन्छ। त्यसकारण जाति शुद्रको श्रोत्र ब्रह्मविद्यामा अधिकार छंन यो सिद्ध भयो।

सूत्र १।३।३६

यस विषयमा अरू लिङ्ग प्रमाण देखाइन्छ। ब्रह्म विद्याको प्रकरणहरूमा विद्या ग्रहणको अंगभूत उपनयन संस्कारको उल्लेख भएको हुनाले "जो संस्कारको योग्य हैन" इत्यादि वचनबाट शुद्रको उपनयन आदि संस्कारको अभाव कहिएको हुनाले शुद्रको श्रुत ब्रह्म विद्यामा अधिकार छैन।

सूत्र १।३।३७

यस विषयमा अरू लिङ्ग प्रमाण पनि छ। सत्य वचन द्वारा सत्यकाम जावालको जाति शुद्रत्वको जो अभाव त्यसको निश्चय भए गौतमको विद्योपदेशमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रवृत्ति देखिएको हुनाले शुद्रको श्रोत्र ब्रह्मविद्यामा अधिकार छैन।

सूत्र १।३।३८

यसमा स्मार्त लिङ्ग प्रमाण पनि छ। स्मृति वाक्य भएको हुनाले र शिष्टाचार हेतुले वेद श्रवण वेद अध्ययन वेदार्थ ज्ञान र वेद प्रतिपाद्य विषयको अनुसन्धान निषिद्ध भएको हुनाले वैदिक विद्यामा अधिकार छैन।

सूत्र १।३।३९

कठवल्लि उपनिषद्मा पाइन्छ—"यो जो कुछ गतिशील वस्तु हो त्यो सारा प्राण भएको हुनाले प्राणबाट मिश्रित (निस्कीकन) कल्पित भएको छ। यो वाक्यमा प्राण शब्दको वाच्य हो ईश्वर (बज्र किम्वा वायु होइन)। किनकि "जो यसलाई जान्नु हुन्छ तिनीहरू अमृत स्वरूप भै हाल्नु हुन्छ" इत्यादि श्रुति तत् विषयक ज्ञान भए अमृतत्व प्राप्ति कथित भएको छ। अन्तर्यामी भएको हुनाले त्यो ईश्वर हो भयको हेतु। र जगतको परिचालना सर्व शक्तिमान परमेश्वर नै युक्ति संगत हुन्छ। त्यसकारण परमात्मा नै सर्व शब्दको वाच्य जो वायु सहित सारा जगत हो त्यसको जीवन आदिको चेष्टा हेतु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।३।४०

"देहबाट निर्गत भएर परम ज्योतिमा प्राप्त हुनुहुन्छ"—यसको अर्थ हो त्वम् पदार्थको शाधन भए जीव र ब्रह्मको अभेद ज्ञान हुन्छ (अर्थात ब्रह्मात्मज्ञानबाट मुक्ति हुन्छ)। त्यसकारण ज्योति शब्दको वाच्य हो ब्रह्म (सूर्य मण्डल होइन)। यसको कारण यो हो कि–"जो आत्मा पाप रहित हो" इत्यादि उपक्रमको आलोचनाबाट प्रतिपाद्य रूपले ब्रह्मको नै अनुवृत्ति परिदृष्ट हुन्छ।

सूत्र १।३।४१

नियम कर्तृत्व वास्तवमा चेतन ब्रह्मको नै संभव हुन्छ। किनकि "यो जीवात्मा रूपले अनुप्रवेश गरेर नाम र रूपलाई अभिव्यक्त गर्दछु" यसप्रकार श्रुति छ। "अचेतन आकाशको नियन्त्रित्व संभव छैन। त्यसकारण ब्रह्म नै याहाँ आकाश शब्द वाच्य हो किनकि त्यो नाम र रूप जसको भित्र अवस्थित छ" यसप्रकारले नाम र रूप देखि भिन्न वस्तु रूपले आकाशको कथन भएको छ।

सूत्र १।३।४२

वृहदारण्यकमा उक्त—"इन्द्रियहरूको भित्र अवस्थित यो जो विज्ञानमयं हुनुहुन्छ" यस वाक्यमा

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सुषुप्ति आदि अवस्थावान जीवको अनुवाद द्वारा त्यसको ब्रह्म भिन्नता प्रतिपादित भएको छ। किनकि "परमात्मा सित एकिभूत भएर वाहिर र भित्रको केही पनि जान्न सक्दैन" यसप्रकारले जीव देखि भिन्न रूपले प्राज्ञ शब्दबाट परमात्माको उल्लेख भएको छ।

सूत्र १।३।४३

विज्ञानमय वाक्य जीव र ब्रह्मको एकत्व प्रतिपादक हो यस विषयमा अरू हेतु देखाइन्छ। "सर्वैको नियामक प्रभु सर्वैको अधिपति" यो शब्दहरूबाट बुझिन्छ कि यो वाक्य हो असंसारी ब्रह्म र जीवात्माको एकत्व प्रतिपादक।

(ज्ञेय ब्रह्म प्रतिपादक अस्पष्ट श्रुति समन्वय नामक तेश्रो पाद समाप्त)।

—:०:—

चतुर्थ पाद

चतुर्थ पाद—संख्याभिमत प्रधान आदि रूप अर्थको प्रतिपादकरूपले "अव्यक्त" र "अजा" आदि पदको र "असत" प्रभृति संदिग्ध पदको अर्थ विचार द्वारा वेदान्त वाक्यहरूको ब्रह्ममा समन्वय दृढता पूर्वक गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

यो पादमा आठ्वटा विषय विवेचित भएका छन्।

१. कारण शरीरलाई नै १/३/११ कठश्रुतिमा अव्यक्त भनेको हो— सूत्र १-७

२. मायारूप प्रकृतिलाई नै स्वेताश्वेतर ४/५ वाक्यमा "अजा" शव्द द्वारा भनेको हो (सांख्योक्त प्रधानलाई होइन)— सूत्र ८-१०

३. वृहदारण्यक ४/४/१७ ……… .. "पञ्चजन" शब्दबाट प्राण,चक्षु, श्रोत्र, मन र अन्न शब्दले बुझ्नु पर्छ ('सांख्योक्त पञ्चवीङ् सतितत्व" होइन) - सूत्र ११-१३

४. गत कारणता वोधक वेदान्त वाक्यहरूको ब्रह्ममा समन्वय हो युक्ति सिद्ध— सूत्र १४-१५

५. जगत कारण ईश्वर नै ज्ञेय (जानिने) वस्तु वालाको प्रोक्त प्राण आदि होइन— सूत्र १६-१८

६. जीवाभिन्न ब्रह्म नै मैत्रेयी ब्राह्मणको प्रतिपाद्य हो, तिनी नै हो श्रवण मनको विषय— सूत्र १९-२२

७. ब्रह्म नै जगतको निमित्त कारण र उपादान कारण हो— सूत्र २३-२७

८. ब्रह्म नै जगतको कारण हो, परमाणु र शून्य आदि होइन– सूत्र २८

सूत्र १।४।१

कठवल्लीमा श्रुत भएको छ कि "महत् देखि अव्यक्त हो श्रं ४, अव्यक्त देखि पुरूष हो श्रं ४"। यहाँ

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अव्यक्त शब्द द्वारा सांख्य सम्मत प्रधान भनिएको होइन, किन्तु सुक्ष्म भएको हुनाले कारणअवस्थापन्न शरीर अव्यक्त शब्द द्वारा कहिएको छ। यसको हेतु यो हो कि "शरीर नै हो रथ" इत्यादि पूर्व वाक्यमा रथको रूपक रूपले कल्पित शरीरको (अव्यक्त शब्द द्वारा) ग्रहण हुन्छ। पूर्ववर्ती र परवर्ती वाक्यहरू पर्यालोचित भए परिशिष्ट शरीरलाई नै अव्यक्त शब्द द्वारा ग्रहण गर्नु पर्छ।

सूत्र १।४।२

स्थूल शरीरको आरम्भक भूतहरूको जुन सुक्ष्मकारण हो त्यसलाई श्रुति अव्यक्त शब्द द्वारा प्रदर्शन गरेको छ (किनकि त्यो अव्यक्त शब्द द्वारा बोध्य हुनुको योग्य हो)।

सूत्र १।४।३

भूत सुक्ष्मरूप अव्यक्तलाई अङ्गीकार गरे प्रधान कारणवादको अङ्गीकार हुँदैन। किनकि अव्यक्त हो ईश्वरको अधिन। अव्यक्त हो ईश्वरको सहकारी। अव्यक्त विना ईश्वरको जगत कारणता संभव हुँदैन किनकि ईश्वर हो निर्लेप।

सूत्र १।४।४

यो विषयमा अरूहेतु देखाइन्छ। "प्रधान र पुरूषको विवेक ज्ञानबाट मोक्ष हुन्छ भनि सांख्यहरूले प्रधानलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।४।१४

सृष्टिको क्रममा विवाद भएतापनि त्यो विवाद जगत श्रद्धामा छैन। "असत्" शब्दको प्रयोग द्वारा कारण वस्तुको वर्णनास्थलमा असत् शब्दले अव्याकृतलाई भनेको छ। यसरी श्रुतिको तात्पर्य हो एकै अर्थ प्रतिपादन गर्नु। त्यसैले जगत कारण ब्रह्ममा वेदान्त वाक्यहरूको समन्वय (तात्पर्य निरूपण) सिद्ध हुन्छ।

ब्रह्मको जगत कारणतामा विरोध छैन—किनकि सृज्यमान आकाश आदि पदार्थहरूमा एक वेदान्त वाक्य द्वारा जसरी ईश्वर कारण रूपले उपदिष्ट भएको छ। अरू वेदान्त वाक्य द्वारा पनि ईश्वर नै वर्णित भएको छ।

सूत्र १।४।१५

"जगत पहिले असत् नै थियो" (तैत्तरीय २/७) यहाँ अनभिब्यक्त नाम र रूपको वाचक असत् शब्द द्वारा सत्य र ज्ञान आदि लक्षण युक्त सत् वस्तु ब्रह्मलाई नै बुझाइन्छ (असत् वस्तु जगतको कारण हुन सक्दैन)।

१/४/१६-१८ मा भनिएको छ कि आदित्यादि १६ पुरूषको जो कर्ता हो, यो जगत जसको हो त्यसलाई जान्नु पर्छ" (कौषितकी उपनिषत् ४-१९) यहाँ जगतको कर्ता हो परमेश्वर नै (किनकि जीव र प्राणको जगत कर्तृत्व संभव छैन)। त्यसकारण वालाकिको झैं राजा अजातशत्रुको मिथ्यावादिता बन्दैन।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुन्छ' यहाँ अजा, तेज, जल र क्षितीरूप श्रुति प्रतिपाद्य प्रकृतिलाई बुझाइन्छ (प्रधानलाई हैन)। उक्त प्रकृतिमा छागीत्वको जो कल्पना हो त्यो सजिलो सित बोध उत्पत्तिको लागि गरिएको हो। "चम्चा निम्न देशमा गर्त युक्त छ" यहाँ जस्तो "यो एउटा चम्चा" यसप्रकार निश्चय गर्नु सम्भव हुंदैन, किनकि निम्न देशमा अलिकति गर्त युक्तता आदि अविशेष रूपले अरू ठाउमा पनि पाइन्छ यसरी "अजाम् एकाम्" (एउटी बाख्री) यो मन्त्रमा सांख्य मतवाद नै अभिप्रेत छ यसप्रकार विशेष हेतु नभएको हुनाले यहाँ प्रधान निर्णय भएको छैन। यसकारण यहाँ प्रधान श्रुति प्रतिपाद्य छैन।

सूत्र १।४।९

तेज, जल, पृथिवी रूप प्रकृति नै यहाँ अजा शब्द द्वारा बुझाइन्छ, प्रधान हैन। "अग्निको जो रातो वर्ण हो" इत्यादि वाक्यबाट तेज र जल पृथिवीरूप जो भौतिक कार्यहरूको प्रकृति (परिणामी उपादान हो) त्यो नै यहाँ बुझाइन्छ।

सूत्र १।४।१०

जस्तो लोकमा प्रसिद्ध अजा (बाख्री) हो जसलाई भोग गरियो त्यसलाई एउटा बाख्रो परित्याग गर्छ, तर अरू बाख्रो त्यसको पछी पछी गै रहन्छ। यसरी ब्रह्मवेत्ता पुरूषको शरीर अभिमानादिको त्यागमा र अब्रह्मज्ञ पुरूषको शरीर आदिमा अभिमान युक्तारूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

भोगमा शरीर इन्द्रियादि संघातको उपादानभूत तेज, जल र पृथिवीरूप प्रकृतिको सादृश्य देखाउनको लागि कल्पना द्वारा वाखीपनको उपमा दिएको छ। वाखी देखि भिन्न जो प्रकृति हो त्यसको वाखीपनको उपदेशमा कुनै प्रकारको विरोध हुँदैन।

सूत्र १।४।११

बृहदारण्यकमा भनिएको छ कि "पाँचवटा पञ्चजन र आकाश जसमा प्रतिष्ठित छ" यहाँ पञ्चजन शब्द द्वारा सांख्य स्मृतिमा प्रसिद्ध पञ्चविंशति तत्व कहिएको छैन किन्तु वाक्य शेषगत प्राण प्रभृति कथित भएको छ। तत्वहरू हुन् धेरै यतिमा बोध गरिएको छ। आत्मा र आकाश २५ तत्वको अतिरिक्त भएको हुनाले २७ तत्वको प्राप्ति भए सांख्य अवलम्वीहरूको लागि अपसिद्धान्त भै हाल्छ। त्यसकारण यहाँ प्रधान आदि तत्वको ग्रहण ठीक छैन।

सूत्र १।४।१२

प्राण, चक्षु, कर्ण, अन्न र मन यी पञ्चजन शब्द द्वारा कथित भएको छ किनकि प्राणको पनि हो प्राण चक्षुको पनि हो चक्षु वाक्य शेषमा यस्तो भनिएको छ।

सूत्र १।४।१३

अन्न शब्द विद्यमान नभए पूर्व वाक्यमा कथित ज्योति पदार्थ द्वारा पञ्चत्व संख्या पूरण गर्नु पर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ज्ञेयरूपले भनेका छन् । तर यहाँ अव्यक्तको ज्ञेयता भनेको छन । त्यसकारण अव्यक्त प्रधान होइन ।

सूत्र १।४।५

अव्यक्त शब्द द्वारा कहिएको प्रधानलाई ज्ञेयरूपले भनेको छ यो कुरा ठीक होइन । यहाँ परमात्मा ज्ञेयरूपले निर्दिष्ट भएको छ प्रधान होइन । किनकि "पुरुष देखि श्रेष्ठ केही पनि छैन, सबै प्राणिमा गूढरूपले अवस्थित आत्मा प्रकाशित हुनुहुन्न" यसप्रकार आत्म-बोधक प्रकरण प्रमाण छ ।

सूत्र १।४।६

कठोपनिषद्को पूर्ववर्ती र उत्तरवर्ती वाक्यहरूको पर्यालोचनाबाट अग्नि, जीव र परमात्माको नै वक्तव्य रूपले प्रश्न देखिन्छ । त्यसकारण अव्यक्त प्रधान होइन ।

सूत्र १।४।७

वेदमा जो प्रसिद्ध छ त्यसको साथ सांख्यको जुन प्रसिद्ध हो त्यसमा विरोध भएको हुनाले सांख्य प्रसिद्धि वेदार्थ निरूपणको हेतु हुँदैन । शरीर नै अव्यक्त शब्द द्वारा अभिहित भएको छ (प्रधान श्रुतिमा प्रतिपादन भएको छैन) ।

सूत्र १।४।८

श्वेताश्वेतर श्रुतिमा उक्त भएको छ–'लोहित शुक्ल र कृष्ण वर्ण विशिष्ट एउटा अजा (छागी) (बाखी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र १।४।१६

जसलाई अवगत हुनु पर्छ त्यो कर्ता हो परमेश्वर नै। कर्म शब्द यहाँ "जसलाई गरिन्छ त्यो हो कर्म" यसरी जगतको वाचक हो। परमेश्वर सारा जगतको कर्ता यो उपनिषद्हरूमा निर्णित भएको छ।

सूत्र १।४।१७

पहिले १/१/३१ सूत्रमा जीव बोधक र मुख्य प्राण बोधक लिङ्ग ब्रह्म प्रतिपादक रूपले ब्याख्यात भै सकेको छ।

सूत्र १।४।१८

जीव लिङ्गबाट जीवको ग्रहण भए तापनि ब्रह्म नै हो यहाँ प्रतिपाद्य वस्तु। यो प्रकरणमा जुन जीवको परामर्श हो त्यो ब्रह्म ज्ञानको लागि नै हो—यसप्रकार आचार्य जैमिनी मान्नु हुन्छ। जसमा जीवको सुषुप्ति हुन्छ र जहाँबाट जीवको आगन (जागरण) बन्दछ--त्यो परमात्मा नै यहाँ ज्ञातब्य रूपले उपदिष्ट भएको छ। बृहदारण्यकमा पनि "यो विज्ञानमय पुरूष हो तिनी तब कहाँ हुनुहुन्थ्यो" यसैको जवाफमा भनिएको हो कि "यो जो हृदयको भित्र आकाश (परमात्मा) छ त्यसमा सुत्दछ" (२/१/१६, २/१/१७)। यहाँबाट बुझिन्छ कि परमात्मा हो जीव देखि भिन्न।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र १।४।१९

भोग र प्रीति द्वारा सूचित जीवलाई अनुवाद गरिकन त्यसको ब्रह्मत्व प्रतिपादन गरीन्छ। परमात्मा नै यहाँ (वृहदारण्यक ४/५/६) द्रष्टव्य रूपले उपदिष्ट भएको हो, किनकि उपक्रम आदिको पर्यालोचनाबाट यो वाक्यको ब्रह्ममा नै समन्वय हुन्छ। यहाँ आत्मज्ञान नै हो प्रतिपाद्य विषय। जीव आत्मा विषय ज्ञान अमृतत्वको साधन हुन सक्दैन।

सूत्र १।४।२०

यथाक्रमले कार्य र कारण जो जीव र ब्रह्म हो तिनीहरूको भित्र भेदाभेद सम्बन्ध विद्यमान छ, किनकि तिनीहरू अत्यन्त भिन्न भए "एक विज्ञानबाट सर्व विज्ञानरूप" प्रतिज्ञाको विरोध हुन्छ। त्यसकारण जीव र परमात्माको अभेद अंशलाई ग्रहण गरिकन जीवात्माको द्रष्टव्यत्व आदि कथनबाट जुन वर्णनारम्भ हो त्यो "आत्मादि ज्ञानबाट सर्व विज्ञानरूप" प्रतिज्ञाको सिद्धिको प्रतिज्ञापक हो—यसप्रकार आचार्य आश्मरथ्य मान्नु हुन्छ।

सूत्र १।४।२१

अरू प्रकार समाधानको कुरा भनिन्छ। संसार दशामा ब्रह्म देखि अत्यन्त भिन्न जो जीव हो, जो "म ब्रह्म हुँ" यसप्रकार साक्षात्कार द्वारा शरीर इन्द्रिय संघात-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

बाट उत्क्रमण गर्नु हुन्छ तिनको परमात्मा सित एकीभाव भएको हुनाले–यो भावी अभिन्नतालाई ग्रहण गरिकन जीवको वर्णनारम्भ भएको हो—यो हो आचार्य औडुलोमीको भनाई ।

सूत्र १।४।२२

आचार्य औडुलोमीको मत संगत छैन किनकि सत्य देह इन्द्रिय विशिष्ट (ब्रह्म देखि अत्यन्त भिन्न) जो जीव मुक्तिदशामा ब्रह्म सित त्यसको संगत होइन । **अैले परम समाधान बताइन्छ ।** अविद्या कल्पित भेद वशात ब्रह्मको नै जीव रूपले अवस्थिति भएको हुनाले जीवको वर्णना द्वारा वर्णनाको आरम्भ हो अविरूद्ध–यो श्रुति तात्पर्यज्ञ आचार्य काशकृत्ष्ण मान्नु हुन्छ । त्यसकारण जीव भिन्न ब्रह्म नै मैत्रीय ब्राह्मणको, यो सिद्ध भयो (भामतीमा प्रदर्शित प्रतिविम्बवादको अनुकूल युक्तिको लागि ब्रह्म सूत्र २/३/४३ को विवेचन हेर्नु होस) ।

१/४/२३—२७ सूत्रमा जगत कारणता भन्ने **निमित्त कारणता मात्रलाई** ग्रहण गर्नु पर्छ, अथवा त्यो सित उपादान कारणतालाई पनि ग्रहण गर्नु पर्छ यो विषयमा विशेष विचार गरिन्छ ।

सूत्र १।४।२३

ब्रह्म हो जगतको उपादान कारण र निमित्त कारण

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पनि यसको कारण यो हो कि "जहाँबाट अश्रुत पनि श्रुत हुन्छ" यसप्रकार एक विषयक ज्ञान द्वारा सर्व विषयक प्रतिज्ञा "जस्तो एक मृत पिण्ड द्वारा सारा मृन्मय पदार्थ विज्ञात हुन्छ" यसप्रकारको दृष्टान्तबाट यो दुईवटाको सामान्जस्य हुन्छ ।

जगतको स्वरूपको विचार

आचार्य शङ्करको मतमा ब्रह्म नै जगत रूपले प्रकाशित भएको छ । ब्रह्मबाट न जगतको उत्पत्ति, स्थिति र परिणाममा ब्रह्ममा नै जगतको लय हुन्छ । जगत देश काल परिच्छिन्न हो र कार्य कारण शृङ्खलाबाट नियन्त्रित हो । जो परिच्छिन्न हुन्छ त्यो मिथ्या हुन्छ त्यसकारण सीमा युक्त जगत पनि हो मिथ्या । शङ्कराचार्यको मतमा जगत हो मायामय । मायामय भए तापनि शङ्करको मतमा मृगतृष्णाको झैं अलिक हैन । एक अद्वितीय ब्रह्म विज्ञान उदय हुनुको पहिलेसम्म **व्यवहारिक जिवनको सत्ता** अवश्य स्वीकारको योग्य हो । आचार्य शङ्कर विज्ञानवादी बौद्धको मतवाद निराश प्रसंगमा जगतको व्यवहार स्पष्ट वाक्यले स्वीकार गर्नु भएको छ (ब्रह्म सूत्र भाष्य २/१/१४, २/२/८८ हेर्नुस) । यो जगत हो ब्रह्म कार्य । अद्वैत वेदान्तको मतमा कार्य कारण देखि भिन्न होइन अर्थात् कारणको सत्ता नै हो कार्यको सत्ता । कारणको जस्तो स्वतन्त्र सत्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

हुन्छ कार्यको त्यस्तो स्वतन्त्र सत्ता हुँदैन। कार्यको स्वतन्त्र सत्ता नै वेदान्त दर्शनमा निषिद्ध भएको छ (ब्रह्म सूत्र भाष्य २/१/४)। यसै दृष्टिलाइ लीकन कार्य दृष्टि हो मिथ्या भनिकन वेदान्तमा व्याख्या गरिएको छ।

एक आत्मा या ब्रह्म धेरै नामले र धेरै रूपले प्रकाशित हुन्छ। "एक म धेरै भै हाल्छु" ईश्वरको यसप्रकार सृष्टि गर्नुको इच्छालाई **माया** भनेको छ। यो माया हो परमेश्वरको शक्ति। यो नै हो संसार प्रपञ्चको विज। माया शक्तिमान नै क्षेत्र र क्षेत्रज्ञ रूपले (जीव जगत रूपले) प्रकाशित हुन्छ (ब्रह्म सूत्र भाष्य १/४/३)।

ईश्वरको अध्यक्षतामा नै मायाँको विकाश शब्द छ र मायाको सहायताले ईश्वर चराचर जगतलाई सृष्टि गर्नु हुन्छ। मायिक नाम रूप प्रपञ्चको एकमात्र अधिष्ठान (आसरा) हो ब्रह्म। यस्तो धेरै रूपले प्रतिभात भै रहेतापनि ब्रह्म अलिकति पनि विकारी हुनु भएको छैन।

ब्रह्म जगतको **निमित्त कारण** मात्र हुनुहुन्न। तिनी **उपादान कारण** पनि हुनु हुन्छ। यो नै १/४/२३ सूत्रमा भनिएको छ। एक ब्रह्मलाई जाने पछि विश्वको सारा वस्तुलाई जानिन्छ भनी ज सिद्धान्त गरिएको हो त्यो ब्रह्मलाई उपादान कारण रूपले ग्रहण गरेमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

संभव हुन्छ । (किनकि विकारहरू हुन् उपादानको अवस्थान्तर मात्र)।

आचार्य पद्मपाद र विवरणकारको मत

जगत ब्रह्म झैं सत्य नभए तापनि जागतिक पदार्थ-हरू हामिहरूको व्यवहारिक जीवनको भित्री प्रयोजन सिद्ध गरेको हुनाले जगतलाई व्यवहारिक रूपले साँचो भन्नु नै पर्छ, जगतलाई आकाश कुसुम झै अलक भन्नु बन्दैन। नामरूपात्मक जगतलाई शङ्कराचार्यले अनि-र्वचनीय भनी व्याख्या गर्नु भएको छ (अध्यास भाष्यमा)।

जगतको स्वरूपको विचार

जो अनिर्वचनीय हो त्यो हो मिथ्या। शङ्कराचार्यको अनिर्वाच्यवादलाई ब्याख्या गर्दा खेरी आचार्य पद्मपादले मिथ्यात्वको यसप्रकार संज्ञा निर्देश गर्नु भयो कि जो सत् पनि हैन असत् पनि हैन त्यो नै हो मिथ्या। पञ्च-पादिका विवरणमा मिथ्यात्वको अरू दुईवटा संज्ञा पाइन्छ। (१) जो ज्ञान वाच्य हो त्यो नै हो मिथ्या (२) आफ्नू अधिकरणमा जसको अभाव बोध उदित हुन्छ त्यो मिथ्या नै हुन्छ। जुन वस्तुको अभाव हुन्छ त्यो वस्तु हो अभावको प्रतियोगी। आफ्नो आश्रयमा त्रकालिक अभावको (निषेधको) जो प्रतियोगी हो त्यो नै हो मिथ्या। ब्रह्म उपाधिमा जगत वर्तमान, भूत र भविष्यत् यो तीन काल वास्तवमा विद्यमान छैन। केवल जहांसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

मायाको (अविद्याको) खेल रहन्छ त्यहांसम्म नै मायिक जगतको अस्तित्व प्रतिभात हुन्छ। ब्रह्मज्ञान उत्पन्न भए ब्रह्म उपाधिमा (जगतको आश्रयमा) जगत त्रैकालिक निषेधको प्रतियोगी भै हाल्छ। यो प्रतियोगीत्व नै हो मिथ्यात्व। अद्वैत वेदान्तको मतमा जगत मिथ्या भैकन पनि सीपीको चाँदी झैं प्रातिभासिक हैन। जगतको व्यावहारिक सत्ता अवश्य स्वीकार योग्य हो।

यो जगतको मूलमा ब्रह्म नै विद्यमान छ। फलले मिथ्या जगत पनि सत्य भनी मानिन्छ। जगत ब्रह्मबाट उत्पन्न, ब्रह्ममा नै उत्पन्न र ब्रह्ममा नै विलीन हुन्छ। जगत कर्तृत्व आदि बह्मको स्वरूप लक्षण होइन त्यो हो तटस्थ लक्षण किम्वा उपलक्षण (परिचायक) मात्र। ब्रह्म हो सत्य ज्ञान स्वरूप र अनन्त। यो नै हो ब्रह्मको स्वरूप लक्षण। मायामय ब्रह्म (सगुण ब्रह्म) वा परमेश्वर हो जगतको निमित्त कारण र निर्गुण ब्रह्म हो जगतको उपादान कारण। सगुण र निर्गुण भिन्न तत्व होइन–त्यसकारण एकै ब्रह्म जगतको निमित्त र उपादान कारण हो। उपादान कारण कार्यमा अनुगत रहन्छ, फलले विकारी किम्वा परिणामी कारण नै उपादान कारण हुन सक्छ र अविकारी ब्रह्म कसरी उपादान कारण होला? यसको जवाफमा भनिन्छ कि अद्वैत वेदान्तको मतमा उपादान कारण हो दुई

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रकार—(१) परिणामी उपादान र (२) अपरिणामी उपादान। ब्रह्म हो अपरिणामी उपादान कारण (विवर्त कारण)। जगत हो ब्रह्मको विवर्त (ब्रह्म हो जगतको अधिष्ठान) आफ्नू ब्रह्म रूपलाई अक्षुण्ण राखेर एक अद्वितीय ब्रह्मको मिथ्या धेरै रूपले (जीव र जगत रूपले) प्रकाशित हुनुलाई विवर्त भनेको छ। यो जगतको विवर्त कारण (ब्रह्म) माया सम्बलित भैकन सर्वज्ञ परमेश्वर रूपले जगतलाई उत्पादन गर्नु हुन्छ त्यसकारण जगत कर्ता ब्रह्मको माया सित युक्त हुनु अवश्य स्वीकार्य हो। यो माया योग हो तीन प्रकार—

१. दुईवटा धागो जस्तो परस्पर मिलेर डोरी बन्दछ त्यस्तै मायाविजोब्रह्म नै जगतलाई उत्पन्न गर्नु हुन्छ।

२. माया हो ब्रह्मको स्वास्नी। माया शक्तिमान ब्रह्म नै हो जगतको कारण।

३. माया हो जगतको उपादान। यो जगत उपादान मायाको आश्रय ब्रह्म नै हो जगतको कारण। अविद्याको स्वभाव जड् जगतमा अनुगत रहन्छ। जगत कर्तृत्वको मिथ्या अभिमान र सृष्टिको अभिमान हो अविद्याको नै परिणाम यो अविद्या परिणामको जो आसरा हुनुहुन्छ त्यो मायां विशिष्ट ब्रह्म नै जगतको निमित्त कारण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

ब्रह्मको माया योग यथार्थ होइन त्यो हो कल्पित। त्यसबाट परब्रह्मको विशुद्धतामा कुनै हानि हुँदैन। प्रथम पक्षमा माया हो ब्रह्मको उपलक्षण। यो उपाधि द्वारा निरूपाधि ब्रह्मको कुनै प्रकार विच्यूत हुन सक्दैन। दोश्रा र तेश्रा पक्षमा माया हो ब्रह्मको वसमा (ब्रह्मको वशिभूत, ब्रह्म मायाको वसमा होइन) त्यसकारण आफ्नो वस्य मायाको आश्रयरूपले विद्यमान ब्रह्म शुद्ध रूपले नै अवस्थित रहन्छ।

माया र अविद्या भिन्न तत्व होइन। आवरण शक्ति प्रधान मायालाई अविद्या भनेको छ (विच्छेद शक्ति प्रधान मायालाई माया भनेको छ) ब्रह्म नै हो अविद्याको आसरा अविद्याको विषय। ब्रह्म नै जड् अविद्याको प्रकाशक हो। चैतन्य स्वरूप ब्रह्ममा अवस्थान गरेर अज्ञान ब्रह्मको प्रकाशबाट प्रकाशित हुन्छ (सत्ता स्फूर्ती प्राप्त गर्छ)। अविद्याको भासक साक्षी चैतन्य सित आवरक अविद्याको स्वत: कुनै विरोध छैन। "ब्रह्म (आफ्नो वास्तव स्वरूप) हो प्रकाशरूप" यसप्रकार वृत्ति उदय भए अज्ञान तिरोहित हुन्छ। त्यसकारण त्यो वृत्ति ज्ञान नै हो अज्ञानको विरोधो।

जगत सृष्टि रहस्य वाचस्पतिको
दृष्टि–सृष्टिवाद

वाचस्पतिको मतमा जीव र ब्रह्मको वारेमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अनादि अज्ञान देखिन्छ त्यसकारण जीव हो अज्ञानको आसरा र ब्रह्म हो अज्ञानको विषय। जीव आफ्नो संस्कारको अनुरूप दृश्य प्रपञ्च र भोग्य जगतलाई सृष्टि गर्दछ र उपाधिभेदले जीव हो धेरै र प्रति-जीवमा भएको अविद्या हो भिन्न। अविद्या संस्कार वसले उत्पन्न रहस्य प्रपञ्च प्रतिजीव हो भिन्न भिन्न। **जीवको आविद्यक दृष्टि विभ्रम नै त्यसको अविद्या कल्पित दृश्य (विश्व) सृष्टिको मूल।** भगवान वशिष्ठको सिद्धान्त पनि ठीक यसप्रकारको (वाशिष्ठामृत ग्रन्थ हेर्नुस् र सृष्टि समीक्षा निबन्ध हेर्नुस्)। वाचस्पति क्षय विषयको केवल ज्ञान कालमा नै सत्ता स्वीकार गर्नु भएन अज्ञात अवस्थामा पनि विषयको अस्तीता स्वीकार गर्नु भो (सुखको वाटो पृष्ठ १७८-७९ हेर्नुस्)।

मण्डन मिश्रको दृष्टि-सृष्टिवाद

मण्डन मिश्र भन्नु हुन्छ सारा द्वैत जाल नै हो अज्ञानको विलास आविद्यक कल्पना मात्र। एक अद्वितीय आत्म चैतन्य नै अविद्या वशात नाना जीव, जगत र ईश्वर रूपले प्रतिभात हुन्छ। रज्जु सर्प र त्यसको ज्ञान जस्तो एकै अज्ञान वशात उत्पन्न हुन्छ, जीव, जगत र त्यसका ज्ञान त्यस्तै एक अनादि अज्ञानको फलले उदित हुन्छ। यो मतमा सम्पूर्ण दृश्य वस्तु नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

हो प्रतिभासिक (व्यवहारिक सत्य भन्ने केही पनि छैन)। हामीहरूको दृष्टिमा ज्ञय विषय प्रतिभासित भएको हुनाले नै विषय छ यस्तो हामीहरूको भ्रम हुन्छ। जो वस्तु हामीहरूको ज्ञानमा भास्दैन त्यसको कुनै प्रकारको अस्तित्व छैन— हामीहरूको ज्ञानमा भासित भएको हुनाले नै विषयको (प्राति-भासिक) अस्तित्व बुझिन्छ। सारा वस्तु नै हो साक्षी भास्य। जीवबाट मिथ्या विषय दर्शन नै हो मिथ्या। विषय सृष्टिको मूल र जागरित ज्ञान स्वप्न ज्ञानको समान हो। ब्रह्मको जीव भावहो मिथ्या, ब्रह्म नै हो सत्य। जीव यदि मिथ्या हो तब त्यसको विषय दर्शन र विषय भोग पनि मिथ्या हुन्छ र जब सम्म जीवको मिथ्या विषय दर्शन रहन्छ तबसम्म दृश्य जगत प्रपञ्च पनि रहन्छ। द्रष्टा जीव नभए त्यसको दर्शन रहँदैन, दृश्य जगत पनि रहँदैन। जीवको दृष्टि नै हो जगत सृष्टिको मूल। अहं अभिमानी द्रष्टा जीव नै हो **एकमात्र जीव,** अरू दृश्यमान सारा जीव र जगत हो स्वप्न दृश्य वस्तु झैं निर्जीव र असार (निस्सार)। एक द्रष्टा जीव बाहेक दोश्रा जीव छैन। यो मतलाई "एक जीववाद" भनेको छ। वेदान्त सिद्धान्त मुक्तावली (प्रकाश आनन्द) मा यो दृष्टि–सृष्टिवाद उपपादित भएको छ। आत्मा-

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

नन्द वेदान्त कल्पतरूमा जगत प्रपञ्चमा दृष्टि समयमा सृष्टि स्वीकार गरीकन दृष्टी–सृष्टिवादलाई अनुमोदन गर्नु भो।

यो दृष्टि सृष्टिवादमा चाक्षुस ज्ञान र ज्ञय विषय विभ्रम मात्र हुन्छ। परिणामले वेदोक्त याग यज्ञ उपासना र लब्ध स्वर्ग आदि सारा मिथ्या नै भै हाल्छ र मिथ्या विषयलाई प्रतिपादन गरेको हुनाले वेद पनि अप्रमाण हुन्छ। त्यसकारण चित्सुख प्रभृति आचार्यहरूले दृष्टि सृष्टिवादलाई समर्थन गर्नु भएन। त्यसको सट्टा उनीहरूले दृष्टि सृष्टिवादलाई स्वीकार गर्नु भयो। परमेश्वर सृष्ट जगत जीवको दृष्टि विभ्रम होइन, त्यसको व्यवहारिक सत्यता अवश्य स्वीकार्य हो। मायावी परमेश्वर नै व्यवहारिक सत्य जगतलाई सृष्टि गर्नु भयो। यो नै हो सृष्टिवादको संक्षिप्त मर्म।

अभय दृष्टि–सृष्टिवादको पार्थक्य

वाचस्पतिको दृष्टि सृष्टिवाद अनुसार जब विषय ज्ञानमा भास्दैन तब पनि विषयको सत्ता स्वीकार गरिन्छ।

एक जीववादी मण्डन मिश्र आदि दृष्टि सृष्टिवादी अनुसार एकमात्र ज्ञान कालमा नै ज्ञेय पदार्थको अस्तीता स्वीकार्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

यो पार्थक्य लक्ष गर्नु आवश्यक हो ।

मण्डन प्रस्थान, वाचस्पति प्रस्थान र विवरणाकार प्रस्थानको दृष्टि भंगीको संतुलन यो पुस्तकको अन्तिम भागमा हेर्नुस् ।

जगत मिथ्याको लक्षण

(क) चित्सुखाचार्यको दशौटा लक्षण र प्रतिवादीको समालोचना ।

१. जो प्रमाण गम्य होइन त्यो हो मिथ्या । (तर ब्रह्म निर्देश भएको हुनाले सवै प्रमाणको अगोचर भए तापनि ब्रह्म मिथ्या होइन) ।

२. अप्रमाण ज्ञानको जो विषय हुन्छ त्यो हो मिथ्या (यो लक्षणमा अर्थान्तर दोष छ । "अप्रमाण ज्ञान भन्ने यदि बौध क्षणिकवादलाई ग्रहण गरिन्छ तब अद्वैतवादीको जीव जगत ब्रह्म सारा अप्रमाण क्षणिक विज्ञानको विषय भएको हुनाले मिथ्या नै भै हाल्छ । सत्य ब्रह्म नै मिथ्या भै हाल्छ) ।

३. जो अयथार्थ ज्ञानको विषय हो त्यो हो मिथ्या (यो लक्षणमा सत्य परब्रह्म मिथ्या भै हाल्छ) ।

४. जो सत्य देखि विलक्षण हो त्यो हो मिथ्या (यो लक्षण पनि दोष युक्त हो । यो लक्षण अनुसार अलिक आकाश कुसुम पनि मिथ्या भै हाल्छ । तिनीहरू अलिक भएको हुनाले मिथ्या कोटिमा पर्दैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

घटादि प्रपञ्च हो मिथ्या। आकाश कुसुम हो अलिक अर्थात् वस्तु शून्य)।

५. जो सत्य देखि विलक्षण हो र असत्य देखि पनि विलक्षण हो त्यो हो मिथ्या (यो पञ्चपादिका रचयिता आचार्य पद्मपादको अनुमोदित)।

६. जो अविद्या वा त्यसको कार्य हो त्यो हो मिथ्या त जीवको कर्ममा प्रवृत्ति चेष्टा आदि अविद्याबाट उत्पन्न भैकन पनि सत्य भनी प्रतिभात हुन्छ, अविद्याको कार्य भनी मिथ्या किन हुन्थ्यो–यस-प्रकार अद्वैत प्रतिवादी रामानुज आदि भन्न सक्छ।

७. जो अज्ञान द्वारा निवर्तनीय हो त्यो हो मिथ्या। यो लक्षण पनि अर्थान्तर दोष युक्त हो।

८. जुन वस्तुको जो आश्रय हो त्यो आश्रयमा (आधारमा) यदि त्यो वस्तुमा आधार देखिन्छ तब त्यो वस्तुलाई मिथ्या भनि जान्नु पर्छ। यो लक्षण सिद्ध साधन दोषले दुष्ट हो (फेरी व्यवहारिक सत्य विश्व प्रपञ्चको प्रतीति सीपीमा चाँदी भैं भ्रम रूप नभएको हुनाले–जागतिक वस्तुको मिथ्यात्व सिद्ध हुंदैन)।

९. जो वाद्य हो त्यो हो मिथ्या (यो पनि अर्थान्तर दोष युक्त हो। साँचो सीपी "यो चाँदी होइन" यस्तो वाधक ज्ञानको विषय भएर मिथ्या भै हाल्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

१०. आफ्नो अत्यन्ताभावको अधिकरणमा जो प्रतीयमान हुन्छ त्यो हो मिथ्या। सीपीमा वास्तवमा चाँदी छैन। चाँदीमा अत्यन्ताभावको अधिकरणमा (अर्थात सीपीमा) चाँदीको प्रतीति हुन्छ त्यसकारण चाँदी हो मिथ्या (यस्तो निर्वचन पनि निर्दोष होइन। रूखको हाँगामा वानर छ तर रूखको हाँगामा वानर नभएको हुनाले त्यो रूखको मूलमा वानर संयोगको अभाव छ। यसरी वानर संयोगको अत्यन्ताभावको अधिकरणमा (अर्थात् रूखमा) वानर संयोग प्रतीयमान भएको हुनाले त्यो मिथ्या भै हाल्छ। त्यसकारण साँचो वानर संयोगलाई मिथ्या प्रतिपादन गरेको हुनाले यो लक्षण हो अर्थान्तर दोषले युक्त)।

निर्दोष मिथ्यात्व लक्षण पञ्चक

मधुसुदन सरस्वती आफ्नो अद्वैत सिद्धि ग्रन्थमा पद्मपाद, विवरणकार, चित्सुख आदिबाट रचित जो पाँचवटा अति प्रसिद्ध निर्दोष मिथ्यात्व लक्षणको विचारगर्नु भयो। हामीहरू त्यो पाँचवटा लक्षणको परिचय दिंदै छु। यो पाँचवटा लक्षणको पहिला लक्षणको रचयिता हुन् पद्मपाद, दोश्रा र तेश्रा लक्षणको रचियिता हुन् विवरणकार, प्रकाश आत्मा यति, चतुर्थ लक्षण हो चित्सुखाचार्य विरचित

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

र पञ्चम लक्षणको प्रणेता हुन् आनन्दबोध भट्टारकाचार्य ।

प्रथम लक्षण—जो अनिर्वचनीय हो अर्थात् सत् पनि होइन असत् पनि होइन त्यो नै हो मिथ्या । वायुमा किम्वा आकाशमा रूप पनि छैन, रस पनि छैन । जो धर्मिमा वताइएको सत्व र असत्व धर्मको अभाव हुन्छ त्यो हो अनिर्वचनीय र त्यो नै हो वताइएको मिथ्यात्वानुमानको दृष्टान्त ।

सत् र असत् यी दुवैको अभाव एक धर्मिमा रहन सक्छ । रूप र रस यी दुवै हुन् पृथिवी र जलको धर्म, तापनि यिनीहरूको अभाव वायु किम्वा आकाशदेखिन्छ । परिणामले रूप र रसमा धर्मत्वरूप हेतु जस्को छ त्यस्तै एकै धर्मिमा रूप र रसको अत्यन्ताभाव भएको हुनाले रूप र रसमा अत्यन्ताभावको प्रतियोगीतारूप साध्य रहन्छ ।

अनुमान हो यसप्रकार :–

सत्व र असत्व यी दुवैको अत्यन्ताभाव कुनै एक धर्मिमा (आसरामा) विद्यमान छन्… …(साध्य)

किनकि यी सत्व र असत्व विशेष्यको नै धर्म हो… … … … … … … … …(हेतु)

जस्तो रूप र रस… … …… …(दृष्टान्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सत् असत् यी दुई विरूद्ध कोटीको मिलन संभव नभए तापनि तिनीहरूको विचमा मिथ्या जगतको स्थान रहन्छ।

सत्	अनिर्वचनीय	असत्
पारमार्थिक सत् (ब्रह्म)		अलिक अकाश कुसुम

परब्रह्म होइन (सत् विलक्षण)

आकाश कुसुम होइन (असत् विलण)

(मिथ्या शुक्ति रजत र दृश्यमान घट आदि जगत प्रपञ्च हो अनिर्वचनीय)

सीपीमा चाँदी तबसम्म सत्यरूपले प्रतित भै रहन्छ जबसम्म भ्रम रहन्छ। त्यसकारण त्यो हो आकाश कुसुम देखि भिन्न। सीपीको ज्ञान उदय भए चाँदी वाधित हुन्छ, त्यसकारण सीपीको चाँदी परम सत्य (त्रिकालावाध्य) होइन जो सत् र असत् देखि भिन्न हो त्यो नै हो मिथ्या। दृश्यमान् जगत प्रपञ्च शुक्ति रजत झैं सत् परब्रह्म र असत् आकाश कुसुम देखि भिन्न भएको हुनाले जगत् प्रपञ्चको मिथ्यात्व सिद्ध हुन्छ।

द्वितीय लक्षण— बाध्यत्व नै हो मिथ्यात्व—त्यो हो अभिमत उपाधिमा त्रैकालिक निषेधको प्रति-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

योगीतारूप। रजतको आसरारूपले जो जो भास्दछ त्यो सारा आसरामा यदि रजत अत्यन्ताभावको (त्रैकालिक निरोधको) प्रतियोगी हो तव नै त्यो मिथ्या हुन्छ। सीपी चाँदीको चाँदी अत्यन्ताभावको प्रतियोगी भए तापनि दुकानमा स्थित साँचो रजत त प्रतिवादीको मतमा रजतको अत्यन्ताभावमा प्रतियोगी होइन त्यो दुकानमा स्थित साँचो रजतको पनि मिथ्यात्व हो अद्वैत वेदान्तिको अभिप्रेत।

तृतीय लक्षण—जो ज्ञान द्वारा निवर्तीत (निवारित) हुन्छ त्यो नै हो मिथ्या। यो निवृत्ति हो उपादान सित कार्यको निवृत्ति। अज्ञानको वर्तमान र प्रवीलन कार्यसित (अर्थात् अतीत र भविष्यत कार्यसित अज्ञानको अज्ञान द्वारा जो निवृत्ति हो त्यो नै हो ज्ञान निवर्त्यता (किम्वा बाधक)। आकाश आदि प्रपञ्च हो अज्ञानको काय त्यसकारण तिनीहरूको पनि बाध सिद्ध हुन्छ।

चतुर्थ लक्षण—मिथ्यात्व भनी अभिमत वस्तु जो सिपीमा चाँदी आदि हो त्यसको अत्यन्ताभावको जो अधिकरण (सीपी आदि) हो त्यसमा प्रतीत हुनु चाँदीमा छ। यति नै हो शुक्ति रजतको मिथ्यात्व। मिथ्यात्वमा अभिमत्त वस्तुको अधिकरणमा त्यो वस्तुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

अत्यन्ताभाव हुन्छ। यो अत्यन्ताभावको प्रतियोगिता हुनु हो मिथ्या भनी सिद्ध हुनु।

पञ्चम लक्षण—जो सत् देखि भिन्न हो त्यो नै हो मिथ्या। सद्रूपत्वाभाव नै हो मिथ्यात्व। ब्रह्म सत्ता जाति रहित भैकन पनि सद्रूप हुन सक्छ सत्ता जाति शून्य भैकन पनि सामान्य (अर्थात् जाति) जस्तो स्वरूपलाई लीकन सत् हुन्छ। अर्थात् त्यसलाई सत् भनिन्छ। त्यस्तो ब्रह्म सत्ता जाति शून्य भैकन पनि स्वरूप सत्ताको बलले नै सद्रूप हो।

मिथ्यात्व निरुक्ति

मिथ्या जगत्‌को मिथ्यात्व धर्म पनि हो मिथ्या, साँचो होइन। जागतिक सारा भेद हो मिथ्या। पारमार्थिक सद्वस्तु हो अनुभवरूप र स्वतः सिद्ध। यो स्वप्रकाश अनुभवरूप वस्तुलाई अद्वैत पद भनेको छ। अद्वैत संस्थाले यो वस्तुलाई बताउँछ। यो अद्वैत वस्तु सारा प्रपञ्चको निषेध स्वरूप भैकन पनि भावस्वरूप हो दृक् र दृश्यको परस्पर तादात्म्याध्यास भएमा पनि शुद्ध चैतन्यको तादात्म्याध्यास हुँदैन। शुद्ध चैतन्य अध्यास नभैकन नै स्वप्रकाश भएको हुनाले भासमान हुन्छ। विषय अध्यस्त भएर भासमान हुन्छ। अनुभव तादात्म्य अनुभव भिन्न वस्तुमा नै कल्पित हुन्छ। यसकारण अनुभव तादात्म्यरूप विषयता अनुभव भिन्न प्रपञ्चमा नै

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

रहन्छ, किन्तु अनुभवमा रहंदैन। अविद्याले नै प्रपञ्च सित अनुभवको सम्बन्ध घटाउँछ। अविद्याको परिणामले गर्दा विषय अनुभवी रूपले ब्यवहृत हुन्छ। माया कल्पित तत् तत् उपाधी भेद प्रयुक्त अनुभूति अनुभवदेखि अभिन्न भैकन पनि भिन्न झैं ब्यवहृत हुन्छ।

सूत्र १।४।२४

यसकारणले आत्माको निमित्त कारणता र उपादान कारणता सिद्ध हुन्छ। किनकि इच्छणविषयको उपदेश श्रुतिमा छ। उहाँ इच्छण गर्नु भयो (पर्यालोचना गर्नु भयो) र "तिनी इच्छा गर्नु भयो" यसप्रकारले चिन्तनको पर्यालोचनको उपदेश भएको हुनाले आत्माको निमित्त कारण र 'धेरै भै हालुँ" यसप्रकारले इच्छाको कथन भएको हुनाले आत्माको उपादान कारणता सिद्ध हुन्छ।

सूत्र १।४।२५

ब्रह्मको उपादान कारणताको वारेमा अरू हेतु देखाइन्छ। "स्थावर जंगम यो सारा भूत वर्गहरू आकाश-बाट नै समुत्पन्न हुन्छन् र आकाशमा नै प्रलीन भै हाल्छन्" यसप्रकार आकाश शब्द द्वारा साक्षात्काररूपले ब्रह्म भनी ग्रहण गरीकन जगतको उत्पत्ति र प्रलय उनि-एको हुनाले ब्रह्म हो जगतको उपादान कारण।

सूत्र १।४।२६

श्रुति वाक्यबाट कर्तृत्व र कर्मत्व प्रदर्शन द्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

ब्रह्मको निमित्त कारणता र उपादान कारणता देखाइन्छ। "त्यो ब्रह्म आफूलाई यसप्रकार विचार गर्नु भएको थियो" यो श्रुतिमा "आफूलाई" यसप्रकारले कर्मत्व (उपादानता) र "आफू नै" यसबाट कर्तृत्व (निमित्त-कारणता) देखाइएको हो। यसप्रकारले ब्रह्मको उपादान कारणता र निमित्त कारणता हो अविरूद्ध। सिद्ध वस्तु पनि विर्वत रूपले उत्पाद्य भएको हुनाले उपादान संभव हुन्छ। जस्तो सिद्ध वस्तु सीपी चाँदी रूपले विर्वतित हुन्छ त्यस्तै सिद्ध वस्तु ब्रह्म पनि जगत रूपले विर्वतित हुन्छ।

"जसले भूत योनिलाई दर्शन गर्छ" इत्यादि श्रुतिमा जुन हेतुले ब्रह्म उपादान कारण रूपले उक्त भएको छ। त्यसैले ब्रह्मको उपादान कारणता र निमित्त कारणता सिद्ध भयो।

सूत्र १।४।२७

परमाणु कारणवाद निराकरण द्वारा जगत कारण ब्रह्ममा नै श्रुति वाक्यहरूको समन्वय प्रदर्शित भयो। "श्रुति प्रतिपादित नहुनु", "अचेतनता", "एक विज्ञानबाट सर्व विज्ञानको असंग" आदि युक्ति द्वारा परमाणु असत् स्वभाव आदि कारणवाद सारा निराकृत भयो।

—:०:—

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

द्वितीय अविरोध अध्याय

प्रथम पाद

(स्मृति पाद)

श्रुति वाक्यहरूको ब्रह्ममा समन्वयको वारेमा जो विरोध प्रतिभात हुन्छ यो अध्यायको प्रतिपादनमा र प्रति अधिकरणमा त्यसको परिहार गरिएको छ।

प्रथम पादमा सांख्य योग आदि स्मृति र तत् प्रदर्शित युक्तिद्वारा उपनिषद् वाक्य समन्वयमा जो विरोध प्रतिभात हुन्छ।

निर्दुष्टता प्रतिपादन गरिएको छ।

यो पादमा तेह्रओटा अधिकरण (प्रतिपाद्य विषय) छन्—यो तेह्रओटा विच्छेद विषय हो —

१. सांख्य स्मृति द्वारा वेदार्थ संकोचको अयौक्तिकता सूत्र १-२

२. पातञ्जल स्मृतिको वलले वेदार्थ संकोचको अयौक्तिकता सूत्र ३

३. ब्रह्म कारणवादमा युक्ति विरोध परिहार सूत्र ४-११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

४. कारण र वौद्धादि मतबाट वेदार्थ संकोच हो अयौक्तिक सूत्र १२

५. परिणामवाद अवलम्वनले ब्रह्मको अद्वितीयता प्रतिपादन सूत्र १३

६. विवर्तवाद अवलम्वनले ब्रह्मको अद्वितीयता प्रतिपादन

७. मिथ्या जगतको दोषबाट ब्रह्म लिप्त हुँदैन

८. वाह्य साधन हीन अद्वितीय ब्रह्मको जगत-कारणता। सूत्र २४-२५

९. ब्रह्म हो जगतको विवर्त उपादान सूत्र २६-२९

१०. निरवयव ब्रह्म नै हो मायाको आश्रय सूत्र ३०-३१

११. नित्य तृप्त परमेश्वर हो विना प्रयोजन जगतको उत्पादक सूत्र ३२-३३

१२. ईश्वरमा पक्ष पातिता र निष्ठुरताको अभाव सूत्र ३४ ३६

१३. निर्गुण व्रह्मको मायिक सगुणता सूत्र ३७

१-२ सूत्रमा भनिएको छ कि प्रत्यक्ष वेद मूलक भएको हुनाले मनु आदि कर्तृक रचित मनु आदि हो निश्चित रूपले प्रकट्। प्रधान कारणवादी कपिल प्रणित स्मृतिको मूलभूत कुनै वेद उपलब्ध छैन। उपलब्ध वेदहरू द्वारा व्रह्म प्रतिपादन प्रथम अध्यायमा निर्णित

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भैसकेको छ । त्यसकारण मनु प्रभृति कर्तृक रचित स्मृति द्वारा ब्रह्म कारणत्ववादी वेदको संकोच युक्ति संगत होइन ।

सूत्र २।१।१

प्रथम अध्यायमा प्रतिपादित समन्वय सांख्य स्मृतिबाट विरोध प्राप्ति हुँदैन, किनकि सांख्य स्मृति हो अप्रमाण भूत ।

सूत्र २।१।२

सांख्य स्मृतिमा प्रसिद्धभएको महत् आदि तत्वहरूको लोकमा र वेदमा उपलब्धि नभएको हुनाले सांख्य स्मृति हो अप्रमाणिक त्यसकारण त्यो स्मृतिको आनर्थक्य दोषावह होइन ।

सूत्र २।१।३

योग मतालम्बीहरू ईश्वरलाई अङ्गिकार गरेको छ यति मात्र हो योग स्मृतिको कापिल मत देखि प्रभेद। प्रधान आदिको प्रक्रिया हो दुवै स्मृतिमा समान। त्यसकारण कापिल मतवादको निराकरणबाट पातञ्जल योग प्रत्याख्यात भएको छ । (ईश्वर प्रेरित जड् प्रधान हो जगत उपादान कारण यो पातञ्जल मत निराकृत भयो । तर श्रुतिको अविरूद्ध अष्टाङ्ग योगमा पातञ्जल शास्त्रको प्रामाण्य छ) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

पूर्व पक्ष सूत्र

सूत्र २।१।४

पूर्वपक्षी भन्छ—जगत चेतन उपादानबाट उत्पन्न भएको होइन किनकि यो अचेतन कारणताबाट भिन्न छ। जो जहाँबाट भिन्न हो त्यो उपादानबाट उत्पन्न हुँदैन र जस्तो घट भिन्न तन्तु रूप उपादानबाट उत्पन्न हुँदैन। र त्यो भिन्नता "उहाँ चेतन र अचेतन हुनु भयो" इत्यादि श्रुतिबाट जानिन्छ।

सूत्र २।१।५

"माटो भन्यो", "पानी भनेको थियो" इत्यादि श्रुतिहरूको वलले जगत हो चेतन यस्तो भन्नु ठीक छैन। किनकि माटो आदिमा अभिमानी देवहरूमा त्यो ठाऊमा कथन भएको छ (अचेतन माटो आदिको कथन भएको हैन) जगत चेतन होइन, त्यसकारण विलक्षण भएको हुनाले अचेतन जगत चेतन उपादानबाट उत्पन्न भएको हैन।

सिद्धान्त सूत्र

सूत्र २।१।६

यो संगत होइन। किनकि चेतन पुरूषबाट अचेतन नख र रौं अचेतन गोमयबाट चेतन विच्छुको उत्पत्ति देखिन्छ। उपादान कारण र कार्य वस्तुको अत्यन्त सादृश्य भए उपादान उपादेय भाव असंगत भै हालेको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुनाले जत्किन्चित सादृश्य स्वीकार गर्नु पर्छ यो जत्कि-ञ्चित सादृश्य स्फूरण र सत्ता (अस्तिता) आदिको अनुस्यूत वशात जगतमा पनि समान हो।

सूत्र २।१।७

कार्यको जो सत्ता हो त्यो कारण देखि अभिन्न भएको हुनाले स्थितिकालमा जस्तो हुन्छ (अर्थात् जगत जस्तो ब्रह्म भिन्नरूपले विद्यमान रहन्छ)। उत्पत्तिको पहिले पनि यो जगत ब्रह्मरूपले थियो। "उत्पत्तिको पहिले जगत थिएन" यस्तो होइन उत्पत्तिको पहिले पनि "कारण भूत ब्रह्मरूपले सत् थियो" यो अवगत हुन्छ।

सूत्र २।१।८

शुद्धत्व आदि गुण युक्त ब्रह्म जगतको उपादान कारण हो यो समिचीन होइन। किनकि प्रलय कालमा कार्य जगतको झैं कारण भूत ब्रह्म पनि अशुद्ध भैहाल्छ। अर्थात् ब्रह्ममा लिपायमान जगत् अशुद्धि आदि स्वगत: धर्महरूबाट ब्रह्मलाई दूषित गरिहाल्छ।

सूत्र २।१।९

यो ठीक होइन। कारणमा जो कार्य विलीन हुन्छ त्यो आफ्नो धर्मद्वारा कारणलाई दूषित गर्दैन यसमा दृष्टान्त छ। माटोमा लिन भएको घटादि आफ्नो कम्बु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

ग्रीवादि युक्तताद्वारा माटोलाई दूषित गर्दैन । यसप्रकार सयकड़ौं दृष्टान्त छन् ।

सूत्र १।४।१०

प्रपञ्चको सत्यतावादी सांख्यमतावलम्वीहरूको नै सूत्र–४·७ र ८ मा कहिएका दोषहरू प्राप्त हुन्छन । अनिर्वचनीयतावादी हामीहरूको हुँदैन ।

केवल तर्क (अनुमान) अप्रतिस्ठित भएको हुनाले त्यसबाट ब्रह्ममा उपनिषद्हरूको समन्वयमा विरोध हुँदैन । अरूठाउमा तर्क प्रतिष्ठित भए तापनि प्रस्तावित लिङ्ग आदि ब्रह्ममा वेदनिरपेक्ष (कपिल कणाद आदिको) तर्कद्वारा तत्व निर्णय नभएको हुनाले संसारबाट मुक्त हुनु असभव हुन्छ । त्यसकारण वेद विरोधी तर्क प्रमाण नभएको हुनाले त्यसबाट वेदान्त समन्वयको विरोधी हुँदैन ।

सूत्र २।१।१२

वैदिक शिरोमणि पुराणकारहरूबाट जब प्रकृति-पुरुष प्रतिपादक साङ्ख्य र योग स्मृति परित्यक्त भएको छ तब शिष्टहरूबाट उपेक्षित कणाद र बुद्ध आदिको मतबादहरूको कम्जोरिपनको बारेमा केही भन्नै पर्दैन । पुराणहरूमा कहीं पनि द्यणुक आदि प्रक्रिया देखिदैन । त्यसकारण जब प्रधान कारणबाद निराकृत भएको छ तब परमाणु कारणवाद आदि निरस्त छ यस विषयमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भन्नु पर्दैन त्यसकारण ब्रह्मकारणता समन्वयमा बिरोध छैन यो सिद्ध भो ।

सूत्र २।१।१३

तरंग र फेन बिभिन्न भए तापनि जस्तो समुन्द्ररूपले तिनीहरूको अभिन्नता सिद्ध छ त्यस्तो भोक्ता र भोग्य रूप प्रतित भए तापनि ब्रह्मरूपले अद्वैत र भोक्ता भोग्य रूपले द्वैत यमप्रकार व्यवस्था सिद्ध भएको हुनाले ब्रह्म हो द्वैत विवर्जित । एक ब्रह्म नै उपादान कारण भए तापनि भोक्ता र भोग्यरूप जगत प्रपञ्चको परस्प र बिभाग हुन्छ, जस्तो माटोरूपले अभिन्न घट र शराबको भिन्न भेद हुन्छ त्यस्तै । ब्रह्मात्मकरूपले अभिन्न भए तापनि भोक्ता र भोग्यको भिन्न कल्पित भेद भएको हुनाले प्रत्यक्ष प्रमाण सित बिरोध हुँदैन यो सिद्ध भयो ।

सूत्र २।१।१४

कारण भूत ब्रह्मदेखि कार्य जगत को पृथक् अस्तिता छैन किनकि "कार्य बस्तु हो वाग् अबलम्बनले मात्र, केबल माटो नै हो सांचो" "योसारा निश्चितरूपले नै हो ब्रह्म" इत्यादि श्रुति वाक्यहरू पाइन्छन् ।

सूत्र २।१।१५

अनिर्वाच्यता समर्थनको निमित्त ब्रह्म देखि भिन्न जगत् कार्यको अभाव विषयमा अनुमान कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

जस्तो माटो भए घट विद्यमान हुन्छ त्यस्तो कारण स्वरूप ब्रह्मको सत्ता भएमा नै कार्य जगत् प्रपञ्चको उपलब्धि हुन्छ (कारण नभए कार्य रहन सक्दैन)।

सूत्र २।१।१६

कारण विना कार्यको अभाव विषयमा श्रुतार्थापत्तिरूप अरू प्रमाण देखाइन्छ। "हे सोम्य, यो जगत् उत्पत्तिको पहिले सत् रूपले थियो" इत्यादि ठाउंमा उत्पत्तिको पहिले—पछि हुने कार्यको कारण देखि अभिन्न रूपले स्थित श्रुत भएको हुनाले उत्पत्तिको पछि पनि त्यसको "कारण देखि भिन्न रूपले नरहनु" सिद्ध हुन्छ।

सूत्र २।१।१७

"यो पहिले असत् नै थियो" यसबाट उत्पत्तिको पहिले जगतको असत्ताको अभाव कहिएको होइन, किन्तु अभिव्यक्तिरूप धर्मको अपेक्षाले अनभिव्यक्तरूप अरू धर्म द्वारा यो असत्ताको कथन भएको छ। त्यो सत्कार्याभिमुखी, (ईसत् एपचात प्रवृत्ति) भयो" यसप्रकारको वाक्य शेषबाट यो जानिन्छ। त्यसैले कारण देखि कार्यको अनन्यता सिद्ध भो।

सूत्र २।१।१८

अरू हेतु पनि देखाइन्छ। पहिले मृत्तिका रूपले घटको अस्तित्व नभए घटार्थिबाट घटोत्पादनको लागि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

मृत्तिका गृहीत नहुने थियो । घटको असत्ता अविशेष रूपले सर्वत्र भएको हुनाले मृत्तिका भिन्न जो कोही पदार्थ गृहीत हुन सक्थ्यो । यसप्रकार युक्ति द्वारा पनि कारण सित कार्यको अनन्यता र अस्तिता सिद्ध भो ।

सूत्र २।१।१६

रास्त्री खुम्च्याउनु र प्रसारित गरेको एकै वस्त्र विभिन्न प्रकार ज्ञानको विषय भए तापनि वास्तव भिन्न हैन यसरी कार्य र कारण विभिन्न हुँदैन (कार्य र कारण विभिन्न भए तिनीहरूको भित्र कार्य कारण भाव नै हुने थिएन) ।

सूत्र २।१।२०

यदि भन्छौ कि–कारण अवस्थामा कारण भूत कार्य यदि रहन्छ तब आफ्नो योग्य प्रयोजन किन सम्पादन गर्दैन ? त्यसको उत्तर यो हो कि–जसको प्राणायाम द्वारा निरुद्ध प्राणादि वायु देहको आकुञ्चन प्रसारणरूप आफ्नो प्रयोजन सम्पादन गर्दैन त्यस्तै उत्पत्तिको पहिले कारणात्मक रूपले अवस्थित कार्य आफ्नू प्रयोजन सम्पादन गर्दैन । कारण देखि अभि-व्यक्त भएर कार्य आफ्नू कार्य सम्पादन गर्दछ । कहिले प्रयोजन सम्पादन गर्छ, कहिले गर्दैन यसबाट कार्य र कारणताको भिन्न हुँदैन । त्यसैले कार्य र कारणको अभिन्नता (कारण देखि भिन्न रूपले कार्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

पृथक सत्ता राहित्य) भएको हुनाले अद्वैत ब्रह्म समन्वयमा कुनै विरोध हुँदैन ।

पूर्व पक्ष सूत्र

सूत्र २।१।२१

यदि जीव भिन्न ब्रह्म जगत उत्पादन गर्छ तब आफ्नू अनिष्ट गर्दैन, यसप्रकार तर्क द्वारा "जीव भिन्न ब्रह्म हो जगतको उपादान" यसप्रकारको कथन (वेदान्त समन्वय) विरोध ग्रस्त हुन्छ। जीवको ब्रह्मत्व कथित भएको हुनाले अथवा ब्रह्मको जीवत्व कथित भएको हुनाले–ब्रह्म जगत स्रष्टा भए जीवको पनि स्रष्टृत्व भै हाल्छ यसकारण ब्रह्ममा अहित अहितकर जरामरण आदि धेरै प्रकारको अनिष्ट कारण प्राप्त हुन्छ। त्यसकारण ब्रह्म अभ्रान्त चैतन्य स्वरूप भएको हुनाले अनिष्टको हेतुभूत जगतको स्रष्टा हुनुहुन्छ यो सिद्ध नभएको हुनाले जगत ब्रह्म रूप उपादानबाट उत्पन्न भएको हैन, त्यसैले वेदान्त समन्वय विरोध ग्रस्त हुन्छ ।

सिद्धान्त सूत्र

सूत्र २।१।२२

किनकि जीव देखि भिन्न सर्वज्ञ र सर्वशक्ति युक्त ब्रह्म जगतको उपादान र निमित्त कारण हुनुहुन्छ त्यसकारण हितको अकरण आदि दोष प्राप्त हुंदैन

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

"हे मैत्रेयी ! आत्मा नै हो द्रष्टव्य" इत्यादि वाक्यबाट जीव ब्रह्मको कल्पित भेद वर्णित भएको छ नित्य मुक्त ब्रह्मको हित किम्वा अहित केही पनि छैन, त्यसकारण ब्रह्ममा हितको अकरण आदि दोष हुन सक्दैन ।

सूत्र २।१।२३

सजातीय आदि भेद रहित ब्रह्म जगत कारण भए जगतरूप कार्यको वैचित्र्य हुंदैन—सारा कार्य वस्तु ब्रह्म झैं चेतन नै हुन्छ, यो दोषलाई दृष्टान्त द्वारा परिहार गरिएको छ। जस्तो एकै पृथिवीबाट अद्भूत ढुङ्गाहरूको हीरा मणि आदि भेद द्वारा विचित्रता हुन्छ त्यस्तै ब्रह्मको कार्यहरूको स्वरूपगत विचित्रता मुक्ति संगत हुन्छ।

सूत्र २।१।२४

ब्रह्म सहायहीन भएको हुनाले ब्रह्म जगतको उपादान किम्वा निमित्त कारण हुन सक्दैन। त्यसकारण असहाय ब्रह्मबाट जगतको उत्पत्ति कथनशील श्रुति समन्वय विरोध ग्रस्त हुन्छ। यसको उत्तरमा भनिन्छ कि यो संगत हैन जस्तो लोकमा दूध वाह्य साधन अपेक्षा विना दहीरूपले परिणाम प्राप्त हुन्छ त्यस्तो ब्रह्म पनि अन्य निरपेक्ष भएर जगतको सृष्टि आदि गर्नु हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र २।१।२५

चेतन दृष्टान्तबाट पनि यसको परिहार गरिन्छ। जस्तो चेतन देवहरू, पितृहरू र ऋषिहरू आफ्नो सिद्धिको सामर्थ्यले अरू साधनको अपेक्षा बिना केवल संकल्प द्वारा नाना प्रकार कार्यको कर्ता रूपले उपलब्ध हुन्छ त्यस्तै ब्रह्म पनि असाहाय भैकन जगतको निमित्त कारण हुन्छ। त्यसकारण श्रुति समन्वय बिरोध भएन।

२६–२९ सूत्रमा भनिएको छ कि जगतरूपले ब्रह्मको परिणाम वास्तव हैन। ब्रह्म कारणवादमा निरवयव भए पनि ब्रह्मको मायिक परिणाम (विवर्त) हो युक्ति संगत। त्यसैले समग्ररूपले परिणाम किम्वा एकांशरूपमा परिणाम यो कल्पनाको अवकाश छैन। सावयव बस्तु मात्र उपादान हुन्छ यो युक्तिपनि मायिक परिणाम (विवर्त) मा संगत हैन।

पूर्व पक्ष सूत्र

सूत्र २।१।२६

निरवयव ब्रह्म नै परिणाम प्राप्त हुन्छ किम्वा सावयव ब्रह्म ? प्रथम पक्षमा समग्र ब्रह्मको कार्य कारण परिणाम हुन्छ र त्यसको फलले कार्य बस्तु देखि भिन्न ब्रह्म भन्ने केही रहँदैन। दोश्रा पक्षमा, एकांशमा परिणाम भए अपरांशको स्थिति संभव

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुन्छ। त्यसो भए "निष्फल" आदि निरवयवत्व प्रतिपादक श्रुति बाधित् हुन्छ। अर्थात् कुनै प्रकारले पनि ब्रह्म परिणामवादलाई समर्थन गर्नु संभव छैन। उभय पक्षमा नै ब्रह्म अनित्य भै हालेको हुनाले ब्रह्मको उपादानता–प्रतिपादक श्रुतिको समन्वय विरोध ग्रस्त भै हाल्छ।

सिद्धान्त सूत्र

सूत्र २।१।२७

ब्रह्मको समग्र रूपले जगताकारमा परिणाम प्राप्ति हुँदैन। किनकि "जहाँबाट यी भूतहरू उत्पन्न हुन्छन्" इत्यादि श्रुतिमा जस्तो ब्रह्मको जगत उपादानता उक्त भएको छ त्यस्तै "यिनको अमृत स्वरूपमा तीनोटापाद स्व स्वरूपले अखण्डित भै रहेको छ" इत्यादि श्रुतिमा कार्य देखि भिन्न रूपले तिनको अस्तित्व पनि श्रुत भएको छ। यसप्रकारले श्रुतिबाट नै विवर्तवाद स्पष्टिकृत भएको छ। किनकि परिणामवादमा कार्य देखि भिन्न रूपले निरवयव कारणको अस्तिता संभव हुँदैन। त्यसैले कार्य देखि भिन्न रूपले ब्रह्मको अस्तिता श्रुतिमा कहिएको छ भनी ब्रह्मको समग्र रूपले जगताकारमा परिणाम प्राप्ति रूप दोषको अवकाश छैन किन्तु युक्ति द्वारा बाधित भएको हुनाले श्रुति पनि कसरी कार्य देखि भिन्न रूपले ब्रह्मको अस्तिता बोध गराउँछ? यसको उत्तरमा यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

भनिन्छ कि ब्रह्म हो एकमात्र वेद रूप प्रमाणगम्य। यसकारण श्रुतिमा जस्तो वर्णित भएको छ त्यस्तै ब्रह्मको जगतरूप कार्यको उपादान हुनु र त्यहाँ देखि अतिरिक्त रूपले विद्यमान रहनु हो अविरूद्ध।

सूत्र २।१।२८

भगवान ब्यास, (सूत्रकार) स्वप्नको प्रकाशक साक्षी चैतन्यलाई दृष्टान्त रूपले ग्रहण पूर्वक ब्रह्मको विवर्तोपादानतालाई दृढ तुल्याउनको लागि मायावादलाई परिस्फूरित गर्नु हुन्छ। किनकि "त्यहाँ रथहरू हुँदैन, घोडाहरू पनि हुँदैन्" इत्यादि श्रुतिमा स्वप्न द्रष्टा निरवयव एक आत्मामा धेरै प्रकारको आकार विशिष्ट सृष्टि वर्णित भएको छ। मायावीको दृष्टान्तलाई पनि ग्रहण गरे हुन्छ। जस्तो लोकमा आफ्नो स्वरूपको लोप विना हात्ती घोडा आदि विचित्रता मायावी पुरूषमा देखिन्छ त्यस्तै एक ब्रह्ममा पनि धेरै प्रकार सृष्टि उत्पन्न हुन्छ। त्यसकारण स्वप्नको प्रकाशक साक्षी ब्रह्मको कृत्ष्ण प्रशक्ति (समग्र ब्रह्मको कार्याकारमा परिणाम भएको हुनाले कार्य देखि भिन्न ब्रह्म भन्ने कुनै वस्तु परिशिष्ट नरहनु रूप) दोष हुंदैन।

सूत्र २।१।२९

प्रतिवादी सांख्य मतावलम्वीहरूको पक्षको कृत्ष्ण प्रशक्ति आदि प्राप्त भै हालेको हुनाले (किनकि सांख्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

वैशेषिकहरूको मतमा प्रधान किम्वा परमाणुको जगत रूपले परिणाम हुनु हो वास्तव) ब्रह्म कारणवाद हो युक्ति संगत। ब्रह्मवादीको लागि ती दोषहरू रहन सक्दैन न (किनकि जगत रूपले ब्रह्मको परिणाम वास्तव हैन)।

३० र ३१ मा भनिएको छ कि ऐन्द्रजालिक झैं वाहिरको साधन विना माया द्वारा गृह निर्माण कर्तृता देखिन्छ त्यस्तै शरीर नभए तापनि "महेश्वरलाई मायाको अधिष्ठान" भनी जान्नु पर्छ यो श्रुति प्रमाणले ब्रह्ममा माया विद्यमान छ यो सिद्ध छ।

सूत्र २।१।३०

शरीर रहित भए तापनि ब्रह्म हो मायाको आश्रय किनकि ब्रह्म हो सर्वशक्ति युक्त। तिनको सर्वशक्ति युक्तताको कुरा "सारा जगत नै हो जस्को कर्म जो सबै प्रकार विशुद्ध कामनावान हुनुहुन्छ इत्यादि श्रुतिमा देखिन्छ"।

सूत्र २।१।३१

"चक्षु विहीन कर्म विहीन इत्यादि श्रुतिवाक्य द्वारा ब्रह्म इन्द्रिय राहित्य जान्नुमा आउंछ। जान्नुमा आएको हुनाले तिन्को लागि जगत कर्तृत्व सभव हैन-यदि यस्तो भन्छौ तब त्यसको उत्तरमा यहाँ वताइन्छ कि पहिले नै २/१/४ र २/१/२५ सूत्रमा यसको उत्तर कथित भएको छ अथवा "हस्त पाद नभए तापनि तिनी हुनुहुन्छ द्रुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

गमनकारी र सर्व वस्तुको ग्रहणकारी" इत्यादि श्रुति-बाट यसको उत्तर कथित भएको छ। त्यसकारण एकमात्र श्रुतिबाट अवगत भएको हुनाले तर्क द्वारा विरोध आशंकाको अवकाश छैन। (किनकि एक जनाको सामर्थ्य जसप्रकार हुन्छ अरूको पनि त्यसप्रकार हुनु पर्छ यस्तो नियम छैन।)

ईश्वर र जगतको सृष्टि

(१) अभावकारण वाद र वेदान्त मत :-

कार्य मात्रको कुनै न कुनै कारण हुनु पर्छ। कार्यको कारण अस्वीकार गरीकन स्वभाववादको प्रतिष्ठा हुन सक्दैन। कार्यको कुनै नियत कारण छैन, कार्य उत्पत्तिमा आफ्नो स्वभाव बाहेक अरू क्यैको अपेक्षा छैन यस्तो भने आकस्मिकवाद झैं स्वभाववादमा पनि सधैं कार्यको उत्पत्ति र स्थितिको प्रसंग प्राप्त भै रहन्छ। कार्य कहिले हुन्छ कहिले हुँदैन—सर्वदा सर्वकालमा कार्य जन्मि-दैन। यो सुधीहरूका प्रत्यक्ष सिद्ध कुरा हो। कार्यको कारण हो नियत। सारा कार्यको नै नियत अवधि हुन्छ। जसबाट अथवा जुन देशमा काल र कार्य जन्मीन्छ यसको अभाव भए त्यो कार्य जन्मिदैन त्यसलाई त्यो कार्यको अवधि भनिन्छ। त्यो अवधि हो नियत (नियमवद्ध)। सारा देशमा सारा कालमा नै सर्व प्रकार कार्यको उत्पत्ति हुँदैन। कुनै विशेष देशमा

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विशेष कालमा नै कार्य उत्पन्न हुन्छ। कार्यको जो नियत "अवधि" हो त्यसलाई नै त्यो कार्यको कारण भनिएको छ। कार्यको उत्पत्ति कारण सापेक्ष भएको हुनाले कारण भए कार्य हुन्छ, कारण नभए कार्य हुँदैन, –यसरी कार्य कारणको सुसम्बन्ध नियम र कार्यको सामुयिक उत्पत्ति व्याख्या गरिन्छ। अभावबाट कुनै प्रकारले पनि भाव पदार्थको उत्पत्ति सम्भव छैन। अभावको कुनै स्वरूप छैन–त्यो हो निःस्वरूप (अवस्तु)। यस्तो अवस्तु निःस्वरूप अभाव यदि जागतिक भाव पदार्थको उपादान हुने थियो त्यसो भए अवस्तु अभावात्मक शशशृङ्ग (खरायोको सिङ्) किन भाव वस्तुको उपादान कारण हुन नसक्ने ? यदि अभावको स्वभाव स्वीकार गरिन्छ र जसको बीजको अभाव (माटोको अभाव) मानिन्छ तब अभाव एक प्रकार भाव पदार्थ भै हाल्छ। उपादान कारणको कार्यमा अनुवृत्ति हुन्छ। अभाव जागतिक भाव वस्तुको उपादान कारण भए भाव कार्यमा अभावको अनुवृत्ति देखिन्थ्यो। परिणामले विश्व प्रपञ्च मात्र नै अभाव युक्त भएर प्रतीत हुने थियो। तर त्यस्तो हुँदैन–उत्पन्न वस्तु मात्रलाई नै हामीहरू भाव पदार्थ (यो छ यसरी) भनी बुझदछौं। अवस्तु अभाव कसैको उपादान कारण हुन सक्दैन–अभाव भाव कार्यको उपादान भए सर्व प्रकार अभावबाट नै सर्व प्रकार भाव कार्यको उत्पत्ति हुने थियो। वाचस्पति मिश्र भन्नु हुन्छ कि "अभावबाट भावको उत्पत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

भए, अभाव जहाँ पनि सुलभ भएको हुनाले सवै ठाउँमा सर्व प्रकार कार्यको उत्पत्ति हुने थियो" । तर त्यस्तो हैन ।

श्रुतिमा त्यसो भए असत्वाद किम्वा अभाववादको किन उल्लेख गरिएको छ ? यसको उत्तर यो हो कि श्रुतिमा असत्वाद खण्डनको निमित्त असत्वाद आलोचित भएको छ । सिद्धान्त भनी असत्वादको ग्रहण भएको होइन । जसको कुनै सत्ता नै छैन त्यो विषयको वारेमा कुनै ज्ञान नै जन्मिन सक्दैन । तर विश्व प्रपञ्चको जब ज्ञान भै रहन्छ तब त्यसलाई असत् किम्वा अलिक भन्नु वन्दैन । सर्व शून्यता स्वीकार गरे ज्ञाताको अभावमा ज्ञानको पनि अभाव भैहाल्छ । ज्ञानको अभाव स्वीकार गरे सर्व शून्यतावादी कुनै प्रकार विचार नै गर्ने समर्थ हुँदैन । त्यसकारण शून्यता (अर्थात् अभाव नै हो) जगतको उपादान कारण । यो सिद्धान्त कुनै प्रकारले पनि सिद्ध हुन सक्दैन । जो असत् (शून्य) हो त्यो कसरी रहन्छ ? जो असत् किम्वा शून्य हो त्यो सत्तालाई कसरी श्रास्त्रा गर्ला ? यदि शून्य सत्ताको आसरा (सत्स्वरूप) हुन्थ्यो तब शून्य, शून्य रहदैन–त्यो निर्विशेष सद्रूप नै भैहाल्छ यसगी शून्यवाद ब्रह्मवादमा नै पर्यवसित भैहाल्छ ।

(ख) आरम्भवाद, परिणामवाद र विवर्तवाद कार्य मात्र नै उत्पत्ति पहिले असत् हो यो हो अनुभव सिद्ध ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

घट आदिको उत्पत्तिको पहिले कुनैपनि घट आदि छ भनि जान्दैन । उत्पत्तिको पहिले कार्यलाई असत् भन्नु पर्छ । माटोबाट घटको उत्पत्ति, धागोबाट वस्त्रको उत्पत्ति, तिलबाट तेलको उत्पत्ति देखेर बुद्धिमान मानिस सजिलो सित नै अनुमान गर्न सक्दछ कि माटो नै हो घटको उपादन, धागो नै हो पटको उपादान । माटोमा नै घट उत्पादन शक्ति रहन्छ, धागोमा त्यो रहँदैन, धागोमा पट् उत्पादनको शक्ति रहन्छ माटोमा त्यो रहँदैन । कार्यको उपादान कारणमा कारणत्व वाहेक अरू कुनै शक्ति छैन ।

(यो हो नैयायिकको असत् कार्यवाद)

यो मतको खण्डनको निम्ति सत् कार्यवादी सांख्य दार्शनिक भन्नु हुन्छ कि कार्य हो उत्पत्तिको पहिले सत्, पछि पनि सत् । कार्य यदि उत्पत्तिका पहिले असत् नै हो (जस्तो न्याय वैशेषिक भन्छन्) तब त्यो असत् कार्यको उत्पत्ति कुनै प्रकारले पनि उपादान गर्न सक्दैन । कार्य घटादि पदार्थको उत्पत्तिको पहिले कार्य घटादि धर्मी नभए त्यसमा असत्यरूप धर्म कसरी रहन सक्ला ? उत्पत्तिको पहिले पनि यदि कार्यको धर्म (कार्यको उत्पत्तिको पहिले कार्यमा असत्य धर्म रहन्छ यस्तो उक्ति) स्वीकार गरीन्छ तब धर्मीको सत्यता पनि अवश्य नैयायिकले मान्नुपर्छ । परिणामले घट उत्पत्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

पहिले पनि घट आदि धर्मीको सत्ता स्वीकार गरेको हुनाले सत् कार्यवादलाई नै प्रकारान्तरले स्वीकार गरिन्छ। कार्यहरू आफ्नो आफ्नो कारणमा सूक्ष्मरूपले अवस्थान गर्छ (स्थूलरूपले गर्दैन)। सूक्ष्मरूपले आफ्नो उपादान कारणमा अवस्थित कार्य वर्गको ब्यवहार उपयोगी स्थूल रूपता सम्पादन नै हो कार्यको उत्पत्ति। कार्य मात्र नै (तैल, घट) हामीहरूको स्थूल दृष्टिको अगोचर सूक्ष्म शक्तिरूपले नै आफ्नो आफ्नो कारणमा अवस्थान गर्दछ। विशेष विशेष कारणको (तेल माटो) आदि विशेष कार्य उत्पादन क्षमतालाई शक्ति भनेको छ। जो कार्य सित सम्बद्ध हो त्यो नै त्यो कार्यको जनक हुन्छ। त्यसो नभए माटोबाट वस्त्रको उत्पत्ति र धागोबाट घटको उत्पत्ति किन हुँदैन ? जो कार्य सित जो पदार्थ सम्बन्ध युक्त हो त्यो पदार्थ नै त्यो कार्यको उत्पादक हुन्छ। यदि घट सित माटोको सम्बन्ध अवश्य स्वीकार्य हो तब त्यो घटको उत्पत्तिको पहिले पनि त्यसको सत्ता स्वीकार गर्नु नै पर्छ। त्यसैले उत्पत्तिको पहिले पनि कारण सित सम्बन्ध युक्त कार्य छ — कार्य त्यो वेलामा पनि सत् थियो — यो स्वीकार गर्नु पर्छ।

माटोमा मृण्मय घट मात्र उत्पादनको शक्ति हुन्छ, वस्त्र उत्पादनको सामर्थ्य हुंदैन। विशेष कारणमा विशेष कार्य उत्पादनको सामर्थ्यलाई कारणको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(कार्य उत्पादक) शक्ति भन्दछ। शक्तिको कार्य देखिकन नै त्यो शक्तिको अनुमान हुन्छ। आचार्य शङ्कर भन्नु हुन्छ – प्रतिनियत कारणबाट प्रतिनियत कार्यको उत्पत्ति देखिकन कारणमा कार्य नियामिका यो शक्तिको कल्पना गर्नु पर्छ। यो शक्ति असत् पदार्थ होइन। यो शक्ति हो कारणको स्वरूप, कारण देखि यो हो अभिन्न। कार्य वर्ग हो यो शक्तिको अभिव्यक्ति (ब्रह्म सूत्र २/२/१७)।

सत् कार्यवादी कार्य र कारणको अभेद उत्पादन गर्दछ कपडाको उपादान धागो र धागोबाट प्रस्तुत भएको कपडाको भित्र भेद बुद्धि कसरी देखिन्छ ? यसको उत्तरमा भनिन्छ—धागोहरू नै एक प्रकार विशेष अवस्थामा परस्पर संयुक्त वियुक्त भैकन वस्त्र नामले कहिन्छ। वास्तवमा धागो विना वस्त्र भन्ने कुनै द्रब्य छैन। शङ्करले ब्रह्म सूत्र भाष्य २।१।१५ मा अवयबको मिथ्यात्व साधन गर्नको लागि यस्तो भन्नु भएको थियो।

नैयायिक वैशेषिक र मीमांसक (कर्मकाण्डी)को मतमा उत्पत्तिको पहिले कार्य हो असत्। उनीहरू असत् कार्यवादलाई समर्थन गर्छन्। न्याय वैशेषिकको मतमा दृश्यमान सारा प्रपञ्चको मूल उपादान हो परमाणु। एउटा परमाणु सित अरू एउटा परमाणु मिले पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

द्यणुक नामक एक नुतन वस्तुको आरम्भ किम्वा उत्पत्ति हुन्छ। तिनौटा द्यणुक मिलेर त्रसरेणुको सृष्टि हुन्छ, त्रसरेणुबाट चतुअणुक आदि स्थूलतर पदार्थ उत्पन्न भएर क्रमले यो विचित्र पृथिवी उत्पन्न हुन्छ। द्यणुक आदि क्रमले जागतिक आदि पदार्थ किम्वा सृष्टि भएको हुनाले यो न्याय वैशेषिक मतलाई **आरम्भवाद भनेको छ।** पूर्वोक्त (पहिले देखाइएको) असत् कार्यवाद हो आरम्भवादको मूल। आरम्भवादी किम्वा असत् कार्यवादी दार्शनिकहरूले परिणामवादलाई स्वीकार गर्दैनन्। सत् कार्यवाद हो परिणामवादको मूल। सांख्य पातञ्जल र वैष्णव वेदान्त सम्प्रदाय **परिणामवादलाई समर्थन गर्दछ।** कार्य वर्ग हो (यस मतानुसार) उपादान कारणको परिणाम। अद्वैतवादी सत् कार्यवादको सत्ता **सत् विवर्तवाद किम्वा सत् कारणवाद** समर्थन गर्नु हुन्छ र कार्य वर्गलाई मिथ्या भनि प्रतिपादन गर्नु हुन्छ। ब्रह्म सूत्र (१।१।२) भाष्यमा आचार्य शङ्कर ब्रह्मको जगत उपादानत्व (जगत उपादान ब्रह्मको जगताकारमा परिणामको कुरा) प्रकारान्तरले समर्थन गर्नु भयो। तर त्यो परिणाम हो मिथ्या (सत्य होइन)। कारण नै हो सत्य, कार्य हो मिथ्या—ब्रह्म नै हो सत्य, जगत हो मिथ्या (ब्रह्म सूत्र २।१।२७ हेर्नुस)।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सांख्य पातञ्जल जस्तो जगत प्रपञ्चलाई त्रिगुणात्मक प्रकृतिको परिणाम भनी स्वीकार गर्दछ अद्वैत वेदान्ती पनि गुणमय जगतलाई त्रिगुणात्मक मायाको परिणाम भनी ब्याख्या गर्नु हुन्छ तर सांख्यकार प्रकृतिलाई नित्य भनी ग्रहण गरेको छ सांख्य दर्शनमा पुरूष र प्रकृति दुवै हो नित्य पदार्थं। पुरूष हो कूटस्थ नित्य र प्रकृति हो परिणामशील र अनित्य अद्वैत वेदान्ती जो ध्रुव कूटस्थ र अविकारी, अपरिणामी हो त्यसलाई नै नित्य भन्नु हुन्छ–जो हो परिणामशील त्यसलाई नित्य भन्नु हुन्न—त्यसकारण अद्वैत वेदान्तमा जगत आकार परब्रह्म नै हो एकमात्र नित्य वस्तु त्रीगुणमयी विश्व जननी माया नित्य होइन–त्यो हो अनादी अनित्य र अनिर्वाच्य। विश्वको परिणामो उपादान यो त्रीगुणात्मिक माया हो जड् स्वभाव त्यसकारण स्वतन्त्र चैतन्यको सहायता विना माया विश्व रचना गर्नु अक्षम हो (ब्रह्म सूत्र १।१।५, २।२।१ हेर्नुहोस्)। त्यसैले अद्वैतवादीले जगतको अरू एउटा उपादान कारण स्वीकार गरेको छ। परब्रह्म नै हो त्यो द्वितीय अपरिणामी उपादान। सम्पूर्ण जगत हो सच्चिदानन्द ब्रह्ममा अध्यस्त (आरोपित)। परब्रह्म सत्ताबाट नै जगत सत्ता अनुप्राणित भएर सत्य स्वाभाविक भनी प्रतिभात भै रहेको छ। सच्चिदानन्द ब्रह्मसित कल्पित सम्पर्क त्याग भए ब्यावहारिक जगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

रहँदैन। जगतको अस्तीताको मूलमा ब्रह्म सत्ता विद्यमान भएको हुनाले परब्रह्मलाई जगत्को उपादान कारण भन्नु परेको हो। तर परब्रह्म यसरी जगत्को उपादान भए तापनि जगदाधार ब्रह्मको कुनै प्रकार विकार किम्वा परिणाम हुंदैन। यो कूटस्थ अविकारी ब्रह्मलाई अपरिणामी उपादान भएको हुनाले नै अद्वैत वेदान्तीले ग्रहण गरेको छ। यो **अविकृत ब्रह्म परिणामबाट** अद्वैत वेदान्तमा विवर्त नामले कहिएको छ। यसरी अद्वैत वेदान्तमा उपादान कारण हुन दुईवटा-(१) माया-परिणामी उपादान र (२) ब्रह्म-अपरिणामी उपादान किम्वा **विवर्त उपादान**। दृश्यमान जगत् प्रपंच हो **मायाको परिणाम र ब्रह्मको विवर्त** (परिणाम होईन)

अज्ञान वसात डोरीमा जस्तो मिथ्या सर्पको सृष्टि हुन्छ त्यस्तै अविद्या वसात् परब्रह्ममा मिथ्या जगत्को प्रतीति भैरहेको छ। परब्रह्ममा आरोपित मिथ्या जगत् पदार्थको अधिष्ठान (आधाररूपले उपादान कारण) हो परब्रह्म। कल्पित सर्पको आसरा रज्जु जस्तो सबै प्रकारले अविकृत रहिकन नै सर्पलाई सृष्टि गर्द छ ब्रह्म पनि त्यस्तै आफ्नो सत्चित् सुखरूपले अविकृत भैकन नै जगत् ईन्द्रजाललाई रचना गर्नु हुन्छ। निर्विकार परब्रह्मलाई अरुकुनै रूपले मिथ्या जगत्को

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

कारण भन्नु वन्दैन। विवर्तवादमा सम्पूर्ण जगत् हो माया कल्पित र मिथ्या। मायाको अधिष्ठान किम्वा आश्रय ब्रह्म नै हो एकमात्र सत्यवस्तु **यो नै हो विवर्त वादको मूल सूत्र।** मायावाद, अनिर्वचनीयवाद आदि हुन् विवर्तवादको नामान्तर मात्र। उपादान कारण र तत् उत्पन्न कार्यको सत्यता एक स्तरको भएको हुनाले कार्य वर्गलाई त्यो पक्षमा **कारणको परिणाम** भन्दछ। विभिन्न पक्षको भए त्यस्तो कार्यलाई **कारणको वितर्व भन्दछ।** सांख्योक्त गुणमयी प्रकृति र प्रकृतिबाट उत्पन्न भएको गुणमयी जगत् उभय नै समानरूपले सत्य भएको हुनाले सम्पूर्ण जगत्लाई प्रकृतिको परिणाम भनेको छ। अद्वैत वेदान्तको मतमा सत्य ब्रह्म नै हो मिथ्या जगत्-को अधिष्ठान किम्वा आश्रयरूप उपादान। यस पक्षमा उपादान कारण परब्रह्म र मिथ्या जगत् प्रपञ्च एकैस्तरको सत्ता होइन, यस्कारण मिथ्या जगत् हो **ब्रह्मको विर्वत,** परिणाम होईन। विवर्त वादमा परब्रह्म नै हो जगत्को उपादान र निमित्त कारण। ब्रह्मसूत्र १।१।४मा भनिएको छ कि जीव र जगत हो सारा ब्रह्म स्वरूप नै। उत्पत्तिशील जगत्को परब्रह्म हो मूल। जीव र जगत् ब्रह्मसत्ताबाट अनुप्राणित भैकन नै सत्य र प्राण युक्त भनी प्रतिभात हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

यसरी परब्रह्ममा जीव र जगत्को जो समन्वय प्रदर्शित भएको छ त्यो परब्रह्मलाई उपादान कारण भनी ग्रहण गरेमा नै संभव हुन्छ। अद्वैत वेदान्तको–एकलाई जाने पछी सबैलाई जान्नु संभव हुन्छ। यसप्रकारको स्वीकृति ब्रह्म उपादान कारण यसलाई निश्चित रूपले जनाई दिन्छ। मायावी परमेश्वर रूपले ब्रह्म नै हो जगत्को निमित्त कारण (अरुकुनै जगत् कर्ता किम्वा जगत्को निमित्त कारण छैन) यो पनि अद्वैत वेदान्त स्वीकार गर्दछ। एकै परब्रह्म मायाधीश रूपले जगत् स्रष्टा र जगत् पालक हुनुहुन्छ र अधिष्ठान किम्वा आश्रय रूपले जगत्को उपादान हुनुहुन्छ (ब्रह्मसूत्र १।४।२३ हेर्नु होस।

सत् कार्यवाद र सत्कारणवाद

अद्वैतवादीले–घटादि दृश्य प्रपञ्चलाई अनिर्वाच्य र मिथ्या भनी सिद्धान्त गरेकोछ। कारण नै निर्वचनको योग्य भएको हुनाले सत्य हो र कार्य सत् किम्वा असत् कुनै प्रकारले पनि निर्वचनको अयोग्य भएको हुनाले कार्य वर्ग हो अनिर्वाच्य–यो नै हो सतकारणवाद किम्वा सत्विवर्तवादको रहस्य। सत्कारणवाद समर्थन गर्नको लागि अद्वैत वेदान्तीले सांख्योक्त सत्कार्य सिद्धिको अनुकुल युक्तिहरूलाई ग्रहण गरेको छ। (२।१।१५, २।१।१६, २।१।१७ सूत्र हेर्नुं होस्) तर तीनिले सत्-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

कारणवादलाई अनुमोदन गरेका छैनन्। सांख्योक्त सत् कार्यवादको साधक युक्तिको सहाराले अद्वैत वेदान्ती सत्कारणवाद किम्वा सत् विवर्तवादलाई नै दृढरूपले संस्थापन गरेका छन्। "कार्य मात्र नै हो कारणको एक विशेष अवस्था" यस सिद्धान्तलाई सत्कार्यवादी सांख्य र सत्कारणवादी अद्वैत वेदान्ती उभयले नै ग्रहण गरेका छन्। यस्ता क्षत्रमा अद्वैत वेदान्ती भन्नु हुन्छ कार्य कारणको नै एक प्रकार विशेष अवस्था भएको हुनाले कार्य कारण रहस्य विचार गरे पछि देखिन्छ कि कार्य भन्ने स्वतन्त्र केही पनि छैन। कारणको नै एक प्रकार विशेष अभिव्यक्तिलाई कार्य भनेको छ र त्यसको विभिन्न नाम र रूपको परिकल्पना गर्दछ। नाम र रूपको कुनै वास्तव स्वरूप छैन। यो अवस्थामा कारणको सत्यता स्वीकार गरेमा नै कार्यकारण यी उभयको सत्यता ब्याख्या गर्न सकिन्छ। कार्यको पृथक सत्यको परिकल्पना हो अवास्तव। सत्कारणवाद नै हो दार्शनिक सिद्धान्त रूपले युक्ति सिद्ध (सूत्र भाष्य २।१।१५)। यस दृष्टि अनुसार नै अद्वैत वेदान्तीले कार्य जगत्लाई मिथ्या भनी सिद्धान्त गरेका छन्। माटो हो सांचो, मृण्मय घट् आदि माटोको सत्यतालाई छोडी दिए सत्य होईन किन्तु मिथ्या हो। ब्रह्मसत्ताबाट अनुप्राणित भएको हुनाले नै जीव र जगत् साँचो भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

मानिन्छ, वास्तवमा जीव र जगत् साँचो होईन— यिनीहरू हुन् एक अद्वितीय महासत्य सच्चिदानन्द ब्रह्मको प्रतिभास मात्र ।

(ग) सृष्टिमा ईश्वरको स्थान

न्याय वैशेषिकको आरम्भवाद होस, सांख्योक्त प्रकृतिवाद होस् किम्वा वेदान्तको मायावाद होस् सबै मतमा देखिन्छ कि जगत् सृष्टिको जो उपादान हो त्यो हो जड् र परतन्त्र, स्वतन्त्र चेतन होइन । चेतन, स्वतन्त्र कर्ताको सहारा विना अस्वतन्त्र जड् प्रकृति किम्वा माया सृष्टि गर्न सक्दैन (ब्रह्म सूत्र १।१।५ र २।२।१ हेर्नु होस्) । आखिर सम्म परमेश्वरको सृष्टिको ईच्छालाई नै सृष्टिको कारण भनी ग्रहण गर्नु पर्छ । अति आधुनिक वैज्ञानिकले क्षुद्रतम् (धेरै सानु) परमाणुको भित्र अपरिमित शक्तिको सन्धान प्राप्त गरी सक्नु भएको छ । त्यो शक्तिको प्रभावले नै परमाणुले जगत्‌मा असाध्य साधन गरेको छ । असंभवलाई संभव गरेको छ । जो कल्पनामा थियो त्यो वास्तवमा फलिभूत भै रहेको छ । यो शक्तिको प्रभाव हो असीम । तापनि प्रश्न हुन्छ कि त्यो आणविक शक्ति मृण्मय हो कि चिन्मय नै हो ? शक्तिको यो द्विविध प्रकार जड् विज्ञानमा र अध्यात्म दर्शनमा आत्म प्रकाश प्राप्त भएको छ । आणविक शक्ति हो

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

मृण्मय जड् शक्ति। ब्रह्म शक्ति किम्वा ईश्वर शक्ति हो चिन्मय। त्यसकारण अजड् र यो चित् शक्ति नै हो विश्वको उत्पादक महा शक्ति। यसैको अरू नाम हो परमेश्वरको श्रृष्टिको ईच्छा (सृष्टि गर्ने वृत्ति) यो नं हो वेदान्तको माया, सांख्यको प्रकृति र तन्त्रको दश महा त्रिद्या। यसरी परमेश्वर हुनुहुन्छ जगतको कारण यो सिद्ध भयो (ज्ञान सर्वस्व १६४-१६५ हेर्नुहोस्)।

३२ र ३३ सूत्रमा "सर्व शक्तिमान भएनापनि आप्त काम र नित्य तृप्त परमेश्वर कुनै प्रयोजन नभएको हुनाले जगत श्रष्टा हुन सक्दैन"। एसप्रकारको आक्षेपको समाधान प्रदर्शित हुन्छ।

पूर्व पक्ष सूत्र २।१।३२

किनकि विवेकी पुरूष प्रयोजनले मात्र कर्मयोग मा प्रवृत्त हुन्छ त्यसकारण ब्रह्मको जगत कर्तृत्व सम्भव छैन किनकि नित्य तृप्त भएको हुनाले। त्यसकारण समन्वय विरोध ग्रस्त भएको छ।

सिद्धान्त सूत्र २।१।३३

जस्तो लोकमा राजा र त्यसको मंत्री आदिको विना प्रयोजन केवलमात्र लिलारूप (क्रीड़ारूप, विलाशरूप) प्रवृत्ति देखिन्छ-अथवा जस्तो स्वास प्रस्वास आदि स्वभाव वसात् उत्पन्न हुन्छ त्यस्तै ब्रह्मको पनि यो विचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

जगत्‌रूप कार्य रचना हो केवल स्वभाव सिद्ध लिलामात्र (प्रयोजन सापेक्ष होईन। राजाहरूको लिलामा कथञ्चित् तृप्ति आदि फलको सभावना भए तापनि नित्य तृप्त ब्रह्मको जगत रचना हो लिलामात्र)।

यो दृश्य जगतको सृष्टि क्षुद्र शक्ति जीवको असाध्य भए तापनि सर्व शक्तिमान परमेश्वरको लागि यो कुनै ठूलो कुरा होईन। यो हो तिनको अनायासले सिद्ध लिलामात्र। लिलाले नै परमेश्वर यो दृश्यमान विश्व प्रपञ्चको सृष्टिमा प्रवृत्त हुनु भयो। आचार्य शंकरको यस उक्तिलाई समर्थन गरिकन वाचस्पति मिश्र भन्नु भो– भगवान महेश्वरको जगत सृष्टि हो स्वाभाविक किम्वा लिलामात्र (कुनै प्रयोजन पुर्तिको लागि होइन)। माण्डूक्य उपनिषदमा भनिएको छ कि आप्त काम परमेश्वरको जगत सृष्टि हो स्वाभाविक, कुनै स्पृहाबाट उत्पन्न भएको होईन। जो निस्प्रयोजन हो त्यसको लागि चेष्टा किम्वा कर्ममा उद्योग सभव हुन्छ कि ? यो प्रश्नको उत्तरमा बताईन्छ कि कुनै प्रकारको प्रयोजन नभएतापनि समय विशेषमा बुद्धिमान मानिस पनि भिन्न भिन्न कार्यमा आत्म नियोग गर्दछ यो देखिन्छ। निस्प्रयोजन चेष्टामा दृष्टान्त अप्य दिक्षीतले "वेदान्त कल्पतरू परिमल" ग्रन्थमा भन्नु भयो–चित्तमा अप्रत्यासित सुखको उदय भए मानिन जो हाँस्दछ, गाना गर्दछ र

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

दुःखको उद्रेक भए विलाप गर्दछ, रून्छ, त्यसको सुन्तु-दृष्ट कारण भए तापनि प्रयोजन देखिदैन। मनुष्य पनि हाँस्नुको रूनुको कारण नै अनुसन्धान गर्दछ, प्रयोजन अनुसन्धान गर्दैन। (२।१।३३ ब्रह्म सूत्र) कारण र प्रयोजन एक वस्तु होईन। परमेश्वरको पनि जगत सृष्टिको कारण छ प्रयोजन होईन। यो नै हो यो लिला सत्रको प्रयोजन। विश्व सृष्टिमा भगवानको यदि कुनै सृष्टिहरू पनि गर्नु पर्छ तब सृष्टि लिलाको सामुहिक आनन्दलाई नै सृष्टिको प्रयोजन भनी भने हुन्छ। "सृष्टि हो क्रिड़ाको लागि" यो माण्डूक्य श्लोकमा यो आनन्द नै व्यक्त भएको छ। आप्तकाम 'पूर्ण' पूज्य परमेश्वरको विश्व सृष्टि लिलाको आफ्नो कुनै प्रयोजन छैन – जीव प्रति अनुग्रह नै हो परमेश्वरको विश्व सृष्टिको विशेष प्रयोजन भनी जान्नु (गीता ३।२२ श्लोक, गीतामृत पृष्ठ ८३ र ईश्वर विज्ञान पृष्ठ ३३-३८ हेर्नुस्)। श्री मद्भागवतमा भगवत अवतारको जो प्रयोजन वर्णना गरिएको छ त्यसमा जीव प्रति भगवानको दया स्पष्ट रूपले प्रकाशित भएको छ (भागवत १।७।२५)।

३४-३६ सूत्रमा देखाइएको छ कि ईश्वरको पक्षपातित्व दोष छैन, किनकि प्राणिहरूको उत्तम मध्यम र अधमतारूप जो असमानता हो त्यसको प्रयोजक कारक हो तिनीहरू द्वारा अनुष्ठित त्यस्तो त्यस्तो कर्म नै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

यसबाट ईश्वरको स्वाधीनता व्याहत भएन, किनकि अन्तर्यामिरूपले उहां हुनुहुन्छ कर्महरूको फल प्रसवमा प्रेरण (प्रेरक) कर्ता। नियामकत्व भन्ने त्यो वस्तुनिष्ठ शक्तिहरूको अव्यवस्था परिहार मात्रलाई बुझनु पर्छ। शक्तिहरू हुन् माया शरीरको अन्तर्भूत। ईश्वर तिनीहरूको उत्पादक होइन त्यसकारण आफ्नो आफ्नो शक्ति वलले कर्म विषमता हेतु भएतापनि व्यवस्थापक ईश्वरको वैशम्य दोष हुन सक्दैन। जाग्रतको संसार (प्रलय) सुषुप्ति झैं दुःखको जनक नभएको हुनाले सबै प्रकार दुःखको निवर्तक भएको हुनाले ईश्वरको दयालुता नै सिद्ध हुन्छ। संसारको आदि नभएको हुनाले प्रथम सृष्टि नै छैन।

सूत्र २।१।३४

ब्रह्मको पक्षपातिता र निष्ठुरता हुँदैन किनकि तिनी (ईश्वर) प्राणीहरूको कर्मला अपेक्षाई गर्नु हुन्छ। "पुण्य कर्म द्वारा पूण्यवान र पाप कर्म द्वारा पापी हुन्छ" ईत्यादि श्रुतिले त्यस्तै बताएको छ। ईश्वरले कर्मलाई अपेक्षा गरेर अनिश्वर भै हाल्ला यस्तो भन्नु ठीक छैन किनकि नोकर आदिको सेवा अनुसार फलदाता राजाको राजत्व परिदृष्ट हुन्छ, राजा राजा नै हुनुहुन्छ।

सूत्र २।१।३५

संसार अनादि भएको हुनाले त्यसको प्रथमता

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

संगत छैन त्यसकारण विज र अंकुर झै कार्यकारण भाव युक्ति संगत भएको हुनाले कर्मलाई अपेक्षा गरिकन नै विषम श्रृष्टि हुन्छ यो हो संगत ।

सूत्र २।१।३६

संसारको अनादिताहो युक्ति संगत । संसारलाई सादि रुपले स्वीकार गरे अकस्मात श्रृष्टि अंगिकार हुन्छ र मुक्त पुरुषको फेरी जन्म हुन्छ र पूर्व पूर्व श्रृष्टिसित सादृस्य असंगत हुन्छ । "विधाता पूर्व कल्पना अनुयायी श्रृष्टि कल्पना गर्नु भयो," "आदि छैन अन्त छैन" ईत्यादि श्रुति र स्मृतिबाट संसारको अनादिता उपलब्ध हुन्छ ।

(ङ) जीवको कर्म सापेक्ष ईश्वर हो जगतको कारण

ईश्वर देवताहरुलाई अत्यन्त सुखी रुपले, पशुहरु लाई अत्यन्त दुःखी रुपले र मनुष्यहरुलाई मध्यम रुपले श्रृजना गर्नु भो तर परमेश्वर रागद्वेषको वशवर्ती भै कन ईच्छाले कसैलाई सुखी र कसैलाई दुखीः बनाउनु भएन । परमेश्वर जो वशीभूत हुनुहुन्न त्यो हामिहरु तिनको ती उक्तिहरुबाट नै अवगत छौं (गीतामृत पृष्ठ २८८-८९) त्यसकारण जीवको विविध कर्म नै हो विचित्र जगत श्रृष्टिको कारण यस प्रकारको सिद्धान्त स्वीकार गर्नु योग्य हो । वर्तमान सूत्र २।१।३६ मा यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

समर्थन मिल्छ। यो सूत्रको ब्याख्यानमा भाष्यकार शंकर भन्नु भयो कि जीवको कर्मको अपेक्षाले तदनुसार देवता मनुष्य पशुपक्षी आदि विचित्र जीवहरु र ती सारा जीवहरुको भोग्य—विश्वप्रपंचको श्रृष्टि र संहार गरेको हुनाले परमेश्वरको कसै माथी दया किम्बा निर्दयताको प्रश्न आउदैन। भगवान हुनुहुन्छ निर्मल पानी झैं। निर्मल जल धान जौ भिन्न भिन्न सबको कारण हुन्छ। भगबान पनि त्यस्तै यो विश्वश्रृष्टिको कारण हुनुहुन्छ। बृष्टिपातको फलले खेतमा कोई ठाउँमा धान कोई ठाउँमा जौ आदि उत्पन्न हुन्छ—त्यसमा विशेषको कारण हो विजनै, बृष्टिको पानी होईन। जल हो साधारण कारण भिन्न भिन्न सस्य विज हो असाधारण करण। देवता, मनुष्य, पशु आदि विचित्र श्रृष्टिमा तिनीहरुको पूर्व सीत अनादि कर्म विज नै हो असाधारण। परमेश्वर हुनुहुन्छ निर्मलपानी झैं साधारण कारण मात्र। यसरी विचित्र जीव श्रृष्टि पहिले गरिएको कर्म सापेक्ष भएको हुनाले ईश्वरको कसै प्रति पक्षपात (विषमता) किम्वा निर्दयता नैर्घृण्य) को आसंका गर्नु वन्दैन। परमेश्वर यदि जीवको कर्मको अपेक्षा नगरिकन आफ्नो ईच्छाले जगतको श्रृष्टि र संसार गर्नु हुन्थ्यो—कसैलाई परम सुखि, कसैलाई भिक्षा जीवि गरीकन श्रृष्टिको वैचीन्य सम्पादन गर्नु हुन्थ्यो। तब नै भगवानको पक्ष-

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पात दोष संभव हुने थियो (शांकर भाष्य २।१।३४ सूत्र)।

प्रश्न हुन सक्दछ कि आदि सृष्टिमा जब जीव ग्रहण गरेको छैन तव जीवको कुनै प्रकार शुभाशुभ रुप कर्मानुष्ठान संभव भएन त्यस्तै प्रथम सृष्टि सम्मत नै हुन्छ । २।१।३५ सूत्रको ब्याख्यामा आचार्य शंकर भन्नु हुन्छ कि जीवको संसार हो अनादि, संसारको यो श्रृष्टिप्रवाह हो अनादि। त्यसकारण सर्ब प्रथम श्रृष्टि भन्ने कुनै समात्नु योग्य छैन। जो श्रृष्टिको पहिले अरू कुनै श्रृष्टि भएको होईन यस्तो कुनै श्रृष्टि छैन। महाप्रलयको पछि जो नुन श्रृष्टि आरम्भ हुन्छ त्यसलाई सर्व प्रथम श्रृष्टि भन्दैन किनकि त्यसको पहिले पनि असंख्य श्रृष्टि र असंख्य प्रलय भै सकेकोछ। यसरी श्रृष्टि र प्रलय अनादि प्रवाहरूपले चली राखेकोछ। यस्तो परिस्थितिमा आदि सृष्टिको प्रश्न उठाईकन आदि श्रृष्टिमा किन विषमता भो यस्तो प्रश्न बन्दैन (२।१।३५ शांकर भाष्य)। संसार र सृष्टि प्रवाहको अनादिता प्रमाणित गर्नकोलागि २।१।३६ ब्रह्म सूत्रको भाष्यमा आचार्य शंकर भन्नु भयो कि—संसार सादि भए (अकस्मात यो संसारको उद्भव भए) जीव यथोचित सत्कर्म नगरिकन पनि संसारको विचित्र सुख उपभोग गर्न सक्छ। किनकि ईश्वरको अमोघ सुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

दुःखादि भोगको अरु पनि कारण हुँदैन । संसार अनादि भए र विचित्र विविध सृष्टिमा जीवको शुभाशुभ कर्मलाई कारण भनी ग्रहण गरे श्रृष्टि वैशम्यको अनायासले नै उपपादन गर्न संभव हुन्छ। यस्तो पक्षमा जीवको कर्म वाहेक त्यसको स्वरूप सृष्टि हुन सक्दैन। शरीर विना जीवको कर्म गर्नु सभव हुंदैन—यस प्रकार अन्वय दोष हुन सक्दैन। जस्तो विजको पछि, पहिले अकुरको सत्ता र त्यो अंकुरको पनि विजको सत्ता अवश्य स्विकार्य हो। त्यस्तै शरीर साध्य कर्मको अनादि कार्य कारण भाव अवश्य स्वीकार्य हो। सृष्टि प्रवाहको अनादिता प्रमाण गर्नका लागि शंकराचार्य "विधाता पूर्व कल्पानुयायी श्रृष्टिको कल्पना गर्नु भयो र यो संसार को प्रकृत स्वरूप के हो ? त्यसको उपलब्धि हुंदैन र यसको आदि अन्त्य र मध्यको पनि उपलब्धि हुँदैन" यस प्रकारको श्रुति र स्मृति (गीतामृत पृष्ठ ५१३ हेर्नुस्) उद्धृत गर्नु भो।

कार्यरूपले परिणत हुनु २ प्रकारले संभव हुन्छ–(१) दूध आदि झैं परिणाम रूपले अथवा (२) रज्जु आदि झैं भ्रमको अधिष्ठान रूपले। तन्मध्ये निगुर्ण ब्रह्मको उपा-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

दानतालाई हामिहरू भ्रमको अधिष्ठानता रूपले स्वीकार गर्छौं। निर्गुण भएतापनि ब्रह्म हो जगत भ्रमको अधिष्ठान यो सिद्ध भयो।

जगत कारणत्व (जगतको विवर्तोपादानता) र सर्व-ज्ञता आदि जो जगत कारण निष्ठ जो धर्महरु ती ब्रह्ममा संगत भएका हुनाले ब्रह्म नै हो जगतको कारण। त्यसैले ब्रह्ममा वेदान्त समन्वयको विरोध हुंदन। त्यो कुरा यहां उपसंहार गरिएको छ।

द्वितीय अध्यायको

वेदान्त समन्वय बिरोध परिहार नामक

प्रथम पाठ समाप्त

—: :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

द्वितीय अध्यायको
द्वितीय पाद (तर्क पाद)

यो पादमा सांख्य, ,बौद्ध, जैन र पाञ्चरात्र आदि मतवादहको दुष्टता प्रदर्शन गरिएको छ। परमत्वको दुष्टता प्रदर्शनबाट ब्रह्म विचाररूप स्वरूप्रयोजन दृढीकृत हुन्छ।

पूर्व पादमा अन्यान्य मतवादिहरुबाट श्रुति समन्वयमा जो विरोध उद्भावित भएको थियो त्यसको निराकरण द्वारा स्वरूप स्थापित भएको छ। अहिले सर्व दोष रहित यो अद्वैत दर्शनमा मुमुक्षु पुरुषको निःसंदिग्ध रूपले प्रवृत्ति सिद्धिको लागी परमत दूषण प्रधान यो द्वितीय पाद आरंभ भएको छ।

यो पादमा आठोटा अधिकरण छन् :—

(१) सांख्यमत खण्डन (युक्तिवल सांख्य सम्मत प्रधानको जगत कारणता निराकरण) (१-१० सूत्र)।

(२) विषदृश्य (अचेतन) जगत उत्पत्तिमा काणदीय दृष्टान्त (११सूत्र)

(३) वैशेषिक मतखण्डन (परमाणुको जगत कारणता निराकरण) (१२-१७सूत्र)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(४) वाह्य अस्तित्ववादि बौद्धमत खण्डन । अचेतन पञ्चम् खण्डबाट परमाणुबाट जगत उत्पत्ति संभव छैन (१८–२७)

(५) विज्ञानवादि बौद्धमत खण्डन । क्षणिक विज्ञानको वाह्य जगत आकारमा संभव छैन (२८–३२सूत्र)

(६) जैन मतवाद खण्डन (३३–३६सूत्र)

(७) सेश्वर सांख्य कणाद र पाशुपतादि सम्मत तटथ्येश्वर कारणवाद (ईश्वर हो केवल निमित्त कारण उपादान कारण होईन) निराकरण (३७–४१सूत्र)

(८) पाञ्चरात्र मत खण्डन । जीवको उत्पत्ति आदि निराकरण । (४२–४५सूत्र)

१–१० सूत्रमा जगत कारणता बोधक सर्वज्ञत्व सर्वशक्तिमत्व आदि धर्महरू प्रधानमा किन संगत होईन यस प्रकारका आक्षेपको समाधान गरएिको छ । देखाइएको छ कि सांख्य शास्त्रोक्त युक्तिहरू विचार नभएको हुनाले प्रमाण विरोधिता दृश्य युक्ति आभास द्वारा विरोध नै नभएको हुनाले वेदान्त समन्वय सिद्ध हुन्छ ।

सूत्र २।२।१

जगत "सुःख दुख मोहात्मक् वस्तुबाट उत्पन्न भएको छ किनकि जगत हो सुख दुःख आदि युक्त, जस्तो मृत्तिका युक्त घटादि" यस प्रकार अनुमान द्वारा सिद्ध प्रधान जगतको उपादान होईन किनकि श्रृष्टव्य पदार्थ विषय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

या ज्ञान सुन्य अचेतन प्रधानबाट अनेक प्रकार र विचित्र जगतको सृष्टि युक्ति संगत होइन । अन्तःकरणमा सुख दुःखादिको अनुभव भएको हुनाले वाह्य जगतको तत्युक्तता सिद्ध हुदैन अर्थात सुख दुःख आदि युक्तता रूप हेतु नभएका हुनाले स्वरूपको असिद्धि हुन्छ, त्य कारण सांख्य सिद्धान्त प्रमाण सिद्धान्त होईन ।

सूत्र २।२।२

साम्यावस्थाबाट प्रच्यूतिरूप जो प्रधानको प्रवृत्ति हो त्यो चेतनबाट प्रेरणा विना असंगत भएको हुनाले अनुमान सिद्ध स्वाधिन अचेतन प्रधान जगत कारण हैन किनकि लोकमा रथ आदिको प्रवृत्ति चेतनको अधिन रुपले नै हुनु देखिन्छ ।

सूत्र २।२।३

किन्तु अचेतन बस्तुको स्वय प्रवृत्ति भएको देखिन्छ जस्तो दूध बाच्छाको पुष्टिकोलागि स्वयं प्रवृत्त हुन्छ (आमाको स्तनबाट चोरति हुन्छ), पानी स्वयं नै प्रवाहित हुन्छ त्यस्तो प्रधान पनि स्वयं नै प्रवृत्त हुन्छ । यस प्रकार भन्नु वन्दैन किनकि त्यो दूध र जल आदि स्थल मा पनि "जा जलको भित्र अवस्थान गरेर यस्तो वाक्य द्वारा परमात्मा नै प्रेरक रुपले वर्णित भएको छ । त्यस कारण अचेतन प्रधान जगत कारण होईन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।२।४

धर्म आदिलाई अपेक्षा गरिकन प्रधानको अपेक्षा हुन्छ। यो ठीक होईन किनकि सांख्य मतमा साम्यावस्थामा अवस्थित गुणहरु नै हुन् प्रधान। प्रधान विना अन्य सहकारी नभएको हुनाले र पुरुष असंग र उदासिन भएको हुनाले प्रवृत्ति अथवा निवृत्तिमा त्यसको अपेक्षा अंगिकृत छैन। त्यसकारण धर्म आदिलाई अपेक्षा गरेर प्रधानको अपेक्षा सिद्ध हुंदैन त्यसैले प्रधान जगत कारण होईन।

सूत्र २।२।५

किन्तु सहकारीको अभाव भएनापनि प्रवृत्ति दोहरिन्छ जस्तो अरु कुनै निमित्तलाई अपेक्षा नगरेर घाँस आदि स्वभाव वसतः नै दूधरुगले परिणाम वसात प्राप्त हुन्छ त्यस्तै प्रधान पनि अन्य सहाय विना परिणाम प्राप्त हुन्छ। यसो भन्नु ठिक होईन। किनकि गाई देखी भिन्न गोरु आदिमा अथवा गृह, क्षेत्र आदिमा घाँसको दूधभाव प्राप्त हुंदैन। त्यस कारण प्रधान को स्वभाविक प्रवृत्ति हुनु संभव छैन।

सूत्र २।२।६

प्रधानको स्वतः प्रवृत्ति स्वीकार गरेतापनि सांख्य मतावलम्वीको प्रतिज्ञा हानि भै हाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रधान जस्तो कुनै सहकारीलाई अपेक्षा गर्दैन त्यस्तो कुनै प्रयोजनलाई पनि अपेक्षा गर्दैन । त्यसैले अचेतन प्रधान चेतनपुरुषको भोग र मोक्ष प्रयोरूजन सम्पादनको लागि प्रवृत्त हुन्छ यो प्रतिज्ञा भंग हुन्छ ।

सूत्र २।२।७

यदि भन्छौ कि पुरुष नै प्रधानको प्रवर्तक होस। यसो भन्नु वन्दैन किनकि प्रधान पुरुषबाट प्रेरित भए "प्रधान हो स्वाधिन" यस प्रकार जो सांख्यको स्वीकृति हो त्यो सित विरोध हुन्छ । पुरुष प्रवृत्त भए त्यसको कूटस्थताको ब्याघात हुन्छ । यो दुवै दोष प्राप्त हुन्छ तर हामिहरुको मतमा ब्रह्मको प्रवर्तकता हो आविद्यक यस कारण ब्रह्मको कूटस्थताको हानी हुंदैन ।

सूत्र २।२।८

अरु पनि एक कुरा छ । सांख्य मतमा गुणत्रयको साम्यावस्थान हो प्रकृति (प्रधान) । त्यो कूटस्थ भए परस्पर प्रतीति निरपेक्ष गुणहरुको साम्यावस्थाबाट प्रच्यूति संभव नभएको हुनाले महत्तत्व आदि कार्यहरुको अभिव्यक्ति हुंदैन । यो दोष आईहाल्छ । प्रधान विकारी भए साम्यावस्थाबाट स्वतः नै प्रच्यूति हुन्छ कि ? अथवा अरुबाट प्रच्यूति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुन्छ ? स्वतः प्रच्यूति संगत होइन, किनकि त्यसो भए सदा नै कार्यको अभिव्यक्ति भैं हाल्छ।

सूत्र २।२।९

जहाँबाट कार्य उत्पत्ति संभव हुन्छ त्यसप्रकार परस्पर सापेक्ष गुणहरूलाई अनुभव गर्दछु। यस प्रकारले अनुमान गरे सृष्टिको अभावरूप पूर्वोक्त दोषहुन पाउँदैन। यसको उत्तरमा सिद्धान्ति भन्नु हुन्छ-त्यसो भन्नु वन्दैन। किनकि गुणहरू हुन् अचेतन (ज्ञान शक्ति रहित)। अचेतन गुणहरूको स्वतः विषमता (स्वतः परस्पर सापेक्षता) अंगिकार गरे सदा नै कार्य उत्पत्ति भै रहन्छ। स्वतः अविसमता भए सदा नै साम्यावस्थामा अवस्थिति भै रहन्छ। त्यसकारण गुरुहरूको परस्पर सापेक्षा उपपन्न नभएको हुनाले कार्यको अनुत्पत्तिदोष रही रहन्छ।

सूत्र २।२।१०

सांख्यमतवाद असंगत हो यसमा अरु हेतु पनि देखाईन्छन। सांख्यहरू कुनै ठाउँमा महत्तत्वबाट पञ्चतन्मात्राको सृष्टि भनेको छ, कुनै ठाउँमा अहंकारबाट तन्मात्राको सृष्टि भनेको छ, र कुनै ठाउँमा ईन्द्रिय हो एघारवटा, कुनै ठाउँमा वह्या ईन्द्रियहरूलाई त्वक् ईन्द्रियमा अन्तर्भूत गरीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

ईन्द्रिय सातवटा हो भन्दछ ईत्यादि। यसरी परस्पर विरोध भएको हुनाले सांख्य मत हो असंगत। श्रुति र स्मृतिको विरोध वसात् र महाजनबाट परिगृहित नभएको हुनाले सांख्य मत हो असमञ्जस।

सूत्र २।२।११

सांख्य मतको निराकरण गरेर अहिले वैशेषिक नैयायिकको निराकरण गरिन्छ। स्वतः परिमाण युक्त द्यणुक र पारिमाण्डल्य परिमाणयुक्त परमाणुबाट महत्व र दीर्घत्व परिमाणयुक्त त्र्यणुक झैं र अनुक्त र रसत्व परिमाण युक्त द्यणुक झैं चैतन्य ब्रह्मबाट अचेतन जगत उत्पन्न हुन्छ।

सूत्र २।२।१२

वैशेषिकहरू भन्छन् कि "निश्चल परमाणुहरूको संयुक्त भए द्यणुक आदि क्रमले जगतको उत्पत्ति हुन्छ"। किन्तु त्यो संयोग क्रियाको अपेक्षा गर्दछ र कृया श्रुतिको परवर्ती कालमा जीवको प्रयत्नबाट उत्पन्न हुन्छ। त्यसकारण जीवकृत प्रयत्नको अभावले सृष्टिको पहिले क्रिया संभव हुंदैन। अरू यदि क्रिया प्रति कुनै निमित्तलाई स्वीकार गरेको हुंदैन तब क्रियाको उत्पत्ति हुँदैन – यसप्रकारको परिस्थिति आई हाल्छ। क्रियाको अभाव वसात द्वयणुक आदि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

क्रमले सृष्टिको अभाव। त्यसकारण वैशेषिक सिद्धान्त ह्रो भ्रान्ति मूलक, यो सिद्ध भा।

सूत्र २।२।१३

परमाणु र द्वयणुकको भिन्न समवाय अंगीकृत भएको हुनाले जस्तो परमाणु द्वयबाट अत्यन्त भिन्न भएको हुनाले द्वयणुक समवायलाई अपेक्षा गर्दछ यसप्रकार समवाय र समवायीद्वय देखि अत्यन्त भिन्न भएको हुनाले समवायीद्वय सित अरू समवाय द्वारा सम्वद्ध हुन्छ। किनकि द्वयणुकको विभिन्नता भैं समवाय र समवायोको भिन्न अत्यन्तभिन्नतारूप साहश्य हुन्छ। त्यसकारण त्यो त्यो समवायको अरू अरू समवाय कल्पना गर्नु पर्छ। यसप्रकारले अनवस्था दोष प्राप्त भएकोले द्वयणुक आदि क्रमले सृष्टि उत्पत्निको अभाव भै हाल्छ।

सूत्र २।२।१४

यदि भनिन्छ कि परमाणुहरूमा क्रिया स्वतः नै हुन्छ किनकि प्रवृत्ति नै हो तिनीहरूको स्वभाव। त्यसकारण सृष्टिको अभाव हुंदैन–तब त्यसको उत्तर मा भगवान सूत्रकार भन्नु हुन्छ कि प्रवृत्ति नै परमाणुहरूको स्वभाव भए प्रवृत्ति सर्वदा नै वर्तमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

भैरहेको हुनाले प्रलयको अभाव भैहाल्छ । त्यसकारण परमाणु कारणवाद असंगत हो ।

सूत्र २।२।१५

परमाणुहरूको कारणता निराकरण गरीकन तिनीहरूको निरवयवता आदिलाई निराकरण गरिन्छ । क्षिती, जल, तेज र वायुको यी चारप्रकार परमाणुहरू हुन रूप र स्वर आदि युक्त । निरवयव नित्य र अणुपरिमाण विशिष्ठ यो हो वैशेषिकहरूको सिद्धान्त । यो संगत हुंदैन किनकि जगतको अंगीभूत परमाणुहरूको रूपादि विशिष्ठता अंगीकृत भएको हुनाले तिनीहरूको सावयवत्व, स्थूलत्व र अनित्यत्व प्रसक्त हुन्छ, किनकि लोकमा रूपादियुक्त लुगा आदिको सावयवता आदि देखिन्छ ।

सूत्र २।२।१६

परमाणु वाद निराकरणको अरू पनि हेतु छन् वैशेषिक मतमा परमाणुहरू अधिक र अल्प गुण युक्त हो कि ? अथवा एक एक गुण युक्त ? **प्रथमपक्षमा** अधिकगुण युक्त पृथ्वी आदि स्वरूपको स्थूलता देखिएको हुनाले परमाणुहरूको स्वरूपको उपचय वसात् अपरमाणुत्व भैहाल्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

दोश्रो पक्षमा परमाणुहरूको एक एक गुण विशेषता भए परमाणुको कार्य भूत पृथ्वी श्रादिहरूमा रूप र रस श्रादिको श्रनुपलब्धि भै हाल्छ । किनकि कार्य निष्ठ गुण कारण निष्ठ गुणबाट उत्पन्न हुन्छ यसरी दुवै पक्षमा दोष भएको हुनाले परमाणु कारण वाद हो श्रसंगत ।

सूत्र २।२।१७

प्रधान कारणवाद, सत्कार्यता, (उत्पत्तिको पहिले कारणमा सूक्ष्मरूपले कार्यको वर्तमानता) आदि श्रंश मनु श्रादि शिष्टहरूबाट परिगृहित भएको छ । तर परमाणु कारणवाद कुनै श्रंशमा कुनै शिष्ट जनबाट श्रंगीकृत नभएको हुनाले मंगलाकांक्षी वेदवादीहरूबाट श्रत्यन्त उपक्षेणीय हो। यसकारण भ्रान्ति नै हो जसको एकमात्र भूल त्यस्तो वैशेषिक मतवाद द्वारा वेदान्त समन्वयको विरोध हुंदै हुंदैन ।

१८।२७ सूत्र अर्ध वैनासिक वैशेषिक मतलाई निराकरण गरेर १८–२७ सूत्रमा पूर्ण वैनासिक बौद्धमतको निराकरण गरिन्छ। वाह्य श्रस्तित्ववादि बौद्धहरूको सिद्धान्त यही हो विचारणीय विषय। बौद्ध-हरू मान्दछन् कि वाह्य र श्राभ्यन्तर भेदले पदार्थ हो दुई प्रकार। तन्मध्यमा वाहिर जो भूमि नदि श्रादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

समुदाय हो त्यो परमाणुरूप कारणबाट उत्पन्न हुन्छ । चित्त चैत्य रूप जो आभ्यान्तर समुदाय हो त्यो स्कन्धरुप कारणबाट उत्पन्न भएको छ । यी दुवै समुदाय हुन् अशेष जगत । यो बौद्ध सिद्धान्त हो भ्रान्त । बौद्धमतमा स्थिर चेतन नभएको हुनाले र स्कन्ध आदि अचेतन भएको हुनाले स्कन्धहरूको अथवा परमाणुहरूको समुदाय युक्ति संगत हुंदैन ।

(जसले कतिपय पदार्थको विनास स्वीकार गर्दछ तिनीहरूलाई अर्ध वैनासिक भन्दछन् । वैशेषिकहरू क्षिती, जल, र तेज वायुलाई विनासशिल भनेको छ । बौद्ध सिद्धान्त हो सर्व वैनासिक । बौद्ध मतमा ३ प्रकारका मतावलम्वीहरू छन् । (१) सर्वास्तीत्व वादी (जो वाहिर र भित्र सारा पदार्थको अस्तीता स्वीकार गर्दछ) (२) वाह्य शून्यतावादी (जो केवल मात्र विज्ञान किम्वा बुद्धिको अस्तीता मात्र स्वीकार गर्दछन्) र (३) सर्व शून्यता वादि । तन्मध्यमा जो सर्वास्तीत्व वादि किम्वा वाह्यास्तीत्व वादी (जो वाहिर भूत र भौतिक वस्तु चित्त र चैत्य वस्तु अंगीकार गर्दछ) तिनीहरूको निराकरण गरिन्छ ।

सूत्र २।२।१८

बुद्ध मुनिबाट उपदिष्ट शास्त्र शिष्य सम्प्रदायको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

बुद्धिको विचित्रताले — वैभाषिक, शौत्रान्तिक, विज्ञान वादि र सर्व शून्यता वादि यी चारप्रकार भएका हुन् । तन्मध्यमा वैभाषिक र शौत्रान्तिकको मतमा बाहिर पदार्थको अस्तीता स्वीकृत भएको हुनाले तिनीहरूको मत हो भ्रन्ति मूलक, यो सिद्ध गरिन्छ। परमाणु हो जसको हेतु यस्तो वाह्य पदार्थहरू र स्कन्ध हो जसको हेतु यस्तो आभ्यन्तर पदार्थहरू यो दुवै समुदाय भावको प्राप्ती हुंदैनन् । किनकि अचेतन परमाणुहरूको र स्कन्धहरूको आफू बाट नै संहत हुनु संभव हुंदैन किनकि समष्टि भावको कर्ता स्थिर चेतन बौद्धमतमा स्वीकृत भएको छैन । त्यस्कारण तिनीहरूको मतवाद हो भ्रान्ति मूलक यो सिद्ध भयो ।

सूत्र २।२।१९

किन्तु संघातकर्ता चेतनको अभाव भएतापनि संघात (पदार्थहरूको एकत्रित हुनु) वन्दछ । अविद्या समस्कार विज्ञान, कार्यको जनकरूपले ज्ञात हुन्छ । अर्थात अविद्या आदि पदार्थ कारण हुन्छ। यसको उत्तरमा सिध्दान्ति भन्नु हुन्छ कि यो ठीक होइन किनकि अविद्या आदि परस्पर प्रतिकारण भएतापनि तिनीहरू केवल आफूहरूको उत्पत्तिमा नै हेतु हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

(संघातको उत्पत्तिमा होइन) त्यसकारण कार्यको उत्पत्ति संभव छैन किनकि संघात कर्ता स्थिर चेतन अंगीकृत भएको छैन।

सूत्र २।२।२०

अरू पनि एक कुरा छ। सारा पदार्थलाई क्षणिक रुपले दोस्रा क्षणमा नश्य भएको हुनाले जो अंगीकार गर्दछ तिनीहरूको मतमा कार्यको उत्पत्ति संभव छैन। कार्यको उत्पत्ति कालमा विद्यमान कार्यको कारणता देखिन्छ (विनष्ट भएको माटो कारण हुन सक्दैन बौद्ध मतमा दोश्रो कार्य क्षणको उत्पत्तिमा पूर्ववर्ति कारण क्षणको विनास स्वीकृत भएको हुनाले कारणबाट कार्यको उत्पत्ति संभव हुंदैन। परवर्ति कार्यको उत्पत्ति कालमा नै पूर्ववर्ति कारण विनष्ट भै हाल्छ। त्यसैले कारणबाट कार्यको उत्पत्ति संभव हुंदैन।

सूत्र २।२।२१

अरू यदि हेतुको अवर्तमानमा कार्यको उत्पत्ति स्वीकार गरिन्छ तब "संस्कार, चक्षु, आलोक र विषय यो चारवटा हेतु वर्तमान भए नील र पीत आदिको ज्ञानरुप कार्य उत्पन्न हुन्छ" यो प्रतिज्ञाको हानि भै हाल्दछ। कारणबाट कार्यको उत्पत्ति हुन्छ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

यो स्वीकार गरीकन कार्यको उत्पत्ति कालसम्म कारणको स्थिति अंगीकार गरे कारण कार्यको पूर्व कालमा अवस्थित भै हाल्छ। अरू त्यसो भए भाव पदार्थहरू हुन् क्षणिक। यो क्षणिकत्व जो प्रतिज्ञा हो त्यसको हानि भै हाल्छ।

सूत्र २।२।२२

(१) संघातको उत्पत्ति (२) कार्य कारण भाव र क्षणिकत्व सिद्ध हुंदैन यो देखाएर अहिले बौद्धहरूको अरू प्रकार स्वीकृतिलाई निराकरण गरिन्छ। वैनासिकहरू भाव पदार्थहरूको "बुद्धि पूर्वक नास", "अबुद्धि पूर्वक नास" र "आकाश" यी तीनवटालाई सत्ता सहित भन्दछ। त्यसको भित्र आकाशलाई सूत्रकार पछि प्रत्याख्यान गर्नु हुन्छ। अहिले नाशद्वय-लाई प्रत्याख्यान गर्नु हुन्छ। बुद्धि पूर्वक नाश र अबुद्धि पूर्वक नाशरूप निरोध द्वयको (धारा र जसको धारा त्यो व्यष्टि वस्तुहरूमा) प्राप्ति संभव हुंदैन। किनकि सन्तान र सन्तानीहरूको विच्छेद हुंदैन त्यसकारण निरोध द्वय संगत हैन।

सूत्र २।२।२३

अविद्या निरोधलाई निराकरण गरिन्छ। क्षणिक पदार्थहरूमा जो स्थीरत्व भ्रान्ति हो त्यो नै हो अविद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

त्यसको नाश सम्यक् ज्ञान द्वारा हुन्छ कि अथवा स्वतः हुन्छ ? प्रथम पक्ष संगत हैन, किनकि बौद्धमतमा कारण विना जो नाश स्वीकृत हुन्छ त्यसको हानि हुन्छ। दोश्रो पक्ष पनि संगत हैन, किनकि सम्यक् ज्ञानको उपदेश अनर्थक भै हाल्दछ। उभय प्रकारले नै दोष

सूत्र २।२।२४

खड़ा भएको हुनाले स्वगत मतवाद हो असंगत।

अहिले आकाशको निःस्वरूपताको निराकरण गरिन्छ। "आत्माबाट आकाश उत्पन्न भो" ईत्यादि श्रुति भएको हुनाले र शब्दरूप गुण युक्त भएको हुनाले आकाश र पृथ्वी आदि झैं वस्तुता ज्ञानको समता भएको हुनाले त्यसको निःस्वरूपता सिद्ध हुंदैन।

सूत्र २।२।२५

अहिले आत्माको क्षणिकत्व निराकरण गरिन्छ। अनुभवको पछि उत्पन्न हुन्छ जो स्मृति त्यसको वलले अनुभव कर्ता आत्माको क्षणिकत्व संगत हुंदैन किनकि एकको अनुभूत विषयमा अरूको स्मृति संभव हुँदैन। आत्मा अक्षणिकता वशात् पनि बौद्धमत हो असंगत।

सूत्र २।२।२६

साक्षात अभावबाट भाव पदार्थको उत्पत्ति बौद्ध-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हरूले आफ्ना ग्रन्थमा प्रदर्शन गरेका छन्। परन्तु नि:स्वरूप अभावबाट कार्यको उत्पत्ति युक्ति संगत हैन। किनकि नि:स्वरूप मनुष्यको सिङ् आदिबाट कार्यको उत्पत्ति देखिदैन।

सूत्र २।२।२७

अभावबाट भावको उत्पत्ति स्वीकार गरे अरू प्रकार दोष आइ हाल्छ, यो अहिले देखाईन्छ। तत् तत् कार्यको साधनहरूमा अप्रवृत्त पुरूषका पनि (मानिसको) र ? आफ्नो आफ्नो अभिमत कार्यको सिद्धि भै हाल्छ। यो युक्ति संगत हैन। त्यसकारण भ्रान्ति नै जसको एक मात्र मूल हो त्यो वाह्यार्थवादी वैभाषिक सौत्रान्तिकको मतवादद्वयद्वारा कूटस्थ नित्य ब्रह्ममा वेदान्त समन्वयको विरोध हुंदैन–यो सिद्ध भो।

क्षणिक वाह्य पदार्थ अंगीकारकारीको मतलाई निराकरण गरीकन २८–३२ सूत्रमा क्षणिक आन्तर विज्ञान मात्रको सत्यतावादी जो अपेक्षा गर्दछ त्यसको निराकरण गरिन्छ। क्षणिक विज्ञान (बुद्धि) को वाह्य जगदाकारमा अवभास संभव छैन।

सूत्र २।२।२८

वाह्य पदार्थ स्वप्न पदार्थ झैं हैन। वाह्य पदार्थ उपलब्ध हुन्छ–त्यो उपलब्धि नै हो वाह्य पदार्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

अस्तितामा प्रमाण (स्वरूप प्रकाश पृष्ठ १४८-४६ हेर्नुस) यदि भनिन्छ कि बुद्धि नै घटादि भैं प्रतीत भैरहन्छ "जो भित्र ज्ञेय विषय हो त्यो वाहिर अवस्थित भैं प्रतियमान हुन्छ"–तव भन्छु कि "बाहिर अवस्थित भैं" यो विज्ञान-वादीको जो कथन हो त्या पनि हो वाह्य पदार्थको अस्तिता-मा प्रमाण। कुनै ठाउंमा वाह्य पदार्थं नभए तद् विषयक ज्ञानको अभावले 'वाहिर अवस्थित भैं" यसप्रकार सादृश्य कथन संगत हुंदैन। त्यसकारण वाह्य पदार्थ विद्यमान भएको हुनाले वाह्य पदार्थहरूको विज्ञान मात्रता भन्नु ठीक छैन। त्यसकारण योगाचार मत हो असंगत, यो सिद्ध भयो।

जागतिक पदार्थंहरूको व्यावहारिक सत्यता आचार्य शंकरले स्वीकार गर्नु भयो। दृश्यमान विश्व प्रपञ्च स्वप्न दृष्टज गतआदि झैं सामयिक मात्र हैन–ब्रह्मज्ञान उदय नहुनु सम्म यिनीहरूको सत्यता स्वीकार्य हो–यो कुरा शंकर भगवान स्पष्टरूपले व्यक्त गर्नु भयो (शांकर भाष्य २/२/२८)।

सूत्र २।२।२६

स्वप्न कालीन ज्ञान र जाग्रत कालीन ज्ञान - यीनी-हरूको परस्परको भित्र यथा क्रमले वाधित विषयता र अवाधित विषयता रूप पार्थक्य भएको हुनाले स्वप्नादिको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

दृष्टान्तबाट जाग्रत कालीन ज्ञानको निरालम्बता (वाह्य पदार्थलाई आलम्बन नगर्नु) सिद्ध हुंदैन (स्वरूप प्रकाश पृष्ठ १४८-१४६ हेर्नुस्)। स्वप्न कालमा प्रतिभासिक विषयहरू विद्यमान रहन्छन् ।

सूत्र २।२।३०

यदि भनिन्छ कि वाह्य पदार्थ विद्यमान नभएतापनि वासनाहरूबाट विज्ञानको वैचित्र्य हुन्छ–त्यसको प्रत्याख्यान गरिन्छ। वासनाहरूको सत्ता संभव छैन किनकि विज्ञानवादीको मतमा वाह्य पदार्थहरूको उपलब्धि हुँदैन। वाह्य पदार्थको अनुभव वासनाको कारण भएको हुनाले वाह्य पदार्थ रूप कारणको अभावमा वासना रूप कार्यको अभाव भै हाल्छ।

सूत्र २।२।३१

यदि भनिन्छ कि "अहम्" आकार आलय विज्ञान नै (अहं बुद्धि नै) हो वासनाको आसरा। यसको उत्तरमा सिद्धान्ति भन्नु हुन्छ–आलय विज्ञानको पनि क्षणिकता स्वीकृत भएको हुनाले यो वासनाको आश्रय हुन सक्दैन।

सूत्र २।२।३२

यो सबै प्रकारले नै असंगत भएको हुनाले भ्रान्ति मूलक सौगत मत मंगलाकांक्षी वेदबाट आदरणीय होइन, यो सिद्ध भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

३३ र ३६ सूत्रमा जैनहरूको मतवाद निराकृत हुन्छ।

सूत्र २।२।३३

दिगम्बरहरूको मतवाद हो भ्रान्ति मूलक। सप्त-भंगी न्यायलाई सारा पदार्थको योजनाकारी जैनहरू प्रत्येक पदार्थको अनेक रूपता भन्दछन्। तर एकै वस्तुमा विरूद्ध धर्महरू संभव नभएको हुनाले वस्तुको अनेक रूपता संगत हुँदैन।

सूत्र २।२।३४

जीवको शरीर परिमाणतामा (शरीर जति ठूलो हुन्छ जीव पनी त्यती नै ठूलो हुन्छ यो मतवादमा दोष देखाईन्छ)। जस्तो एकत्र विरूद्ध धर्मको असंभावना दोष स्याद्वादमा प्रसक्त (लागु) हुन्छ त्यस्तै जीवको परिच्छिन्नतारूप अरू दोष प्राप्त हुन्छ किनकि तिनीहरूको मतमा जीवको देह परिमाणता अंगीकृत हुन्छ।

सूत्र २।२।३५

त्यो त्यो वृहत् र क्षुद्र शरीर प्राप्ति द्वारा बृद्धि र ह्रास युक्तता अंगीकार गरे आत्मा सावयव भएको हुनाले विकारी र अनित्य भै हाल्दछ। अनित्य भए वन्ध र मोक्ष विषयक स्वीकृति वाधित भै हाल्छ यो नै हो दोष।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।२।३६

मोक्ष र तत्पूर्वकालीन जीव परिमाणको समता वसात जीवको क्षुद्र र बृहत् शरीर धारण असंभव हुन्छ।

सूत्र २।२।३७

जगत पनि ईश्वरको जगतको उपादानभूत प्रधान आदिको प्रेरक रूपले केवल निमित्त कारणता संभव हैन किनकि जगतको सृष्टि क्रियामा प्रवृत्ति भए ईश्वरमा रागादि दोष आइहालेको हुनाले असामञ्जस्य भै हाल्छ "ईश्वर प्राणिहरूको कर्मलाई अपेक्षा गर्नु हुन्छ यसकारण वैषम्य आदि दोष ईश्वरको प्राप्त हुँदैन। यसप्रकार अंगीकारको निम्ति वेद नै हो प्रमाण। त्यसकारण ईश्वर हो जगतको अभिन्न निमित्त उपादान कारण। यसरी समन्वय सिद्ध भयो।

सूत्र २।२।३८

प्रधान कारणवादमा अरू दोष देखाईन्छ। प्रेर्य प्रधान आदि सित प्रेरक निरवयव विभू ईश्वरको सम्बन्ध युक्तिसंगत नभएको हुनाले ईश्वर प्रेरक (निमित्त कारण) होईन।

सूत्र २।२।३९

ईश्वरको प्रधान आदिलाई प्रेरणा गर्नु युक्ति संगत नभएको हुनाले पनि असामञ्जस्य भै हाल्छ। ईश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

किन प्रधान आदिको प्रेरक हुन सक्दैन ? किनकि रूपादि रहित भएको हुनाले माटो आदि देखि प्रधानको वैलक्षण्य भएको हुनाले तद् विषयक प्रेरणा असंगत भैहाल्छ। श्रुति नै एक मात्र आश्रय भएको हुनाले दृष्टपदार्थको अपेक्षा छैन ।

सूत्र २।२।४०

अप्रत्यक्ष भएको हुनाले ईन्द्रियहरू जस्तो जीव-बाट प्रेरित हुन्छन् त्यस्तै अप्रत्यक्ष भएता पनि प्रधान ईश्वरबाट प्रेरित हुन्छ – यदि यस्तो भन्छौ तब त्यो ठीक होईन । किनकि भोगादि दोषहरू आईहाल्छन् । आफ्नो भोगको लागि जीवको ईन्द्रिय प्रेरकता झैं ईश्वर प्रधानको प्रेरक भए ईश्वरमा भोग आदिको प्राप्ति भै हाल्छ।

सूत्र २।२।४१

तार्किकहरूबाट परिकल्पित जो असंगत तटस्थेश्वर कारणवाद त्यसबाट जगतको अभिन्न निमित्तोपादानुभूत ब्रह्ममा वेदान्त समन्वयको बिरोध हुंदैन ।

सूत्र २।२।४२

वेदको अविरूद्ध अंशमा भागवत मतको प्रमाण मूलकता होस् । तर वेद बिरूद्ध जीवको उत्पत्तिमा यो सम्भव छैन। वासुदेवबाट जीवको उत्पत्ति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

संभव छैन। उत्पत्ति स्वीकार गरे जीव घटझैं अनित्य भैहाल्छ तब मोक्ष कस्को होला ? त्यस कारण भागवत सिद्धान्त हो भ्रान्तिमूलक ।

सूत्र २।२।४३

जीवबाट मनको उत्पत्ति ऐले निराकृत हुन्छ । कर्ता जीवबाट मनोरूप करण उत्पन्न हुन्छ, यो युक्ति संगत होईन ।

सूत्र २।२।४४

यदि भन्छौ कि संकर्षण आदि हो परब्रह्म वासुदेवको स्वेच्छा गृहित विग्रह रूप (वासुदेव झैं विज्ञान स्वरूप ईश्वर नैं) यसमा "भगवान वासुदेव हुनुहुन्छ एक मात्र" यो स्व:सिद्धान्तको बिरोध हुन्छ। अरू पनि तारतम्यको अभाववशात् उत्पत्तिको असंभावना दोष रहीरहन्छ ।

सूत्र २।२।४५

पाञ्च रात्र शाश्त्रमा ज्ञान, ऐश्वर्य, शक्ति, बलबिर्य र तेजलाई वासुदेवको गुण भनिएको छ। अरू ठाउँमा गुणहरूलाई बासुदेव भनिएको छ । यस प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

गुण र गुणीको भिन्न भेद र अभेद वर्णित भएको छ परिणामले परस्पर बिरोध भैहालेकोले यो भागवत मतवाद प्रामाणिक हैन । यसरी सांख्य वैशेषिक बौद्ध; जैन, माहेश्वर, भागवत यी मतवादहरू भ्रान्त मूलक भएको हुनाले ती मतवादहरूबाट निर्दोष अद्वैत ब्रह्मबाट जगतको सृष्टि वर्णनाकारी वेदान्त समन्वय बिरोध ग्रष्त हुंदै हुदैन, योसिद्ध भयो ।

द्वितीय अध्यायको सांख्यादि मतवादहरूको दुष्टता नामक दोश्रापाठ

समाप्त

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र प्रस्थान

द्वितीय अध्याय

तृतीय पाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

द्वितीय अध्याय – तृतीय पाद

(विपत् - अध्याय)

यो पादको नवम अधिकरण सम्म पूर्व भागमा पञ्च महाभूत श्रृष्टि विषयक श्रुति वाक्यहरूको र दशम अधिकरण देखि उत्तर भागमा **जीव विषयक** र दशम अधिकरण देखि उत्तर भागमा श्रुति वाक्य-हरूको बिरोध परिहार गरिन्छ—

यस पादमा १७ वटा अधिकरण छन् :—

१. आकाश हो उत्पत्तिशील अनित्य पदार्थ सूत्र १-७

२. आकाश भावापन्न ब्रह्मबाट बायुको उत्पत्ति सूत्र ८

३. ब्रह्मको जन्म राहित्य सूत्र ९

४. बायु भावापन्न ब्रह्मबाट तेजको उत्पत्ति सूत्र १०

५. तेजोपाधिक ब्रह्मबाट जलको उत्पत्ति सूत्र ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

६. जलोपाधिक ब्रह्मबाट पृथ्वीको उत्पत्ति
सूत्र १२

७. पूर्वोपाधिक ब्रह्मबाट उत्तर कार्योत्पत्ति
सूत्र १३

८. प्रलयमा उत्पत्तिको विपरीत क्रमले भूतलय
सूत्र १४

९. महाभूतहरूको अन्तर्गत भएको हुनाले प्राण आदिको उत्पत्तिद्वारा श्रृष्टि र प्रलय क्रमको भंग हुंदैन
सूत्र १५

१०. देहको जन्म मरण हो अविनाशी जीवको औपाधिक जन्म मरण
सूत्र १६

११. जीव हो नित्य चैतन्य स्वरूप (ज्ञान स्वरूप)
सूत्र १७

१२. जीव हो नित्य चैतन्य स्वरूप (ज्ञान स्वरूप)
सूत्र १८

१३. जीव हो स्वरूपतः बिभू र अन्तःकरण उपाधि योगले मध्यम परिणाम (अणु परिमाण) सूत्र १९–३२

१४. जीव नै हो कर्ता, जड् बुद्धि हैन सूत्र ३३–३९

१५. ब्रह्माभिन्न जीवको कर्तब्य हो बुद्धिरूप उपाधि जन्य, त्यसकारण मिथ्या सूत्र ४०

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

१६. जीवात्मामा अरोपित कर्तृत्व हो ईश्वराधिन सूत्र ४१–४२

१७. जीव र ईश्वरको भित्र र जीवहरूको परस्पर भित्र ब्यवहार सांकर्य निराकरण सूत्र ४३–५३

१–७ सूत्रमा सिद्धान्ति भन्नु हुन्छ एक बिषयको ज्ञानबाट सर्व बिषयहरूको ज्ञान भएको हुनाले वायु आदि देखि आकाश भिन्न पदार्थ नभएको हुनाले आकाशको उत्पत्ति प्रतिपादक श्रुति भएको हुनाले विवर्त वादमा कारणको एकत्व सिद्ध भएको हुनाले आकाश ब्रह्मबाट उत्पन्न हुन्छ। आरभवादमा समवायी असमवायी र निमित्त रूप कारण भएको अपेक्षा श्रयतापनि विवर्त वादमा त्यसको अपेक्षा छैन।

एकदेशी सूत्र

सूत्र २।२।३७

आकाशको उत्पत्ति हुन्छ कि हुँदैन यस्तो सन्देह भए— पूर्ब पक्षी भन्दछ –छान्दोग्य श्रुतिमा तेज आदिको श्रृष्टि श्रुत भएको छ, तैत्तिरीयकमा आकाश आदिको श्रृष्टि देखाइएको छ त्यसमा एक देशी * भन्द-

* श्रुति समन्वयको बिरोध प्रदर्शनबाट जो श्रुतिको अप्रमाण्य निश्चय गर्दछ त्यसको मतवाद हो पूर्ब पक्षी। गौण ब्याख्याबाट जो श्रुति बाक्यको बिरोध परिहारको चेष्टा गर्दछ त्यसको मतवाद हो एक देशीय पक्ष। यसको मतवाद पनि हो निराकरणको योग्य एक देशिको मतवादलाई पूर्ब पक्षी भने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

छ। आकाश उत्पन्न हुँदैन किनकि आकाशको प्रतिपादक वाक्य श्रुतिमा पाईंदैन । तैत्तिरीयकमा जो आत्माबाट आकाश उत्पन्न भएको हो यसप्रकार श्रुत हुन्छ त्यो हो गौण, यत्तिनै हो गुढ अभिसन्धि ।

पूर्वपक्षी सूत्र

सूत्र २।२।२६

गुढ़ अभिसन्धि जो जान्दैन त्यो आशंका गर्दछ छान्दोग्यमा आकाश उत्पत्ति नभएता पनि त्यो तैत्तिरीय-मा विद्यमान छ परिणामले बिरोध पूर्व अवस्थामा नै रहेको छ ।

एकदेशी सूत्र

सूत्र २।२।३६

आकाशको उत्पत्ति प्रदर्शक श्रुति हो गौण, मुख्य होईन किनकि समवायी कारण आदि सामग्रीको अभाव भएको हुनाले आकाशको उत्पत्ति सम्भव छैन ।

एकदेशी सूत्र

सूत्र २।२।३०

"वायु र अन्तरिक्ष यिनीहरू हो अमृत स्वरूप" यसप्रकारले आकाशमा अमृत शब्दको प्रयोग देखिएको हुनाले आकाशको उत्पत्ति हुँदैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकदेशी सूत्र

सूत्र २।३।४

जस्तो एकै प्रकरणमा बिषयको बिभिन्नताले "अन्न हो ब्रह्म" यो ठाउँमा ब्रह्म शब्द हो गौण र "आनन्द हो ब्रह्म" यो ठाउँमा ब्रह्म शब्द हो मुख्य त्यस्तै यहाँ बिषयको बिभिन्नता वशात सभूत शब्दको पनि तैत्तिरीयकमा गौणता र छान्दोग्यमा मुख्यता हुन्छ। छान्दोग्यमा तेज जल र अन्नको उत्पत्ति बताइएको छ। त्यसकारण आकाश हो नित्य पदार्थ (युक्ति पुष्ट छान्दोग्य श्रुतिको बलले आकाशोत्पत्ति श्रुति (तैत्तिरीय हो गौण)।

सिद्धान्त सूत्र

सूत्र २।३।६

विज्ञय ब्रह्मबाट वस्तु जात (वस्तुहरू) अभिन्न भएको हुनाले "आत्म विज्ञानबाट सर्वज्ञान विषयक प्रतिज्ञाको परित्याग हुँदैन। ब्रह्म देखि भिन्न भावमा अवस्थित नित्य आकाश अंगीकार गरे त्यो प्रतिज्ञा परित्याग हुन्छ। त्यसैले त्यो प्रतिज्ञा अंगीकार गर्नु उचिज्ञाहो। अरू पनि हेर 'यो आत्माबाट आत्मावान' (छन्दोग्य६।८।७) यसप्रकार कार्य र कारणको अभिन्नता प्रतिपादन श्रुति-वाक्यहरूबाट "एक विज्ञानमा सर्वविज्ञान रूप प्रतिज्ञाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सिद्धि हुन्छ । * त्यसकारण एक विज्ञानबाट सर्वविज्ञान" सिद्धिको लागि आकाशको उत्पत्ति स्वीकार्य हो ।

सूत्र २।३।७

एक देशीबाट जो भनिएको हो त्यो अनुमान द्वारा पनि दुःखित हो । यावतीय (सारा) कार्य पदार्थलाई ढाकेर आकाश विद्यमान भएको हुनाले त्यसमा भेद देखिन्छ । पृथ्वी देखि विभक्त भएको हुनाले आकाशको ब्रह्मकार्यता हो निर्विवादले सिद्ध । घटादिको कार्य वस्तुको भैं भिन्नता देखिन्छ किन्तु ब्रम्हा वस्तुमा विभाग देखिंदैन ।

सूत्र २।३।८

छान्दोग्यमा वायुको उत्पत्ति श्रुत नभएतापनि गुणो पसंहार (३।३।१) न्यायको बलले अरू श्रुति संगृहित भएको हुनाले वृहदारण्यकमा कथित वायुको अविनासित्व प्रतिपादक श्रुति हो गौण (किनकि उपासनाको प्रकरणमा स्तुतिको लागि पठित भएको छ)। त्यसकारण आकाश भैं वायु उत्पन्न हुन्छ । आकाशोपाधिक ब्रह्म हो वायुको कारण (पूर्व पूर्व कार्य विशिष्ट ब्रह्म हो उत्तरोत्तर कार्यको हेतु) । आकाशको उत्पत्तिको व्याख्यानबाट वायु आकाशावच्छिन्न ब्रह्मबाट उत्पन्न भएको छ, यसप्रकार बुभनु ।

* वाराणसीको सिद्धान्त पत्रिकाको "सर्व विज्ञान" यो उपादेय विस्तृत निवन्ध हेर्नुस ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।९

सत् स्वरूप ब्रह्मको उत्पत्ति संभव छैन। किनकि सत् सामान्यबाट सत्सामान्यका उत्पत्ति संगत छैन। घट आदि विशेष वस्तुको नै मृत्तिका सामान्यबाट उत्पत्ति देखिन्छ।

सूत्र २।३।१०

"वायुबाट अग्नि उत्पन्न भयो" यो श्रुतिवलले वायु भावापन्न ब्रह्मबाट अग्नि उत्पत्ति हुन्छ। यसप्रकारले छान्दोग्य र तैत्तिरीय यो दुवै श्रुतिको एक वाक्यता संभव हुन्छ। "जसले तेजलाई श्रृष्टि गर्नु भयो" यसरी ब्रह्म बाट तेजको उत्पत्ति श्रुत भएका छ। यहाँ वायु भावापन्न ब्रह्मबाट नै तेजका उत्पत्ति विवक्षित हो।

सूत्र २।३।११

"अग्निबाट जल उत्पन्न भयो" यो श्रुतिको वलले वन्हि (अग्नि) उपाधिक ब्रह्मबाट जलको उत्पत्ति हुन्छ। यसरी मुण्डक र तैत्तिरीय श्रुतिको एक वाक्यता संभव हुन्छ।

सूत्र २।३।१२

"त्यो जल अन्नलाई उत्पादन गऱ्यो।" अन्न शब्दको अर्थ हो पृथ्वी (भक्षणीय वस्तु होईन) किनकि पृथ्वीको पानीबाट उत्पत्ति प्रतिपादक अरु श्रुति वाक्य छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सूत्र २।३।१३

परमेश्वर तत् तत् कार्य विषयक ईक्षणबाट नै स्थित भूतहरूको प्रेरक भएर त्यो त्यो कार्यलाई श्रृष्टि गर्नु भयो, किनकि "जो पृथ्वीमा अवस्थान गरेर" (बृहदारण्यक ३।७।३) आदि प्रकारले त्यो परमेश्वरको सर्व नियन्त्रित रूप ज्ञापक प्रमाण श्रुत भएको छ। त्यसकारण परमेश्वर अधिष्ठित भूतहरूको श्रष्टित्व प्रतिपादक भएको हुनाले छान्दोग्य र तैत्तिरीय (ब्रह्मको श्रष्टित्व प्रतिपादक र भूतहरूको स्रष्टित्व प्रतिपादक) श्रुति वाक्य द्वयको एक वाक्यता वसात अविरोध सिद्ध हुन्छ।

सूत्र २।३।१४

कारण पहिले विलीन भए उपादान हीन कार्यहरूको केही काल अवस्थान प्रसक्त (प्राप्त) हुन्छ, परन्तु कारण वर्तमान नभए कार्यको वर्तमानता युक्ति संगत होईन। त्यसैले "पृथ्वी जलमा विलीन हुन्छ" यसप्रकार विपरीत क्रमको कथन भएको हुनाले प्रलयमा श्रृष्टि क्रम देखि विपरीत क्रम बुझ्नु पर्छ, किनकि कार्यहरूको आफ्नो आफ्नो कारणमा विलय देखिन्छ। विपरीत क्रमले नै लय हुनु संगत हो, त्यसो नभए कार्य वर्तमान रहँदा कारणको नास भै हाल्छ यो युक्ति संगत होईन। त्यसकारण आकास आदि क्रमले प्रलय हुंदैन, किन्तु पृथ्वी आदि क्रमले जगत प्रतीत हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।१५

किनकि इन्द्रिय, मन र बुद्धि यी सारा भौतिक भएको हुनाले भूतोत्पत्ति क्रम देखि इन्द्रियादिको उत्पत्ति क्रमको भेद छैन। त्यसको फलले जुन क्रमले भूतहरूको उत्पत्ति हुन्छ त्यो क्रमले नै भौतिक पदार्थको उत्पत्ति हुन्छ, त्यसकारण पूर्वोक्त भूतोत्पत्ति क्रम सित विरोध हुँदैन।

सूत्र २।३।१६

जन्म मरणको जो कथन हो त्यो देहको उत्पत्ति र नासलाई अनुसरण गर्दछ। किन्तु जीवमा त्यो गौण हुन्छ। देहको उत्पत्तिमा जन्म शब्द र मृत्युमा मरण शब्दको प्रयोग हुन्छ। देहको उत्पत्ति आदिको अपेक्षा गरीकन नै जात कर्महरूको विधान भएको हुनाले तद्बोधक शास्त्र सित जीव नित्य बोधक शास्त्रको विरोध हुँदैन।

सूत्र २।३।१७

जीव उत्पन्न हुँदैन किनकि श्रुतिमा महाभूतादिको उत्पत्ति प्रकरणमा जीवोत्पत्ति श्रुत भएको छैन। अरू पनि "त्यो यो महान जन्म रहित आत्मा" "जन्म रहित र नित्य" "जीवको मृत्यु हुँदैन" ईत्यादि श्रुतिहरूबाट जीवको नित्यता जानिन्छ। जीवको जन्म बोधक वाक्य औपाधिक जन्मलाई अवलम्बन गर्दछ। त्यसकारण त्यो सित जीवभावले प्रवेश बोधक (तैत्तिरीय २।६) वाक्यको विरोध हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सूत्र २।३।१८

चैतन्य स्वरूप ब्रह्मको नै जीवरूपले प्रवेश श्रुतिमा वर्णित भएको हुनाले, जीव ब्रह्म स्वरूप भएको हुनाले त्यो हो अवश्य नै चैतन्य स्वरूप। सुषुप्तिमा पनि चैतन्य विलुप्त हुँदैन किनकि सुषुप्तिको साक्षीरूपले तत्कालमा पनि अवस्थान गर्दछ। त्यसो नभए "म सुख सित सुतेको थिएं" यस प्रकार सुषुप्तिको स्मृति नहुने थियो। सुषुप्ति कालमा द्वैत ज्ञान नहुनाको कारण यो हो कि तत्कालमा द्वैतको विलोप वसात द्वैतज्ञान हुँदैन (ज्ञानको लोप वसात होईन)। किनकि ज्ञानको लोप अंगीकार गरे साक्षी चैतन्यको विद्यमानता स्वीकार गर्नु नै पर्छ। ज्ञान स्वरूप साक्षी चैतन्य तत्कालमा विद्यमान नभए "ज्ञानको लोप भएको थियो" यो कसैले पनि भन्न सक्तै नथ्यो। जो यो भन्दछ त्यो त हो ज्ञान स्वरूप साक्षी चैतन्य। ज्ञान (साक्षी चैतन्य) रहन्छ किन्तु द्वैत वस्तु रहंदैन। यस विषयमा प्रमाण हो "द्रष्टाको दृष्टिको (ज्ञानको) विलोप हुंदैन" (बृहदारण्यक ४।३।२–३) आदि श्रुति।

जीव हो स्वयं ज्योति स्वरूप। किनकि त्यसको उत्पत्ति नै संभव छैन। स्वयं प्रकाश ब्रह्म नै उपहित भैकन जीव पद वाच्य हुन्छ "जब दर्शन गर्दछ तब द्रष्टा नामले कहिन्छ" (बृहदारण्यक १।४।७) यो श्रुति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आगन्तुक वृत्ति ज्ञानलाई प्रदिपादन गर्दछ। त्यसकारण "सर्वतो भावले नै ज्ञान् स्वरूप (बृहदारण्यक ४।५।१३) यो स्वयं ज्योतिस्तस्त्व श्रुतिको आगन्तुक वृत्ति ज्ञानको प्रतिपादक "दर्शन गरेको हुनाले द्रष्टानामले कहिएको छ" यो (बृहदारण्यक १।४।७) श्रुति सित कुनै विरोध छैन।

पूर्व दुई अधिकरणमा ब्रह्म देखि अभिन्न रूपले प्रतिपादनको योग्यताको निम्ति जीवको नित्यता र नित्य चैतन्य स्वरूपता (स्वयं प्रकाशता) प्रतिपादित भएको छ। यिनीहरू हो जीवात्माको अन्तरङ्ग स्वरूप। जीवको परिमाण हो तद् अपेक्षा वहिरंग।

१९–३२ सूत्रमा जीवको त्यो वहिरंग स्वरूप निर्णित भएको छ। चित् प्रतिबिम्ब समेत बुद्धि अणु (असर्वगत) भएको हुनाले त्यो बुद्धिरूप उपाधि वसात जीवको अणुता (मध्यम परिमाणता र उत्क्रान्ति आदि सिद्ध हुन्छ)। तर स्वरूपतः ब्रह्म भएको हुनाले जीवको सर्वगतत्व (विभूत्व) "महान र जन्म रहित आत्मा आदि श्रुतिमा वर्णित भएको छ। त्यसकारण जीव हो सर्वगत (विभू), विभू भएकों हुनाले जीव र ब्रह्मको एकता र ब्रह्ममा वेदान्त समन्वय सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

सूत्र २।३।१९
एकदेशी सूत्र

एकदेशी भन्दछ– "यो शरीरबाट उत्क्रमण गर्दछ" (कौशितकी ३।३) "तिनीहरू सवैले चन्द्रलोकमा गमन गर्दछ" (ऐतरेय १।२) र "त्या लोकबाट फेरी आगमन गर्दछ" (बृहदारण्यक ४।४।६) यसप्रकारले उत्क्रान्ति गमन र आगमन श्रुतिमा वर्णित भएको हुनाले जीव हो अणुपरिमाण।

सूत्र २।३।२०
एकादेशी सूत्र

वैशेषिकहरू मान्दछन् कि देहबाट आत्माको निर्गमन उत्क्रान्ति होईन, किन्तु देहको स्वामित्व निवृत्ति नै हो उत्क्रान्ति शब्दको अर्थ। अनुमान नै उत्क्रमण गरीकन भोग देशमा गमन गर्छ। यस्तो स्वीकार गरेर जीवको अणुपरिमाणतालाई साधन गर्नुको निम्ति भन्दछ—जीव विभू भए देहको स्वामित्व निवृत्ति रूप उत्क्रान्ति यद्यपि संभव हो तापनि उत्क्रान्तिको परवर्ती जो गमन र आगमन हो जसको जीवात्माहरू सित सम्बन्ध वसात् जीव अणुपरिमाण भएमा गमनागमन संभव हुन्छ।

सूत्र २।३।२१
एकदेशी सूत्र

यो जीव अणुपरिमाण होईन किनकि "अनणु" (बृहदारण्यक ३।८.८) "महान जन्म रहित"

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(बृहदारण्यक ४।४।२२) ईत्यादि ठाउँमा अणुत्वको विपरीत व्यापित्वको वर्णना श्रुतिमा छ। —यदि यस प्रकार भनिन्छ–त्यसको उत्तरमा एकदेशी भन्दछ कि त्यो भन्नु बन्दैन किनकि सारा उपनिषदमा प्रधानरूपले जीव देखि भिन्न ब्रह्मको ज्ञेयरूपले प्रस्ताव भएको छ र अनणुत्व आदि श्रुति ब्रह्मको नै प्रतिपादक हो, जीवको होईन।

सूत्र २।३।२२

एकदेशी सूत्र

"यो अणुपरिमाण आत्मा" (मुण्डक ३।१।९) यो अनन्त वाचक शब्द र "केशको अग्रभागको सौ भागको" (श्वेताश्वतर ५।९) यो उन्मान (धेरै सानु परिमाण) शब्द यो दुवै शब्दबाट जीवको अणु परिमाणता अवगत हुन्छ। जीव हृदयरूप सानु ठाउँमा अवस्थान गरेको हुनाले जीव हो धेरै सानु।

सूत्र २।३।२३

एकदेशी सूत्र

जस्तो शरीरको एकदेशमा अवस्थित चन्दन विन्दु समग्र शरीर ब्यापी सुखलाई उत्पन्न गर्दछ, त्यस्तो अणु जींव पनि सारा देह व्यापि श्वेत्यादि (चीसोपन) को उपलब्धि सम्पादन गर्दछ। यसकारण विरोधको अभाव संभव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सूत्र २।३।२४
एकदेशी सूत्र

शरीरको एक अंशमा चन्दन बिन्दुको अवस्थिति र समग्र शरीरमा सुख प्रदान प्रत्यक्षबाट नै अवगत हुन्छ (जानिन्छ)। तर जीवको सम्पूर्ण शरीरमा उपलब्धि मात्र नै हो प्रत्यक्ष चन्दन झैं, एक देशमा स्थित हुनु हैन—यस प्रकारले दृष्टान्त चन्दन र द्राष्टान्तिक आत्मा तुल्य नभएको हुनाले शरीर व्यापी चीसोपनको उपलब्धिरूप कार्यबाट जीवको महत्‌परिमाणता कल्पना गर्नु युक्ति संगत हैन। किनकि जीवका अणुत्व अंगिकार गरिन्छ। "हृदयको अभ्यन्तरमा ज्योतिर्मय पुरुष" (बृहदारण्यक ४।३।७) यस प्रकार अल्प परिमाण हृदयमा जीव अवस्थित भैरहेको छ। यो श्रुतिबाट जानिन्छ। अणु भएको हुनाले जीवको एक देशमा अवस्थिति संभव हुन्छ।

सूत्र २।३।२५
एकदेशी सूत्र

जस्तो लोकमा घरमा स्थित प्रदीप सानु भएतापनि प्रभारुप गुणको बलले सारा गृहव्यापी प्रकाश आदि कार्य संभव हुन्छ त्यस्तै आत्मा अणु भएतापनि तद् आश्रित ज्ञानरुप गुणको व्यापकता

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अंगीकार गरेको हुनाले ब्यापक गुण वसात व्यापी कार्य (सम्पूर्ण शरीरमा चीसो पनको उपलब्धी) संभव हुन्छ । त्यसकारण दृष्टान्त र द्राष्टान्तिकमा बिषमता छैन ।

सूत्र २।३।२६

एकदेशी सूत्र

फूलको बगैंचा देखि टाढा पर्यटनकारी पुरुषलाई गन्धको उपलब्धी हुन्छ । गन्ध गुण भएतापनि जस्तो त्यो फूल (गुणी) देखि भिन्न देशमा व्याप्त हुन्छ त्यस्तो ज्ञानको (आत्माको गुणको) अन्यत्र व्याप्ति सभव हुन्छ । त्यसकारण अणु आत्माको सारा देहमा उपलब्धि हुनु विरुद्ध होइन ।

सूत्र २।३।२७

एकदेशी सूत्र

ज्ञान द्वारा नै आत्माको देह व्याप्तिको बारेमा भगवान सूत्रकार श्रुतिको सम्मति वर्णना गर्नु हुन्छ "नखको अग्रभाग सम्म यो शरीरमा प्रविष्ट हुनु हुन्छ" '(बृहदारण्यक १।४।७) यो श्रुति ज्ञान गुण द्वारा आत्माको सारा शरीरमा व्यापित्व देखाइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।२८

एकदेशी सूत्र

ज्ञान द्वारा समग्र शरीर व्यापिताको लागी अरु हेतु देखाईन्छ । "ज्ञान द्वारा शरीरमा आरोहण गरेर" (कौशितकी ३।६) यसप्रकारले कर्ता र करण भावले आत्मा र ज्ञानको भिन्न भावरुपले वर्णना भएको हुनाले गुणबाट आत्माको शरीर व्यापिता जानिन्छ । त्यहांबाट ज्ञान हो व्यापक र जीव हो अणु यो सिद्ध हुन्छ । "महान र जन्म रहित आत्मा" (बृहदारण्यक ४।४।२२) आदि श्रुतिलाई परमात्म बिषयक भनि व्याख्या गर्नु पर्छ । यो हो एक देशीको अभिप्राय ।

सिद्धान्त सूत्र

सूत्र २।३।२९

जीव अणुपरिमाण होईन, किनकि जीवात्मारुपले अनु प्रवेश गरीकन " (छान्दोग्य ६।३।२) यसप्रकारले जीवरुपले शरीरमा प्रबेश श्रुतिमा वर्णित भएको छ । फेरी "तिमी हौ तत् स्वरुप" (छान्दोग्य ६।८।७) यसप्रकारले जीव र ब्रह्मको अभिन्नता उपदिष्ट भएको छ बुद्धिको गुण हो अणुता (परिच्छिन्नता, २।४।७ सूत्र हेर्नुस), उत्क्रान्ति, गमन, आगमन, सुख, दुःख, । त्यसैले परिच्छिन्नता, गमनागमन र सुख दुख (बुद्धिका गुणहरू) जीवमा प्रधान रुपले प्रतीयमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएको हुनाले जीवको अणुपरिमाणता कहिएको छ त्यो स्वभाविक होईन । जस्तो सगुण उपासनामा हृदयादिरुप उपाधिले परमात्माको अणुता वर्णित भएको छ (छान्दोग्य ८।१।१) । किन्तु त्यो परमात्माको स्वभाविक स्वरुप होईन त्यस्तै यहां पनि बुझ्नु पर्छ ।

सिद्धान्त सूत्र

सूत्र २।३।३०

आत्माको बुद्धि सित संयोग (जीवको संसार) त्याहां सम्म रहन्छ जहां सम्म "म हुँ ब्रह्म" यसप्रकार सम्यक ज्ञान द्वारा निबृत्त हुँदैन । त्यसकारण उक्त दोष छैन । जबसम्म "म हुँ संसारी" यो ज्ञान रहन्छ त्यहाँ सम्म बुद्धि संयोग रहिरहन्छ किनकि 'तिनी बुद्धि सित नदरुप भैकन ईहलोक र परलोक दुवै लोकमा विचरण गर्नु हुन्छ" (बृहदारण्यक ४।३।७) यो श्रुतिमा देह वियोग भएतापनि बुद्धि संयोग देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आभासवाद, अवच्छेदवाद र प्रतिविम्बवाद अनुसार जीव र ईश्वर को स्वरुप ।

अन्तःकरण सित ब्यापक ब्रह्म चैतन्यको जो सम्बन्ध वसात ब्रह्म चैतन्य जीव नामले कहिन्छ त्यो सम्बन्ध कुन प्रकारको हो त्यस विषयमा विभिन्न आचार्यहरुका विभिन्न मतवाद देखिन्छ ।

(१) आभासवाद (सुरेश्वराचार्य)

जलपूर्ण घटमा व्यापक आकाशको प्रतिविम्ब झैं अन्तःकरणमा जो सर्बब्यापी ब्रह्म चैतन्यको प्रतिविम्ब पर्दछ (चिदाभाष) हो र त्यस अन्तःकरणको अधिष्ठानभूत जो कूटस्थ ब्रह्म चैतन्य हो—त्यो दुवैको जो आध्यासिक मिलीतावस्था (मेलन) हो त्यसलाई जीव भन्दछ । तर सुषुप्तिकालमा अन्तःकरण आफ्नू परिणामी उपादान कारण अविद्यामा विलीन हुन्छ तापनि "म सुख सित सुतेको थिएं" यसप्रकार अनुभव सबैलाई हुन्छ । त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अन्तःकरण मात्र उपाधी भए कार्य निर्वाह नभएको हुनाले जाग्रत अवस्थामा अन्तःकरणरुपले जसको परिणाम हुन्छ त्यो मलीन सत्व गुण प्रधान व्यष्टि अज्ञानमा (अविद्यामा) जो चित प्रतिविम्बित हुन्छ र त्यो अविद्याको अधिष्ठान जो कूटस्थ ब्रह्म चैतन्य हो यो उभयको आध्यासिका मिलनलाई **जीवरुपले** अगीकृत हुन्छ । शुद्ध सत्व गुण प्रधान मायामा चित्प्रतिविम्ब र त्यो मायाको अधिष्ठान ब्रह्म चैतन्य यो दुवैका अध्यासिक मिलिताबस्थालाई **ईश्वर नामले** कहिन्छ ।

(२) अवच्छेदवाद (वाचस्पति मिश्र)

आकाश ब्यापक पदार्थ भएतापनि व्यवहारिक दृष्टिमा घट जस्तो त्यसलाई सिमीत गरी हाल्छ, अर्थात घटको भित्र परेको आकाश महाकाश देखि जस्तो भिन्न हुन्छ, त्यस्तै ब्रह्म चैतन्य सर्बब्यापि भएर पनि अन्तःकरण त्यसलाई सिमाबद्ध रूपले बोध गराउँछ । यसरी अन्तःकरण द्वारा अबिच्छिन्न (सिमीत भाव प्राप्त) चैतन्य नै हो जीव । घटको भित्र परेको आकाश जस्तो वास्तवमा माहाकाश देखि भिन्न भएको हुँदैन त्यस्तै निरवयव ब्रह्मको पनि कुनै हिस्सा अन्तःकरण द्वारा परिच्छेद प्राप्त हुन सक्दैन । तापनि ब्रह्म चैतन्य जो अन्तःकरण द्वारा परीच्छिन्न रुपले (जीवरुपले) प्रतिभान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुन्छ त्यो हो भ्रम मात्र । यो मतवादमा पनि सुषुप्ति अवस्थाको उपपत्तिको लागी मलीन सत्व प्रधान व्यष्टि अविद्यावच्छिन्न चैतन्यलाई जीव-रुपले अगीकार गरिएकोछ र अन्तःकरण द्वारा अनवच्छिन्न (मायावच्छिन्न) जो चैतन्य हो तिनी नैं ईश्वर रुपले अगीकृत हुन्छन् ।

(३) प्रतिविम्ववाद (विवरणाचार्य)

ऐनामा परेको मुखको प्रतिविम्व झैं अज्ञानमा परेको ईश्वर चैतन्यको जो प्रतिविम्व हो त्यसलाई **जीव** भनेको छ र ब्रह्म चैतन्य नै हो ईश्वर । यस मतमा शुद्ध ब्रह्म वस्तु र ईश्वर हो अभिन्न । अज्ञानमा प्रतिविम्वित ईश्वर चैतन्य जीव रुपले अंगीकृत भए तापनि यो मतमा अन्तःकरण रुप उपाधि परित्यक्त हुँदैन । सर्वब्यापि सूर्य किरणको ऐनामा विशेष अभिव्यक्ति झैं अज्ञानमा प्रतिविम्वित व्यापक जीवको अज्ञान परिणामभूत अन्तःकरण रुप हो बिशेष सभिव्यक्तिको स्थान । ऐनामा भएको मलीनता जस्तो मुखमा प्रतीत हुन्छ त्यस्तै अन्तःकरणगत कर्तृत्वादि धर्म तत् प्रतिविम्वित चैतन्यमा (जीवमा) प्रतिभान हुन्छ । (ब्रह्म सूत्र २।३।४३ र २।३।५० हेर्नुहोस)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आभास र प्रतिविम्वमा भेद

आभासवादीको प्रतिविम्व (पानीमा परेको सूर्यको प्रतिविम्व झैं) हो मिथ्या छायामात्र, किनकि साँचो सूर्य पानीमा छैन । मैलो पानीमा जस्तो सूर्यको स्पष्ट स्फूरण हुंदैन त्यस्तै अन्तः-करण र अविद्यामा परेको शुद्ध चैतन्यको स्पष्ट स्फूरण हुंदैन । त्यसैले यो प्रतिविम्वको नाम हो चिदाभास चैनन्यको आभास मात्र ।

प्रतिबिम्व वादीको प्रतिविम्व हो साँचोवस्तु । छायाको यो स्वभाव हुन्छ कि त्यहाँ विपरीत भाग देखिन्छ (शरीरको छायामा पृष्ठ देश नै देखिन्छ मुख मण्डल देखिदैन) । प्रतिविम्वमा विम्व जो अभिमुखमा रहन्छ प्रतिविम्व त्यसको विपरीत अभिमुखमा हुन्छ त्यसकारण प्रतिविम्वमा विम्व नै देखिन्छ, जस्तो ऐनामा आफ्नो मुख मण्डल नै देखिन्छ (पृष्ठभाग देखिदैन) । ऐनामा भएको प्रतिविम्वमा आँखाबाट निस्किएको वृत्ति परावृत भैकन जस्तो आफूलाई नै प्रत्यक्ष गर्दछ । त्यस्तै अज्ञानमा प्रतिविम्वित चैतन्य आफूलाई नै प्रत्यक्ष गर्दछ । त्यसकारण वास्तवमा विम्व भएको हुनाले यो प्रतिविम्व हो साँचो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(१) पारमार्थिक जीव, व्यावहारिक जीव र प्रातिभासिक जीव

स्थूल र सूक्ष्म यी दुई प्रकारका शरीरको आश्रय किम्वा अधिष्ठान भैकन पनि जो चैतन्य स्थूल र सूक्ष्म यी द्विविध शरीरबाट सीमित हुन्छ त्यो कूटस्थ चैतन्यलाई **पारमार्थिक जीव** भनेको छ । यो पारमार्थिक जीव देह द्वयरुप उपाधिलाई मिथ्या जानेर आफ्नो वास्तव ब्रह्म स्वरुपलाई प्राप्त गर्दछ । अन्तःकरण प्रतिविम्वित (अन्तःकरणोपाधिक) चैतन्य हो व्यावहारिक जीव र स्वप्नावस्थामा निद्रारुप उपाधि परिकल्पित चैतन्य हो प्रातिभासिक जीव । अन्तःकरणमा प्रतिविम्वित चिदाभास नै हो **व्यावहारिक किम्वा संसारी जीव** अन्तःकरण र अन्तःकरणगत चिदाभासको भित्र कुनै रुप भेद बुद्धि रहँदैन, परिणामले चिदाभास र अन्तःकरण एकीभूत भैहाल्छ । अन्तःकरणको धर्म सुख दुःख आदि जीव गत भनि प्रतीत हुन्छ। परिणामले जीव "अहंकर्ता" "अहं भोक्ता" यसप्रकारले अभिमान गरिरहन्छ । स्वप्नावस्थामा स्वाप्निक पदार्थ र स्वप्नद्रष्टाको देह अज्ञानवाट कल्पित हुन्छ र त्यो कल्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

देहमा तैजस जीवको अहं अभिमान भैरहन्छ । यो स्वप्नावस्थाको जीवलाई **प्रातिभासिक जीव भनेको छ ।**

अवच्छेदवाद किम्वा प्रतिविम्ववाद भन्दा पनि उत्तमवाद शास्त्रमा प्रदर्शित भएको छ, कुन्ती पुत्र कर्ण जस्तो कुन्ती पुत्र भैकन पनि राधापुत्र भएको थियो ब्रह्म पनि त्यस्तै स्वयं अविकृन भैकन पनि आफ्नो अविद्याप्रभावले जीव नाम प्राप्त भएको छ । जीव वास्तवमा ब्रह्मको अवच्छेद किम्वा प्रतिविम्व हैन । जीव हो ब्रह्मको अविद्यक प्रकाश । सबंविध विकार प्रवाहको भित्र अवस्थित भैकन पनि अविकारी ब्रह्म नै अज्ञानको वलले संसारी वनीकन यो संसारमा सुख दुःखको विभिन्न नाटक रचेको छ र साक्षात्कार उदित भए यो लीला विनष्ट भैहाल्छ ।

यस विषयमा तल देखाइएको कथा हो विशेष अर्थ पूर्ण :—

एक राज पुत्र बालकै अवस्थामा पिता माता-बाट परित्यक्त भएर घटना चक्रले एक ब्याधाको घरमा प्रतिपलित भएको थियो । राज पुत्र आफूलाई ब्याध पुत्र भनि जान्दथ्यो । राजोचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

शिक्षा दिक्षा प्राप्त गर्ने सुयोग त्यसलाई मिलेको थिएन । ब्याधाहरूसित मिलेर ब्याधाको कर्म गरेर नै त्यसले शैशव अतिक्रमण गरीकन यौवनमा पदार्पण गऱ्यो । यस्तो बेला एक दिन कुनै सत्यवादी सज्जनको मुखबाट त्यसले आफ्नो परिचय जान्न पायो र राज परिचय सुन्नु वित्तिकै "म हुं राजा" यस प्रकारको निश्चय पूर्वक ब्याध जातिको अभिमान र ब्याधोचित कर्म परित्याग गरिदियो । जीव पनि त्यस्तै वास्तवमा परमात्मा स्वरुप र असंसारी भैकन पनि देहेन्द्रियादिको जालमा वद्ध भैकन आफ्नो परमात्म स्वभावलाई विर्सेर आफूलाई सुख दुःखा-कूल संसारी भनि मानी राखेको छ । यस अवस्थामा परम दयालु श्रीगुरु यदि त्यसको यथार्थ परिचय संझाई दिनु हुन्छ र बुझाई दिनु हुन्छ कि तिमी शोक मोहको अधिन संसारी हैन तिमी हौ वास्तवमा असंसारी सत् चित् सुख स्वरुप ब्रह्म । त्यसो भए त्यसको आफ्नो वास्तव शिव स्वरुप त्यो अनायासले नै प्राप्त गरिहाल्छ । राजपुत्रको राज परिचयको पछि जस्तो त्यसको ब्याध भाव विनष्ट भैहाल्छ, जीवको पनि त्यस्तै परब्रह्म आफ्नो वास्तव स्वरुपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

परिचय प्राप्त गर्ने वित्तिकै कर्ता भोक्ता भाव सबै तिरोहित भैहाल्छ ।

(२) विवेचन

भामतीमा प्रतिविम्बवादको अनुकूल युक्ति प्रशस्त पाइन्छ । उपाधिको भेदले प्रतिविम्वित मुखको भेद बुद्धि र भेद मूलक व्यवहार जस्तो देखिन्छ त्यस्तै जीव वास्तवमा ब्रह्म स्वरुप भैकन पनि अनादि अनिर्वचनोया अविद्या ऐनामा प्रतिविम्वित हुनाको परिणामले जीवलाई शोक दुःख जन्म जरा व्याधिबाट पीडित भनि देखनमा आई राखेको छ । भिन्न भिन्न जीवहरूको भित्र काल्पनिक भेद बुद्धिको उदय पनि हुन्छ । (ब्रह्म सूत्र १।४।२२ हेर्नुस) । मुख विम्वको जस्तो मणि काँच आदि प्रतिविम्व ग्राही ऐनाहरूलाई "गुहा" भनेको छ, ब्रह्मको पक्षमा पनि त्यस्तै प्रति जीवमा भिन्न भिन्न अन्तःकरण अविधा आदिलाई भिन्न भिन्न "गुहा" भनेको छ । त्यो बिभिन्न गुहामा प्रतिविम्वित जीव पनि भिन्न भिन्न भनि प्रतीत हुन्छ । विम्व र प्रतिविम्व जस्तो वास्तवमा अभिन्न हो, जीव र ब्रह्म पनि त्यस्तै वास्तवमा अभिन्न हो (भामती १।४।२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वर्तमान २।३।४३ सूत्रमा वाचस्पति मिश्र उल्लिखित युक्तिलाई अनुसरण गरीकन स्पष्ट रुपले जीव हो ब्रह्म प्रतिविम्बित भनि सिद्धान्त गर्नु भो। अवि- द्या नै ब्रह्मको प्रतिविम्व ग्रहणको योग्य दर्पण। त्यो दर्पण हटे पछि ब्रह्म प्रतिविम्व जीव ब्रह्म भाव नै प्राप्त हुन्छ। प्रतिविम्व विम्व ब्रह्ममा विलिन भैहाल्छ (भामती २।३।४३)

(३) विवरण प्रस्थान अनुसार शब्द प्रमाण (शास्त्र) बाट ज्ञानको नै उदय हुन्छ र त्यसको फलले ब्रह्म प्रत्यक्ष हुन्छ र जीव ब्रह्म स्वरुप भै हाल्छ।

विवरणकार भन्नु हुन्छ कि प्रत्यक्ष विषयको बारेमा जो ज्ञान उत्पन्न हुन्छ त्यो नै हो प्रत्यक्ष ज्ञान। विषय जो प्रत्यक्ष हुन्छ त्यसको कारण अनुसन्धान गरेपछि देखिन्छ कि ज्ञान (चैतन्य) नै हो एक मात्र तत्व; जो स्वप्रकाश स्वतः प्रमाण र सर्वदा प्रत्यक्ष हो। ज्ञान उदित भए कहीले पनि अप्रत्यक्ष हुँदैन, हुन सक्दैन। श्रुतिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ज्ञान स्वरुप ब्रह्मलाई नै एक मात्र साक्षात् र अपरोक्ष तत्व भनि निर्देश गर्नु भएको छ। यो स्वयं ज्योति सर्वदा प्रत्यक्ष ब्रह्म तत्व सित अभेद सम्बन्धले जो बिषय अन्वित हुन्छ ज्ञानको प्रत्यक्षद्वारा त्यसको पनि प्रत्यक्ष हुन्छ। ज्ञेय वस्तु जब साक्षात् रुपले ज्ञाताको प्रतीतिको बिषय हुन्छ तब नै त्यो हो प्रत्यक्ष । बिषयको यो प्रत्यक्ष ज्ञान प्रत्यक्ष प्रमाणबाट होस किम्वा परोक्ष प्रमाणबाट नै होस्—प्रमाणको प्रत्यक्षतामा किम्वा अप्रत्यक्षतामा–ज्ञानको केही निवशेष हुने छैन । देख्नु पर्छ कि यो ज्ञानोदयमा ज्ञेय बिषय चाहीं साक्षात् रूपले ज्ञाताको लागि प्रकाशित भएको छ कि छैन । यदि परोक्ष प्रमाणबाट पनि ज्ञान उत्पन्न भएर बिषय चाहीं साक्षात् रुपले ज्ञाताको प्रतीतिको बिषय हुन्छ तब त्यो ज्ञान प्रत्यक्ष ज्ञान नै हो, किनकि प्रत्यक्ष विषयको ज्ञान नै हो। प्रत्यक्ष प्रमाण जन्य ज्ञान नै प्रत्यक्ष ज्ञान हुन्छ। यस प्रकार विवरणकारले स्वीकार गर्नु हुन्न । तिनको मतमा ज्ञेय बिषय प्रत्यक्ष किम्वा अप्रत्यक्ष हो वा हैन यो देखीकन नै प्रत्यक्ष किम्वा अप्रत्यक्ष ज्ञानको स्वरुप निर्णय गर्नु पर्छ । कुनै परोक्ष प्रमाण वलले पनि विषय चाहीं प्रत्यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भए त्यो ज्ञान विवरणकारको मतमा प्रत्यक्ष नै हुन्छ, परोक्ष हुंदैन । (पञ्च पादिका विवरण पृष्ठ १०३) । "तिमी हौ शुद्ध चैतन्य" यस प्रकार वेदान्त महा वाक्य श्रवणको फलले जीवको प्रत्यक्ष अविद्या भ्रम निवृत्त भैकन जीव नित्य आनन्द ब्रह्म स्वरुप भैहाल्छ (विवरण १०३-१०४ पृ० हेर्नुस)

वाचस्पतिको मतमा परमात्म श्रवणको जो उपदेश गरिएको छ त्यो हा श्रवण शब्दको अर्थ केवल कानबाट सुन्नु हैन-किन्तु अध्यात्म शास्त्र र आचार्यको उपदेशको फ़लले उत्पन्न आत्म विज्ञान नै हो श्रवण । ज्ञान हो बस्तु तन्त्र, पुरुषको ईच्छा तन्त्र किम्वा ईच्छाधीन होइन । मानिस ईच्छा गरेतापनि बस्तु तन्त्र ज्ञानलाई अन्य रुप गर्न सक्तैन, यसकारण नै ज्ञान क्रिया होइन । जो बस्तुको स्वरुपलाई अपेक्षा गर्दैन र "गर" यसप्रकारले उपदिष्ट हुन्छ त्यो नै हो क्रिया—त्यो पुरुषको नै ईच्छाको अधिन हो । ज्ञान कर्मको अधिन हैन । ज्ञान हो प्रमाणको फल । ज्ञानको सामग्री उपस्थित भए ज्ञानोदय अवश्य नै हुन्छ । त्यसैले ज्ञानलाई बस्तु तन्त्र भनेको छ । यस प्रकार ज्ञानमा कुनै रुप बिधिको अबकाश छैन । आत्मा किम्वा ब्रह्म हो सर्ब प्रकार विकार देखि अतीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

निर्लेप कूटस्थ र नित्य शुद्ध। यस प्रकार आत्मामा बिकार उत्पादक क्रिया रहन सक्दैन। क्रिया भयोकि बिकार पनि हुन्छ र फ़लले आत्म विज्ञान किम्वा मुक्ति अनित्य भैहाल्छ। नित्य ब्रह्म रुपले अवस्थिति नै हो मुक्ति। यस प्रकार मुक्तिमा क्रियाको अनुप्रवेश कुनै प्रकारले पनि कल्पना गरिंदैन। "दर्शन गर्नु पर्छ" "श्रवण गर्नु पर्छ" यस्तो पद विधिलाई सूचना गर्दैन। त्यसबाट मनुष्यको बिषयमा जो स्वभाव सिद्ध अनुराग हो–बिषय भोगमा तीब्र ईच्छा हो–त्यसबाट स्वाभाविक प्रवृत्ति स्रोतलाई पतिरोध गरीकन चित्त गतिलाई आत्माभिमुखी गरिदिनु मात्र बन्दछ,।

वाचस्पतिको मतमा वेदान्त महावाक्यार्थ आलोचनाको फलले जो साक्षात्कार उदित हुन्छ त्यो हो परोक्ष ब्रह्मज्ञान, अपरोक्ष ब्रह्म ज्ञान हैन। किनकि शब्द हो परोक्ष प्रमाण–त्यसैले शब्दजन्य ज्ञान परोक्ष ज्ञान नै हुन्छ निरन्तर ध्यान र उपासना आदिको फलले त्यो परोक्ष ज्ञान क्रमले अपरोक्ष ब्रह्म विज्ञानमा पर्यवसित हुन्छ। वेदान्त कल्पतरु ग्रन्थमा अमला-नन्द स्वामी भन्नु हुन्छ कि वेदान्त शास्त्र श्रवणको फलले जो ज्ञान उत्पन्न हुन्छ त्यो ज्ञान नै शास्त्रार्थको ध्यान धारण आदिबाट सुदृढ भैकन अपरोक्ष ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

साक्षात्कारमा परिणति लाभ गर्दछ । सुरेश्वराचार्य यो वाचस्पतिको मतलाई सुदृढ युक्तिको सहाराले खण्डन गरीकन–ब्रह्मसूत्र, उपनिषद् आदि शास्त्रबाट जो अपरोक्ष ब्रह्म साक्षात्कार उदित हुन्छ त्यसको प्रतिपादन गर्नुभो । सुरेश्वरले देखाउनु भो कि शब्द ज्ञानबाट पनि प्रत्यक्ष ज्ञान उदय हुनामा कुनै बाधा छैन, जस्तो कि "तिमी हौ दशम व्यक्ति" यस प्रकार उदाहरण स्थलमा हुन्छ ।

सिद्धान्त सूत्र
सूत्र २।३।३१

जस्तो वाल्यकालमा दाडी आदि वालक शरीरमा सूक्ष्म रुपले विद्यमान रहन्छ त्यस्तो नै यौवनमा अभिव्यक्त हुन्छ त्यस्तै यो बुद्धि संयोग–जो सुषुप्ति कालमा सूक्ष्म रुपले कारणभूत अविद्यामा विद्यामान रहन्छ त्यस्को नै अभिव्यक्ति संगत भएको हुनाले त्यस्को मोक्ष लाभ संभव स्थापित विरुद्ध हैन ।

सिद्धान्त सूत्र
सूत्र २।३।३२

विषयको उपलब्धि कैले हुन्छ, कैले हुदैन । यस्को नियामक रुपले अन्त:करणलाई अवश्य नै अंगीकार गर्नु पर्छ, अन्त:करण सर्बदा स्थूल भए घटपट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सारा विषयको एकै कालमा उपलब्धि भैहाल्नु पर्ने। अन्तःकरण सबंदा स्थूल भए कुनै कालमा पनि कुनै विषयको उपलब्धि हुँदैन । अथवा एकै कालमा एक बिषयको उपलब्धि र अरु सारा विषयको अनुपलब्धी हुन्छ। त्यसकारण अन्तःकरणको कैले स्थूल अवस्था र कैले सूक्ष्म अवस्था स्वीकार गर्नु पर्छ ।

सूत्र ३३-३९ मा देखाइएको छ कि वञ्चरो आदि झैं करण भएको हुनाले बुद्धि (अन्तःकरण) कर्ता हैन (किनकि त्यसो भए अरु करणको कल्पना गर्नु पर्छ) । "कर्ता कोही छैन" यसो भन्नु बन्दैन । किनकि याग, श्रवण र लौकिक ब्यवहारहरू कर्ता बिना संभव हुँदैन। त्यसकारण जीवको कर्तृत्व अंगीकार गर्नु पर्छ ।

सूत्र २।३।३३

जीवात्मा नै हो कर्ता, बुद्धि हैन । किनकि त्यसो भए कर्ताको अपेक्षित उपाय बोधक विधि शास्त्र सार्थक हुन्छ। यदि बुद्धि कर्ता हुन्छ र आत्मा फलको भोक्ता हुन्छ तब एकको कर्तत्व र अरुको भोक्तृत्व यस प्रकार असगत भएको हुनाले विधि शास्त्र अनर्थक नै भैहाल्छ । त्यसैले कर्तृत्व केवल बुद्धिको हैन, किन्तु तद्विशिष्ट आत्माको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जीवको कर्तव्य बारे विवेचन

भगवान व्यास वर्तमान सूत्रमा जीवलाई स्पष्ट वाक्यले कर्ता र भोक्ता भनि सिद्धान्त गर्नुभो। किन्तु जीवको कर्तृत्व स्वाभाविक हैन औपाधिक हो। वेद विधिको सार्थकता उपपादनको लागि नै जीवको कर्तृत्व मान्नु पर्छ। वेदोक्त याग यज्ञ आदिमा र लौकिक कर्ममा जीवात्माको कर्तृत्व प्रमाणित हुन्छ (तैत्तिरीय २।५।१)। अद्वैत वेदान्तको सिद्धान्तमा आत्माको कर्तृत्व र भोक्तृत्व—यी दुवै प्रकार धर्मनै अविद्या प्रभावले आत्मामा आरोपित हुन्छ। आरोप किम्वा अध्यासको फलले त्यो धर्मद्वय आत्माको नै धर्म भनि प्रतीत हुन्छ (यस प्रकार आरोपित धर्मद्वारा आत्माको स्वाभाविक विशुद्धताको कुनै प्रकार हानि हुँदैन) (२।३।४० सूत्रको समालोचना हेर्नुस) ।

सूत्र २।३।३४

अरु "आफ्नो शरीर भित्र यथेच्छ विचरण गर्नु हुन्छ" (बृहदारण्यक २।१।१८) यस प्रकारले जीवको प्रकरणमा स्वप्न अवस्थामा सञ्चरणको उपदेश भएको हुनाले जीवको कर्तृत्व सिद्ध हुन्छ किनकि अकर्ताको सञ्चरण सिद्ध छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विवेचन :—

केवल शास्त्रोक्त विधि निषेधको सार्थकता रहाको लागि नै जो जीवलाई कर्ता भोक्ता भनिएको छ त्यो हैन । कुनै कुनै श्रुतिले स्पष्ट नै जीवको कर्तृत्वको वा कार्य कारिताको उल्लेख गरैको छ । स्वप्न समयमा आत्माको अवस्थाको बर्णन गर्दै बर्तमान ब्रह्म सूत्रमा भाष्यकार आत्मालाई स्वेच्छानुरुप गतिको कर्ता भनि वर्णना गर्नुभो । आत्मा आफ्नो ईच्छानुसार शरीरको भित्र विचरण गर्दछ। यहाँ विचरण क्रियाको कर्ता आत्मा हो यसमा सन्देह छैन ।

सूत्र २।३।३५

फेरी "इन्द्रियहरूको विषय ग्रहण सामर्थ्य-लाई बुद्धिस्थ चिदाभास द्वारा ग्रहण गरेर" (बृहदारण्यक २।१।१७) यस प्रकारले इन्द्रिय हरूको ज्ञान शक्तिलाई ग्रहणको कुरा श्रुतिमा वर्णित भएको हुनाले आत्माको कर्तृत्व सिद्ध हुन्छ । किनकिं जो अकर्ता हो त्यो ग्रहण गर्नमा समर्थ हुँदैन । (इन्द्रिय र त्यसको विषय ग्रहण सामर्थ्यको ग्राहक भएको हुनाले जीव हो कर्ता ।)

सूत्र २।३।३६

अरुपनि कुरा छ "विज्ञान यज्ञको अनुष्ठान गर्दछ र स्मार्त लौकिक कर्महरूको अनुष्ठान गर्दछ"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(तैत्तिरीय २।५।१) यस ठाउँमा लौकिक र वैदिक क्रियामा विज्ञान शब्द वाच्य जीवात्माको कर्तब्यको वर्णना भएको हुनाले त्यसको कर्तृत्व सिद्ध हुन्छ। यदि विज्ञान शब्द जीव बोधक भएन तव बुद्धि करण भएको हुनाले "विज्ञान यज्ञ सम्पादन गर्दछ" यस प्रकारले कर्तृत्वको निर्देश नहुने थियो किन्तु "विज्ञान द्वारा यज्ञ सम्पादन हुन्छ" यस प्रकार भनिएको हुन्थ्यो।

विवेचन :—

आत्माको कर्तृत्व केवल (बृहदारण्यक ४।३।१२ र २।१।१८) श्रुतिको बलले नै समर्थित भएको हैन किन्तु यो तैत्तिरीय श्रुतिबाट पनि प्रमाणित हुन्छ। विज्ञान शब्द द्वारा याहाँ ज्ञानको साधन वुद्धि आदिलाई वुझाईए पछि श्रुतिमा प्रतिपादित प्रथमान्त पदको प्रयोग नगरिकन करण विभक्तिको नै प्रयोग गरिने थियो। त्यसकारण जीवात्मा देखि भिन्न ज्ञानको साधन वुद्धि आदि देखि किन कार्य हुन सक्तैन, जीवात्मा हो कर्ता यो नै बुझाइन्छ।

सूत्र २।३।३७

जस्तो उपलब्धि क्रियामा स्वाधीन भएतापनि आत्मा ईष्ट र अनिष्टलाई (सुख-दायी र दुःखदायी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

बिषयलाई) उपलब्धी गर्दछ त्यस्तै कैले ईष्ट र कैले अनिष्टलाई सम्पादन गर्दछ , यस विषयमा कुनै नियम छैन ।

सूत्र २।३।३८

कर्तृत्व हो जीवको, बुद्धिका हैन यसमा अरुपनि युक्ति देखाईन्छ । किनकि बुद्धिको कर्तृत्व स्वीकारमा करण शक्तिको ब्याघात हुन्छ। किनकि लोकमा करण समेत जो कर्ता (जीव) हुन्छ त्यसको नै कार्य कारिता देखिएको हुनाले बुद्धिको पनि अरु करण कल्पना गर्नु पर्छ । त्यसो भए तिमी र करण देखि जो भिन्न हो त्यसको नै कर्तृत्व स्वीकार गर्नु पर्छ (त्यसकारण तिमीसित हामी-हरूको नाम मात्रमा नै विवाद हो वस्तु स्वरुपमा हैन) ।

सूत्र २।३।३९

आत्मा कर्ता नभए 'हे ! मैत्रेयी ! आत्मानै हो द्रष्टव्य" (बृहदारण्यक २।४।५) ईत्यादि ठाउँमा विहित ब्रह्म ज्ञानको साधनभूत समाधिको अभाव भैहालेको हुनाले आत्माको कर्तृत्व सिद्ध हुन्छ । अन्यथा ज्ञान साधन विधि निरर्थक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विवेचन :—

भामतीकार भन्नु हुन्छ "श्रवण गर्नु पर्छ, मनन गर्नु पर्छ" यो हो योग शास्त्रोक्त धारणाको उपदेश। "निदिध्यासन गर्नु पर्छ" यो नै हो उक्त शास्त्रोक्त ध्यानको उपदेश र "दर्शन गर्नु पर्छ" यो नै हो उक्त शास्त्रोक्त समाधिको उपदेश। "श्रवण र मनन द्वारा ब्रह्ममा चित्त निविष्ट भएको हुनाले तिनीहरूलाई धारणा भनेको छ। जो दर्शन हो त्यो हो ध्येय ब्रह्म साक्षात्कार रूप। त्यसकारण तद्भिन्न ध्याता ध्यान आदि विषय शून्य भएकोले त्यसलाई समाधि भनिएको हो" (कल्पतरु)।

बृहदारण्यक भाष्य वार्तिकमा किन्तु निदिध्यासन शब्दबाट "सम्यकज्ञान" (१।४।८९९) र "अपरायत्व वोध" (२।४।२१७) गृहीत भएको छ। यो निदिध्यासनलाई "अशंभावनादि शून्य स्थित ब्रह्मज्ञान" भनिएको छ। निदिध्यासन शब्दको ध्यानरूप अर्थको बारेमा आचार्यहरूको भिन्न मत विरोध भएतापनि अरू अरू श्रुतिबाट ध्यानरूप अर्थलाई प्राप्त हुन सक्दछ।

ब्रह्म साक्षात्कारको करण (साधन) को बारेमा दुबै मत देखिन्छ

१. पिताको उपदेशबाट श्वेतकेतुले ब्रह्म साक्षात्कार गर्नु भो (छान्दोग्य ६।७।६) सनत्कुमारले नारदलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अज्ञानाधिष्ठान ब्रह्मको दर्शन गराउनु भएको थियो (छान्दोग्य ७।२६।२)। यहाँबाट जानिन्छ कि आचार्यको उपदेशको पछि ब्रह्म साक्षात्कार उदित भएर जीबन्मुक्ति मिल्छ। ध्यानान्तरको अपेक्षा छैन (मुण्डक ३।२।६)। **ब्रह्म हो एकमात्र उपनिषद्बाट ज्ञेय** (बृहदा० ३।६।२६)। त्यसकारण उपनिषद लक्ष्य 'तिमी हौ शुद्ध चैतन्य" आदि महावाक्य नै हो ब्रह्म साक्षात्कारको करण, मन करण हैन। "मन जो चैतन्यबाट चिन्तित प्रकाशित) हुन्छ त्यसलाई नै ब्रह्म भनि जान्दछ (केन उपनिषद १।३ तलवकार श्रुति) यो श्रुतिमा मनलाई ब्रह्म साक्षात्कारको करणरूपले अधिकार गरेको छ।

२. "यो सूक्ष्म आत्मालाई विशुद्ध चित्तबाट जान्नु पर्दछ" (मुण्डक ३।१९) "एकाग्र बुद्धिबाट जो ज्ञात हुनुहुन्छ" (कठ १।३।२२) ईत्यादि श्रुति अनुसार मन नै हो ब्रह्म साक्षात्कारको करण।

शब्द (उपनिषद्) हो ब्रह्म साक्षात्कारको एकमात्र प्रमाण। **यो हो विवरणकारको मत। वाचस्पतिको मतमा** वेदान्त श्रवणको फलले ब्रह्मज्ञान जब उत्पन्न हुन्छ तब त्यो हो **परोक्ष ब्रह्मज्ञान**। (त्यो परोक्षज्ञान) मनन र निदिध्यासनको फलले क्रम क्रमले अपरोक्ष ब्रह्म साक्षात्कारमा परिणत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

३. **विवरण प्रस्थान** अनुसार शब्द प्रमाण (शास्त्र) बाट प्रत्यक्ष ज्ञानको नै उदय हुन्छ र त्यसको फलले ब्रह्म प्रत्यक्ष हुन्छ र जीव ब्रह्म स्वरूप भै हाल्छ। विवरणकार भन्नु हुन्छ कि प्रत्यक्ष विषय सम्बन्धमा जो ज्ञान उत्पन्न हुन्छ त्यो नै हो प्रत्यक्ष ज्ञान। विषय जो प्रत्यक्ष हुन्छ त्यसको कारण अनुसन्धान गरे पछि देखिन्छ कि ज्ञान (चैतन्य) नै हो एक मात्र तत्व, जो स्वप्रकाश स्वतः प्रमाण र सर्वदा प्रत्यक्ष हो। ज्ञान उदित भए कैले पनि अप्रत्यक्ष रहँदैन। श्रुति ज्ञानस्वरूप ब्रह्मलाई नै एकमात्र साक्षात् र अपरोक्ष तत्व भनि निदर्शन गर्नु भयो।

सूत्र २।३।४०

"यो पुरुष हो असंग" (बृहदारण्यक ४।३।१५) यो श्रुतिबाट कर्तृत्व सित पुरुषको सम्बन्ध वाधित भएको हुनाले त्यो कर्तृत्व हो आत्मामा अध्यस्त। यो सूत्रले जीवको स्वाभाविक कर्तृत्वको निराकरण गरेको छ। जीवात्माको कर्तृत्व स्वाभाविक हैन किन्तु औपाधिक हो। जस्तो लोकमा सूत्रधार कुठारादि करणहरूलाई लिएर कर्ता वनिकन दुःखी हुन्छ तर करणहरूलाई नलिए पछि वास्तवमा अकर्ता भएर सुखी हुन्छ त्यस्तै जीवात्मा पनि बुद्धि आदि करणहरूको अपेक्षाले कर्ता वनिकन संसार प्राप्त हुन्छ। तर बुद्धि आँखा आदि करणको अपेक्षा छोड़े पछि स्वभावतः अकर्ता परमानन्दघन भैहाल्छ। बुद्धि आदि करण विशिष्ट आत्मा नै हो कर्ता, शुद्ध आत्मा कर्ता हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(२) विवेचन

काष्ठ शिल्पी जस्तो कर्ता र अकर्ता हुन सक्छ त्यस्तै जीवात्मा पनि कर्ता र अकर्ता दुवै रूपले अवस्थान गर्दछ। काष्ठ शिल्पी जब सम्म त्यसको यन्त्र पानी (ज्यावल) लिएर काठको चीज प्रस्तुत गर्न व्यस्त रहन्छ तब सम्म नै त्यो काष्ठ शिल्पी काष्ठ छेदनको कर्ता रूपले परिचित हुन्छ। काष्ठ छेदन रूप उपाधिको अभाव भएमा नै त्यो अकर्ता भै हाल्छ त्यस्तै आत्मा जब इन्द्रिय अन्तः-करण आदि उपाधिको सहयोगले क्रिया गर्छ तब नै त्यो कर्ता रूपले स्थित हुन्छ र जव उपाधि सम्पर्क रहित भएर क्रियाबाट विरत हुन्छ तब आत्मा अकर्ता भै हाल्छ। मुक्ति अवस्थामा आत्माको कुनै प्रकार उपाधि सम्पर्क रहंदैन तब त्यो आफ्नू सच्चिदानन्द रूपले नै विराजमान गर्दछ। जीवको कर्तृत्व धर्मको सामुहिक अभिव्यक्ति र निवृत्ति निर्धक्क प्रमाण गर्दछ कि यो कर्तृत्व हो उपाधि कृत स्वभाव सिद्ध हैन।

आत्मा हो नित्य वोध स्वरूप। यो जस्तो श्रुति र युक्ति सिद्ध हो आत्माको कर्तृत्व त्यस्तो श्रुति र प्रमाण सिद्ध हैन, वरू श्रुति विरूद्ध हो। आत्मा हो उदासिन, कूटस्थ असंग र यस प्रकार उपनिषद्मा पुनः पुनः वर्णित भएको छ। उदासिन कूटस्थको कुनै प्रकार कर्तृत्व हुन सक्दैन। कर्तृत्व भएमा नै त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

क्रियासित अवश्य संम्बन्ध हुन्छ। आत्माको कर्तृत्व स्वभाविक भए मुक्तिमा पनि आत्माको क्रिया याग स्वीकार गर्नु पर्छ। क्रिया भए दुःख पनि रहन्छ–दुःखको आत्यन्तिक अभाव सिद्ध हुन सक्तैन। मुक्ति अवस्थामा आत्मामा कुनै प्रकार क्रिया रहंदैन तर आत्मा मौजुद रहन्छ। त्यसकारण आत्माको कर्तृत्व स्वभावसिद्ध हैन, विषय सम्पर्क विना आत्माको ज्ञानोदय हुँदैन (अर्थात वृत्तिज्ञान उत्पन्न हुँदैन) आत्मा वृत्ति ज्ञान स्वरूप हैन। आत्मा हो नित्य बोध (प्रकाश चैतन्य) रूप। वृत्ति ज्ञान र आत्माको स्वरूप नित्य चैतन्य–यी दुबैको भित्र आकाश र पातालको प्रभेद (भेद) छ। क्रिया शक्ति नै हो कर्तृत्व। क्रिया योग नभए आत्मामा कृया शक्ति पनि रहन सक्दैन, कर्तृत्व पनि रहन सक्दैन।

"आत्मा ध्यान गरी राखेको छ जस्तो, चालित भै राखेको छ जस्तो" यो श्रुतिमा आत्माको कर्तृत्व स्वभाविक होईन, कल्पित हो। त्यो नै ध्वनीत भएको हो। कर्तृत्व हो बुद्धिको स्वाभाविक धर्म। त्यो बुद्धिरूप उपाधिसित अभेद सम्बन्धले (तादात्म्याध्यासले) बुद्धिको धर्म कर्तृत्व परमात्मामा आरोपित हुन्छ। बुद्धिको कर्तृत्व आत्मामा आरोपित भएको हुनाले आत्माको कर्तृत्व स्वभाविक हैन–आरोपित कर्तृत्वको आधार जीवात्मा कर्ममा सम्पूर्ण स्वाधिन पनि हैन। यो परवर्ती सूत्रमा (२।३।४१ सूत्रमा) बताईन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।४१

शस्यहरूमा बृष्टि झैं जीवहरूमा ईश्वरको अविपन्नता वसात तिनको वैषम्य दोष प्राप्त हुंदैन, किनकि तिनी वृष्टि झैं साधारण निमित्त कारण हुनुहुन्छ। जीवहरूको पहिले गरिएको कर्महरू र तज्जनित संस्कारहरू हो विषमताको हेतु। सुख दुःखरूप आफ्नो फल प्रदानको लागि जीवलाई कर्ममा प्रवृत्त गरे पछि अरू कर्म पनि निष्पन्न हुन्छ। यसैले कर्महरूको कर्मान्तर हेतुता अनिवार्य भै हाल्छ। वासना (संस्कार) हरू हो साक्षात् रूपले कर्मको हेतु। त्यस-कारण ईश्वरको वैषम्य दोष हुन सक्दैन। आशक्ति हो अन्तर्यामीको अधिन—त्यो अन्तर्यामी द्वारा नै नियमित भै रहन्छ त्यसकारण ईश्वर हो जीवको प्रवर्तक।

जीवको स्वाभाविक कर्तृत्व सिद्ध हुंदैन किन्तु कर्माध्यक्ष परमेश्वरबाट अविद्या ग्रस्त जीवको कर्तृत्वादि संसार सिद्ध हुन्छ र तिनैको अनुग्रहले ज्ञान द्वारा मोक्ष सिद्ध हुन्छ। किनकि "तिनी नै साधु कर्म गराउनु हुन्छ" (कौषीतकि ३।८) यसरी श्रुतिमा—कर्तृत्वादि हो ईश्वरको अधिन यो—प्रतिपादित भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विवेचन :—

यो सूत्रको सहज अर्थ हो—आत्माको कर्तब्य छ, तर त्यो परमात्माबाट प्राप्त हुन्छ। परमेश्वरको ईच्छानुसार जगतको सारा कार्य जस्तो निष्पन्न हुन्छ जीवको कर्तृत्व पनि त्यस्तै परमेश्वरको अमोघ ईच्छाको वशले नै उत्पन्न हुन्छ। परमेश्वर जीवहरूको प्राक्तन शुभाशुभ कर्मानुसार राम्रो नराम्रो विषयहरूमा तिनीहरूको बुद्धि वृत्ति प्रेरणा गर्नु हुन्छ—तदनुसार उनीहरू कार्य गर्दछन्। "परमेश्वर जसलाई उर्ध्वलोकगामी गर्ने ईच्छा गर्नु हुन्छ त्यसलाई उत्तम कर्ममा नियोजित गर्नु हुन्छ, फेरी जसलाई अधोगामी गर्ने ईच्छा गर्नु हुन्छ त्यसलाई असाधु कर्ममा नियोजित गर्नु हुन्छ" (कौषीतकि ३।८) तर परमेश्वर राग द्वेषको वसवर्ती भैकन कसैको प्रति अनुचित अनुग्रह किम्वा निग्रह गर्नु हुन्न। जन्म जन्मान्तरमा जीवले जुन प्रकार शुभाशुभ कर्मानुसन्धान गरेको छ परमेश्वर तदनुरूप फल प्रदान गर्नु हुन्छमात्र।

फल प्रदान व्यापारमा सर्वशक्तिमान परमेश्वर जीवको शुभाशुभ कर्मलाई अपेक्षा गरेतापनि त्यसबाट ईश्वरको सर्वशक्तिमत्ताको व्याघात हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।४२

जीवबाट गरिएको जो धर्माधर्मादिरूप प्रयत्न हो त्यसलाई अपेक्षा गरिकन नै ईश्वर अरू जन्ममा पनि धर्माधर्मादि अनुष्ठान गराउनु हुन्छ र त्यसलाई अपेक्षा गरेर नै सुखादि फल प्रदान गर्नु हुन्छ। त्यसैले उनको विषमता र निष्ठुरता दोष प्राप्त हुँदैन। संसार अनादि भएको हुनाले पूर्व जन्म कृत धर्मादिको अपेक्षा अवश्य युक्ति संगत हुन्छ। जीव कृत धर्माधर्म प्रयत्नलाई ईश्वर अपेक्षा गर्नु हुन्छ, किनकि ईश्वर जीव कृत कर्म सापेक्ष नभए विधि निषेध शास्त्र ("यज्ञ गर्नु पर्छ", "ब्राह्मणलाई हत्या गर्नु हुन्न") व्यर्थ भै हाल्छ। किनकि जड् कर्म फलदानमा असमर्थ हुन्छ।

विवेचन :—

जीवको कर्तृत्व स्वाधिन नभएतापनि कर्ममा जीवको कर्तृत्व छ। जीव अवश्य नै कर्म गरी रहन्छ, ईश्वर जीव कृत प्रयत्नलाई (धर्माधर्मलाई) अपेक्षा गरिकन तदनुसार जीवलाई साधु र असाधु कर्म गराउनु हुन्छ। २।३।३३ र २।३।४१ सूत्रमा देखाइएको छ कि जीवको कर्तृत्व हो ईश्वरको अधिन। ईश्वर जीवकृत धर्माधर्म पाप पुण्यलाई अपेक्षा गरिकन नै जीवलाई साधु किम्वा असाधु कर्म गराउनु हुन्छ। जीवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कर्तृत्व ईश्वरको अधिन भए जीवको कर्ममा त्यसको कुनै प्रकार स्वातन्त्र्य नभएको हुनाले परतन्त्र जीवको पुण्यापुण्य धर्माधर्मलाई अपेक्षा गरिकन ईश्वर जीवलाई शुभ किम्वा अशुभ फल प्रदान गर्नु हुन्छ। या सिद्धान्तको कुनै मूल्य भएन। यसको उत्तरमा शंकर भन्नु हुन्छ कि जीवको कर्तृत्व ईश्वरको अधिन भएतापनि जीव जो कर्म गरीरहेको छ त्यो अवश्य स्वीकार्य हो। जीव कर्म गरीरहन्छ, ईश्वर त्यसलाई त्यो कर्म गराउनु हुन्छ। जीव हो प्रयोज्य कर्ता, ईश्वर हो प्रयोजक कर्ता। प्रयोज्य कर्ताको कर्तृत्व नभए प्रयोजक कर्ताको पनि कर्तृत्व बन्दैन (यस अवस्थामा ईश्वरलाई कारयिता भने पछि जीवलाई कर्ता नभनेर उपाय छैन। जीवको कर्तृत्व ईश्वरको अधिन भएतापनि जीवबाट अनुष्ठित शुभाशुभ कर्मको फल भोग जीवले गर्नु नै पर्छ। किनकि राग किम्वा द्वेषको वशिभूत भएर जीव नै त्यो कर्म गरेको छ। कर्म सम्पादनको जो ईच्छा किम्वा प्रचेष्टा हो त्यो त जीवको नै हुन्छ। यसरी जीवलाई कर्ता नभनेर अरु बाटो छैन। जीव केवल कर्ता होईन, कर्मफल भोक्ता पनि हो। ईश्वरको राग द्वेष छैन। त्यसकारण राग र द्वेषको वसिभूत भएर ईश्वर कसैलाई पनि सुखी गर्नको लागी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

साधु कर्म; कसैलाई दुःखी बनाउन असाधु कर्म गराउँदैन । तिनी हुनुहुन्छ सर्वभूतमा समान (गीतामृत पृष्ठ २८८–८९ हेर्नुस्) तिनी पक्षपात रहित भैकन जीवलाइ कर्म फल प्रदान गर्नु हुन्छ । जीवको पूर्वापूर्व शुभाशुभ कर्मको अनुरूप फल भोग प्रदान गर्नको लागी नै ईश्वर जीवलाई कर्म गराउनु हुन्छ । जीवले पूर्व पूर्व जन्ममा शुभ किम्वा अशुभ कर्मको पुन: पुन: अनुष्ठान गरेको छ । त्यो पूर्व कर्मको अभ्यासले गर्दा जीवको चित्त त्यस्तो कर्म पट्टि धावित हुन्छ परिणामले यो जन्ममा पनि जीव त्यसप्रकार शुभाशुभ कर्म गर्नको लागी प्रचेष्ट हुन्छ । परमेश्वर पनि पक्षपात रहित भएर जीवलाई त्यसको कर्मानुरूप शुभाशुभ फल नै प्रदान गर्नु हुन्छ । यस्तो स्थितिमा जीव प्रति ईश्वरको निर्दयता किम्वा पक्षपातको अवकाश कहाँ होला ?

यो शांकरमतको व्याख्यामा **वाचस्पति मिश्र** भामतीमा भन्नु हुन्छ :—

१. जीवको कर्तृत्व परमेश्वरको अधिन भएतापनि कर्मानुष्ठानमा जीवको व्यक्ति स्वातन्त्र्य अवश्य स्वीकार्य हो । नभए "यो गर्नु पर्छ" "यो गर्नु हुन्न"–ईश्वर परतन्त्र जीवको बारेमा यसप्रकार विधि र निषेधको कुनै सार्थकता हुंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

२. जीवको कर्म प्रवृत्तिको भित्र त्यसको ईष्टको प्रति अनुराग र अनिष्टको प्रति विराग अवश्य लक्षित हुन्छ। जीब कर्ममा सम्पूर्ण रूपले ईश्वरको अधिन भए ईष्ट प्राप्ति र अनिष्ट परिहारको चेष्टा लाई व्यर्थ प्रयास भनी बुझ्नु पर्छ। यस्तो परिस्थितिमा कर्ता जीवलाई सम्पूर्ण रूपले ईश्वरको अधिन भए र जीवको कर्म परिवेशमा त्यसको ब्यक्ति स्वातन्त्र्य स्वीकार गर्नु नै हो अधिकतर युक्ति संगत। प्रवल हुरी जस्तो असार तृण खण्डलाई सम्पूर्ण रूपले आफ्नो अधिन तुल्याएर उडाई लिन्छ, ईश्वर त्यस प्रकार सम्पूर्ण रूपले अधिन गरीकन कर्मको आवर्तको भित्र तानीकन जीवलाई कर्ममा प्रवृत्त गराउनु हुन्न। कर्ममा जीवको रागादिको संचार द्वारा नै ईश्वर जीवलाई कर्ममा प्रबृत्त गराउनु हुन्छ। परिणामले कर्ममा जीवको कर्तृत्व बोध खडा हुन्छ—ईष्ट प्राप्ति र अनिष्ट परिहारको चेष्टा जीवको कर्म प्रभृतिको भित्र स्फूरित हुन्छ। जीव प्रति कर्तब्य र अकर्तब्यको उपदेश पनि यसरी सार्थक हुन्छ। त्यसकारण जीवको ईश्वर परतन्त्रता भए पनि ब्यक्ति स्वातन्त्र्य पनि छ, यो स्वीकार गर्नु पर्छ। जीवको कर्तृत्व स्वेच्छा-तन्त्र होईन किन्तु परमेश्वरको अमोघ ईच्छाको अधिन हो। ईश्वर परतन्त्र भैकन नै जीव कर्ता हुन्छ–स्वतन्त्र भएर कर्म गर्दैन (भामती २।३।४२)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

जीव र जीव साक्षी

जीव शक्तिका माथि एक महाशक्ति छ, त्यो शक्ति नै हो भगवद् ईच्छा। त्यो भगवत् ईच्छा द्वारा चालित भैकन नै जीव कर्म गर्दछ। जीवको प्राक्तन कर्म–जाल भगवत् ईच्छाको अन्तरालमा प्रच्छन्न भैकन जीवको भाग्य र कर्म चक्रलाई घुमाउंछ। यसैको नै नाम हो सृष्टि प्रवाह। यो प्रवाहको गति र प्रकृति नियन्त्रित गर्नु मानिसको साध्य होईन। जीवको हृदय गुफामा दैवि र आसुरी सम्पद भन्ने दुई प्रकार सम्पद निहीत छन् (गीतामृत पृष्ठ ५३१–५३२ हेर्नुस)। जीवको कर्मानुसार त्यो सम्पदको भण्डार जीवको लागि उन्मुक्त हुन्छ। शुभकर्मको फलले जीव यदि दैवि सम्पदको अधिकारी हुन्छ तब श्री गुरूको प्रसादले जीवलाई ज्ञान वैराग्य आदि प्रसाद प्राप्त हुन्छ र जीवको मिथ्या कर्तृत्व अभिमान नष्ट भैहाल्छ र त्यो आफूलाई साक्षी भनी अनुभव गर्दछ। यसप्रकार स्वरूपको साक्षात्कार प्राप्त भए त्यो सम्पूर्ण दृश्यमान जगत प्रपंचलाई मायिक (मिथ्या) भनि प्रत्यक्ष गर्दछ। साक्षीभाव प्राप्त भए मानिस विश्व प्रपंचलाई अन्त:करणको वृत्तिरूप (त्रिपुटीरूप) भनी देख्दछ, किनकि निर्विकार निज चैतन्य स्वरूपले शरीर र अन्त:करणलाई साक्षात्‌रूपले देखि रहन्छ (आफूमा कल्पित भनि साक्षात् अनुभव गर्दछ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

साक्षीको कर्तृत्व (प्रकाशकता) हो आरोपित वास्तव होईन, साक्षी हो अखण्ड प्रकाश मात्र । प्रकाशरूप सूर्यलाई जस्तो पदार्थको प्रकाशक भनि भनिन्छ त्यस्तै दृशि स्वरूप साक्षीमा द्रष्टाभावको आरोप हुन्छ । साक्षी हो उदासिन र ज्ञाता । सारा चित्तवृत्तिको प्रकाशक भएतापनि आफ्नो चैतन्य स्वरूप हो निर्विकार ।

साक्षी स्वीकारको प्रयोजन

जीवको स्थूल र सूक्ष्म देहको अवभासक चैतन्यलाई साक्षी भनेको छ । जीव देहको अवभास अन्तःकरण वृत्तिबाट नै हुन्छ–यो भन्नु बन्दैन । किनकि अन्तःकरण हो जड् वस्तु । अन्तःकरणको सारा वृत्ति जड् भएको हुनाले स्वप्रकाश हैन किन्तु चित् प्रकाश्य किम्वा साक्षी भाष्य हो । त्यसकारण जीवको स्थूल र सूक्ष्म देहको अवभासको लागि साक्षी चैतन्य हो अवश्य स्वीकार्य । जड् अन्तःकरणको धर्म–सुख दुःख–साक्षीबाट नै अवभासित हुन्छ । अन्तःकरण र अन्तःकरणको धर्म–अन्तःकरणको किम्वा इन्द्रियको विषय हुन सक्दैन–सुख दुःखादि हो साक्षीको विषय (साक्षीबाट ज्ञात किम्वा प्रकाशित) कुनै वाहिर इन्द्रिय अन्तःकरणलाई ग्रहण गर्न सक्दैन । वाहिर इन्द्रियको सहाराले अन्तःकरणको ज्ञान उदय संभव छैन । वाहिर इन्द्रिय केवल स्थूल विषयलाई (पञ्चीकृत भूतहरूलाई) ग्रहण गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

इन्द्रियहरू र अन्तःकरण हो अपंचीकृत भूतको कार्य र सूक्ष्म। स्थूल इन्द्रिय सूक्ष्मलाई ग्रहण गर्न सक्दैन। अन्तःकरण आफू पनि आफ्नो वृत्तिको विषय हुँदैन। अन्तःकरण बाहेक अरू वस्तु अन्तःकरणको विषय हुन्छ। अन्तःकरण वृत्तिको आसरा जो सुखादि अन्तःकरणको धर्म हो त्यो अन्तःकरणको विषय हुंदैन, किन्तु त्यो साक्षीको विषय हुन्छ। अन्तःकरण वृत्ति साक्षीको विषय भएको हुनाले साक्षीको प्रकाशबाट प्रकाशित वृत्ति पनि भास्वर भनी प्रतीत हुन्छ। यस्तो भास्वर वृत्ति वृत्ति ग्राह्य विषयको भासक हुन्छ। वृत्तिमा वृत्तिको भासक साक्षीको प्रतिविम्ब परेको हुनाले त्यस वृत्तिलाई प्रकाश स्वभाव भनी मानिन्छ। वृत्तिको अन्तरालमा वृत्तिको भासक नित्य स्वप्रकाश साक्षी नभए जड् वृत्ति वृत्ति ग्राह्य विषयको भासक कसरी होला ? त्यसकारण वृत्तिको भासक साक्षीको अस्तीता मान्नु नै पर्छ। म छु कि छैन–यसमा कसैको पनि संशय नहुनाको कारण हो– सारा अभिमानको (म कर्ता हुँ, म स्थूल हुँ यसप्रकार अहंकारको) मूलमा सनातन स्वप्रकाश साक्षी विराजमान छ। यसरी अहंको बारेमा संशय हटाउनको लागी र अहंताको प्रकाश संभव गर्नको लागी साक्षी चैतन्यलाई स्वीकार गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कर्ता र भक्ताको अपरिवर्तनीय जो वास्तव भाव हो (वास्तव स्वरूप हो) यसलाई साक्षी भनेको छ। साक्षीलाई स्वीकार नगरे त्यो विशेष भावको (वास्तव अपरिवर्तनीय स्वरूपको) निःशेष भैहाल्छ र परिणामले कर्ता र भोक्ताको जो संसारी स्वरूप हो त्यसको पनि निषेध भैहाल्छ। त्यसकारण जीवको झैं जीव साक्षीलाई पनि अवश्य स्वीकार गर्नु पर्छ। अन्तःकरण हो साक्षी चैतन्यको उपाधी र जीव चैतन्यको विशेषण। साक्षीको भित्र साक्षीको उपाधी अन्तःकरणको प्रवेश हुँदैन, किन्तु विशिष्टको भित्र विशेषणको प्रवेश हुन्छ। अन्तःकरण हो कर्ता भोक्ता जीव चैतन्यको विशेषण, किनकि अन्तःकरण सम्बलित चेतनलाई कर्ता भोक्ता संसारी भनिएको छ, अन्तःकरणलाई छोडिकन होईन। अन्तःकरण हो संसारी जीवको विशेषण, उपाधी हैन। एकै ब्रह्म चैतन्यमा अन्तःकरण उपाधी भए त्यसलाई साक्षी भन्दछ र विशेषण भए त्यसलाई जीव भनेको छ। जीवको भित्र अन्तःकरणको प्रवेश हुन्छ, साक्षीको भित्र अन्तःकरणको प्रवेश हुँदैन। यसकारण जीव भन्ने अन्तःकरण सित मिलेको चेतनलाई बुझाईन्छ। साक्षी भन्ने केवल चेतनलाई बुझाईन्छ। एकै चैतन्य नै अन्तःकरणको सहयोगले संसारी नामले कहिन्छ र अन्तःकरण हिस्सा परित्याग गरे केवल चैतन्य नै साक्षी नामले कहिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

४३–५३ सूत्रमा भनिएको छ कि अंश अवच्छिन्न र आभास यसप्रकार औपाधिक भेद कल्पनाबाट जीव र ईश्वरको भिन्न व्यवस्था हुन्छ र व्यवहार अवस्थामा धेरै जल पात्रमा स्थित धेरै सूर्य प्रतिविम्ब झैं जीवहरूको आपसमा व्यवस्था उपपन्न हुन्छ। त्यसकारण ब्रह्म–वादीको मतमा जगत् व्यवस्था हो सुलभ।

सूत्र २।३।४३

जीव हो ईश्वरको कल्पित अंश, ईश्वर नै जीव किन होइन ? किनकि "जो बुद्धिमा अवस्थान गरेर" (बृहदारण्यक ३।७।१०) "जस्तो आगोवाट सानु विस्फू-लिङ्ग हरू" (बृहदारण्यक २।१।१०) आदि श्रुतिबाट जीव र ईश्वरको तत्व वर्णित भएको छ। अंश कल्पित किन हो ? किनकि अभिन्नताको पनि वर्णना छ। जस्तो ब्रह्म नै हो धिवर (माझी), ब्रह्म नै हो भृत्य (नोकर), ब्रह्म नै हो यो सारा द्यूत क्रिडक (जुवा खेल्नेवाला) यसप्रकारले ब्रह्मको अभिन्नता देखिन्छ। त्यसकारण प्रत्यक्ष सिद्ध भेदको अनुवाद द्वारा विभिन्नता ज्ञापक श्रुति वाक्यहरूले अभिन्नता प्रतिपादन गरेको हुनाले जीव हो कल्पित भेद विशिष्ट अंश, यो नै सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।४४

फेरी "भूतहरू हो यिनको एउटा पाद" (छान्दोग्य ३।१२।६) यस मन्त्रबाट भूत शब्दको वाच्य जीव हो निरवयव परमेश्वरको अविद्या कल्पित अंश (पाद) यो अबगत हुन्छ।

सूत्र २।३।४५

फेरी एउटा कुरा—"जीव लोकमा जीव भावापन्न सनातन आत्मा हो मेरो नै अंश (गीता १५।७) यस प्रकारले भगवद्गीतामा जीव हो ईश्वरको अविद्या कल्पित अंश यो उक्त भएको छ।

सूत्र २।३।४६

अविद्याको वसले देहादिलाई जस्तो आफ्नो स्वरूप मान्नेवाला जीवले तत्कृत दुःखबाट "म हुँ दुःखी" यस-प्रकार मान्दछ, परमात्मा त्यसप्रकारको होईन। जस्तो आकाशलाई व्यापेर विद्यमान भएको सूर्यको किरण वांको भाव आदि उपाधि द्वारा गरिएको वाँको (वक्र) भाव प्राप्त भैकन पनि बास्तवमा वाँको हुँदैन त्यस्तै जीव दुःखबाट ईश्वरको दुःखीत्व हुंदैन र ईश्वरभाव प्राप्त जीवहरू महत्तर दुःखित्व पनि हुंदैन—किनकि उपाधिकृत दोषहरू उपहित्मा नै प्रकट हुन्छ मिथ्या-भिमानरुप भ्रान्ति नै हो दुःखको हेतु यो प्रतिपादन गरिकन सम्यक दर्शनको सार्थकता देखाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।४७

"त्यसको भित्र जो परमात्मा त्यो नित्य र निर्गुण रुपले स्मृतिमा वर्णित भएको छ। जल सित पद्म—पत्रको झैं तनी फलहरू र कर्महरू सित लिप्त हुंनु हुन्न" (माहाभारत शान्ति पर्व ३५३।१४) ईत्यादि वाक्यहरू द्वारा व्यास भगवानले दु:ख सित ईश्वरको संस्पर्श राहित्य देखाउनु भएको छ । 'तिनीहरूको भित्र एक जना विचित्र कर्म फल भोग गर्दछ" (श्वेताश्वतर ४।६) ईत्यादि श्रुति पनि यस विषयमा प्रमाण छ ।

सूत्र २।३।४८

लौकिक र वैदिक विधि र निषेध स्थूल शरीरसित तादात्म्य सम्बन्ध वसात संगत हुन्छ। जस्तो आगो भएतापनि मसान संग सम्बन्ध युक्त आगोलाई त्याग गर्नु पर्छ अरू आगोलाई होईन त्यस्तै परमात्मा पनि उपाधि विशेषसित सम्बन्ध वसात विधि र निषेध शास्त्रको विषय हुनुहुन्छ।

सूत्र २।३।४९

समस्त शरीरमा कर्मानुष्ठानकारी चेतन एक भएको हुनाले एकको कर्म फल अरूको प्राप्त हुंदैन । किनकि परिच्छिन्न अन्त:करण हो जस्को उपाधि त्यो कर्ता जीवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सारा शरीर सित सम्बन्ध छैन। आकाश जस्तो एक भैकन घटादि उपाधिले जस्तो विभिन्न हुन्छ अन्तःकरण रूप उपाधिले आत्मा पनि त्यस्तै विभिन्न भैहाल्छ–त्यस-कारण कर्म फलका शांकर्य हुँदैन।

सूत्र २।३।५०

२।३।४३ सूत्रमा घटाकाशको भैं अवच्छेद बुद्धिले जीवको अंशता कथित भएको छ। ऐल अवच्छेद पक्षमा अरुचि देखाएर "प्रतिरूपको (जीव देहको) सदृश्य भएको छ" (कठ २।२।६) ईत्यादि श्रुति सिद्ध प्रतिबिम्ब पक्षलाई उपस्थापन गरेको छ (ब्रह्म सूत्र २।३।३० को तल अवच्छेदवाद र प्रतिविम्बवादको विवेचन हेर्नुस) सूर्य प्रतिविम्बको भैं जीव हो परब्रह्मको प्रति-विम्ब नै। परिणामले जस्तो धेरै पात्रमा भएको पानीमा परेको सूर्य प्रतिविम्बहरूको भित्र एउटा प्रतिविम्ब कम्पित भएतापनि अरू प्रतिविम्ब कम्पित हुँदैन त्यस्तै एउटा जीव कर्म फलसित सम्बन्ध भए अरू जीव कर्मफलसित सम्बन्ध हुँदैन। यसरी शांकर्य सजिलोसित परिहृत भएको छ।

विवेचन :—

निरूप अमूर्त आकाश जस्तो पानीमा प्रतिबिम्बित हुन्छ त्यस्तो निरूप अमूर्त चैतन्य स्वरूपको बुद्धिमा प्रतिबिम्ब हुन्छ। यसरी निरूप चिदात्माको प्रतिविम्ब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

लाई उपपादन गरिकन अप्पयदीक्षित☆ प्रतिविम्ववादलाई समर्थन गर्नु भयो। ब्रह्मसूत्र २।३।५० र ३।२।१८ आदि सूत्रले पनि प्रतिबिम्बवादलाई नै समर्थन गरेको छ। प्रतिविम्ब पक्षमा नै आचार्यगणहरूको सम्मति छ–यो अप्पय दीक्षितले पुनः पुनः देखाउनु भयो। दीक्षित प्रतिविम्ब पक्षलाई प्रतिपादन गरेर अवच्छेदवादको पनि जो कुनै सूत्रसित कुनै प्रकारको विरोध छैन यो प्रमाणित गर्न चेष्टा गर्नु भयो। परब्रह्मको पक्षमा सूर्यादि दृष्टान्तका तात्पर्य यो हो कि सूर्य जस्तो जलमा प्रति-विम्वित भैकन जलगत वृद्धि, ह्रास, कम्पन आदि उपाधि धर्मको अधिन हुन्छ, ब्रह्म पनि त्यस्तै अन्तः-करणादि परिच्छिन्न भैकन अन्तःकरणगत सुख दुःख शोक मोह आदि विविध धर्मको अधिन भैहाल्छ। ब्रह्म सूर्यको झैं प्रतिविम्बित हुनुहुन्छ, सूर्य आदि दृष्टान्तको यसप्रकार तात्पय होईन। २।३।५० ब्रह्मसूत्रमा कहिएको आभासवादका तात्पर्य पनि यसप्रकारले नै

☆ भामतीको उपर अमलानन्द स्वामी वेदान्त कल्पतरू टीका र यो वेदान्त कल्पतरूको उपर अप्पयदीक्षित कल्पतरू परिमल नाममा टीका रचना गरीकन वाचस्पतिको संक्षिप्त र सारगर्भ उक्तिको तात्पर्य जिज्ञासुको लागि सुगम गरिदिनु भएको छ। भामतीको दार्शनिक रहस्य बुझ्नको लागि कल्पतरू र परिमलको विचार शैली र मतवादसित परिचित हुनु आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

बुझ्नु पर्दछ। त्यसकारण अवच्छेदवादमा पनि कुनै सूत्रको अनुपपत्ति छैन। तर अवच्छेदवाद देखि प्रतिविम्बवाद प्रति अप्पयदीक्षितको ज्यादै आग्रह देखिन्छ।

सूत्र २।३।५१

वेदान्ति मत देखाईकन पर मतमा दूषण देखाईन्छ :— **सांख्य मतमा** अदृष्ट प्रधानमा तादात्म्य सम्बन्धले अवस्थान गर्दछ। त्यो प्रधान सवै आत्माको प्रति साधारण भएको हुनाले यो आत्माको यसप्रकार व्यवस्था नभएको हुनाले अव्यवस्था नै रहि रहेको हो। **वैशेषिक मतमा** पनि अदृष्टको हेतुभूत विभू आत्मासित मनको संयोग सारा आत्माको प्रति समान भएकोले यो हो यसको अदृश्य "यो यसको होईन" यसप्रकार अदृष्ट विषयक नियमको अभाव वसात फलको अनियम भैहाल्छ।

सूत्र २।३।५२

सवै आत्माको प्रति साधारण जो मत संयोग हो तत् साध्य अभिप्राय आदिमा अदृष्टलाई नियमन गर्नुको हेतुता नहुनुरूप दोष रहिरहेको हुन्छ। सर्वात्म साधारण अभिप्राय र आशक्ति आदि अदृष्टको नियामक नभएको हुनाले भोग शाङ्कर्य निवारण गर्नु सक्दैन। —अर्थात कुन जीव रागयुक्त हुन्छ, कुन जीव द्वेषयुक्त हुन्छ यसको नियम हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।३।५३

सर्व व्यापी आत्मा सबै शरीरमा अन्तर्गत भएको हुनाले "त्यो शरीर चाहीं हो यो आत्माको" यसप्रकार नियमन नभएको हुनाले यो त्यो आत्मा र त्यो त्यो मनको संयोगको निम्ति आत्म प्रवेशको कल्पना संभव हुँदैन। त्यसकारण भोग शांकर्य त्यस अवस्थामा नै रहन्छ।

हामीहरूको (वेदान्तिको) पक्षमा किन्तु जीवको विभिन्नता परिच्छिन्न अन्तःकरणरूप उपाधि जनित भएको हुनाले (२।३।४९ सूत्र) शाङ्कर्य हुँदैन। त्यसकारण अज्ञान हो जसको हेतु त्यस्तो जीवभावको निराकरण द्वारा जीवको ब्रह्मभाव प्रतिपादक श्रुतिहरू र "आत्म स्वरूपको दर्शन गर्नु पर्छ" (बृहदारण्यक २।४।५) आदि आविद्यक भेदको अनुवादकारी श्रुतिहरूको भित्र कुनै बिरोध छैन, यो सिद्ध भयो।

द्वितीय अध्यायको पञ्चमहाभूत र जीव बोधक श्रुति वाक्यहरूको विरोध परिहार नामक तृतीय पाद समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र प्रस्थान

द्वितीय अध्याय

चतुर्थ पाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

द्वितीय अध्याय–चतुर्थ पाद

(प्राण पाद)

पूर्वपादमा आकाशादि महाभूत र भोक्ता जीव विषयक श्रुति वाक्यहरूको विरोध परिहार गरिएको छ। वर्तमान पादमा त्यो आकाशादि महाभूतबाट उत्पन्न लिङ्ग शरीर विषयक (इन्द्रियादि विषयक) श्रुति वाक्यहरूको विरोध परिहार गरिएको हो।

यस पादमा नौवटा अधिकरण छन् :—

१. परमेश्वरबाट मुख्य प्राण र इन्द्रियको उत्पत्ति सूत्र १—४

२. इन्द्रियको संख्या निरूपण (धेरै प्रमाणको वलले इन्द्रियको संख्या हो ११) सूत्र ५—६

३. इन्द्रियहरूको परिच्छिन्न परिमाणता (मध्यम परिमाणता) सूत्र ७

४. नासदीय सूक्त (ऋक मं० ३०।१२९।२) मुख्य प्रमाणको अनादित्व प्रतिपाद्य हैन सूत्र ८

५. मुख्य प्राणको स्वरूप निरूपण सूत्र ९—१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

६. मुख्य प्राणको परिमाण निरूपण सूत्र १३

मुख्य प्राण हो आधिदैविकरूपले विभू (किन्तु आध्यात्मिकरूपले परिच्छिन्न किम्वा मध्यम परिमाण र संकोच विकाशशील)

७. तत् तत् इन्द्रिय र मुख्य प्राणको प्रवृत्ति हो तत् तत् देवताको अधिन सूत्र १४—१६

८. इन्द्रिय हो मुख्य प्राण देखि भिन्न पदार्थ सूत्र १७—१९

९. त्रिवृत् कर्ता परमेश्वर नै हो रूपात्मक जगतको र नाम रूपको अभिव्यक्ति कर्ता सूत्र२०—२२

त्वं पदार्थको विवेक हो यो पादको अधिकरणहरूको विचार जनित फल, किनकि लिङ्ग शरीर देखि जीव चैतन्य हो भिन्न यसप्रकार विवेक ज्ञान नै यो विचार-हरूबाट उदित हुन्छ।

सूत्र २।४।१

"परमात्माबाट प्राण, आकाश र वायु उत्पन्न हुन्छ" (मुण्डक २।१।३) यो उदाहृत वाक्यमा वर्णित आकाशादिको झैं इन्द्रियहरु र मुख्य प्राण उत्पन्न हुन्छ किनकि उत्पत्ति—वोधक श्रुतिको भेद छैन (श्रुतिमा यो साराको उत्पत्ति समानरूपले वर्णित भएको छ।) प्राण शब्दको अर्थ हो मुख्य प्राण, इन्द्रियहरूमा प्राण शब्दको प्रयोग हो लाक्षणिक (२।४।१९ सूत्र भाष्य हेर्नुस)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।४।२

गौण उत्पत्ति श्रुतिको संभावना नभएको हुनाले एक देशीको कथन युक्ति संगत हैन, किनकि प्राणहरू नित्य भए "एक बिषयक ज्ञान बाट सर्व विषयक ज्ञान" यो प्रतिज्ञा बाधित भै हाल्छ ।

सूत्र २।४।३

प्राणहरूको उत्पत्ति हो मूख्य (गौण हैन) यसको वारेमा अरु हेतु देखाईन्छ । "परमेश्वर-बाट मुख्य प्राण, मन, इन्द्रियहरू, आकाश र बायु उत्पन्न हुन्छ" (मुण्डक २।१।०३) ईत्यादि वाक्यमा आका-शादिका पहिले कथित प्राण, मन र इन्द्रियको उत्पत्ति भनिएको छ। त्यसकारण प्राणहरूको जन्म हो मुख्य (गौण हैन) ।

सूत्र २।४।४

अरु जो भनिएको छ—छान्दोग्यमा प्राणहरूको उत्पत्ति श्रुत भएको छैन त्यस बिषयमा भनिन्छ । "हे सौम्य ! मन हो अन्नको विकार (कार्य), प्राण हो जलको विकार र वाक् इन्द्रिय हो तेजको विकार" (छान्दोग्य ६।५।४) ईत्यादि श्रुतिमा मन र प्राण समेत वागिन्द्रियको ब्रह्मबाट उत्पन्न जा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

तेज जल र क्षीति हो त्यहाँबाट उत्पत्ति कथित भएको हुनाले सबै प्राणको नै ब्रह्मबाट उत्पत्ति सिद्ध हुन्छ, त्यसकारण सृष्टिको पहिले प्राणहरूको अस्तीता प्रतिपादक श्रुति (शतपथ ब्राह्मण ६।१।१) ☆ अरु बिषयक हुनाले श्रुति वाक्यहरूको भित्र बिरोध छैन, यो सिद्ध भयो ।

सूत्र ५·६मा मुख्य प्राण र इन्द्रियहरूबाट जीव स्वरुपको विवेकको लागी त्यो इन्द्रियको संख्या निरूपित हुंदैछ । वेदमा "चक्षु र द्रष्टब्य बिषय र हस्त द्वय र ग्रहणीय बस्तु" (प्रश्नोपनिषद ४।८) यसप्रकारले हस्त आदिको वर्णना भएको हुनाले दर्शन, श्रवण, घ्राण, आस्वादन, स्पर्श, शब्द शब्द उच्चारण, ग्रहण, गमन, आनन्द, मलत्याग र ध्यानात्मक तत् तत् कार्यानुसार इन्द्रियहरूलाई एघार वटा भनिजान्नु पर्छ ।

☆ हिरण्य गर्भको–देव तिर्यंक मनुष्यादिका कार्यहरू र परमेश्वरको कार्य भुरादि लोक त्रय विलिन भएतापनि हिरण्यगर्भ अवान्तर प्रलयमा स्वय वर्तमान रहनु हुन्छ। फलले जुन समष्टि लिङ्ग शरीरमा तिनी अभिमानी हुनु हुन्छ त्यो वर्तमान भएको हुनाले प्राणहरू (मुख्य प्राण र इन्द्रियहरू) अवान्तर प्रलयमा वर्तमान थियो—यो नै हो शतपथ ब्राह्मणको तात्पर्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।४।५

एकदेशी सूत्र

इन्द्रियहरू हो सात संख्या, किनकि श्रुतिबाट सातवटा नै अवगत हुन्छ । संख्यान्तरको श्रवण इन्द्रियहरूको भिन्न भिन्न वृत्तिहरूलाई अपेक्षा गरिकन वर्णित भएको हुन्छ ।

सिद्धान्त सूत्र

सूत्र २।४।६

हस्त र त्वक् आदि अतिरिक्त इन्द्रिहरू बृहदारण्यक-(३।२।८) श्रुतिमा वर्णित भएको छ । सात संख्याको भित्र तिनीहरूको अन्तर्भाव संभव नभएको हुनाले सप्त संख्या देखि अतिरिक्त संख्या अवधारित भए सप्त संख्यालाई एकादश संख्यामा अन्तर्भाव गर्नु संभव हुन्छ । यसकारण इन्द्रिय सातवटै हो, यस्तो मान्नु ठीक छैन ।

सूत्र २।४।५

एकदेशी सूत्र

(प्रकारान्तरले इन्द्रियहरूको संख्या यहाँ निरुपण हुन्छ) मरण कालमा जो सहगमन गर्दछ जन्मान्तरमा भोग साधन भएको हुनाले तिनीहरू नै हो इन्द्रिय । त्यसमा "मुख्य प्राण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उत्क्रमण गरे त्यसको अनुगमन गरिकन सारा प्राण उत्क्रमण गर्दछ ।

"तव यो आँखामा बसेको पुरुष सारा दिक्‌बाट व्यापृत हुन्छ", "एकीभूत भएर दर्शन गर्दैन" (बृहदारण्यक ४।४।१, ४।४।२) ईत्यादि वाक्यहरूद्वारा उत्क्रान्ति कालमा चक्षु आदि सातवटा नै विशेषित भएको हुनाले ।

सिद्धान्त सूत्र

सूत्र २।४।६

सातवटा देखि अतिरिक्त हस्त र त्वक्‌ आदि श्रुतिमा (बृहदारण्यक ३।२।८) ग्रहरुपले वर्णित भएको छ । तर त्यो हस्तादि सित सहगमन विना संभव होइन । त्यसकारण "सारा इन्द्रिय अनुगमन गरेर उत्क्रमण गर्दछ" (बृहदारण्यक ४।४।२) यसप्रकारले अविशेष रुपले हस्त आदि सारा इन्द्रियको उत्क्रमण सुनिएको हुनाले "पुरुषाकार देहमा यो १० वटा इन्द्रिय, मन एकादश तिनीहरु जव उत्क्रमण गर्दछन्" (बृहदारण्यक ३।९।४) आदि श्रुतिमा प्रतिपादित ११ वटा इन्द्रियको उत्क्रमण अवधारित भए उत्क्रमणकारी इन्द्रिय हुन् एक, दशवटा—सातवटा प्राण नै उत्क्रमण गर्दैन त्यसकारण श्रुतिहरूको भित्र विरोध छैन यो सिद्ध भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।४।७

यी इन्द्रियहरू हुन् परिच्छिन्न र इन्द्रियहरूबाट गृहित नभएको हुनाले यिनीहरू हुन् सूक्ष्म, किन्तु परमाणु परिणाम होईन। बिभूत्व श्रुति उपासना प्रतिपादक भएको हुनाले त्यो सित उत्क्रान्ति श्रुतिको विरोध छैन (ब्रह्म सूत्र २।३।२९ हेर्नुस)।

सूत्र २।४।८

इन्द्रिय झैं मुख्य प्राण पनि ब्रह्मबाट उत्पन्न भएको हो। "आतिन" (ऋक शाम १०।१२९।२) यो शब्दबाट ब्रह्मको अस्तीता कथित भएको छ। "यहाँबाट मुख्य प्राण उत्पन्न हुन्छ" (मुण्डक २।१।३) यसप्रकारको वचन भएको हुनाले अन्यान्य प्राणको (इन्द्रिय झैं यो मुख्य प्राण) परमात्मा बाट उत्पन्न हुन्छ। त्यसकारण श्रुति द्वयको भित्र विरोध छैन यो सिद्ध भयो।

सूत्र २।४।९

मुख्य प्राण वायु होईन–इन्द्रिय व्यापार पनि होईन। परन्तु त्यो हो वायु विशेष रुप अरु तत्व नैं। किनकि "वायु रुप ज्योति द्वारा" यसप्रकारले र यसैबाट मुख्य प्राण, मन, इन्द्रियहरू, आकाश र वायु उत्पन्न हुन्छ" (मुण्डक २।१।३) यसप्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

इन्द्रियहरू देखि र वायु देखि मुख्य प्राणको पृथक रुपले उपदेश भएको छ । त्यसकारण महा-वायु नै शरीरनिष्ट प्राण र अपान आदि पञ्च-स्वरुपले अवस्थित भएको छ र वायु बिशेष भावापन्न भएर मुख्य प्राण स्थित छ । यसप्रकार कथित भएको हो । त्यहाँबाट कार्य र कारणको भित्र वास्तविक अभिन्नता र काल्पनिक विभिन्नता भएको हुनाले—विभिन्नता र अभिन्नता प्रतिपादक श्रुतिहरूको विरोध हुंदैन । यो सिद्ध भयो ।

सूत्र २।४।१०

मुख्य प्राण जीवको झैं स्वाधिन हैन किन्तु चक्षु आदिको झैं जीवको भोग साधन हो । किनकि प्राणहरूको कथोपकथन आदि ठाउँमा त्यो चक्षु आदि सित मुख्य प्राणको उपदेश पाईन्छ । समान जातीय पदार्थहरूको एकै मात्र उपदेश हो युक्ति संगत । संहत हुनु, अचेतन हुनु, भौतिक हुनु आदि हेतुहरूको वलले जीवको झैं मुख्य प्राणको भोक्तृत्व निराकृत भएको हो ।

सूत्र २।४।११

मुख्य प्राणको प्रयोजन के हो ? त्यो हो देहको विधारण "आफूलाई पांच प्रकारले विभक्त गरिकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विनाशी शरीरलाई आश्रय गरेर विशेष रुपले धारण गर्दछु (प्रश्नोपनिषद २।३) ईत्यादि श्रुतिले देहको विधारणरुप मुख्य प्राणको असाधारण व्यापार प्रदर्शन गरेको छ ।

सूत्र २।४।१२

मुख्य प्राणको कार्यको वारेमा अरु हेतु बताईन्छ । धेरै प्रकार बृत्तिरुप असाधारण कार्यलाई अपेक्षा गरिकन मन जस्तो अनेक प्रकारले कहिन्छ त्यस्तो उच्छ्वास र निःश्वास आदि पाँच प्रकार कार्यलाई अपेक्षा गरिकन मुख्य प्राण पाँच प्रकार बृत्ति–युक्तरुपले श्रुतिमा कथित भएको छ, यथाः– "प्राण, अपान, व्यान, उदान र समान" (बृहदारण्यक १।५।३) ईत्यादि । त्यसकारण उच्छ्वास आदि असाधारण व्यापारलाई उपेक्षा गरेर मनको झैं मुख्य प्राणको जीव भोग साधनता सिद्ध भो ।

सूत्र २।४।१३

चक्षु आदिको झैं आध्यात्मिक मुख्य प्राण हो परिच्छिन्न र सूक्ष्म । मुख्य प्राणको विभूत्व श्रुति (बृहदारण्यक १।३।२२) हो समष्टि वायुको (मुख्य प्राणको) वोधक, शरीरनिष्ट मुख्य प्राण मात्रको वोधक हैन । यसैले उनीहरूको भित्र –(बृहदारण्यक ४।४।२ र १।३।२२)–यिनीहरूको भित्र विरोध छैन, यो सिद्ध भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सूत्र २।४।१४

आदित्य आदि देवताहरूबाट प्रेरित भैकन चक्षु आदि चेष्टा गर्दछ । किनकि "आदित्य चक्षु भएर" ईत्यादि श्रुतिमा देवताबाट प्रेरित हुनुको वर्णना छ ।

सूत्र २।४।१५

जीव सित इन्द्रियहरूको भोग्यभोक्ता भाव रूप सम्वन्ध भएको हो । त्यसकारण इन्द्रिय साध्य भोगको भोक्ता जीव नै हो, इन्द्रियको अधिष्ठाता देवता हैन । किनकि "त्यो पुरुष आँखामा अवस्थित भएको छ, त्यसको दर्शनको लागी चक्षु हो" (छान्दोग्य ८।१२।०४) आदि श्रुति छ ।

सूत्र २।४।१६

धेरै दुःख युक्त यो भोग हो जीवको भोग्य (देवताको हैन) । जीवको आफ्नो कर्मबाट अर्जित भएको देहमा कर्ता र भोक्ता रुपले मोक्ष कालसम्म स्थित भएको हुनाले यो शरीरमा देवताहरूको भोक्तृता छैन । त्यसकारण देवताहरूको प्राणहरूको प्रेरक हुनामा कुनै वाधक छैन, यो सिद्ध भो ।

सूत्र २।४।१७

वाग इन्द्रिय आदि एघार इन्द्रिय हुन मुख्य प्राण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

देखि भिन्न । किनकि "यहाँबाट उत्पन्न हुन्छ" इत्यादि श्रुति वाक्यमा यस्तो भेदको कथन छ। इन्द्रियहरूको मुख्य प्राण स्वरूपताको प्रतिपादक श्रुति गौण भएको हुनाले त्यसको विरोध छैन।

सूत्र २।४।१८

वाग् आदि इन्द्रियको प्रकरण समाप्त गरिकन 'त्यस पछि मुखको प्वालको भित्र अवस्थित यो प्राणलाई भन्नु भो (बृहदारण्यक १।३।७) यस प्रकारले अरू प्रकरणमा इन्द्रियहरू देखि मुख्य प्राणको भिन्नता बोधक श्रुति वाक्य भएको हुनाले इन्द्रियहरू मुख्य प्राणको क्रिया होइन किन्तु भिन्न पदार्थ हो यो नै बुझ्नु पर्छ ।

सूत्र २।४।१९

अरू सुषुप्ति अवस्थामा देहको धारकरूपले मुख्य प्राण अवस्थान गर्दछ, इन्द्रियहरू हैन, यो पार्थक्य भएको हुनाले इन्द्रियहरू मुख्य प्राण देखि भिन्न हो (ब्रह्मसूत्र २।४।१ हेर्नुस्) ।

सूत्र २।४।२०

त्रिवृत करणको कर्ता हो परमेश्वर नै । किनकि नामरूपको अभिव्यक्तिरूप कार्य "त्यो यो देवता" यसप्रकारले आरम्भ गरिकन "अभिव्यक्त गर्दछु"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

यसप्रकारले अभिव्यक्तिको कर्ता हो परमेश्वर भनी उपदिष्ट भएको छ।

सूत्र २।४।२१

मांस, मन र विष्टा हो त्रिवृत्कृत अन्नात्मक भूमिको कार्य,। किनकि "अन्न भक्षित भैकन तीन प्रकारको परिणाम प्राप्त हुन्छ, (छान्दोग्य ६।५।१) ईत्यादि श्रुति छ। यसप्रकारले जल र तेजको पनि कार्यलाई "जल पिए पछि तीन प्रकारको परिणाम प्राप्त हुन्छ" (छान्दोग्य ६।५।२) ईत्यादि श्रुति अनुसार यथार्थ भाव जान्नु पर्छ।

सूत्र २।४।२२

पृथ्वी आदि सबैको त्रिवृत्करण समान भए-तापनि आपनू आपनू भागको अधिकता वशात पृथ्वी आदि शब्द द्वारा कथन संभव छ। यसप्रकारले सारा श्रुतिको अविरोध भएकोले तिनीहरूको प्रामाण्य सिद्ध भएको हुनाले विशुद्ध अद्वितीय ब्रह्ममा वेदान्त वाक्यहरूको समन्वय सिद्ध भो।

द्वितीय अध्यायको लिङ्ग शरीर प्रतिपादक श्रुति वाक्यहरूको विरोध परिहार नामक चतुर्थ पाद समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रस्थान त्रयको दृष्टि भंगीको

सन्तुलन

शंकर सुरेश्वर प्रस्थान	वाचस्पति प्रस्थान	विवरण प्रस्थान
१. शंकर र सुरेश्वरको मतमा अविद्या निवृत्ति हो ब्रह्मस्वरूप, ब्रह्म देखि अतिरिक्त केही हैन। ब्रह्म देखि भिन्न दोश्रो कुनै भाव पदार्थ छैन, अभाव पदार्थ पनि छैन। ब्रह्माद्वैतवाद नै हो एकमात्र स्वीकार्य।	अविद्या निवृत्ति हो वाचस्पतिको मतमा ब्रह्मस्वरूप, ब्रह्म देखि अतिरिक्त हैन।	विवरण मतमा पनि अविद्या निवृत्ति हो ब्रह्म स्वरूप, ब्रह्म देखि अतिरिक्त केही होइन।
२. शंकर र सुरेश्वरको मतमा	वाचस्पतिको मतमा अविद्या	विवरणकारको मत हो शंकर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अविद्याको आश्रय हो ब्रह्म, विषय पनि हो ब्रह्म। पद्मपाद विवरणकार आदि वेदान्तिहरू ले यो मतलाई नै अनुसरण गर्नु भएको छ।	को आश्रय हो जीव र अविद्याको विषय हो ब्रह्म।	र सुरेश्वरको अनुरूप।
३. पद्मपाद र सुरेश्वर आदि वेदान्तिहरूको मतमा दुईप्रकार अविद्या(अग्रहण र अन्यथा ग्रहण) स्वीकृत भएको छैन। सुरेश्वरले वार्तिकमा त्यो मतलाई खण्डन गर्नु भएको छ।	वाचस्पतिले मुला र तुला यस्तो दुई प्रकारको अविद्यालाई अंगीकार गर्नु भयो।	दुई प्रकार अविद्या अंगीकार गर्नु भएन।
४. सुरेश्वराचार्यले भ्रम स्थानमा अनिर्वाच्य ख्यातीवादलाई नै समर्थन गर्नु हुन्छ।	वाचस्पति मिश्रले भ्रमस्थलमा अनिर्वाच्य ख्यातीवादलाई नै समर्थन गर्नु भयो। सुक्ति रजतको अनिर्वाच्यता स्थापनको लागि	विवरण पन्थी वैदान्तिकहरू भ्रममा अनिर्वाच्य ख्यातिवादलाई नै अंगीकार गर्नु भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

	भामती ग्रन्थमा वाचस्पति मिश्र विस्तृत आलोचन गर्नु भयो (भामती निर्णय सागर संस्करण पृष्ठ २१–२३) ।	
५ सुरेश्वराचार्यको मतमा शब्द-बाट अपरोक्ष ज्ञान हुनलाई कुनै बाधा छैन । उहांले शब्दापरोक्ष वादलाई नै अगीकार गर्नु भयो ।	शब्द जन्य ज्ञान अपरोक्ष हुन सक्दैन । शब्द जन्य ज्ञान हो परोक्ष ज्ञान । शब्द हो परोक्ष प्रमाण । त्यसकारण परोक्ष प्रमाणबाट प्रत्यक्ष ज्ञानको उदय हुन सक्दैन । वेदान्त श्रवणको फलले उत्पन्न भएको परोक्ष ब्रह्मज्ञान–मनन र निदिध्यासनको फलले — क्रम क्रमले अपरोक्ष ब्रह्म साक्षात्कारमा परिणत हुन्छ ।	विवरण प्रस्थानको मतमा शब्द जन्य (वेदान्त श्रवण जन्य) अपरोक्ष ब्रह्म साक्षात्कार नै उदित हुन्छ । "तिमी हौ दशम पुरूष" यस्तो ठाउँमा शब्दबाट नै अपरोक्ष ज्ञान उदय भएको देखिन्छ ।
६ शंकर र सुरेश्व ले दृष्टीसृष्टि	वाचस्पतिको मतमा जीवको	पद्मपाद, सुरेश्वर र विवरण-

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

वादलाई समर्थन गर्नु भएन । जगतको व्यावहारिक सत्यता-लाई नै स्वीकार गर्नु भयो ।	अज्ञान नै हो जगत सृष्टिको वीज । वाचस्पतिको मतलाई धेरै हिस्सा मा दृष्टिसृष्टिवादको अनुरूप भनिन्छ, तर वाचस्पति अज्ञान अवस्थामा पनि दृश्य पदार्थको अस्तीता स्वीकार गर्नु हुन्छ । वाचस्पतिको मतमा व्यावहारिक सत्यता हो स्वीकार्य ।	कार आदि आचार्यहरू दृष्टि-सृष्टिवादलाई समर्थन गर्नु हुन्न । ब्रह्मज्ञानोदयको पहिले सम्म (ब्रह्मज्ञान नहुनु सम्म) जगतको सत्यतालाई नै स्वीकार गर्नु हुन्छ ।
७. सुरेश्वराचार्य हो आभासवादी आभास किम्वा प्रतिबिम्ब हो मिथ्या । जीव र ब्रह्मको भेद पनि हो मिथ्या । त्यसकारण मिथ्या भेद झैं मिथ्या प्रतिबि-म्बलाई पनि वाध गर्नु आव-श्यक छ ।	धेरैको मतमा वाचस्पति मिश्र हुन् अवच्छेदवादी । हाम्री-हरूको मतमा तिनी हुन् प्रतिविम्बवादी ।	पद्मपाद र विवरणकारको मतमा ईश्वर हुनुहुन्छ विम्ब र जीव हो प्रतिविम्ब । प्रतिविम्ब वादमा भेदको वाध गरे मात्र पुग्छ, प्रतिविम्बको वाद आव-श्यक छैन । प्रतिविम्ब हो साँचो र विम्व ब्रह्म देखि अभिन्न । त्यसकारण सत्यको वाध कसरी होला ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

६२८६

AUTHOR चक्रवर्ती क्षितीशचन्द्र

TITLE सूत्र प्रस्थान

NR66
CHA
2030

६२८६

सरस्वती नः सुभगा मयस्करत्

MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(९)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पूज्य गुरुदेव

आचार्य शंकरले ब्रह्मसूत्रको भाष्य रच लोकको कल्याण गर्नु भयो, वादीहरू ई अकाट्य प्रबल युक्तिको सहाराले परास्त गरी अद्वैत वेदान्तको मतवादलाई स्थापना गर्नु भयो।

नेपालीहरूको समिष्ट पुण्य-पुञ्जको फलस्वरूप आ ब्रह्मसूत्रलाई प्राच्य पाश्चात्य सर्वविद्या कुशल, सुप्रसिद्ध विद्, श्रोत्रिय ब्रह्मनिष्ठ परमादरणीय गुरुदेव ड क्षितीशचन्द्र चक्रवर्तीज्यूले नेपाली भाषामा ले भयो। यसले गर्दा नेपाली साहित्यको भण्डार ज्यादै र मूल्यवान हुन पुगेको छ। ब्रह्मसूत्रमा निहित अध्या लाई पूज्य गुरुदेवले नेपाल र नेपालीको अगाडि स गरिदिनु भयो। हामी गुरुदेवको चिरऋणि छौं।

गुरुदेव वि० सं० १९५६ वैशाख शुक्ल पञ्चमीमा पश्चिम बंगालको एक सुप्रसिद्ध उच्च ब्राह्मण कुलमा जन्मनु भएको हो। पाश्चात्य शिक्षा लाभ गरिसके पछि उहाँको नेपाल संग सम्बन्ध जोडियो। २५ वर्ष भन्दा बढी नेपालको राजधानी काठमाण्डूमा बसी नेपालको एकमात्र राजकीय महाविद्यालयमा अंग्रेजी शिक्षाका साथै गीता-दर्शन सिकाउनु भयो। उहांको नेपाल जीवन तपोमय, गुरु सेवा र पूर्णत: अध्यात्मनिष्ठ रहेको थियो। उहाँ पशुपतिनाथका स्व० बासुकी बाबालाई आफ्नो सम्मान्य गुरु मान्नु हुन्छ।

शाङ्कर वेदान्तको परिपूरक वाशिष्ठ वेदान्तलाई आफ्नो जीवनमा फलिभूत पार्नु भै आज पुन: त्यसलाई हामीहरूको अगाडि उदारतापूर्वक राखिदिनु भएको छ।

ब्रह्मसूत्र [सूत्रप्रस्थान], गीतामृत प्रमाण तात्पर्य टीका, ज्ञानालोक [माण्डूक्योपनिषदको नेपाली भाष्य] आदि ग्रन्थ रत्नको रचना गरी वेदान्तको प्रस्थानत्रयलाई नेपालीमा सुलभ पारिदिनु हुने शंकराभिन्न गुरुदेवको हामी वन्दना गर्दछौं।

– गंगाराम श्रेष्ठ, अद्वैत संस्था।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu